# नेपाली

परिमार्जन समूह
श्री ध्रुवप्रसाद ढुङ्गाना
श्री चिनाकुमारी निरौला
श्री गीता कार्की

# स्वाध्ययन सामग्री

# २०७४

**प्रकाशक** :

**नेपाल सरकार**

**शिक्षा मन्त्रालय**

**शैक्षिक जनशक्ति विकास केन्द्र**

सानोठिमी, भक्तपुर ।

© **शैक्षिक जनशक्ति विकास केन्द्र**

**प्रथम संस्करण – २०६४**

**दोस्रो संस्करण – २०६५**

**चौथो संस्करण – २०६७**

**चौथो संस्करण – २०७४**

**टेलिफोन** – ६६३०४५७, ६६३०१८०, ६६३८१५०

**फ्याक्स** – ६६३०१९३, ६६३०४५७

**पो.ब.नं.** – २१४५

E-mail - nced@nced.gov.np

**मुद्रक :** .............................

**सुझाव एवम् सल्लाह**

श्री देवकुमारी गुरागाईं

श्री खगेन्द्र नेपाल

श्री शिवकुमार सापकोटा

श्री श्यामसिंह धामी

**विषयवस्तु सम्पादन**

श्री गणेशप्रसाद भट्टराई

**भाषा सम्पादन**

श्री हरिप्रसाद निरौला

**कार्यक्रम संयोजन**

श्री सुनिता बराल

**आवरण तथा चित्राङ्कन डिजाइन**

श्री खडोस सुनुवार

**लेआउट डिजाइन तथा टाइप सेटिङ**

श्री खडोस सुनुवार

## भूमिका

शिक्षा समाज रूपान्तरणको एक प्रमुख माध्यम हो । परम्परागत शिक्षाप्रणाली तथा खुला शिक्षा पद्धति विद्यमान अवस्थामा शिक्षा हासिल गर्ने विविध पद्धतिहरू मध्ये एक हो । हाल कार्यान्वयनमा रहेको विद्यालयस्तरको पाठ्यक्रमअनुसार शिक्षामा पहुँच बढाउनका लागि खुला शिक्षा पद्धतिले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा महत्वपूर्ण भुमिका निभाएको छ ।

सबैका लागि शिक्षाको सुनिश्चिततताका लागि परम्परागत शिक्षा प्रणाली मात्र पर्याप्त हुन सकेको छैन । विविध कारणले विद्यालय शिक्षा पूरा गर्न नसकेका समूह तथा विद्यालय वाहिर रहन वाध्य समूहलाई राज्यको तर्फबाट अवसर प्रदान गर्नु मुख्य दायित्व पनि हो । यसै परिप्रेक्ष्यलाई ध्यानमा राखी खुला शिक्षामार्फत विद्यालय सञ्चालन गर्ने व्यवस्था शुरुवात भएको छ । यद्यपि खुला विद्यालयको आफ्नै पाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षणसिकाइ प्रक्रिया हुन्छ । हाम्रो खुला विद्यालय विद्यमान पाठ्यक्रमकै आधारमा सञ्चालन हुने भए पनि पाठ्यवस्तु भने सरलीकरण गरी विकास गर्ने सन्दर्भमा यो स्वाध्ययन सामग्री तयार गरिएको हो । परीक्षामा सोधिने प्रश्नहरू पाठ्यपुस्तक केन्द्रित हुने भएकाले यो स्वाध्ययन सामग्री विद्यालयस्तरको पाठ्यक्रमभन्दा पनि पाठ्यपुस्तकलाई आधार मानी विद्यार्थीका लागि स्वाध्ययन गर्न सजिलो हुने गरी तयार पार्ने प्रयास गरिएको छ ।

पाठ्यपुस्तकको प्रत्येक एकाइमा परिचय, उद्देश्य, विषयवस्तु, क्रियाकलाप, पृष्ठपोषण र अभ्यास समावेश गरिएको छ । यस सामग्रीमा धेरै पाठ्यवस्तु तथा क्रियाकलापहरू समेटिएको भयपनि आवश्यकता अनुसार विद्यालयस्तरको पाठ्यपुस्तक पनि यो सामग्रीसँगै अध्ययन गर्नुपर्दछ । विद्यार्थीहरूले प्रत्येक पाठ अध्ययन गरिसकेपछि त्यस पाठमा दिइएका क्रियाकलापहरू नियमित रूपमा अभ्यास गर्नेछन् र सहजकर्ताबाट प्राप्त पृष्ठपोषणले सिकाइलाई बलियो बनाउँदै जानेछन् भन्ने हाम्रो विश्वास छ ।

खुला शिक्षा पद्धतिमा स्वाध्ययन सामग्री महत्वपूर्ण साधनको रूपमा रहेको हुन्छ । पाठ्यक्रमद्वारा निर्दिष्ट उद्देश्य पूरा गर्न यो सामग्री अवश्य पनि उपयोगी हुनेछ । यो स्वाध्ययनको लागि प्रमुख साधनको रूपमा लिनु पर्ने केही समुह छन् जस्तैः विशेष गरी खुला विद्यालयमा अध्ययनरत वा नियमित रुपमा विद्यालय जान नसक्ने, विद्यालय उमेर भन्दा माथिको उमेर समूह तर अहिले पढ्ने इच्छा र अनुकुल वातावरण भएका जो स्वअध्ययन गरी योग्यता अभिवृद्धि गर्न चाहन्छन त्यस्ता विद्यार्थीहरूका लागि सरल, सहज र भरपर्दो साधन बनाउन लेखकले अथक प्रयास गरेको पाइन्छ । यसको अधिकतम उपयोग भइ हाम्रो अपेक्षित लक्ष्य प्राप्ति हुन सकेमा मात्र राज्यको लगानीको सही सदुपयोग हुने देखिन्छ । यसैले प्रस्तुत स्वाध्ययन सामग्रीलाई सकेसम्म स्तरीय बनाउने प्रयास गरिएको छ । अघिल्लो संस्करणका लेखकहरू पारसमणि भण्डारी, श्री रमेशप्रसाद भट्टराई, श्री तोयानाथ खनाल, श्री सुकदेव सापकोटा, श्री गणेशप्रसाद भट्टराई, श्री हरिप्रसाद निरौला, श्री ध्रुवप्रसाद ढुङ्गानालाई केन्द्र धन्यवाद दिन चाहन्छ । यी लेखकबाट विकसित सामग्रीलाई माध्यमिक तहको परिमार्जित पाठ्यक्रम तथा पाठ्यपुस्तकअनुसार अझ बढी स्तरीय, सान्दर्भिक र विद्यार्थी मैत्री बनाउनका लागि परिमार्जन कार्यमा संलग्न श्री ध्रुवप्रसाद ढुंगाना, चिनाकुमारी निरौला, श्री नीता कार्की, श्री गणेशप्रसाद भट्टराई, श्री हरिप्रसाद निरौला लगायत सबैलाई हार्दिक आभार व्यक्त गर्दछु । यस सामग्रीमा अझ पनि कमीकमजोरीहरू रहन सक्ने भएकाले सुधार गरी अझ गुणस्तरीय र व्यावहारिक बनाउन सबैको रचनात्मक सुझावका लागि सम्बद्ध सबै पक्षमा केन्द्र हार्दिक अनुरोध गर्दछ ।

२०७४

**देव कुमारी गुरागाईं**
कार्यकारी निर्देशक

# विषय सूची


| क्र.सं. | एकाई | पेज नं. |
|---|---|---|
| १. | जन्मभूमि | १ |
| २. | सन्तुष्टि | ११ |
| ३. | सन्दुक रुइत | १७ |
| ४. | थाङ्का | २९ |
| ५. | म पनि सक्छु | ४० |
| ६. | व्यापारिक चिठी | ४६ |
| ७. | प्रत्यागमन | ५३ |
| ८. | वर्षा | ६८ |
| ९. | हाम्रो संस्कृति | ७६ |
| १०. | स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस | ८३ |
| ११. | लक्ष्मीपूजा | ९४ |
| १२. | क्लारा जेटकिन | १०५ |
| १३. | जय भुँडी | ११५ |
| १४. | म सडक बोल्दै छु | १२७ |
| १५. | टीका | १३६ |
| १६. | माउजङ बाबुसाहेबको कोट | १४७ |

## पाठ १

**कथा**

# जन्मभूमि

## १. परिचय

'जन्मभूमि' पौराणिक घटनामा आधारित भएर लेखिएको कथा हो । रामायणको विभिन्न घटना क्रममध्ये श्री रामले सीताको अपहरणपश्चात् रावणसँग युद्ध लडी विजय हासिल गरे तापनि आफ्नो जन्मभूमि अर्थात् आयोध्यालाई त्यागेर लङ्काको सुखसयलमा रमाउन नसक्नुले जन्मभूमिप्रतिको प्रेमलाई सङ्केत गर्दछ ।

रामचन्द्रले रावणको अन्त्य गरी लङ्का राज्यलाई जिते । लङ्का राज्य सुवर्णले भरिभराउ थियो । ठुला ठुला महल र सडकले भरिपूर्ण लङ्का राज्य अत्यन्त सुन्दर थियो । लङ्का जितेपछि रामका भाइ लक्ष्मणले त्यस्तो सुवर्णमय लङ्कामा नै राज गरेर बस्न आग्रह गरे । तर रामचन्द्रले लक्ष्मणको यस अनुरोधलाई अस्वीकार गर्दै भने कि आमा र जन्मभूमि स्वर्गभन्दा पनि प्यारा हुन्छन् । त्यसैले म आफ्नै जन्मभूमि जान्छु । यसमा तिमी पनि लोभ नगर भन्ने जवाफ दिए । अन्तमा रावणकै कान्छो भाइ विभीषणलाई सो राज्य सुम्पेर दुवै भाइ सीतालाई लिई अयोध्या फर्के । यही विषयवस्तुमा 'जन्मभूमि' कथाको रचना गरिएको पाइन्छ । 'जन्मभूमि' कथाले जे गर्नु छ आफ्नै मातृभूमिका लागि गर्नुपर्छ भन्ने सन्देश दिँदै अर्काको देशमा सुविधा छ, सबै व्यवस्था राम्रो भयो भन्दैमा विदेसिने र उतै बस्ने प्रवृत्तिलाई स्वीकार गरेको छैन । वर्तमान नेपाली प्रवृत्ति विदेशमुखी र उतै बस्न रुचाउने युवायुवतीलाई पौराणिक कथाका आधारमा मातृभूमिको ममता, सन्देश र कर्तव्यबोध गराएको प्रतित हुन्छ ।

## २. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठमा प्रयुक्त नयाँ र कठिन शब्दको अर्थ भन्न
(ख) पाठमा प्रयुक्त कठिन शब्दलाई वाक्यमा प्रयोग गर्न
(ग) पाठलाई गति र यति मिलाई सस्वर वाचन गर्न
(घ) पाठलाई भाव वा आशयअनुसार सही तरिकाले पढ्न
(ङ) कथाको सङ्क्षिप्त भाव व्यक्त गर्न
(च) पाठका महत्त्वपूर्ण अंशको सप्रसङ्ग व्याख्या गर्न
(छ) पाठका मुख्य मुख्य घटनाहरु मिलाई बुँदा टिपोट गर्न
(ज) टिपिएका बुँदाका आधारमा छोटो कथा लेख्न
(झ) पाठबाट सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन
(ञ) पाठबाट सोधिएका विभिन्न प्रकारका प्रश्नहरुको सही मौखिक तथा लिखित जवाफ दिन

## जन्मभूमि

१. अलिपर वानर फौजका साथमा सबै जना मस्त निद्रामा थिए । बिचमा लक्ष्मणसँगैको ओछ्यानमा सुतेका रामचन्द्र पनि आनन्दले निदाइरहेका थिए । बायाँपट्टिको ओछ्यानमा सुतेका सुग्रीव र हनुमान पालैपालो 'घ्वाँर, घ्वाँर' घुरिरहेका थिए । दायाँपट्टिको ओछ्यानमा एक्लै सुतेका विभीषण छिनमा दायाँ र छिनमा बायाँ फर्किन्थे । बेला बेला टाढा कतै कुकुर भुकेको आवाज सुनिन्थ्यो । लक्ष्मण भने निदाएका थिएनन् । आज मात्र हो र ! वनवासमा आएदेखि नै उनी राम्ररी सुतेका थिएनन् ।

२. रातको तेस्रो प्रहर बितेको हुँदो हो, विभीषण उठेर शौच गर्न गए । "अरू सबै निदाइरहेछन्, यी विभीषणलाई चाहिँ निद्रा परेन जस्तो छ । हुन पनि कसरी निदाउन सक्छन् त विभीषण आज ? जति नै शत्रुता भए पनि युद्धमा मारिनेहरू सबै उनका स्वजनहरू हुन्, आफ्नै दाजु, भतिजा र अरू अरू नातेदारहरू । के गर्नु, मान्छेले बढी अहङ्कार गऱ्यो भने, अर्काको श्री सम्पत्ति हडप्नेतिर लाग्यो भने यस्तै दुर्दशा हुने रहेछ ।" लक्ष्मणले मनमनै भने ।

३. आज लक्ष्मण सारै खुसी छन् । भाउजू सीता अपहरण मुक्त भएकी छन् । लङ्कामाथिको विजय चानचुने सफलता होइन भन्ने लागेको छ । चौध बर्से वनवासको अवधि पनि पुरा हुन लागेको छ । त्यसो त आफ्नो युगकै सर्वाधिक वीर भनेर चिनिएको इन्द्रजितलाई लक्ष्मणले नै परास्त गरेका हुन् । यी सबै कुरा त छँदै छन्, रावणले मर्ने बेलामा रामसँग भनेको एउटा कुराले उनलाई झन् अपार खुसी दिएको छ । मर्ने बेलामा रावणले रामसित भनेको थियो, "हेर राम, यो युद्ध तिमीले जित्यौ किनकि तिम्रा भाइ लक्ष्मण तिम्रो पक्षमा थिए । मैले युद्ध हारेँ किनकि मेरो भाइ विभीषण मेरो विपक्षमा थियो ।"

४. लक्ष्मणलाई अझै निद्रा परेन । उनका मनमा आफ्ना बाल्यकालदेखिका एक एक घटनाहरू ताजा भएर आए । उनले आफ्ना दाजुभाइ राम, भरत र शत्रुघ्नसँग खेल्दै बिताएको बाल्यकाल सम्झे । दाजुभाइ मिलेर लेखपढ गरेको, वाण हान्न सिकेको, घोडा चढ्न सिकेको अनि जङ्गल जङ्गल चहारेको सम्झे । दाइ रामचन्द्रले जनकको दरबारमा रहेको शिवधनु सजिलै उचालेर सीतासँग बिहे गरेको सम्झिँदा उनलाई आनन्द आयो । उनले आमा सुमित्रा र पत्नी उर्मिलालाई सम्झे । राम सीतासँगै वनवास आएको, सीताको अपहरण भएदेखि हालसम्मका घटनाहरू त झन् उनको सम्झनामा नआउने कुरै भएन । यसरी लक्ष्मण आफ्नै विगतका स्मृतिमा हराइरहेका थिए, टाढा कतै कुखुरो बासेको सुनियो । लक्ष्मण जुरुक्क उठेर नित्यकर्मतिर लागे । उनीसँगसँगै विभीषण पनि उठे ।

५. लक्ष्मण र विभीषणले बिहानीको नित्यकर्म सक्दा पनि रात अझै बाँकी थियो । विभीषणले लक्ष्मणसँग केही बेर एकान्तमा बसेर कुराकानी गर्ने चाहना व्यक्त गरे । उनीहरू केही पर गए र एउटा रुखको फेदमा बसेर कुराकानी गर्न लागे । विभीषणले कुराकानी सुरु गरे ।

६. "हेर्नुहोस् लक्ष्मणजी, मैले दाइ रावणलाई धेरै सम्झाएँ । सीतालाई अपहरण गरेर तपाईंले गल्ती गर्नुभयो, अब उहाँसँग माफी माग्नुहोस् र सीताजीलाई फिर्ता गर्नुहोस् भनेँ । दाइले मान्नु भएन ।

उल्टै मलाई कुलद्रोही भन्नुभयो । आखिर लडाइँ हुने नै भयो । मैले पनि कुनै एउटा पक्षमा लाग्नै पर्ने भयो । सत्य र न्यायको पक्षपाती भएकाले मैले आफ्नै दाइ भएर पनि रावणको पक्ष लिइनँ । रामको पक्षमा रहेँ, जुन कुरा तपाईंलाई थाहा छँदै छ । युद्धमा तपाईंहरूले जित्नुभयो, म पनि तपाईंहरूकै पक्षमा रहेकाले यसमा म पनि खुसी हुनुपर्ने हो । तर आफ्नै दाजुहरू, भतिजहरूसहित थुप्रै आफन्तहरू मारिएका छन् । यस्तोमा म कसरी खुसी हुन सक्छु र ? त्यही भएर आज रातभर निद्रा लागेन ।" विभीषणले लामो सुस्केरा हाल्दै भने ।

७. "हेर्नुहोस् विभीषणजी, जस्तो कर्म गऱ्यो, त्यस्तै फल भोग्ने हो । तपाईंका दाइ रावण यस युगकै वीर हुन्, वैज्ञानिक पनि हुन् । उनले आफ्नो देशमा यति धेरै विकास पनि गरेका रहेछन् । के गर्ने उनमा संसारमा मभन्दा ठुलो कोही छैन भन्ने घमन्ड भयो । लोभ, लालचा बढ्यो, सीताजीलाई अपहरण गरे । त्यसैको परिणाम स्वरूप आज उनको सारा वैभव, शक्ति र जीवनसमेत समाप्त भयो ।" लक्ष्मणले भने ।

८. लक्ष्मणका कुरा सुनेर विभीषणले भने, "हो तपाईंले भनेको ठिक हो । अहङ्कारले मानिसलाई समाप्त गर्दो रहेछ । अहङ्कारकै कारण दाइ रावणको यो हालत भयो ।" विभीषण सुँक्क सुँक्क गर्दै रुन थाले ।

९. लक्ष्मणले विभीषणलाई सम्झाउँदै भने, "जे नहुनुपर्थ्यो भयो । अब पिर गरेर के गर्नु ? अब लङ्काको राज्य तपाईंले नै सम्हाल्नुपर्छ ।"

१०. लक्ष्मण अरू केही भन्न खोज्दै थिए, विभीषण अलिक उत्तेजित भएर बिचैमा बोले, "अहँ, म यो राज्यको शासन गर्न योग्य छैन । म लङ्काको राजा हुन्न । राजा हुनका लागि पराइ गुहारेर आफ्नै दाजु, भतिज र आफन्तहरू मारेको भन्ने कलङ्क म बोक्न चाहन्नँ । यो राज्यको हक अब तपाईंहरूको हो । तपाईंहरूले जितेको राज्य तपाईंहरूले नै चलाउनुहोस् । म सहयोग गरुँला ।"

११. विभीषणलाई सम्झाउँदै लक्ष्मणले भने, "ठुला दाइ रामचन्द्र कहिले फर्किनुहुन्छ भनेर माहिला दाइ भरत प्रतीक्षामा हुनुहुन्छ । जतिसक्दो चाँडो रामलाई राजा बनाउने अयोध्यावासीको चाहना छ । फेरि उहाँमा राजकाज र सुख सयलप्रति त्यस्तो मोह पनि देख्दिनँ । भोलि जनताले कर गरे भने अयोध्याको राजा हुनुहोला तर लङ्कामा राज गरेर बस्नुहोला भन्ने लाग्दैन । त्यसैले रावणको सबैभन्दा नजिकको उत्तराधिकारी तपाईं नै अब लङ्काको राजा हुनुपर्छ ।"

१२. फेरि विभीषणले भने, "लडाइँमा जितेको भूभाग स्वतः विजेताको हुन्छ । त्यसैले अब लङ्काको अधिपति हुने हक पनि रामचन्द्रकै हो । अयोध्यामा भरत राजा छँदै छन् । त्यसैले आफूले जितेको राज्यमा राजा हुनु रामचन्द्रका लागि स्वाभाविक हुन्छ । यदि रामचन्द्रले मान्नुभएन र उहाँ अयोध्या जानु नै भयो भने तपाईं लङ्काको राजा हुनुपर्छ । इन्द्रजित जस्ता वीरलाई परास्त गर्नुभएकाले तपाईंलाई त्यो हक पनि छ ।"

१३. विभीषणको प्रस्ताव सुनेर लक्ष्मणले भने, "विभीषणजी तपाईंले हामीप्रति गरेको सहयोग र सम्मान अविस्मरणीय छ । तपाईंको प्रस्ताव म दाइलाई सुनाउँछु । यदि उहाँले मान्नुभयो भने ठिकै छ, उहाँ लङ्काको राजा हुनुहोला । म चाहिँ कुनै पनि हालतमा राजा भएर यता रहने छैन ।"

१४. लक्ष्मण र विभीषण कुरा गर्दै थिए । टाढा कतै कुखुराका भालेहरू बासेको सुनियो । "ए ! उज्यालो हुन लागेछ" भन्दै विभीषण आफ्नै कामतिर लागे । लक्ष्मण भने नजिकको थुम्कोमा गएर वरपरको दृश्य नियाल्न थाले ।

१५. लक्ष्मणको ध्यान लङ्काको उत्तरपूर्वी भागमा फैलिएको विशाल समुद्रतिर गयो । त्यति नै बेला पूर्व क्षितिजबाट समुद्रको पानीमाथि सूर्य टुप्लुक्क देखा पऱ्यो । सूर्यको लाली किरणले समुद्रको पानीमा इन्द्रेणी देखियो । समुद्री जनावरहरू चलमलाउन थाले जस्तो देखियो । सूर्यको किरणहरू फैलिँदै लङ्का सहरमा आइपुग्यो । सुनैसुनले बनेका लङ्काका घरहरू टलक्क टल्किए । "आहा, कति सुन्दर !" लक्ष्मणले मनमनै भने ।

१६. लक्ष्मणले पछाडिबाट कसैले बोलाएको सुने । फर्केर हेरेको त दाजु रामचन्द्र रहेछन् । रामचन्द्रले लक्ष्मणलाई आफू नजिकै बोलाए र भने, "लङ्का त सारै सुन्दर पो रहेछ ।"

१७. "हो दाजु, अब यो सुन्दर लङ्काको राजा तपाईं हुनुहुने छ ।"

१८. "के कुरा गरेको लक्ष्मण ? म कसरी लङ्काको राजा हुन्छु ?" रामले भने ।

१९. लक्ष्मणले फेरि भने, "दाजु, विभीषण र सुग्रीवहरू पनि हजुर नै लङ्काको राजा भइदिए हुन्थ्यो भन्ने चाहन्छन् । यो राज्य हामीले लडेर जितेका हौँ, यो हाम्रो अधीनमा आएको राज्य हो । यसैले हजुर यहाँ राजा भएर रहँदा राम्रै होला । बरु भरतलाई यतै झिकाई राम्ररी सम्झाएर उनलाई नै अयोध्याको आजन्म राजा बनाइदिऔँ । हजुर लङ्काको राजा होइबक्सियोस् ।"

२०. लक्ष्मणको कुरा सुनेर रामचन्द्र एक छिन गम्भीर बने र भने, "लक्ष्मण, तिमीले भनेको कुरा एक कोणबाट ठिकै हो । लङ्का जस्तो सुन्दर, समृद्ध र शान्त राज्य अहिलेको दुनियाँमा छैन । फेरि यो हाम्रो बलबुताबाट जितेको राज्य पनि हो । यसरी अर्को राज्यलाई जितेर आफ्नो अधीनस्थ बनाउनु र त्यहाँ राज गरेर बस्नु दुनियाँमा नौलो र अनौठो कुरा पनि होइन । यसैले तिमीले भनेको कुरा आफ्ना ठाउँमा ठिकै छ । यति हुँदाहुँदै पनि म लङ्कामा राज गरेर बस्दिनँ ।"

२१. एकैछिन सोचेर रामचन्द्रले फेरि भने, "लक्ष्मण, तिमीले स्वर्गको बयान सुनेका हौला । शास्त्रहरूमा वर्णन भएअनुसार सुखै सुखको नाम नै स्वर्ग हो । त्यसैले मानिसहरू मरेपछि स्वर्ग जान खोज्छन् । भाइ लक्ष्मण, संसारमा त्यस्तो स्वर्गभन्दा पनि उत्तम ठाउँ भनेको जन्मभूमि हो । मेरो विचारमा जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान् छन् । यसको मतलब जन्मभूमि भनेर सधैँ त्यहीँ टाँसिइरहनुपर्छ भनेको होइन । सुख, सुविधा र अवसरको खोजी गर्नु मानवीय चरित्र हो, खोज्नु पनि पर्छ । जन्मभूमिलाई नै चटक्कै भुल्नु र लत्याउनु चाहिँ कदापि हुँदैन । सुख र सुविधाका पछि लागेर जन्मभूमिलाई लात हान्नेहरू असल मान्छे हुँदै होइनन् । त्यसैले लङ्कामा जतिसुकै वैभव भए पनि, यो हामीले जितेर पाएको भए पनि हाम्रो जन्मभूमि अयोध्याभन्दा प्यारो हुन सक्तैन । भाइ, हामीले हाम्रो जन्मभूमि छाडेको पनि चौध वर्ष हुन लाग्यो । अब हामी अयोध्या फर्कनुपर्छ, हामीले हाम्रै जन्मभूमिलाई स्याहार्नुपर्छ, सिँगार्नुपर्छ ।"

२२. रामचन्द्रको कुराले लक्ष्मणको चित्त बुझ्यो । उनीहरू अयोध्या फर्किने भए । रामचन्द्रले सम्झाई बुझाई गरेपछि विभीषण लङ्काको राजा हुन तयार भए । राम, लक्ष्मण र सीता अयोध्या फर्के ।

अयोध्यावासीले उनीहरूलाई भव्य स्वागत गरे । त्यसपछि रामचन्द्र अयोध्याको राजा भए । उनले सदैव जनताको निर्णयलाई आत्मसात् गरे । उनी एउटा असल र आदर्श शासकका रूपमा स्थापित भए । उनको शासन व्यवस्था अरूका लागि पनि अनुकरणीय बन्यो । त्यसैले हरेक असल राज्य व्यवस्थालाई 'रामराज्य' भन्न थालियो । यसरी लङ्काको सारा वैभव त्यागी आफ्नो जन्मभूमिमा फर्किएर जन भावनाको कदर गर्दै शासन गरेकाले रामको नाम संसारभर फैलियो । जन्मभूमिप्रतिको प्रेमका लागि रामको कदम सबैका निम्ति अनुकरणीय र लोकप्रिय भयो ।

**शब्दार्थ** :

**प्रहर** : दिन र रातलाई आठ भागमा लगाई आउने समय, (तिन घण्टाको समय), याम
**स्वजन** : आफ्ना परिवारका मानिस, नातेदार
**अहङ्कार** : आफूलाई सर्वेसर्वा ठान्ने घमन्ड, सेखी
**हडप्ने** : अरुको धनमाल वा सम्पत्ति हाकाहाकी लिने, लिएर फिर्ता नगर्ने
**दुर्दशा** : आपत् विपत् परेको अवस्था, खराब हालत
**अपहरण** : कुनै व्यक्तिलाई जबरजस्ती उठाएर लैजाने काम
**सर्वाधिक** : सबैभन्दा बढी
**परास्त** : पराजित भएको, हारेको
**स्मृति** : सम्झना, हेक्का
**कुलद्रोही** : कुल वा वंशकै कुभलो गर्ने
**पक्षपाती** : कुनै एक पक्षमा लाग्ने
**कलङ्क** : दोष, कसुर, अपजस
**प्रतीक्षा** : कुनै कुराको आशामा रहेको पर्खाइ, बाटो हेराइ
**अविस्मरणीय** : बिर्सन नमिल्ने
**क्षितिज** : चारैतिर पृथ्वी र आकाश जोडिए जस्तो देखिने स्थान वा गोलो परिधि
**इन्द्रेणी** : घामपानी भएको बेलामा घामको विपरीत दिशातर्फ देखिने सात प्रकारको रङ हुने
**अधीनस्थ** : अर्काको वंशमा परेको, परतन्त्र
**आत्मसात** : पुरै आफ्नो अन्तर्गत ल्याइएको कुनै विचार वा सिद्धान्तलाई स्वीकार गर्ने काम
**अनुकरणीय** : सिको गर्न लायक

### ३. कथासार

वनबासको क्रममा लङ्का राजा रावणसँगको विवाद र सीता अपहरणपश्चात् भएको युद्धमा पराजित गरी लङ्का विजयी भएपश्चात् श्री रामचन्द्रका सबै वानर फौज, लक्ष्मण, रावणका भाइ विभीषण सुतिरहेका हुन्छन् । तर वनवासमा गएदेखि नै लक्ष्मणलाई भने राम्ररी निन्द्रा परेको छैन । मनमनै विभिन्न कुरा खेलाएर पल्टिरहेका छन् । विभीषण पनि राती बिउँझेको देखेर लक्ष्मणको मनमा कुरा

खेल्न थाल्छ । उनीहरूले युद्धमा लङ्काका राजा रावण, उनका छोराहरू, सारा राजपरिवारका साथै नातेदारहरू मारेका हुन्छन् । तर विभीषण भने सत्यको पक्षपाती भएकाले रामको पक्षमा युद्ध लडेका त हुन्छन् तर उनलाई आफन्तको विनाश भएकामा चित्त दुखेको छ । लडाइँमा आफ्नो पक्षले जितेकामा विभीषणको मन रमाएको छैन ।

तर लक्ष्मण भने आज सारै खुसी छन् किनकि अपहरणमा परेकी भाउजू सीतालाई सकुशल फर्काउन सफल भएका छन् । त्यसको साथै लङ्का जस्तो शक्तिशाली र सम्पन्न राज्यमा उनीहरूको जित भएको छ । मर्नेबेला रावणले रामसँगै तिम्रो भाइ तिम्रो साथमा भएकाले तिमीले युद्ध जित्यो तर मेरो भाइ विमीषण मेरो विभीषण मेरो विपक्षमा भएकाले मेरो हार भयो भनेको वाक्य सम्भिँदा अझै थप आनन्द लाग्छ लक्ष्मणलाई । यस्तै विभिन्न कुरा खेलिरहेकाले लक्ष्मण निदाउन सकेका छैनन् । बाल्यकालमा दाजुभाइ खेलेको, वाण हान्न सिकेको, दाजु रामचन्द्रको पराक्रमले भाउजू सीतासँग विवाह गरेको सम्भिँदा उनलाई आनन्द लाग्छ । यस्तै सोच्दै गर्दा टाढा भाले बासेको सुनियो, लक्ष्मण उठेर नित्य कर्म गर्न थाले र उनीसँगै विभीषण पनि उठे ।

लक्ष्मण र विभीषणका बिचमा कुराकानी हुन थाल्यो । लक्ष्मणले चिन्तित विभीषणलाई सम्झाए । रावण शक्तिशाली र वैज्ञानिक राजा भएर पनि अहम्, घमन्ड र लोभ लालचाका कारण पतन भए, अब लङ्काको राजकाज सम्हाल्ने जिम्मा विभीषणको हो भन्दा विभीषण अस्वीकार गर्छन् । आफूले पराइलाई गुहारेर युद्ध जितेको, शाखा सन्तान सबैको हत्या गरेर राजा नबन्ने, अब जितेको राज्यमा रामचन्द्र राजा बनेर राज गर्नुपर्ने र सो भएमा आफू सहयोग गर्न तयार रहेको कुरा व्यक्त गर्छन् ।

लक्ष्मणलाई पनि लङ्काको वैभव, सौन्दर्य र त्यहाँको प्राकृतिक भूबनोटले मोहित पारेको हुन्छ । उनले दाइ रामचन्द्रलाई अब लङ्काको राजा बनेर राज गर्नुहोस्, अयोध्या भाइ भरतलाई छोड्दिऊँ, जितेको हुनाले अब लङ्का हाम्रो हो भन्ने प्रस्ताव राख्छन् । भाइको कुरा सुनेर राम गम्भीर बन्छन् र सम्झाउन थाल्छन् । लङ्काजस्तो सुन्दर, समृद्ध र शान्त राज्य दुनियाँमा काहीँ छैन । यो हामीले जितेको पनि हो । जितेको राज्यमा राज गर्नु नौलो कुरा पनि नभएकाले सो भन्नु स्वाभविक भन्दै आफू लङ्काको राजा हुन भने नसक्ने बताउँछन् । स्वर्ग भन्ने सबैको आकर्षणको केन्द्र हो, मरेपछि पनि सबै मान्छे स्वर्ग जान चाहन्छन् तर संसारमा स्वर्गभन्दा पनि उत्तम ठाउँ भनेको जन्मभूमि हो भन्दै भाइलाई आफ्नो जन्मभूमि नत्याग्ने कुरा प्रस्ट पार्छन् । रामको विचारमा सुख, सुविधा र अवसरका लागि बाहिर बस्नु मानवीय चरित्र हो तर जन्मभूमिलाई चटक्कै बिर्सिएर, लत्याएर हिँड्नु मुर्खता हो । अयोध्याभन्दा प्यारो संसारमा कुनै ठाउँ छैन ।

रामचन्द्रको कुरा भाइ लक्ष्मणलाई मन पर्‍यो । रामचन्द्रले सम्झाइबुझाई विभीषणलाई लङ्काको राजा बनाएर आफूहरू अयोध्या फर्किछन् । अयोध्यामा उनीहरूको भव्य स्वागत भयो । राम राजा भए । रामले पनि अयोध्याबासीहरूको मनोभावनाअनुरूप शासन सञ्चालन गरे । रामको असर राज्य व्यवस्थालाई 'राम राज्य भनी अनुकरण गर्न थालियो । जन्मभूमिको प्रेमका लागि रामचन्द्रको बली बलिदानी अनुकरणीय र लोकप्रिय मानिन्छ ।

**४. पाठगत अभ्यास**

**अभ्यास** : १ तलका शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :

स्मृति, आग्रह, योग्य, कलङ्क, कार्यभार, प्रहर, नित्यकर्म, दुर्दशा,

**उदाहरण** : स्मृति : सम्झना

यो वर्षको वनभोजको स्मृति अझै पनि ताजा छ ।

**अभ्यास** : २ सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

**नमुना प्रश्नोत्तर**

**(क) लक्ष्मणका विचारमा रावणको दुर्दशा हुनुको कारण के हो ? कथाको अनुच्छेद ७ का आधारमा उत्तर दिनुहोस् :**

**उत्तर** : लङ्का युद्धमा रावणको वध भएपछि विभीषणले लक्ष्मणलाई रावणको अन्त्य हुनाको कारण सोध्दा त्यसको प्रति उत्तरमा लक्ष्मणले दिएको जवाफअनुसार रावण आफ्नै कारणलले मुद्धमा मर्नु परेको जवाफ दिएका छन् । उनका अनुसार रावण एउटा ठुलो वीर र वैज्ञानिक भए पनि उसले आफ्नो शक्तिको दुरुपयोग गऱ्यो । उसमा मभन्दा ठुलो कोही छैन भन्ने घमण्ड गर्‍यो । लोभ लालसा र भ्रष्ट विचारले उन्मत्त भयो । स्त्री लप्पट भएर सीता जस्ता महान् नारीको अपहरण गर्ने दुष्कर्म गऱ्यो । अहङ्कार गर्ने मानिसको एक दिन अन्त्य भएरै छाड्छ । यही नियम उसमा लागु भयो । येश, आराम, सुख सयल र सम्पन्नताका साथै शान्त राज्य रावणको घमण्ड आदिले ऊ क्षत विच्छेद बन्न पुग्यो । मान्छेले जस्तो कर्म गऱ्यो, उस्तै फल भोग्नै पर्छ । यसरी आफूसँग धन सम्पत्ति, बैभव र शक्ति छ भन्दैमा जे पनि गर्दै हिड्नु हुँदैन । समाजमा असह्यै काम गर्दै हिडेपछि अवश्य एकदिन जसको पनि पतन हुन्छ । आफू वीर, बुद्धिमानी हुँदैमा सबैलाई आफ्नो वशमा राख्न खोज्नु उसको सबभन्दा ठुलो भुल थियो । रावणले आफ्नो शक्ति र हैसियतको दुरूपयोग गऱ्यो जसका कारण ऊ आफैँ पतन हुन पुग्यो भन्ने धारणा लक्ष्मणको छ ।

**(ख) सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको नमुनाहरू**

(अ) विभीषणका विचारमा रामले किन अयोध्या नगई लङ्कामै राज गर्नु उपयुक्त थियो ?

(आ) लङ्का सहर कस्तो थियो ?

(इ) के कारणले रावणको हार भएको हो ?

(ई) राज राज्यको अर्थ के हो ?

(उ) जन्मभूमि किन स्वर्गभन्दा प्यारो हुन्छ ?

**अभ्यास** : ३ सप्रसङ्ग व्याख्या गर्नुहोस् :

**नमुना प्रश्नोत्तर**

**(क) "यो युद्ध तिमीले जित्यौ किनकि तिम्रा भाइ लक्ष्मण तिम्रो पक्षमा थिए ।"**

**उत्तर** : "यो युद्ध ..........................................................................

.......................................................................................... थिए ।"

प्रस्तुत अंश कक्षा १० को नेपाली पाठ्य पुस्तकको पाठ १ मा रहेको जन्मभूमि नामक कथाबाट साभार गरिएको हो । यस कथामा महाभारतको पौराणिक विषयवस्तुलाई कथ्यको रूपमा समेटिएको छ । सीता हरणपश्चात् रामचन्द्र र रावणको बिचमा युद्ध भई लङ्का रामचन्द्रले जितेपछि लङ्काका राजा रावणले आफ्नो हार स्विकार्दै आफू हार्नुको प्रमुख कारण भाइसँग भएको फुट र वैमनस्य भएको कुरा व्यक्त गर्ने क्रममा माथिको अंश आएको हो ।

सीता हरण गर्नु गल्ती भएको कुरा विभीषणले अनुरोध गर्दा रावणले कुलद्रोही भन्दै गाली गरेर आफ्नो घमन्ड छोड्दैनन् । घमन्डले गर्दा उल्टो भाइलाई नै देशबाट निकाला गर्छन् । सोपश्चात् विभीषण असत्यको पछि लाग्दिन भन्दै आफ्नै दाजुको विपक्षी भई रामचन्द्रको तर्फबाट युद्ध लड्छन् । राजकाज, राज्य शक्तिको प्रयोग, शासकीय प्रवृत्तिलगायत सबै आन्तरिक कुरा थाहा भएको भाइ विपक्षमा लागेपछि भाइभाइको फुटबाट स्वतः रावणको शक्ति कमजोर भयो । लक्ष्मण त आफ्नी भाउजू सीताको रक्षा र अपहरण मुक्त गर्न लागि परेका थिए । लक्ष्मणले वनवास जाँदादेखि नै दाजुलाई हरक्षण सहयोग र साथ दिएका थिए । रावणसँग युद्ध लड्दा पनि लक्ष्मणले सकेको सहयोग गर्दै आफ्नो पराक्रम देखाए । भाइको साथले गर्दा रामचन्द्रको विजय भयो । विजय गर्ने प्रमुख श्रेय रामलाई गए तापनि त्यसको पछाडि लक्ष्मणको पूर्ण सहयोग थियो । हारजित युद्धमा अवश्य हुन्छ, तर जब आफ्ना आफन्तको साथ टुट्छ, आफन्त नै दुस्मन वा शत्रु बनेर आएपछि जित टाढा भाग्छ । रामचन्द्र र रावणबिचको युद्धमा पनि सोही भयो । त्यसैले भाइ फुटे गवार लुटे भन्ने उखान बनेको हो । आफ्नो भन्ने नै पराई भएपछि वा अफ्नालाई नै रिझाउन नसकेपछि पराइले दागा धर्नु स्वाभाविक हो । अन्त्यमा आइपुग्दा रावणले आफ्नो हारको स्वीकार गर्दै आफूले आफ्नो भाइलाई समेत रिझाउन, आफ्नो बनाउन नसक्नु नै हारको प्रमुख कारण मानेका छन् ।

आफन्त आफन्तबिचको मेलले सधैं जित, सफलता, भ्रातृत्व र शान्ति कायम हुन्छ भने आफन्तको फुटबाट शत्रुको जित हुन्छ । आफ्नो पनि विचल्ली हुन्छ । अतित्व समाप्त हुन केही बेर लाग्दैन । माथिको भनाइले यही कुरालाई पुष्टि गरेको पाइन्छ ।

(ख) सप्रसङ्ग व्याख्या गर्ने सम्भावित प्रश्नहरू

(अ) मेरा विचारमा जननी र जन्मभूमि स्वर्गभन्दा पनि महान छन् ।

(आ) सीतालाई अपहरण गरेर तपाईंले गल्ती गर्नुभयो,उहाँसँग माफी माग्नुहोस् र सीताजीलाई फिर्ता गर्नुहोस् ।

**अभ्यास** : ४ पाठगत लामो उत्तर लेख्नुहोस् :

**विवेचनात्मक उत्तर दिने नमुना प्रश्नोत्तर**

**'जन्मभूमि' कथाले भाइ फुटे गवाँर लुटे' भन्ने उखानलाई कसरी चरितार्थ गरेको छ ? विवेचना गर्नुहोस् ।**

**उत्तर : (नमुनाका लागि)**

कक्षा १० को नेपाली पाठ्य पुस्तकको पाठ १ मा रहेको 'जन्मभूमि' नामक कथामा महाभारतको

पौराणिक विषयवस्तुलाई कथ्यको रूपमा समेटिएको छ । सीता हरणपश्चात् रामचन्द्र र रावणको बिचमा युद्ध भई लङ्का रामचन्द्रले जितेपछि लङ्काका राजा रावणले भाइ भाइबिचको घमन्डको परिमाणस्वरूप युद्धमा हारी पतन हुनुपरेको भावलाई यस कथाले समेटेको पाइन्छ ।

सीता हरण गर्नु गल्ती भएको र आफ्नो गल्ती सच्याउँदै सीता फिर्ता दिन भाइ विभीषणले अनुरोध गर्दा रावणले कुलद्रोही भन्दै गाली गरेर आफ्नो घमन्ड छोड्दैनन् । सोपश्चात् विभीषण असत्यको पछि लाग्दिन भन्दै आफ्नै दाजुको विपक्षी भई रामचन्द्रको तर्फबाट युद्ध लड्छन् । राजकाज, राज्य शक्तिको प्रयोग, शासकीय प्रवृति लगायत सबै आन्तरिक कुरा थाहा भएको भाइ विपक्षमा लागेपछि भाइभाइको फुटबाट स्वतः रावणको शक्ति कमजोर भयो । लक्ष्मण आ̂नी भाउजू सीताको रक्षा र अपहरण मुक्त गर्न लागि परेका थिए । लक्ष्मणले वनवास जाँदादेखि नै दाजुलाई हरक्षण सहयोग र साथ दिएका थिए । रावणसँग युद्ध लड्दा पनि लक्ष्मणले सकेको सहयोग गर्दै आफ्नो पराक्रम देखाए । भाइको साथ पाएपछि रामलाई युद्ध लड्न थप ऊर्जा मिल्नुको साथै शक्तिको सही परिचालन र साहस प्राप्त भयो । यसले गर्दा रामचन्द्रको विजय भयो । विजय गर्ने प्रमुख श्रेय रामलाई गए तापनि त्यसको पछाडि लक्ष्मणको पूर्ण सहयोग र साथ अर्को महत्त्वपूर्ण पक्ष हो । हारजित युद्धमा अवश्य हुन्छ, तर जब आफ्ना आफन्तको साथ टुट्छ, आफन्त नै दुस्मन वा शत्रु बनेर आएपछि जित टाढा भाग्छ । रामचन्द्र र रावणबिचको युद्धमा पनि सोही भयो । त्यसैले भाइ फुटे गवार लुटे भन्ने उखान बनेको हो । आफ्नो भन्ने नै पराई भएपछि वा आफ्नालाई नै रिझाउन नसकेपछि पराइले दागा धर्नु स्वाभाविक हो । रावणले आफ्नो हारको स्वीकार गर्दै आफूले आफ्नो भाइलाई समेत रिझाउन, आफ्नो बनाउन नसक्नु नै हारको प्रमुख कारण मानेका छन् ।

आफन्त आफन्तबिचको मेलले सधैँ जित, सफलता, भ्रातृत्व र शान्ति कायम हुन्छ भने आफन्तको फुटबाट शत्रुको जित हुन्छ । आफ्नो पनि विचल्ली हुन्छ । अस्तित्व समाप्त हुन केही बेर लाग्दैन । यो मार्मिक सन्देश दिनु पनि यो कथाको मुख्य उद्देश्य देखिन्छ । यसले भाइ भाइबिचमा मेल हुनु प्रगति र उन्नतिको सङ्केत हो भने अर्काको कुरा नसुनी आफू मैंमत्ता भएर जथाभावी गर्दै हिँड्नु पतनको कारण हो भन्ने शिक्षा दिएको पाइन्छ ।

**सम्भावित प्रश्न :**

(क) सुन्दर र सम्पन्न लङ्काको राजकाज छाडेर किन राम अयोध्या फर्किए ? कथाका आधारमा विवेचना गर्नुहोस् ।

(ख) लोभ, लालचा र घमन्डको परिमाण कस्तो हुन्छ ? ‘जन्मभूमि’ कथाका आधारमा विवेचना गर्नुहोस् ।

**अभ्यास : ५ कथालेखन**

**कथा लेखनको नमुना प्रश्नोत्तर**

**निम्न बुँदाको आधारमा छोटो कथा लेख्नुहोस् :**

एउटा घोडाको बछेडो - आमाले उसलाई एक बोरा गहुँ खोलापारि गई पिनेर ल्याउन अराउनु -

बाटामा नदी पर्नु - उसले एउटा गोरुलाई नदी तर्न सकिन्छ कि सकिँदैन भनी सोध्नु - गोरुले पानी धेरै छैन तर्न सकिन्छ भन्नु - बाटामा लोखर्के पनि भेटिनु - लोखर्केले पानीमा डुबिने कुरो बताई नदी तर्न नदिनु - बछेडो अलमल परी घर फर्कनु र आमालाई सबै कुरा भन्नु - आमाले गोरु अग्लो र लोखर्के सानो भएको कुरा बताई बुद्धि लगाउन भन्नु -बछेडोले कुरा बुझ्नु - ऊ नदी तरी सजिलै पारी पुग्नु र आफ्नो काम गरी फर्कनु ।

**कुरा सुन्नु बूढाको**

धेरै वर्ष पहिले सडक र यातायातको अभाव भएको गाउँमा एउटा धनी परिवार बस्थे । त्यस परिवारमा घोडाहरू पनि थिए । त्यस परिवारको सबारी साधन र ढुवानी गर्ने साधनको रूपमा घोडाहरू थिए ।

एक दिन घोडीले आफ्नो बछेडोलाई एक बोरा गहुँ खोलापारि लगी घट्टमा पिँधेर ल्याउन अराई । खोलावारि घट्ट थिएन । बछेडो गहुँ बोकेर घट्टमा पिँध्न जादै थियो । बछेडालाई खोलो तर्न सकिँदैन कि भन्ने डर र शङ्का लागेको थियो । बाटामा उसले एउटा गोरुलाई भेट्यो । गोरुलाई सोध्यो, "ए गोरु दाइ ! त्यो नदी तर्न सकिन्छ कि सकिँदैन ? गोरुले भन्यो, "त्यो नदीमा पानी धेरै छैन सजिलै तर्न सकिन्छ ।" बछेडो आँट र साहसका साथ खोलो तर्नै लाग्दा लोखर्केलाई भेट्यो र सोध्यो, "ए लोखर्के ! यो नदी तर्न सकिन्छ ?" लोखर्केले भनेछ,"अहो ! बछेडो भाइ ! यो नदी त ठुलो छ । यहाँ त चुर्लुम्मै डुबिन्छ, खोला नतर ।" लोखर्केका कुरा सुनेर बछेडो अलमल परी घर फर्कियो र आमालाई सबै कुरा सुनायो ।

उसकी आमाले भनिन्, "बाबु ! गोरु अग्लो र बलियो हुन्छ । त्यो नदीको पानीले उसलाई केही गर्न सक्दैन, सजिलै तर्न सक्छ । तिमी गोरुभन्दा साना छौ र त्यति बलिया पनि छैनौ । त्यसैले गोरुलाई सजिलो भएको काम तिमीलाई गारो पनि हुन सक्छ । लोखर्के तिमीभन्दा सानो छ । उसले गर्न नसक्ने काम तिमी सहजै गर्न सक्छौ । त्यसैले काम गर्दा आफ्नो बुद्धि लगाउनुपर्छ । कुरा बुझ्यौ बाबु ! तिमी खोला तर्न सक्ने भएर नै मैले तिमीलाई पठाएको हो ।"

आमाले भनेको कुरा बछेडाले राम्ररी बुझ्यो । अनि उसले कसैको कुरा नसुनी सजिलोसँग नै खोला तऱ्यो र गहुँ पनि पिनेर ल्यायो । यसैले धेरै अरूका कुरा नसुनी आफ्नो बुद्धि पनि लगाउनुपर्छ र आफूभन्दा अग्रज बाबुआमाको कुरालाई सुन्नुपर्छ भन्ने शिक्षा यस कथाले दिन्छ ।

## सम्भावित प्रश्न

**तल दिइएका बुँदाहरूका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् :**

भारद्वाज ऋषिका छोरा यवक्रितलाई नपढी विद्या आर्जन गर्ने विचार आउनु.............. नदी किनारामा गई तपस्या गर्नु थाल्नु............. तपस्याको कारण बुझ्न इन्द्र देवता आउनु............ इन्द्रले उनको कुरा सुन्नु......... इन्द्रले तपस्याबाट विद्या हुँदैन, पढेर विद्या आर्जन गर्नुपर्छ भन्ने सल्लाह दिनु............. इन्द्रको सल्लाह यवक्रितले नमान्नु............ तपस्यालाई निरन्तरता दिनु....... ब्राह्मण भेषधारी इन्द्रले किनारको बालुवा खन्दै नदीमा बगाउँदै गर्नु............ यवकित ब्राह्मणको छेउमा

जानु...... बालुवा नदीमा बगाउनुको कारण सोध्नु............. नदीमा पुल बनाउनलाई त्यसो गरेको भन्ने जवाफ पाउनु ............... त्यसरी पुल बन्दैन भनेर यवक्रितले भन्नु........... तपाईंले तपस्याबाट विद्या आर्जन गर्न सक्नुहुन्छ भने यसरी चाहिँ किन पुल बन्दैन भन्ने जवाफ पाउनु........ यवक्रितका आँखा खुल्नु........... यवक्रित पढ्न थाल्नु..... छिटै विद्वान् बन्नु ।

**व्याकरण**

**१. उदाहरणमा दिए जस्तै गरी तलका शब्दहरूबाट धातु छुट्याउनुहोस् :**

| शब्द | धातु |
|---|---|
| गर्न, बस्छ, हिँड्यो, लेख्नु, पढ्छिन् | गर्, बस्, हिँड्, लेख्, पढ् |
| मोटाउनु, थुप्रिनु, छोटिन्छ | मोटाउ, थुप्रि, छोटि |
| गराउनु, लेखाउन, पढाउँछ | गराउ लेखाउ, पढाउ |

हुनु, बटार्नु, झार्छ, स्विकार्छ, दिगो, बङ्ग्याउँछ, बाङ्गिनु, झर्छ, झस्काउँछ, लगाउनु, लाग्नु, सुनाउँछ, सिकाउँछ, खुवाउनु, पढाउनु, बसाउँछ ।

**२. उदाहरणमा दिए जस्तै गरी तल दिइएका शब्दबाट धातुका प्रकार छुट्याउनुहोस् :**

| शब्द | धातु | प्रकार |
|---|---|---|
| सुन्छन्, सुत्नु, हेर्नु, देखिन | सुन्, सुत्, हेर्, देख् | सामान्य धातु |
| कुम्ल्याउनु, चिसिन्छ, भित्रियो | कुम्ल्याउ (कुम्लो+याउ) चिसि ( चिसो+इ) भित्रि (भित्र+इ) | नामधातु (नाम, विशेषण र अव्यय शब्दबाट बनेका धातु) |
| सिकाउँछ, देखाउनु, बसायो | सिकाउ, देखाउ, बसाउ | प्रेरणार्थक धातु |

रहनु,, मुन्टिनु, पहेँलिनु, बर्बराउनु, पछ्याउनु, सुनाउनु, कस्नु, कसाउनु, बाट्नु, धिक्कार्छ, लियो, हकार्नु, गर्नु, तोड्छ, हिँडाउनु, गराउनु

**३. रेखाङ्कित क्रियापदबाट धातु छुट्याएर तिनका प्रकार लेख्नुहोस् :**

नेपाल भूकम्पनीय जोखिम क्षेत्रमा पर्छ । त्यसैले यहाँ बेला बेलामा ठुलाठुला भूकम्प गएका छन् । पछिल्लो पटक २०७२ वैशाख १२ गते ७.६ रेक्टर स्केलको भूकम्प आयो । लाखौँ घर ढलेर गाउँ नै रित्तियो । हजारौँ मानिस मारिए । विमान स्थलमा प्लेन र सेनाहरूबाक्लिए । राहत बोकेका गाडीहरू गाउँ गाउँ पसे । देश विदेशबाट राहत पठाइयो । पूर्व तयारी र सचेतता नभएकालेठुलो क्षति भयो । के गर्ने ? जस्तो सुकै सङ्कट आए पनि भोग्नु नै पर्छ ।

**४. तलको अनुच्छेदमा प्रयोग भएका निपात शब्दहरू पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

आ, चिसोले समाए पनि समाओस् भदै आज चाहिँ चाँडै उठियो । नत्र जाडो याममा बिहान ६ नबजी उठे पो ? हुन पनि काठमाडौँको चिसो, थला पार्छ क्यारे । उठेर नित्यकर्म गरियो भनी सामान्य कसरत नि गर्ने पऱ्यो । त्यही बेला चाहिने क्यारे, तपाईंको हालचाल के छ कुन्नि भन्दै पल्लाघरे बडाबुबा

आउनुभयो । उहाँसँग नानाथरी कुरा भए । जति नै चाँडो उठे पनि आजको बिहानी त्यतिकै गयो ।

५. **तलको अनुच्छेदमा रहेका विस्मयादिबोधक शब्दहरूलाई रेखाङ्कन गर्नुहोस् :**

"आहा ! क्या गजब राम्रो बनाउनुभएछ, करेसाबारी ।" भन्दै रमेशजी एकाबिहानै आइपुगे । ढोकामा आउनासाथ कुकुर भुक्यो । "धत् ! उता जा" भन्दै मुलद्वारमै उनी उभिरहे । मैले कुकुर धपाएर उनलाई भित्र बोलाएँ । कोठाभित्र आमालाई देख्नासाथ उनले "ओहो ! आमा नमस्कार" भन्दै हात जोडे । आमाले हाल खबर सोध्नुभयो । रमेशले "अरु त ठिकै छ आमा, सहिँला भाइको भने मोटर साइकल दुर्घटनामा परेर खुट्टो मर्किएको छ" भने । "कठै ! कहिले नि ?" आमाले सोध्नुभयो ।

६. **तलका निपातको प्रयोग गरी कुनै घटनाको चर्चा गर्नुहोस् :**

पो, त पनि रे, र, कि, ल, लौ, क्यारे

७. **तलका विस्यादिबोधक शब्दहरूको प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् :**

आत्था, स्याबास, आहो, राम राम, क्याबात, आम्मै, ज्या, कठै, धिक्कार

तल लेखिएका वाक्यहरु पढेर बझ्नुहोस् :

- **नु** प्रत्यय लागेर क्रिया बन्ने मूल रूपलाई **धातु** भनिन्छ ।
- नाम, विशेषण र अव्यय आदि नजोडिई बनेका क्रियाका मूल रूप नै मूल धातु हुन् ।
- नाम, विशेषण र अव्ययमा आउ, इ, याउ प्रत्यय लागेर नामधातु बन्छन् ।
- बस्, खेल आदि मूल धातुमा आउ प्रत्यय लागेर बन्ने धातु प्रेरणार्थक धातु हुन् ।
- वाक्यमा आफ्नो छुट्टै स्वतन्त्र अर्थ नभई कुनै कुराको निश्चिय, आग्रह, स्वीकृति, सम्भावना, अनुमति, बल आदि बुझाउने अव्यय शब्दलाई निपात भनिन्छ । निपातले वाक्यमा मिठास थप्ने काम गरेका हुन्छ । निपातको प्रयोगले अभिव्यक्ति प्रभावकारी बन्छ । वाक्यबाट निपात शब्द झिक्ता पनि वाक्यको संरचना भत्किँदैन ।
- एक्कासि हर्ष, विस्मात, दुःख घृणा, पश्चात्ताप आदि मनका भाव बुझाउने शब्दलाई विस्मयादिबोधक शब्द भनिन्छ । यसले वाकयको संरचनामा कुनै असर गर्दैन । यसको प्रयोग प्रायः वाक्यको सुरु र अन्त्यमा हुन्छ । यस्ता शब्दको फाइदा विस्मयादिबोधक चिह्न (!) को प्रयोग गरिएको हुन्छ ।

५. **पृष्ठपोषण**

(क) माथिका सबै प्रश्नहरूको उत्तरलेखी शिक्षकलाई सम्पर्क कक्षामा देखाउनुहोस् ।

(ख) व्याकरणअर्न्तगतका अभ्यास गर्दा सो भन्दा तल दिएको परिचय हेरी बुझेर गर्नुहोस् । स्पष्ट नभएमा सम्पर्क कक्षामा शिक्षकलाई सोध्नुहोस् ।

## पाठ : २

**कविता**

# सन्तुष्टि

**–भरतराज पन्त**

१. **परिचय**

'सन्तुष्टि' कविताका रचनाकार कवि भरतराज पन्त हुन् । नमस्कार कविता सङ्ग्रह, २०४६ बाट साभार गरिएको यस कवितामा मानिसले सन्तुष्टि प्राप्त गर्ने तरिकाका बारेमा चर्चा गरिएको छ । एक पेट खान, एक धरो लाउन र एउटा छतमुनि सुत्न चाहिँ पाउनुपर्छ । काम भनेको कुनै ठुलो र कुनै सानो भन्ने हुँदैन । केवल स्वावलम्बी भएर बाँच्न जान्नुपर्छ । लोभ र लालचबाट टाढा रहनुपर्छ । भोग विलास पनि क्षणिक सन्तुष्टि मात्र हो । यसलाई बानीको रूपमा लिनु हुन्न । सुखमा मात्तिने र दुःखमा आत्तिने मान्छे कहिल्यै सुखी हुन सक्दैन । सदा धीर रहन जान्नुपर्छ । सदाचार नै मानिसको सबभन्दा ठुलो गुण हो । परोपकारभन्दा अर्को ठुलो कुनै धर्म छैन । आत्मसुखी भएर बाँच्न जान्ने मान्छे नै संसारको सबभन्दा सन्तुष्ट मान्छे हो । सादा जीवन उच्च विचार लिएर जिउनु नै मानवीय सर्वोत्तम आदर्श हो । यस्तै 'सन्तोषम् सदा सुखम्, असन्तोषम् सदा दुःखम्' जस्ता जीवनोपयोगी सन्देशहरू यस कविताले दिएको पाइन्छ ।

२. **उद्देश्य**

यस पाठको अन्त्यमा तपाइँ निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठमा दिइएको कवितालाई लयबद्ध वाचन गर्न

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूको शुद्धोच्चारण गर्न र शब्दार्थ बोध गरी वाक्यमा प्रयोग गर्न

(ग) कविताको भाव बोध गरी सो सम्बन्धी प्रश्नोत्तर गर्न

(घ) कवितांशको सप्रसङ्ग व्याख्या गर्न

(ङ) पाठको अभ्यासमा निदिष्ट कार्यमूलक व्याकरण सम्बन्धी अभ्यास गर्न

(च) पाठसँग सम्बन्धित तोकिएको परियोजना कार्य सम्पन्न गर्न

(छ) सिर्जनात्मक भाषिक अभिव्यक्ति सिपको विकास गर्न

## सन्तुष्टि

✍ भरतराज पन्त

खाने त एक पेटै हो त्यसैले टम्म हुन्छु म
लाउने एक जोरै हो त्यसैले गम्म हुन्छु म । १ ।

जमिन तिन हातैको सुत्नलाई प्रशस्त छ

घाम पानी सके ओत्न झुपडी मग्नमस्त छ । २ ।

स्वावलम्बी सके बन्न कुनै चाहिन्न नोकर
सर्वत्र जाँगरै तातोस् कसले लाउने कर । ३ ।

सीमा विलासको छैन स्वाद छैन गिलासको
खाँचो छ एउटै मात्र मित्रताको मिजासको । ४ ।

समेटी घुस अन्याय चाहन्नँ म धनी हुन
आँखा छली परीक्षामा चाहन्नँ इलमी हुन । ५ ।

नखाई सञ्चिता गर्ने लोभीको चैन छैन रे !
खाएर नगरे काम अर्को पापी हुँदैन रे ! । ६ ।

अर्काको भाग खोसेमा डाँका अर्को हुँदैन रे !
आफ्नो भर परे आफैँ लाञ्छनाले छुँदैन रे ! । ७ ।

नआओस् आत्तिने दुःख मात्तिने धन सम्पत्ति
यतिले राम्ररी चल्छ सारा जीवनको गति । ८ ।

छन् आँखा दुइटा हाम्रा हेर्नुपर्छ दुवैतिर
कान छन् दुइटै हाम्रा सुन्नुपर्छ दुवैतिर । ९ ।

चिनोस् सुगन्ध दुर्गन्ध नाकका दुई प्वालले
जिभ्रो एकै कुरा खोलोस् मर्म जानेर ख्यालले । १० ।

बत्तिस दन्तको काम कट्कटाउनु होइन
यी हात पाउको काम छटपटाउनु होइन । ११ ।

बलले रचना निस्कोस् बुद्धिले सिर्जना नयाँ
मनले ममता माता तनले चेतना नयाँ । १२ ।

पृथिवी तल नै स्वर्ग जनता नै जनार्दन
उपकार सदा पूजा फल हो दुःख मोचन । १३ ।

यसैभित्र छ संसार सार हो यति नै फगत्
यसैभित्र अडेको छ स्रष्टाको सृष्टिमा जगत् । १४ ।

('**नमस्कार**' **कविता सङ्ग्रह, २०४६ बाट**)

## ३. कविताको मुख्य भाव

'सन्तुष्टि' कवितामा कविले आफूलाई एक पेट खान, एक जोर लाउन, बस्नलाई एउटा झोपडी र सुत्नका लागि तिन हात जमिन भए पुग्ने भावना व्यक्त गरेका छन् । भोग विलासमा रम्ने र धेरै रमझम गर्ने उनको चाहना छैन । आफैँ जाँगर चलाएर स्वावलम्बी भई सबैसँग मित्रवत् सम्बन्ध राखेर

बाँच्ने कविको चाहना छ । घुस खाएर र अरूमाथि अन्याय गरेर धनी हुन उनलाई पटक्कै मन छैन । आफैँले नखाएर जोगाई राख्ने लोभी बानी पनि उनको मन छैन । अरूको कमाइ खाएर आफू सुखी हुने पापी बन्ने काम उनलाई मन पर्दैन ।

कविको विचारमा अर्काको भाग खान खोज्नु डाँका काम गरे जस्तो हो । कसैले कुनै लाञ्छना लाएर बाँचेको जिन्दगी धिक्कारपूर्ण हो । दुःखमा नआत्तिने र सुखमा नमात्तिने मानिसको जीवन गति हुनुपर्छ भन्ने उनको मान्यता छ । कानको काम राम्रा नराम्रा कुरा दुवै सुनेर राम्रा मात्र कुरा लिनु हो । त्यस्तै आँखाको काम पनि सबैतिरका कुरा हेरेर सही कुरालाई मात्र ग्रहण गर्नु हो । त्यस्तै बत्तिस दन्तको काम अरूको सुख र उन्नति देखेर रिसले दाँत कट्कटाउनु होइन । हात पाउको काम कामकाजबिना यताउति भड्केर हिँड्नु होइन । नाकको काम सुगन्ध र दुर्गन्ध पहिचान गरी सुगन्धलाई अपनाउनु हो । त्यस्तै जिब्रोको काम मनलागी बोल्नु होइन कि विचार गरेर मात्र चाहिने कुरा मात्र बोल्नु हो ।

कविको भनाइअनुसार बलको काम निर्बलमाथि तागत देखाउनु होइन । नयाँनयाँरचना र विकासमा लगाउने बल नै सच्चा बल हो । त्यस्तै बुद्धिको काम अशिक्षितमाथि शासन र शोषण गर्नु होइन । यसले त सबै प्राणीको हित र कल्याण हुने सिर्जनात्मक कार्य गर्नुपर्छ । मनको काम चञ्चलता बढाउने होइन । यसले त सबैमा ममता छर्नुपर्छ । यसलाई मातृभूमिको मायामा समर्पण गर्नुपर्छ । त्यसै गरी तन वा शरीरको काम बाह्य शृङ्गारको प्रदर्शन गर्नु होइन । यसको काम त भित्री चेतनाको विकास र विस्तार गर्नु हो । ययार्थमा जनता नै जनार्दन वा ईश्वर हुन् । जहाँ ईश्वर बस्छन्, त्यो नै स्वर्ग हो । जनताको उपकार गर्नु नै ईश्वरको सच्चा पूजा हो । जनताका दुःख मोचन गरेर सबैलाई हँसाउन सकियो भने त्यो नै सच्चा ईश्वरीय फल हो । कविका यस्तै विचार तथा सन्देशहरूले यो कविता भरिपूर्ण रहेको पाइन्छ ।

४. **पाठगत अभ्यास**

१. स्रोत शिक्षकको सहायतामा कविता पाठलाई यति, गति र लय मिलाई लयबद्ध वाचन गर्नुहोस् ।

२. तलका शब्दलाई शुद्धसँग उच्चारण गर्नुहोस् :

गम्म, मग्न, विलास, मिजास, इलमी, सञ्चिता, लाञ्छना, सुगन्ध, दुर्गन्ध, मर्म, ख्याल, फगत

३. तलका शब्द र अर्थ मिल्ने गरी जोडा मिलाउनुहोस् :

| **शब्द** | | **अर्थ** |
|---|---|---|
| **सीमा** | : | भगवान्, ईश्वर |
| **विलास** | : | शरीर |
| **मिजास** | : | दोष, निन्दा |
| **इलमी** | : | त्यत्तिकै, खालि |
| **सञ्चिता** | : | सिमाना, साँध |
| **लाञ्छना** | : | रोजगारमा लागेको, उद्यमी |

| | | |
|---|---|---|
| **तन** | : | सुखसयल, मोज, मज्जा |
| **जनार्दन** | : | जोगाउने काम, सुरक्षा |
| **मोचन** | : | बन्धनबाट छुटाउने, मुक्त गर्ने |
| **फगत** | : | राम्रो बानी, वचन, शिष्टाचार |

४. **तलका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

इलमी, मस्त, सीमा, लाञ्छना, सुगन्ध, दुर्गन्ध, ख्याल, जनार्दन, मोचन

उदाहरण : **इलमी**को हातमा माछा र मासु हुन्छ भने अल्छीका भागमा आँसु हुन्छ ।

५. **पाठ पढी तल सोधिएका प्रश्नहरूको उत्तर लेखी स्रोत शिक्षकलाई देखाउनुहोस् :**

**नमुना प्रश्नोत्तर**

(क) धनी हुनका लागि गरिने कुन काम कविलाई मन पर्दैन ?

कविलाई धनी हुनका लागि घुसखोरी एवम् भ्रष्टाचार गरेर कमाउने प्रवृत्ति र अरूलाई दुःख दिई अन्याय गरेर धन थुपार्ने कामहरू मन पर्दैन ।

(ख) कस्तो मानिसलाई चैन हुँदैन ?

(ग) के गर्ने मानिस पापी हो ?

(घ) कवि कसलाई डाँका भन्छन् ?

(ङ) लाञ्छनाबाट बच्न के गर्नुपर्छ ?

(च) यस कविताले हामीलाई के कस्तो सन्देश दिएको छ ?

६. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) नआओस् आत्तिने दुःख मात्तिने धन सम्पत्ति
यतिले राम्ररी चल्छ सारा जीवनको गति ।

(ख) छन् आँखा दुइटा हाम्रा हेर्नुपर्छ दुवैतिर
कान छन् दुइटै हाम्रा सुन्नुपर्छ दुवैतिर ।

**सप्रसङ्ग व्याख्याको नमुना :**

**पृथिवी तल नै स्वर्ग जनता नै जनार्दन**
**उपकार सदा पूजा फल हो दुःख मोचन ।**

कक्षा १० को नेपाली पाठ्य पुस्तकको 'सन्तुष्टि' कविताबाट माथि दिइएको अंश साभार गरिएको हो । यस कविताका रचनाकार भरतराज पन्त हुन् । प्रस्तुत कवितामा कविले एक सच्चा मानवमा हुनुपर्ने गुणहरूबारे चर्चा गरेका छन् । यसमा कविले मानिसले गर्न हुने नहुने कामहरू बताएका छन् । त्यस्तै मानिसले वास्तविक सन्तुष्टि पाउने उपायहरू यस कवितामा दिइएका छन् । माथि दिइएका पङ्क्तिमा

कविले स्वर्ग, धर्म र ईश्वरको बुझ्नुपर्ने कुराहरूलाई प्रस्तुत गरिएको छ ।

कविको विचारमा मान्छे स्वर्ग प्राप्ति गर्ने सिलसिलामा विभिन्न मठमन्दिरमा जाने, पूजापाठ, ध्यान गर्ने गर्छ । त्यो स्वर्ग प्राप्त गर्ने बाटो होइन । अरूको दुःख नबुझ्ने मान्छे कहिल्यै धर्मात्मा हुन सक्दैन । स्वर्ग र नर्क खोज्न कतै जानु पर्दैन । गहिरोसँग बुझ्ने हो भने यो पृथ्वी वा संसार नै स्वर्ग हो । स्वर्ग र नरक बनाउने हात हाम्रै हुन् । देवता खोज्न पनि कहीँ जानुपर्दैन । प्रत्येक मान्छेका मन वा आत्मामा ईश्वर रहेका छन् । त्यसैले जनता नै ईश्वर हुन् । यदि देशमा रहेका दुःखी जनताको आत्मालाई खुसी बनाउन सकियो भने वास्तविक ईश्वरको पूजा त्यहाँ हुन्छ । बिनास्वार्थ दुःखी, दरिद्र तथा निमुखा जनताको उपकार गर्नु नै सच्चा ईश्वरको सेवा हो भन्ने उनको भनाइ छ । यदि हामीले अप्ठ्यारामा परेका जनतालाई सुख सुविधा दियौँ र उनीहरूको आत्मा खुसीले हाँस्यो भने त्यो नै ईश्वरीय फल वा आशीर्वाद हो । मानव सेवा नै ईश्वरीय सेवा हो । मानव सुखले भरिपूर्ण संसार नै स्वर्ग हो । यस्तै मानव कल्याणमा लागेर सच्चा ईश्वरको प्राप्त गरी आफ्नो संसारलाई स्वर्ग बनाउन लाग्नुपर्ने उनको आग्रह छ । जो अरूको खुसीमा हाँस्न सक्छ त्यो उसको सर्वोच्च सन्तुष्टि र स्वर्ग हो भन्ने भावलाई माथि दिइएको कवितांशमा अभिव्यक्त गरिएको छ ।

माथिको कवितांशले मानिसले सच्चा खुसी, सन्तुष्टि र आनन्द प्राप्त गर्ने उत्तम उपायलाई प्रस्तुत गरेको छ । आफ्नो देश बनाउन सके त्यो नै स्वर्ग हो र जनसेवा नै मूल धर्म हो भन्ने दिव्य सन्देश दिनु प्रस्तुत कवितांशको उद्देश्य देखिन्छ । देशभक्ति, राष्ट्रप्रेम र ईश्वरीय सारको शिक्षा दिन यो कविता सफल छ ।

**सप्रसङ्ग व्याख्याका लागि सम्भावित अन्य प्रश्न :**

(क) सीमा विलासको छैन स्वाद छैन गिलासको
खाँचो छ एउटै मात्र मित्रताको मिजासको ।

(ख) समेटी घुस अन्याय चाहन्नँ म धनी हुन
आँखा छली परीक्षामा चाहन्नँ इलमी हुन ।

**५. व्याकरण अभ्यास**

**१. तल 'पढ्' धातुबाट बनेका विभिन्न काल र पक्षका वाक्यहरू दिइएको छ । त्यसरी नै तपाईं पनि 'लेख्','बोल्' र'सुन्' धातुबाट तिन ओटै कालका सबै पक्षका वाक्यहरू बनाउनुहोस् ।**

जस्तै : **'पढ्'** धातुबाट विभिन्न पक्षमा बनाइएका वाक्यहरूको उदाहरण :

(क) सहरमानले पढे (सामान्य भूत) ।

(ख) सहरमान पढ्दै थिए (अपूर्ण भूत) ।

(ग) सहरमानले पढेका थिए (पूर्ण भूत) ।

(घ) सहरमान पढ्थे (अभ्यस्त भूत) ।

(ङ) सहरमानले पढेछन् । (अज्ञात भूत)

(च) सहरमान पढ्छन् (सामान्य वर्तमान) ।

(छ) सहरमान पढ्दै छन् (अपूर्ण वर्तमान) ।

(ज) सहरमानले पढेका छन् (पूर्ण वर्तमान) ।

(झ) सहरमान पढ्ने छन् (सामान्य भविष्यत्) ।

(ञ) सहरमान पढ्दै हुने छन् (अपूर्ण भविष्यत्) ।

(ट) सहरमानले पढेका हुने छन् (पूर्ण भविष्यत्) ।

२. तलका उदाहरणहरू हेरी कोष्ठकमा दिइएको सङ्केतको आधारमा वाक्य परिवर्तन गर्नुहोस् :

(क) लिङ्गको आधारमा वाक्य परिवर्तनको उदाहरण :

त्यो केटा घरमा नै बस्छ । (पुलिङ्ग) ।

त्यो केटी घरमा नै बस्छे । (स्त्रीलिङ्ग) ।

(ख) वचनको आधारमा वाक्य परिवर्तनको उदाहरण :

भाइसहरमा बस्छ । (एक वचन) ।

भाइहरू सहरमा बस्छन् । (बहु वचन) ।

(ग) पुरुषको आधारमा वाक्य परिवर्तनको उदाहरण :

| | |
|---|---|
| म बस्छु । | हामी बस्छौँ । (प्रथम पुरुष) |
| तँ बस्छस् । | तिमीहरू बस्छौ । (द्वितीय पुरुष) |
| तिमी बस्छौ । | तिमीहरू बस्छौ । (द्वितीय पुरुष) |
| तपाईं बस्नुहुन्छ । | तपाईंहरू बस्नुहुन्छ । (द्वितीय पुरुष) |
| त्यो बस्छ । | तिनीहरू बस्छन् । (तृतीय पुरुष) |
| ऊ बस्छ/बस्छे । | उनीहरू बस्छन् । (तृतीय पुरुष) |
| यो बस्छ । | यिनीहरू बस्छन् । (तृतीय पुरुष) |
| उमेश बस्छ । | उमेशहरू बस्छन् । (तृतीय पुरुष) |

**प्रश्नहरू :**

(क) यो भाइ विराटनगरमा बस्छ । (स्त्रीलिङ्ग)

(ख) त्यो केटी गाउँमा बस्छे । (पुलिङ्ग)

(ग) उनीहरू बस्छन् । (प्रथम पुरुष)

(घ) म घर जान्छु । (तृतीय पुरुष)

(ङ) हामी उपन्यास पढ्छौँ ।(द्वितीय पुरुष)

(च) तिमी असल छौ । (आदरार्थी)

(छ) तँ कहिले पोखरा जान्छस् । (उच्च आदरार्थी)

(ज) तपाईं यता आउनुहोस् । (अनादरार्थी)

(ञ) दिनेश छिटो दौडन्छ । (बहु वचन)

## ६. परियोजना कार्य

(क) तपाईंले जानेको कुनै गीत वा कविता लेखेर ल्याई स्रोत कक्षामा सुनाउनुहोस् ।

(ख) आफूले देखेसुनेका कुनै घटना वा विषयका बारेमा विभिन्न लेख्य चिह्न प्रयोग गरी एउटा छोटो अनुच्छेद निर्माण गर्नुहोस् । अर्को स्रोत कक्षामा त्यसलाई कक्षाकोठामा प्रदर्शन गरी विद्यालयको प्रदर्शन पाटीमा टाँस्नुहोस् ।

## ७. पृष्ठपोषण

यस पाठको अन्त्यमा तपाईंले सिकेका नयाँ सिपहरू के के हुन् ? आफ्नो कापीमा टिपोट गर्नुहोस् र अझै अस्पष्ट भएका कुराहरू पनि टिपोट गरी अर्को स्रोत कक्षामा शिक्षकसँग सोधी स्पष्ट हुनुहोस् ।

## ८. थप अध्ययन सामग्री

१. सप्रसङ्ग व्याख्या गर्ने तरिका

- पहिलो अनुच्छेदमा त्यो कविताको अंश कुन पाठबाट निकालिएको हो र त्यसका रचनाकार को हुन् भन्ने कुरा खुलाउनुहोस् । त्यसपछि ती अंश कुन सिलसिलामा प्रस्तुत भएका हुन् प्रस्ट पार्नुहोस् ।
- दोस्रो अनुच्छेदमा दिएका कविताका अंशले भन्न खोजेका कुरालाई स्पष्ट हुने गरी व्याख्या गर्नुहोस् ।
- तेस्रो वा अन्तिम अनुच्छेदमा त्यस कवितांशले दिएको सन्देशसहितको निष्कर्ष दिनुहोस् ।

# पाठ ३

**जीवनी**

## सन्दुक रुइत

### १. परिचय

सन्दुक रुइत ताप्लेजुङ जिल्ला, ओलाङचुङगोलाको दुर्गम गाउँमा जन्मिएका मध्यम वर्गका व्यक्ति हुन् । नेपालको 'राष्ट्रदीप' पदकले विभूषित रुइतले सानोमा निकै सङ्घर्ष गरेर पढ्दै अन्त्यमा विश्वकै विशिष्ट डाक्टर बनेर नेपाल र नेपालीको नामलाई संसारभर चिनाएका छन् । उनले भारतको लखनउबाट एमबिबिएस पास गरेपछि नेपाल फर्केर वीर अस्पतालमा जनरल फिजिसियनका रूपमा तिन वर्ष काम गरे । त्यसपछि मानिसहरूको आँखाको उपचार गर्ने क्रममा देशका विभिन्न दुर्गम जिल्लामा गएका डाक्टर रुइतले छोटो समयमै मानिसलाई खुसी पार्ने कुनै बाटो छ भने त्यो आँखाको उपचार नै हो भन्ने उनलाई लाग्यो । त्यसपछि डाक्टर सन्दुकले जीवनभर आँखाको उपचारमा लाग्ने अठोट गरेका थिए । उनले वि.सं.२०४३ मा मोतीबिन्दुको उपचारमा अस्ट्रेलियाबाट आँखाको शल्यक्रियाका क्षेत्रमा विशेष दक्षता हासिल गरे । यस क्रममा आँखाको उपचारको क्रममा उनले कैयौँ दृष्टिविहीनहरूलाई नयाँ उज्यालो संसार दिने काम गरे । आँखा उपचारमा सहभागी हुँदै शल्यक्रिया र अनुसन्धान गर्दै जाँदा उनले नयाँ प्रविधिको आविष्कार गरे । उनले आविष्कार गरेको प्रविधि सबैभन्दा सस्तो र भरपर्दो सावित भयो । यही प्रविधि अन्तर्राष्ट्रिय जगत्मा नेपाली प्रविधि अर्थात् **रुइतेक्टोमी**को रूपमा विश्वभरि चर्चित छ । वि.सं.२०५१ मा तिलगङ्गा आँखा केन्द्रको स्थापना र वि.सं.२०५५ मा'प्रोग्राम अस्ट्रेलिया नेपाल' नामक संस्था स्थापना गर्ने काममा उनको ठुलो योगदान छ । लामो समयको खोज र अनुसन्धानपछि'इन्ट्राओकुर लेन्स' बनाउने पहिलो डाक्टर उनै हुन् । अहिले अमेरिकामा पनि यही लेन्सको प्रयोग गर्न थालिएको छ । यसका साथै हाल उनले तिलगङ्गा आँखा केन्द्रमार्फत विश्वका डाक्टरलाई नेपाली प्रविधि सिकाइरहेका छन् । यसरी धैर्य, साहस, दृढ इच्छा शक्ति र सङ्घर्षले नै मानिस जीवनमा सफल हुन सक्छ भन्ने प्रेरणा उनको जीवनीबाट पाउन सकिन्छ ।

### २. उद्देश्य

यस पाठको अन्त्यमा तपाइँ निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठमा दिइएका अनुच्छेदलाई राम्ररी सुनी सस्वर वाचन गर्न

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूको बोध गरी वाक्यमा प्रयोग गर्न

(ग) जीवनीबाट सोधिएका सङ्क्षिप्त प्रश्नहरूको उत्तर दिन

(घ) जीवनीमा प्रयुक्त विशिष्ट पङ्क्तिहरूको व्याख्या गर्न

(ङ) निर्दिष्ट अनुच्छेदबाट मुख्य बुँदाहरूको टिपोट गरी सारांश लेख्न

(च) पाठबाट सोधिएका विवेचनात्मक प्रश्नको उत्तर लेख्न

(छ) पाठको अभ्यासमा निदिष्ट कार्यमूलक व्याकरण सम्बन्धी अभ्यास गर्न

(ज) दिइएका बुँदाहरूका आधारमा छोटा जीवनी तयार पार्न

## सन्दुक रुइत

१. विश्वको मानचित्र पल्टाएर हेर्ने हो भने नेपाल भौगोलिक हिसाबले अत्यन्तै सानो देखिन्छ तर यहाँको कला, साहित्य, संस्कृति र भूगोल विशिष्ट छ । बारै महिना हिउँ पर्ने उच्च हिम शृङ्खला, पहाड, तराई, मधेस र उपत्यका भूपरिवेष्टित देश नेपालका आफ्ना विशिष्टता हुन् । यही विशिष्टता बोकेको नेपाली माटामा समय समयमा महान् व्यक्तिहरू जन्मेका छन् । तिनले नेपाल र नेपालीको गौरवलाई विश्वसामु चिनाएका छन् । तीमध्ये सन्दुक रुइत एक हुन् । उनको जन्म वि. सं. २०११ भदौ १९ गतेका दिन ताप्लेजुङ जिल्लाको ओलाङचुङगोलामा भएको थियो । पिता सोनाम रुइत र माता केसाङ रुइतबाट जन्मिएका सन्दुक रुइतको नाम बौद्ध परम्पराअनुसार लामाले राखिदिएका थिए । सन्दुकको अर्थ आकाशमा गड्याङगुडुङ गराउने सर्प हो, जसले धर्तीमा पानी पार्छ र पृथ्वीलाई हराभरा बनाउँछ । रुइत उनको थर हो । उनका पुर्खा पाँच, छ सय वर्षअघि तिब्बतको रुइत क्षेत्रबाट नेपालमा बसाइँ सरेका थिए । त्यही आधारमा उनको थर रुइत भएको हो । ताप्लेजुङ जिल्लाको सदरमुकामदेखि कम्तीमा चार दिन हिँडेपछि बल्ल पुगिने दुर्गम गाउँमा जन्मिएका सन्दुक रुइत आँखाका प्रख्यात डाक्टर हुन् । उनी विश्व विख्यात सरल र कम लागतमा मोतीबिन्दुको चिकित्सा पद्धति 'रुइतेक्टोमी' का सुरुवात कर्ता हुन् । यही चिकित्सा पद्धति अहिले नेपाली प्रविधिका रूपमा विश्वभर चर्चित छ । त्यति मात्र नभएर पछिल्लो समयमा अन्तरिक्षमा पत्ता लागेको उल्काको नामसमेत उनकै नामबाट नामकरण गरिएको छ । अहिले उनी धर्तीदेखि आकाशसम्म चर्चाको शिखरमा छन् ।

२. ओलाङचुङगोलाको सुन्दर प्रकृतिको काखमा उनको बाल्यकाल बित्यो । चिनसँग सिमाना जोडिएको ओलाङचुङगोला तमोर नदीको सिरानमा पर्छ तर उनको घर भने अलि खोचमा थियो । त्यही होचो ठाउँबाट उनी प्रत्येक बिहान डाँडा पाखामा रातै फुलेका गुराँसका फुलहरू हेरेर मुग्ध हुन्थे र सेताम्मे देखिने हिमालहरू हेरेर रमाउँथे । उनको बाल्यकाल असाध्यै रमाइलो र लोभलाग्दो थियो ।

३. दुर्गम भूगोल र अविकसित क्षेत्र भए पनि रुइत मध्यम वर्गीय व्यापारिक घरानामा जन्मिएका थिए । उनका बुबा सोनाम नेपाल तिब्बतबिच नुन, चामल, घोडा र च्याङ्ग्रा व्यापार गर्थे । यसै बेला उनको ठुलो छोराको मृत्यु भयो । दुर्गम गाउँमा उपचार नपाएर आफ्ना छोराको मृत्यु भएपछि बुबा सोनाम निकै दुःखी भए । उनले बाँचेको आफ्नो छोरा सन्दुकलाई पढाएर ठुलो डाक्टर बनाउने सपना देखे । नजिकमा कहीँ कतै विद्यालय थिएनन् तापनि छोरालाई पढाउने सोनामको सपनालाई दुर्गम भूगोलले छेक्न सकेन । उनले आफ्नो सात वर्षको छोरा सन्दुकलाई दार्जिलिङ लगेर भए पनि पढाउने निधो गरे ।

४. ओलाङचुङगोलाबाट दार्जिलिङ पुग्न पन्ध्र दिनको पैदल यात्रा पार गर्नुपर्थ्यो । उनकी आमा आफ्नो सानो छोरालाई त्यति टाढा बिरानो ठाउँमा पठाउन चाहन्नथिन् । सन्दुक पनि आफ्नी आमाको

न्यानो काखमा रमाएर बाल्यकाल बिताउन चाहन्थे तर बुबाको योजना अगाडि आमाछोराको केही लागेन । हिँड्ने बेला सन्दुककी आमा खुब रोइन् । सन्दुक पनि आमाको पाइ्देन समातेर घुँक्कघुँक्क गरिरहे तर पनि आमाको स्नेह र ममताले भरिएको साथ छाडेर बुबाको हातको औँलो समाती उनी विद्यालय जान तयार भए । अहिले जस्तो ठाउँ ठाउँमा त्यो बेला होटलहरू थिएनन्, गाडीहरू पनि थिएनन् । पैदल हिँड्दै र ओडारमा बास बस्दै पन्ध्र दिनपछि उनी दार्जिलिङ पुगे ।

५. बाल्यकालमा सन्दुक निकै चञ्चले स्वभावका थिए तर त्यहाँको बसाइले उनको जीवन सङ्घर्षशील बन्न पुग्यो । उनी जन्मेदेखि कहिल्यै लामो यात्रामा निस्किएका थिएनन् । त्यसैले घरबाट धेरै टाढा आफन्तहरू कोही नभएको ठाउँमा बस्नुपर्दा उनलाई निकै नरमाइलो लाग्यो । उनले अनेक पीडा र अभावको सामना पनि गर्नुपऱ्यो । त्यहाँ बस्दा संसारमा आफू एक्लो भएको र आफन्तजति सबै सकिएका हुन् कि जस्तो महसुस गरे । वर्षमा दुईपल्ट पन्ध्र पन्ध्र दिनका लागि विद्यालयमा बिदा त हुन्थ्यो तर घरमा आउन पन्ध्र सोर दिन लाग्ने हुनाले चार पाँच वर्षसम्म उनको घर परिवारसँग सम्पर्क हुन सकेन । अहिले जस्तो सञ्चारको सुविधा पनि त्यो समयमा थिएन । वर्ष दिनमा एकपल्ट उनलाई भेट्न पुग्ने बुबासँगै आमाले पठाइदिएका कोसेली पातको पोकामा सायद उनी आफ्नी आमाको अनुहार देख्थे । बुबालाई भेट्न पाउँदा उनको खुसीको कुनै सीमा हुँदैनथ्यो । जसरी भए पनि अनेक समस्या झेल्दै उनी दार्जिलिङमा पढ्दै थिए । यसै बेला चिन र भारतबिच सीमा युद्ध भयो । युद्धसँगै त्यहाँका सबै विद्यालयहरू बन्द भए अनि सन्दुक रुइत पनि नेपाल फर्के ।

६. सन्दुक अध्ययनशील तथा जिज्ञासु प्रवृत्तिका बालक थिए । त्यसैले उनका बुबाले काठमाडौँ ल्याए र सिद्धार्थ वनस्थली स्कुलमा भर्ना गरिदिए । यसै बेला सन्दुककी बहिनीको उपचार नपाएर क्षयरोगका कारण दुःखद निधन भयो । आफूभन्दा एक वर्ष मात्र कम उमेरकी बहिनीको निधनले उनलाई निकै भावुक बनायो । यस घटनापछि शोकाकुल बनेका सन्दुकले डाक्टर बनेर बाबाको सपनालाई साकार पार्ने दृढ अठोट गरे र लगनशील भएर पढ्न थाले । सिद्धार्थ वनस्थली स्कुलबाटै वि. सं. २०२५ मा प्रवेशिका परीक्षा उत्तीर्ण गरी त्रिचन्द्र कलेजबाट आइएस्सी पुरा गरे । यसै समयमा उनकी अर्की बहिनीको पनि दुःखद निधन भयो । यसरी एकपछि अर्को गर्दै उनका एक दाजु र दुई बहिनीको हृदय विदारक अन्त्यले रुइतको जीवनमा पीडामाथि पीडा थपिदियो तर पनि साहस र आत्मबलका साथ अध्ययनलाई निरन्तरता दिइरहे ।

७. डाक्टर बन्ने सपना बोकेका रुइतले वि. सं. २०२९ मा एमबिबिएस पढ्न भारतको लखनउस्थित किङ्गस जर्ज मेडिकल कलेजमा छात्रवृत्ति पाए । त्यहाँबाट एमबिबिएस पास गरेपछि उनको डाक्टर बन्ने सपना पुरा भयो । उनी नेपाल फर्केर वीर अस्पतालमा जनरल फिजिसियनका रूपमा तिन वर्ष बिताए । यसै समयमा उनको सङ्गत रामप्रसाद पोखेल र नवीनचन्द्र राई जस्ता आँखाका डाक्टरसँग भयो । उनीहरूकै मातहतमा बसेर काम गर्ने सिलसिलामा धनगढीमा आँखाको क्याम्प थियो । डाक्टर राईसँगै रुइत पनि क्याम्पमा गए । नेपालगन्ज हुँदै बर्दियासम्म पुग्दा उनले आँखाका धेरै रोगीहरू देखे । उनले एकै परिवारका पाँच छ जना बच्चाहरू आँखा

देख्न नसक्ने भएर क्याम्पमा उपचारका लागि आएको पनि देखे । आँखा रोगीहरूको यो भयावह अवस्था देखेर उनी दु:खी भए । उनको ध्यानआँखा रोगीहरूतर्फ आकृष्ट भयो । त्यही समयमा केही घण्टाको अपरेसनपछि आँखा रोगीहरूले संसार देख्न पाए । बाल बालिकामा एकसाथ फर्किएको आँखाको ज्योति अनि त्यसले उनीहरूका अभिभावकलाई दिएको खुसी उनले नजिकबाट हेर्ने मौका पाए । मानिसलाई खुसी पार्ने र छोटो समयमै उनीहरूको मुहारमा उज्यालो छर्ने कुनै बाटो छ भने त्यो आँखाको उपचार नै हो भन्ने उनलाई लाग्यो । त्यही दिन डाक्टर सन्दुकले आँखाको उपचारमा लाग्ने अठोट गरे । एकै घरका पाँच छ जना बाल बालिकाले संसार देखेको खुसीको त्यो क्षणले रुइतको जीवनमा नयाँ मोड ल्याइदियो ।

८. रुइत 'जनरल फिजिसियन' त छँदै थिए तर उनी आँखाको उपचार सम्बन्धी विशेष ज्ञान हासिल चाहन्थे । त्यसै बेला उनले अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्स कलेजमा छात्रवृत्ति पाए र एम. डी. पढ्न थाले । तिन वर्ष पढेपछि उनी वि. सं. २०४१ मा नेपाल फर्किए र त्रिपुरेश्वरमा आँखा अस्पतालमा जागिरे भए । उनले त्यस अस्पतालमा आठ वर्षसम्म काम गरे । यसै समयमा विश्व स्वास्थ्य सङ्गठनका तर्फबाट अस्ट्रेलियाली नेत्र चिकित्सक फ्रेड हलोज परामर्शदाताको रूपमा छनोट भई नेपाल आएका थिए । उनी नेपाल आउँदा रुइत आँखा रोगीहरूको उपचारमा व्यस्त थिए । त्यसै बेला रुइतको परिश्रमी स्वभाव देखेर उनी निकै प्रभावित भए । डा. फ्रेड हलोजले रुइतलाई वि. सं. २०४३ मा मोतीबिन्दुको उपचारमा थप विशेषज्ञता हासिल गर्न अस्ट्रेलिया आमन्त्रण गरे । यस्तो स्वर्णिम अवसरलाई उपयोग गर्दै उनी अस्ट्रेलिया पुगे । अस्ट्रेलिया रहँदा उनले आँखाको शल्यक्रियाका क्षेत्रमा विशेष दक्षता हासिल गरे । नेपालमा पनि आँखा उपचारलाई सहज र सर्वसुलभ बनाउन सहयोग जुटाउने उद्देश्यले नेपाल आँखा कार्यक्रम, अस्ट्रेलियाको स्थापना गरेपछि यो संस्था फ्रेड हलोज फाउन्डेसनका रूपमा रूपान्तरण भयो । उनको विशिष्ट प्रतिभा देखेर अस्ट्रेलियन सरकारले उनलाई त्यहीँ बस्ने प्रस्ताव गऱ्यो । तर उनी आफ्नै देशमा केही गर्नुपर्छ भन्ने सोचेर स्वदेश फर्किए र पुन: त्रिपुरेश्वर आँखा अस्पतालमा रहेर काम गर्न थाले ।

९. रुइत बहु जातीय मुलुक नेपालको समुन्नतिका लागि सर्वप्रथम जातीय सङ्कीर्णताभन्दा माथि उठेर राष्ट्रिय पहिचानलाई ठान्नुपर्छ भन्ने विचार राख्छन् । प्रत्येक जातिको आफ्नो जातीय, भाषिक र धार्मिक पहिचान हुन्छ । यसले राष्ट्रिय एकतालाई कमजोर पार्न हुन्न भन्ने उनको स्पष्ट विचार छ । यही आदर्श विचार लिएका रुइतले वि. सं. २०४३ मा नन्दा श्रेष्ठसँग अन्तर्जातीय विवाह गरे । उनका एक छोरा र दुई छोरी गरी तिन सन्तान छन् । वैवाहिक जीवनपछि उनले गाउँ गाउँमा डुलेर आँखाको उपचारलाई तीव्रता दिए । सुरुमा आँखाको डाक्टर भइसकेपछि दृष्टिविहीन हुनाको मुख्य कारण मोतीबिन्दु भएकाले यसको शल्यक्रियामा उनी सक्रिय भए । शल्यक्रिया गर्ने पद्धति पुरानै थियो । जुन प्रविधिबाट मोतीबिन्दुको उपचार गरिन्थ्यो, त्यसबाट बिरामीलाई पीडाबोध मात्र नभई रोग बल्झिने समस्या पनि हुन्थ्यो । आँखामा लेन्स राख्ने पद्धति निकै महँगो थियो । बिरामीले उपचार र शल्यक्रियापछि पनि बाक्लो लेन्स भएको चस्मा लगाउनुपर्थ्यो । रुइत एउटा सरल र सस्तो पद्धतिबाट आँखा रोगीको उपचार गर्न

चाहन्थे । त्यसैले समूह बनाएर ठाउँ ठाउँमा पुगेर आँखा उपचारमा सहभागी हुँदै शल्यक्रिया र अनुसन्धान गर्दै जाँदा उनले नयाँ प्रविधिको आविष्कार गरे । उनले आविष्कार गरेको प्रविधि सबैभन्दा सस्तो र भरपर्दो सावित भयो । यही प्रविधि अन्तर्राष्ट्रिय जगत्मा नेपाली प्रविधि अर्थात् रुइतेक्टोमीको रूपमा विश्वभरि चर्चित छ ।

१०. रुइतले पहिलेदेखि नै नेपालमा एउटा सुविधा सम्पन्न आँखा उपचार केन्द्रको सपना देखेका थिए । उनको सपनालाई साकार पार्न अस्ट्रेलियास्थित फ्रेड हलोज फाउन्डेसन, समाज सेवी तथा साहित्यकारलगायतले साथ थिए । सबैको सामूहिक प्रयासबाट वि. सं.२०५१ मा तिलगङ्गा आँखा केन्द्रको स्थापना भयो, जुन केन्द्र अहिले मानव संसाधन तालिम केन्द्र बनेको छ । उनले नेपालमा रहँदा मात्र होइन, अस्ट्रेलियामा हुँदासमेत आँखाको रोग सम्बन्धी विभिन्न खोज तथा अनुसन्धान गरे । उनले लामो समयको खोज र अनुसन्धानपछि 'इन्ट्राओकुर लेन्स' बनाए र आँखाको शल्यक्रिया गर्ने नयाँ उपचार पद्धति पत्ता लगाए । उनले पत्ता लगाएको नयाँ पद्धतिअनुसार शल्यक्रियापछि 'इन्ट्राओकुलर लेन्स' बिरामीको आँखामा लगाइन्छ र बिरामीहरू आफ्नै आँखाबाट संसार देख्छन् । यस्तो लेन्स विदेशमा भन्दा नेपालमा सस्तो पर्छ । त्यसैले अहिले विश्वका अधिकांश मुलुकमा यही लेन्सको प्रयोग गर्न थालिएको छ ।

११. सन्दुक रुइतले विगतका तिन दशकमा आफ्नो उपचार पद्धतिले करिब एक लाख मानिसको सफल शल्यक्रिया गरिसकेका छन् । उनको आविष्कारमा अमेरिकी डा. जेफ टब्बिन, डा. डेविट चाङ र अस्ट्रेलियन डा. फ्रेड हलोजले साथ दिए । रुइतले आफ्ना यी साथीहरूमार्फत् यस पद्धतिलाई अन्तर्राष्ट्रियकरण गरे । अमेरिका र अस्ट्रेलियाबाट नेपालको नवीन प्रविधि 'रुइतेक्टोमी' को रूपमा यो उपचार पद्धति प्रारम्भ भयो । अहिले उनले नेपालबाहेक अमेरिका, युरोप, अस्ट्रेलिया, भारत, चिन, उत्तर कोरिया, भियतनाम, थाइल्यान्डलगायत विश्वका असी मुलुकमा यो प्रविधि प्रयोगमा ल्याएका छन् । यो प्रविधि संसारभर गुणस्तरीय र प्रशंसनीय बन्दै गइरहेको छ । उनले मोतीबिन्दुको शल्यक्रिया भिडियोमार्फत र सम्भव भएसम्म आफैँ उपस्थित भएर संसारभरिका डाक्टरहरूलाई सिकाउँदै आएका छन् । उत्तर कोरियामा उनले गरेको काम नेसनल जियोग्राफिकले एउटा वृत्तचित्रको रूपमा प्रसारण गरेको थियो । अहिले पनि तिलगङ्गा आँखा उपचार केन्द्र तथा उनको मानवीय सेवाको उच्च मूल्याङ्कन गर्दै बिबिसी, नेसनल जियोग्राफिक च्यानल जस्ता विश्व प्रसिद्ध समाचार टेलिभिजनहरूले विश्वव्यापी रूपमा प्रचार प्रसार गरिरहेका छन् ।

१२. अहिले विश्वमै आँखाको समस्या गम्भीर रूपमा देखा परेको छ । बढ्दो प्रविधिसँगै आँखा रोगीहरूको सङ्ख्या पनि बढ्दै छ । मोतीबिन्दु, जलबिन्दु, उच्च रक्तचाप, मधुमेह र चोट पटकका कारण आँखाको दृष्टिशक्ति हराउँछ र मानिसमा दृष्टिविहीनता देखापर्छ । चस्मादोष पनि दृष्टिविहीनताको अर्को कारण हो भने कैयौँ मानिसमा जन्मँदै दृष्टिविहीनता देखापर्छ । आँखाको दृष्टिशक्तिलाई बचाइराख्न खानपान र आहार विहारमा एवम् जीवन शैलीमा ध्यान दिनुपर्छ । हरियो सागसब्जी, फलफुल, गेडागुडी, दुध आदि खाद्य पदार्थले आँखालाई फाइदा गर्छन् । चुरोट र रक्सीले हाम्रो आँखालाई हानि पुऱ्याउँछ । लामो समयसम्म मोबाइल र कम्प्युटरमा बस्दा र धेरै

समय टेलिभिजन हेर्दा पनि आँखाको दृष्टि शक्ति कमजोर हुन्छ । यसरी समस्यामा परेका आँखाका रोगीहरूलाई रुइतले तिलगङ्गा आँखा केन्द्रलाई कर्मथलो बनाएर सेवा प्रदान गरिरहेका छन् । उनले तिलगङ्गा आँखा केन्द्रलाई एसिया क्षेत्रकै प्रमुख तालिम केन्द्र बनाउने सपना देखेका छन् भने नेपालका अन्य अस्पताल तथा देशभरि घुम्ती शिविर सञ्चालन गरेर पनि सेवा दिइरहेका छन् । अहिले उनी तिलगङ्गा आँखा केन्द्रमार्फत विश्वका डाक्टरलाई नेपाली प्रविधि सिकाइरहेका छन् । आगामी दिनमा उनी विश्वका करिब नौ दस ओटा देशमा तिलगङ्गा जस्तै आँखा अस्पताल र अनुसन्धान शाखा खोल्ने योजनामा छन् ।

१३. रुइतले तिलगङ्गा आँखा अस्पतालको स्थापना र 'रुइतेक्टोमी' को आविष्कार गर्नुभन्दा पहिले नेपालमा कुल जनसङ्ख्याको करिब ०.८ प्रतिशत मानिसमा दृष्टिविहीनताको समस्या थियो भने अहिले ०.४ प्रतिशतमा झरेको छ । नेपालले आँखा उपचारको पहुँच ठाउँ ठाउँमा पुऱ्याएको छ भने आँखा स्वस्थ राख्न जन चेतना फैलाउने काम पनि गरेको छ । उनको टोलीले घुम्ती शिविरमार्फत देशका सुगमदेखि विकट ठाउँसम्म स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । जति बेला रुइत र उनको टोलीले नयाँ प्रविधिको आविष्कार गरेर उपचार थालेको थियो, त्यति बेला कतिपयले यिनीहरूको माथा सट्केछ पनि भने । उनका नजिकका साथीहरूले पनि निकै आलोचना गरे तर पनि स्वदेशी तथा विदेशी डाक्टरहरूको सिर्जनशील दिमाग र हातका कारण रुइत सफल हुँदै गए । यस कार्यमा रुइतकी पत्नी नन्दा रुइतको पनि उत्तिकै योगदान छ । यी सबैको साथ र सहयोग पाएर नै रुइत विश्वका चर्चित र सफल डाक्टर बनेका हुन् ।

१४. नेपालको एउटा दुर्गम ठाउँमा जन्मिएका रुइत अहिले विश्वभर चर्चाको शिखरमा छन् । उनको जीवनीमा आधारित भएर धेरै वृत्तचित्र बनेका छन् । वि.सं. २०६८ मा इटालियन निर्देशक स्टिफानो लेभीले 'आउट अफ डार्कनेस' नामक वृत्तचित्र रुइतको जीवनीको आधारमा बनाएका थिए । उनको सम्मानमा न्युयोर्क टाइम्सले "पाँच मिनेटमै आँखा नदेख्नेलाई आँखा देखाउने डाक्टर" भनेर लेखेको थियो । उनलाई अस्ट्रेलियन सरकारले 'अर्डर अफ अस्ट्रेलिया' कदरले सम्मान गरेको छ भने उनले वि. सं. २०६३ मा विश्व प्रसिद्ध रोमन म्यागासेसे पुरस्कार पाएका छन् । अहिले उनको नेतृत्वमा तिलगङ्गा आँखा केन्द्रले बनाएका करोडौँ करोड आँखाका लेन्स विदेशमा निर्यात भइरहेका छन् । नेपाल सरकारले पनि उनको योगदानको उच्च मूल्याङ्कन गर्दै वि. सं. २०६९ मा उज्ज्वल कीर्तिमय 'राष्ट्रदीप' पदकले विभूषित गरेको छ ।

१५. नेपालमा बसेर केही गर्न सकिँदैन भन्ने सङ्कीर्ण सोचाइ बोकेर विदेश पलायन हुनेहरूका निम्ति रुइत आदर्श दृष्टान्त बनेका छन् । सादा जीवन र उच्च विचारमा विश्वास राख्ने रुइत निःस्वार्थ रूपले मानव सेवामा समर्पित छन् । धैर्य, साहस, दृढ इच्छा शक्ति र सङ्घर्षले नै मानिस जीवनमा सफल हुन सक्छ भन्ने प्रेरणा उनको जीवनीबाट पाउन सकिन्छ ।

**३. मुख्य विषय वस्तु :**

सन्दुक रुइतको जन्म वि.सं.२०११ भाद्र १३ गतेका दिन ताप्लेजुङ जिल्लाको ओलाङचुङगोलाको दुर्गम गाउँमा भएको थियो । उनका पिता सोनाम रुइत र माता केसाङ रुइत हुन् । जेठा छोराको समयमा उपचार नपाएर मृत्यु भएपछि बुबा सोनामले सन्दुकलाई ठुलो डाक्टर बनाउने सपना देखेर सात वर्षको

सन्दुकलाई दार्जिलिङ लगेर डेरा लिएर पढाउने निधो गरे । त्यहाँ उनले अनेक पीडा र अभावको सामना गरेर पनि उनी दार्जिलिङमा पढ्दै थिए । यसै बेला चीन र भारतबिच सीमा युद्धले गर्दा सबै विद्यालयहरू बन्द भए अनि सन्दुक रुइत काठमाडौँ फर्के र सिद्धार्थ वनस्थली स्कुलमा भर्ना भए । यसै बेला सन्दुककी बहिनीको उपचार नपाएर क्षयरोगका कारण दुःखद् निधन भयो ।

त्यसपछि उनी काठमाडौँ आए र सिद्धार्थ वनस्थली स्कुलबाट वि.सं.२०२५ मा प्रवेशिका परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरी त्रिचन्द्र कलेजबाट आइएस्सी पुरा गरे । उनकी अर्की बहिनीको पनि दुःखद् निधन भयो तर पनि साहस र आत्मबलका साथ अध्ययनलाई निरन्तरता दिइरहे ।

उनले वि.सं.२०२९ मा भारतको लखनउको किङ्स जर्ज मेडिकल कलेजबाट एमबिबिएस पास गरे । नेपाल आएर वीर अस्पतालमा‘जनरल फिजिसियन’का रूपमा तिन वर्ष बिताए । आँखाको उपचार गर्ने सिलसिलामा उनलेनेपालका धेरै ठाउँमा घुम्ने मौका पाए र त्यहाँ उनले धेरै आँखाका रोगीहरू देखे । उनले त्यहाँ रहँदा मानिसको मुहारमा उज्यालो छर्ने एक मात्र उत्तम आँखाको उपचार नै हो भन्ने निर्णय गरे र त्यही दिनदेखि सधैँका लागि आँखाको उपचारमा लाग्ने अठोट गरे ।

पछि उनी आँखाको उपचारसम्बन्धी विशेष ज्ञान हासिल गर्न उनी एम.डी को अध्ययन गर्न दिल्ली पुगे । तिन वर्षपछि आएर त्रिपुरेवरमा आँखा अस्पतालमा जागिरे भए । त्यहाँ आठ वर्षसम्म काम गरे । यसै समयमा विश्व स्वास्थ्य सङ्गठनका तर्फबाट अस्ट्रेलियाली नेत्र चिकित्सक फ्रेड हलोजसँग काम गर्ने मौका मिल्यो । फ्रेड हलोजरुइतको परिश्रमी स्वभाव देखेर उनी निकै प्रभावित भए । उनले रुइतलाई वि.सं.२०४३ मा मोतीबिन्दुको उपचारमा थप विशेषज्ञता हासिल गर्न अस्ट्रेलिया बोलाए र उनले त्यहाँ रहँदा आँखाको शल्यक्रियाका क्षेत्रमा विशेष दक्षता हासिल पनि गरे । उनको विशिष्ट प्रतिभा देखेर अस्ट्रेलियन सरकारले उनलाई त्यहीँ बस्ने प्रस्ताव गर्‍यो । तर उनी आफ्नैस वदेश फर्किए र पुनः त्रिपुरेश्वर आँखा अस्पतालमा रहेर काम गर्न थाले ।

रुइतले वि.सं.२०४३ मा नन्दा श्रेष्ठसँग अन्तर्जातीय विवाह गरे । त्यसपछि उनले गाउँ गाउँमा मोती**बिन्दु**को शल्यक्रियामा उनी सक्रिय भए । उनले आँखाको शल्यक्रिया र अनुसन्धान गर्दै जाँदा उनले आँखाको शल्यक्रिया गर्ने सस्तो र भरपर्दो एउटा नयाँ प्रविधिको आविष्कार गरे । यही प्रविधि अन्तर्राष्ट्रिय जगत्मा नेपाली प्रविधि अर्थात् रुइतेक्टोमीको रूपमा विश्वभरि चर्चित छ ।

रुइतले पहिलेदेखि नै नेपालमा एउटा सुविधा सम्पन्न आँखा उपचार केन्द्रको सपना देखेका थिए । उनको सपनालाई साकार पार्न राष्ट्रिय तथा अन्तर्राराष्ट्रिये थुप्रै समाज सेवी तथा साहित्यकारले साथ थिए । सबैको सामूहिक प्रयासबाट वि.सं.२०५१ मा तिलगङ्गा आँखा केन्द्रको स्थापना भयो । उनले वि.सं.२०५५ मा‘प्रोग्राम अस्ट्रेलिया नेपाल’ नामक संस्था स्थापना गरे । उनले लामो समयको खोज र अनुसन्धानपछि‘इन्ट्राओकुर लेन्स’ बनाए । यस्तो लेन्स अमेरिकामा करिब सय डलर पर्छ भने नेपालमै बनेको यो लेन्स दुई डलर पनि पर्दैन । त्यसैले अहिले अमेरिकामा पनि यही लेन्सको प्रयोग गर्न थालिएको छ । सन्दुक रुइतले विगतका तिन दशकमा आफ्नो उपचार पद्धतिले करिब एक लाख मानिसको सफल शल्यक्रिया गरिसकेका छन् । रुइतले आफ्ना यी साथीहरूमार्फत यो पद्धतिलाई अन्तर्राष्ट्रियकरण गरे । हाल उनले नेपाल बाहेक अमेरिका, युरोप, अस्ट्रेलिया, भारत, चीन, उत्तर

कोरिया, भियतनाम, थाइल्यान्ड लगायत विश्वका असी मुलुकमा यो प्रविधि प्रयोगमा ल्याएका छन् । यो प्रविधि संसारभर गुणस्तरीय र प्रशंसनीय बन्दै गइरहेको छ ।

पछि आएर उनले तिलगङ्गा आँखा केन्द्रलाई एसिया क्षेत्रकै प्रमुख तालिम केन्द्र बनाउने सपनालाई पुरा गरे । अहिले उनी तिलगङ्गा आँखा केन्द्रमार्फत विश्वका डाक्टरलाई नेपाली प्रविधि सिकाइरहेका छन् । आगामी दिनमा उनी विश्वका करिब नौ दस ओटा देशमा तिलगङ्गा जस्तै आँखा अस्पताल र अनुसन्धान केन्द्र खोल्ने योजनामा छन् ।

यी स्वदेशी तथा विदेशी डाक्टरहरू सबैको साथ र सहयोग पाएर नै रुइत विश्वका चर्चित र सफल डाक्टर बन्न सफल भएका हुन् । यस कार्यमा रुइतकी पत्नी नन्दा रुइतको पनि उत्तिकै योगदान छ । उनको जीवनीमा आधारित भएर धेरै वृत्तचित्र र सिनेमा बनेका छन् । वि.सं. २०६८ मा इटालियन निर्देशक स्टिफानो लेभीले'आउट अफ डार्कनेस' नामक सिनेमा रुइतको जीवनीको आधारमा बनाएका थिए । उनको सम्मानमा न्युयोर्क टाइम्सले'पाँच मिनेटमै आँखा नदेख्नेलाई आँखा देखाउने डाक्टर' भनेर लेखेको थियो । उनलाई अस्ट्रेलियन सरकारले'अडर अफ अस्ट्रेलिया' कदरले सम्मान गरेको छ । उनले वि.सं.२०६३ मा विश्व प्रसिद्ध रोमन म्यागासेसे पुरस्कार पाएका छन् । उनको योगदानको उच्च मूल्याङ्कन गर्दै वि.सं.२०६९ मा उज्ज्वल कीर्तिमय'राष्ट्रदीप' पदकले विभूषित गरेको छ । त्यति मात्र नभएर पछिल्लो समयमा अन्तरिक्षमा पत्ता लागेको उल्काको नाम समेत उनकै नामबाट नामकरण गरिएको छ ।

नेपालमा बसेर केही गर्न सकिँदैन भन्ने सङ्कीर्ण सोचाइ बोकेर विदेश पलायन हुनेहरूका निम्ति रुइत आदर्श दृष्टान्त बनेका छन् । सादा जीवन र उच्च विचारमा विश्वास राख्ने रुइत निःस्वार्थ रूपले मानव सेवामा समर्पित छन् । धैर्य, साहस, दृढ इच्छा शक्ति र सङ्घर्षले नै मानिस जीवनमा सफल हुन सक्छ भन्ने प्रेरणा उनको जीवनीबाट पाउन सकिन्छ ।

**४. पाठगत अभ्यास**

१. तल दिइएका प्राविधिक शब्दहरूको अर्थ बोध गर्नुहोस् :

**मानचित्र** : नक्सा, पृथ्वीका सम्पूर्ण महादेश तथा महासागरको चित्र

**भूपरिवेष्टित** : चारैतिर अरू देशको भूभागबाट घेरिएको वा समुद्री मार्ग नभएको

**मोतीबिन्दु** : आँखाको नानीमा जालो पर्ने एक रोग, मोतिया बिन्दु

**रुइतेक्टोमी** : सन्दुक रुइतले पत्ता लगाएको आँखाको उपचार सम्बन्धी विशेष प्रविधि

**अन्तरिक्ष** : पृथ्वी तथा ग्रह, नक्षत्र आदिका बिचको वा दुई ग्रह र ताराका बिचको खाली स्थान, आकाश

**क्षयरोग** : फोक्सोमा कीटाणुले प्रवेश गर्नाले घाउ भई बिस्तारै रोगी गल्दै जाने रोग, टी.बी., सुकेनाश

**शल्यक्रिया** : चिरफारद्वारा शारीरिक उपचार गरी रोग ठिक पार्ने काम, शल्य चिकित्सा

**इन्ट्राओकुलर लेन्स** : आँखाको प्राकृतिक दृष्टिशक्ति बढाउन आँखाभित्र राखिने विशेष प्रकारको यन्त्र

**जलबिन्दु** : आँखाका कोशभित्र चाप बढेर आँखा हेर्न नहुने वंशानुगत रोग

**उच्च रक्तचाप** : शरीरमा सञ्चार हुने रगतको तीव्र चाप, रक्त सञ्चारको उच्च वेग वा गति

**मधुमेह** : पिसाबसँगै मह जस्तो केही बाक्लो तरल पदार्थ आउने रोग, चिनी रोग

**चस्मादोष** : आँखा सम्बन्धी रोग वा कमजोरीबाट बची त्यसलाई सुरक्षित तुल्याउन लगाउनुपर्ने चस्मा नलगाएमा उत्पन्न हुने जटिल समस्या

**वृत्तचित्र** : राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्त्वका विषय वस्तुमा आधारित लघु चलचित्र

**क्याम्प** : कुनै काम सम्पन्न गर्नका लागि सञ्चालन गरिएका अस्थायी शिविर

२. **पाठ पढेको आधारमा तल दिइएका शब्द र अर्थ मिल्ने गरी जोडा मिलाउनुहोस् :**

| **शब्द** | | <u>अर्थ</u> |
|---|---|---|
| **गौरव** | : | नथाक्ने, नथाकेको, नथाकीकन गरिएको |
| **विशिष्ट** | : | दुई पहाडका बिचको गहिरो र साँघुरो ठाउँ |
| **अथक** | : | महान् हुनाको भाव वा अवस्था, महत्त्व, महिमा |
| **दुर्गम** | : | सुकुमार हृदय भएको, कोमल चित्त, असल वा राम्रो कुराको सोच विचार गर्ने |
| **खोँच** | : | अरूभन्दा विशेष किसिमको, माथिल्लो तहको, असाधारण |
| **सङ्घर्षशील** | : | डराएर वा परिस्थितिसँग हारेर भाग्ने काम, |
| **भावुक** | : | मुस्किलसँग मात्र जान सकिने, पुग्न कठिन |
| **दृढ** | : | सङ्घर्षमा लागेको, सङ्घर्षमै जीवन बिताएको, सङ्घर्षै सङ्घर्षले भरिएको |
| **स्वर्णिम** | : | उदाहरण |
| **सङ्कीर्णता** | : | वैज्ञानिक ढङ्गले काम गर्ने पद्धति, सिप, ढङ्ग वा कौशल |
| **प्रविधि** | : | साँघुरो विचार, नीच वा छोटो विचार |
| **पलाईन** | : | अचल, अडिग, बलियो, दरो |
| **दृष्टान्त** | : | सुन जस्तै चम्किलो, सुनौलो |

३. **तलका शब्दहरू ठिकसाग उच्चारण गर्नुहोस् र उदाहरणमा देखाए जस्तै गरी लेख्नुहोस् :**

विशिष्ट :/ बि. सिस्. ट /

भूगोल : /भु. गोल् /

दुर्गम, वर्गीय, व्यापारिक, दार्जिलिङ, उपचार

४. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस् र कक्षामा सुनाउनुहोस् :

भूपरिवेष्टित, शल्यक्रिया, सङ्कीर्ण, अन्तरिक्ष, खाने मुखलाई जुँघाले छेक्दैन, नाच्न नजान्ने आँगन टेढो

५. स्रोत शिक्षकको निर्देशनमा पाठका विभिन्न अनुच्छेदहरू पालैपालो सस्वर वाचन गर्नुहोस् ।

६. तलका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :(सङ्क्षिप्त उत्तर लेखन प्रश्नोत्तर नमुना पाठ ७ मा दिइएको छ । त्यसलाई नमुना मानी तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् )

(क) रुइतले किन डाक्टर बन्ने अठोट गरे ?

(ख) कुन घटनाले सन्दुक रुइतको जीवनमा नयाँ मोड ल्याइदियो ?

(ग) 'रुइतेक्टोमी' के हो र यस मार्फत कसरी आँखाको उपचार गरिन्छ ?

(घ) सन्दुक रुइत कसरी विश्वका चर्चित र सफल डाक्टर बने ?

(ङ) सन्दुक रुइतको जीवनीबाट के कस्तो प्रेरणा पाउन सकिन्छ ?

७. पाठको एघारौँ अनुच्छेद पढी मुख्य बुँदा टिपी एक तृतीयांशमा सारांश लेख्नुहोस् ।

८. व्याख्या गर्नुहोस् :

(क) प्रत्येक जातिको आफ्नो जातीय, भाषिक र धार्मिक पहिचान हुन्छ ।

(ख) नेपालको एउटा दुर्गम गाउँमा जन्मिएका रुइत अहिले विश्वभर चर्चाको शिखरमा छन् ।

९. 'खाने मुखलाई जुँगाले छेक्दैन' भन्ने चर्चित नेपाली उखान सन्दुक रुइतको जीवनमा कसरी सार्थक भएको छ ? विवेचना गर्नुहोस् । (लामो उत्तर लेख्ने नमुना अघिल्ला पाठमा दिइसकिएको छ । सोही तरिकाअनुसार गर्ने)

१०. पाठको छैटौँ अनुच्छेदबाट 'श' र 'स' को प्रयोग भएका शब्दहरू लेख्नुहोस् ।

११. पाठको छैटौँ अनुच्छेदबाट ह्रस्व इकार र दीर्घ इकार लागेका पाँच पाँच ओटा शब्द लेख्नुहोस् ।

**५. व्याकरण अभ्यास**

**नामयोगी शब्द प्रयोग भएका वाक्यहरूको उदाहरण :**

(क) खोला**तिर** नजाऊ ।

(ख) घर**अगाडि** बगैँचा छ ।

(ग) राम**प्रति** श्याम निकै आशावादी छ ।

(घ) हिंसा गर्ने व्यक्तिलाई कानुन**बमोजिमको** सजाय हुन्छ ।

(ङ) तिमी घरमा दाइ**सँग** खेल ।

(च) स्कुल**भित्र** विद्यार्थी पढ्दै छन् ।

**क्रियायोगी शब्द प्रयोग भएका वाक्यहरूको उदाहरण :**

(क) मलाई नेपाली व्याकरण **अलिअलि** आउँछ ।

(ख) राम **भोलि** काठमाडौँ जाला ।

(ग) भात तातो भए **बिस्तारै** खाऊ ।

(घ) आज ढिला भयो त्यसैले **फटाफट** स्कुल जाऊ ।

(ङ) राम र उसका साथीहरू **दौडेर** गए ।

(च) विद्यार्थीले **धेरै** पढ्नुपर्छ ।

**संयोजक शब्द प्रयोग भएका वाक्यहरूको उदाहरण :**

(क) टिना, मिना **र** किरण विद्यालय गए ।

(ख) **जुन** गोरुको सिङ छैन, उसको नाम तिखे हुन्छ ।

(ग) तिमी नकराऊ **नत्र** म रिसाउँछु ।

(घ) किरण **वा** पुकार सहर जान्छन् ।

(ङ) विद्यार्थी राम्ररी पढे **भने** पास हुन्छन् ।

(च) **जसले** मह काट्छ उसले हात चाट्छ ।

(छ) म हाँसें **तर** ऊ हाँसेन ।

(ज) कमल धनी भए **तापनि** पैसा खर्च गर्दैन ।

(झ) तपाईं जानुहुन्छ **कि** म जाऊँ ?

(ञ) विद्यार्थी डराए **किनभने** शिक्षकले उनीहरूलाई गाली गर्नुभयो ।

४. **रेखाङ्कित शब्दहरूको पदवर्ग पहिचान गरी लेख्नुहोस् :**

(क) **आज** टिना **र** मिना किरण**सँगै** **फटाफट** विद्यालय गए ।

(ख) **जुन** गोरुको सिङ छैन, उसको नाम तिखे हुन्छ भन्छन् **तर** म यो कुरा**सित** **पटक्कै** सहमत छैन ।

(ग) तिमी **धेरै** नकराऊ **नत्र** म **झनक्क** रिसाउँछु ।

(घ) किरण **वा** पुकार सहर **चाँडै** जान्छन् **किनभने** त्यहाँ **धेरै** किनमेल गर्नु छ ।

(ङ) विद्यार्थीले **राम्ररी** पढे **भने** कक्षा दस **सजिलै** पास हुन्छन् ।

५. **तलका शब्दहरूमध्ये क्रियायोगी, नामयोगी र संयोजक शब्द पहिचान गरी तालिकामा भर्नुहोस् र स्रोत शिक्षकलाई देखाउनुहोस् :**

वर, पर, तल, सित, सँग, पर्यन्त, र, अनि, अनुसार, त्यसैले, माथि, बाट, देखि, ढकमक्क, चिटिक्क, चिटचिट, पढ्न, पढेर, हिजो, निम्ति, आज, भोलि, वा, अथवा, तर, तापनि, भने, भन्ने, गुनगुन, सम्म, साथ, भरि, तिर, प्रति, कि, किनकि, भित्र, पहिले, अहिले, गरेकाले, चसचस, चम्किएर, आदि ।

| क्रियायोगी | नामयोगी | संयोजक |
|---|---|---|
| वर, पर, तल.<br>....... . .... ... .. | सित, सँग, पर्यन्त<br>....... . .... ... .. | र, अनि, त्यसैले<br>....... . .... ... .. |

७. **सिर्जनात्मक अभ्यास (जीवनी लेखन विधि र नमुना)**

**जीवनी लेखनको नमुना प्रश्न र उत्तर**

**प्रश्न : दिइएका बुदाहरूका आधारमा छोटो जीवनी तयार पार्नुहोस् :**

**नाम** : डायमन समसेर राणा

**जन्म स्थान** : पाल्पा जिल्लाको तानसेन बजार

**जन्म मिति** : वि.सं. १९७५ असार २१

**पिता** : बुध समसेर ज.ब.रा.

**माता** : मोहनकुमारी राणा

**शिक्षा** : पाँच वर्षको उमेरदेखि पढाइ प्रारम्भ र म्याट्रिक परीक्षाको तयारी गर्दागर्दै पिताको देहान्त भएकाले औपचारिक पढाइ स्थगित । तर प्रशस्त पुस्तकहरूको स्वाध्ययन ।

**योगदान तथा कृतिहरू:**

- आफू राणा भएकाले अनिवार्य सैनिक सेवामा संलग्न
- मदन समसेरसँग श्री ३ महाराजकहाँ गएको बेला राणाहरूले नेपालको गुमेको भूभाग अङ्ग्रेजहरूबाट फिर्ता लिन नमानेको थाहा पाएपछि राणा शासनबाट विरक्तिएका
- राणा शासन विरुद्ध कलम चलाएका
- प्रो. अनमेश रायबाट साहित्यिक प्रेरणा पाएका
- उपन्यास लेखन : वसन्ती (२००६), सेतो बाघ (२०३०), प्रतिबद्ध (२०३४), सत्प्रयाश (२०३८), अनिता (२०४३) र धनको धब्बा (२०५१), गृहप्रवेश (२०५९) आदि ।
- ऐतिहासिक उपन्यासको आधुनिकता ल्याउने उपन्यासकार
- ऐतिहासिक उपन्यासका माध्यमबाट प्रजातन्त्रका पक्षमा खुला वकालत गरी नेपालमा प्रजातन्त्र स्थापनार्थ योगदान
- थुप्रै मान सम्मान र पदकबाट विभूषित
- नेपाली ऐतिहासिक उपन्यास लेखनका केन्द्रीय प्रतिभा ।

## उपन्यासकार डायमन समसेर राणा

नेपाली साहित्यका उत्कृष्ट ऐतिहासिक उपन्यासकार डायमन समसेर राणाको जन्म पाल्पा जिल्लाको तानसेन बजारमा वि.सं. १९७५ असार २१ गते पिता बुध समसेर ज.ब.रा. र माता मोहनकुमारी राणाको कोखमा भयो । पाँचवर्षको उमेरदेखि उनको पढाइ प्रारम्भ भएको थियो । तीक्ष्ण र असाधारण बुद्धिका डायमन समसेरले पिताको देहावसानका कारण म्याट्रिक परीक्षाको तयारी गर्दागर्दै परीक्षा दिन पाएनन् । तर उनले घरमा बसीबसी अनेकौं साहित्यिक तथा अन्य पुस्तकको स्वाध्ययन गरेका थिए ।

राणाकालमा सैनिक सेवामा केही समय उनले काम गरे । मदन समसेरसँग श्री ३ महाराजकहाँ गएको बेला राणाहरूले नेपालको गुमेको भूभाग अङ्ग्रेजहरूबाट फिर्ता लिन नमानेको थाहा पाएपछि राणा

शासनबाट विरक्तिएर सो पेसा छाडे । अब उनले राणा शासन विरुद्ध कलम चलाउन थाले। प्रो. अनमेश रायबाट साहित्यिक प्रेरणा पाएका डायमन समसेरले नेपाली साहित्यको विकासका लागि अथक सेवा गरे। उनका प्रकाशित उपन्यासहरू वसन्ती (२००६), सेतो बाघ (२०३०), प्रतिबद्ध (२०३४), सत्प्रयाश (२०३८), अनीता (२०४३) र धनको धब्बा (२०५१) गृहप्रवेश (२०५९) आदि उल्लेख्य छन् । यी औपन्यासिक कृतिहरू उनका अमूल्य साहित्यिक निधिहरू हुन्। यी उपन्यासहरूबाट उनलाई उपन्यासका माध्यमबाट प्रजातन्त्रका पक्षमा वकालत गर्ने विशिष्ट साहित्यकारका रूपमा पनि चिनिन्छ ।

उनले दिएका अमूल्य योगदानका कारण उनले विभिन्न संघसंस्थाबाट अनेकन् मान सम्मान र पदकबाट प्राप्त गरेका छन् । प्रजातन्त्रका पक्षमा खुला वकालत गरी नेपालमा प्रजातन्त्र स्थापनार्थ योगदान पुऱ्याउने व्यक्तिका रूपमा पनि उनलाई बिर्सन सकिँदैन । ऐतिहासिक उपन्यास लेखनका केन्द्रीय प्रतिभा डायमन समसेर राणा हाम्रा प्रेरणाका मुहान हुन्। नेपाली साहित्यका प्रेरणाका मुहानलाई भगवान्ले लिएर गए पनि उनका अमर कुतिहरू सदाका लागि अमर छन् ।

**प्रश्न** : **तल दिइएका बुँदाहरूका आधारमा एउटा छोटो जीवनी तयार पार्नुहोस् :**

**नाम** : लक्ष्मीप्रसाद देवकोटा

**जन्म** : वि.सं.१९६६ कात्तिक २७

**जन्म स्थान** : धोबीधारा, काठमाडौँ

**पिता माता** : तिलमाधव देवकोटा/अमर राज्यलक्ष्मी

**<u>प्रमुख साहित्यिक कृति :</u>**

**महाकाव्य** : शाकुन्तल, सुलोचना, वनकुसुम, महाराणाप्रताप, पृथ्वीराज चौहान आदि ।

**खण्डकाव्य** : मुनामदन, लुनी, कुञ्जिनी, सृजामाता आदि

**उपन्यास** : चम्पा

**कथा** : लक्ष्मी कथा सङ्ग्रह

**निबन्ध** : लक्ष्मी निबन्ध सङ्ग्रह

**साहित्यिक योगदान** : नेपाली साहित्यका महाकवि, प्रकृति प्रेमी, देशभक्त तथा विशिष्ट निबन्धकार, एकेडेमीका संस्थापक, नेपाली साहित्यका प्रचारक

**साहित्यिक विशेषता** : स्वच्छन्तावादी कवि, मानवतावादी विचार, कल्पनाशीलता तथा बौद्धिकताको प्रस्तुति गरेका

**मृत्यु** : क्यान्सर रोगबाट वि.स.२०१६ साल, काठमाडौँमा

७. **पृष्ठपोषण**

- बुँदा टिपोट, सारांश लेखन र सङ्क्षिप्त उत्तर दिने तरिका सिक्नका लागि यस बाहेक अन्य पाठमा दिइएका नमुना अभ्यासहरू हेर्नुहोस् ।

८. **थप अध्ययन सामग्री**

१. दिएका बुँदाहरूको आधारमा वा निर्देशित जीवनी लेख्दा अनुच्छेद बदल्ने तरिका

(क) पहिलो अनुच्छेदमा जन्मदेखि शिक्षासम्मका बुँदालाई पूर्ण वाक्य बनाई समावेश गर्नुहोस् ।

(ख) दोस्रो अनुच्छेदमा योगदन तथा कृतिदेखि विशेषतासम्मका बुँदालाई पूर्ण वाक्य बनाई समावेश गर्नुहोस् ।

(ग) तेस्रो अनुच्छेदमा सम्मान, पुरस्कारदेखि मृत्यु र अमरत्वका बुँदालाई पूर्ण वाक्य बनाई समावेश गर्नुहोस् ।

२. **पदवर्ग पहिचान**

**(क) नामयोगी शब्द परिचय** : आफ्नो छुट्टै स्वतन्त्र अर्थ भए तापनि नामिक वर्गसँग विभक्ति चिह्नहरूजस्तै गरी सँगै गाँसिएर आउने विभक्ति बाहेकका पदलाई नामयोगी भनिन्छ । यस्ता नामयोगी शब्द मुख्यतया निम्न लिखित छन् :

वर, पर, तल, माथि, भित्र, बाहिर, बिच, निर, नजिक, पश्चात्, पूर्व, अघि, पछि, बमोजिम, अनुसार, झैँ, जस्तै, समान, मात्र, पर्यन्त, केवल, मध्ये, लागि, निम्ति, निमित्त, तर्फ, तिर, सामुन्ने, बाहेक, विना, सट्टा, तर्फ, पट्टि, सामुन्ने, सँग, सहित, समेत, आदि ।

**(ख) क्रियायोगी शब्द परिचय** : क्रियापदको विशेषता बुझाउने अविकारी वा अव्यय पदलाई क्रियाविशेषण वा क्रियायोगी भनिन्छ । यस्ता नामयोगी शब्द यस किसिमका हुन्छन् :

आज, भोलि, हिजो, पर्सि, साँझ, बिहान, पोहोर, आयौँ, अब, भित्र, बाहिर, तल, माथि, मुनि, अघि, पछि, राम्ररी, बेसरी, फटाफट, खुरुखुरु लुरुलुरु, धेरै, थोरै, अलिकति, अलिअलि सारै, बिछट्टै, हेरी, सुनेर, खाइ, खाएर, पढी, लेखेर, खुत्रुक्क, पिटिक्क, थचक्क, चट्ट, प्याट्ट, फ्याट्ट आदि ।

**(ग) संयोजक शब्द परिचय** : जुन शब्दले उपवाक्य वा वाक्यात्मक एकाइलाई जोड्न प्रयुक्त हुन्छन्, तिनीहरूलाई संयोजक शब्द भनिन्छ । यस्ता संयोजक शब्द दुई प्रकारका हुन्छन् :

(अ) **सापेक्ष संयोजक शब्दहरू** : जुन संयोजकले अर्को वाक्यको अपेक्षा गरेको हुन्छ वा मिश्र वाक्यमा प्रधान उपवाक्य र आश्रित उपवाक्यलाई जोड्ने काम गर्छ, त्यस्ता संयोजकलाई सापेक्ष संयोजक भनिन्छ । जस्तैः जब, तब, जस, जुन, जे, जो, जहाँ, जहिले, भनी, भनेर, भने आदि ।

(आ) **निरपेक्ष संयोजक शब्दहरू** : जुन संयोजकले अर्को वाक्यको अपेक्षा गरेको हुँदैन वा त्यो संयोजकले वाक्य नजोडे पनि वाक्यको अर्थ पुरा भएको हुन्छ, यस्तो संयुक्त वाक्यमा प्रयोग हुने संयोजकलाई निरपेक्ष संयोजक भनिन्छ । जस्तैः र, पनि, नत्र, तापनि, यद्यपि, तथापि, परन्तु, कि, वा, किनभने, किन्तु, या, तसर्थ, समेत, हुन त आदि ।

# पाठ ४

**प्रबन्ध**

## थाङ्का

### १. परिचय

नेपाल बहु जातीय, बहु भाषिक, बहु धार्मिक, बहु सांस्कृतिक देश हो । हाम्रो विविधताभित्र नेपाललाई समृद्ध बनाउने अनेक विषय छन्, आधार छन् । त्यस्तै विषय वा आधारमध्येको एउटा हो- पौभा वा थाङ्का । शाब्दिक अर्थमा थाङ्का भन्नाले धागाले बनेको चित्र र पौभा भन्नाले पवित्र चित्र भन्ने हुन्छ । आम प्रचलनमा भने कपडामा बनाइएका चित्रलाई थाङ्का वा पौभा भनिन्छ । थाङ्काको सुरुआत १० औंशताब्दीतिरबाट भएको मानिन्छ । थाङ्कामा विशेषतः बौद्धमार्गी देवी देवताको चित्र बनाइन्छ । थाङ्काको मूल पहिचान भने बौद्ध मार्गी देवी देवता र बुद्ध दर्शन नै हो । थाङ्का बुद्ध दर्शन सिक्ने र सिकाउने महत्त्वपूर्ण सामग्री हो । थाङ्का कोर्ने काममा पनि विभिन्न चरण र प्रक्रिया हुन्छन् । थाङ्का कोर्ने काममा पनि विभिन्न चरण र प्रक्रिया हुन्छन् । हाल बर्सेनि अरबौं रुपियाँको थाङ्का विदेशमा बिक्री हुन्छ । यसले स्वदेशमा नै रोजगारी सिर्जना गर्ने, नेपालको मौलिक कलाको विकास हुने, नेपाललाई विश्व समक्ष चिनाउने काम गर्ने र प्रशस्त विदेशी मुद्रा आर्जन गर्ने सम्भावना छ । यसैले यस कलाको उत्थानमा लाग्नु र यस्तै हाम्रा अन्य सांस्कृतिक तथा मौलिक कलालाई उजागर गर्दै जानु हामी सबैको कर्तव्य हो । यस प्रबन्धले नेपाली मौलिक कलाको विकास र उत्थानमा सचेतना अभिवृद्धि गर्दै सबैलाई आत्मनिर्भर र स्वावलम्बी बन्न उत्प्रेरित गरेको पाइन्छ ।

### २. उद्देश्य

यस पाठको अन्त्यमा तपाईं निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठमा दिइएका अनुच्छेदलाई राम्ररी सुनी सस्वर पठन गर्न

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूको शुद्धोच्चारण गर्न र शब्दार्थ बोध गरी वाक्यमा प्रयोग गर्न

(ग) पाठको पठन बोध गरी सो सम्बन्धी प्रश्नोत्तर गर्न

(घ) पाठका निर्दिष्ट गद्यांशको व्याख्या गर्न

(ङ) पाठको अभ्यासमा निदिष्ट कार्यमूलक व्याकरण सम्बन्धी अभ्यास गर्न

(च) पाठसँग सम्बन्धित तोकिएको सिर्जनात्मक कार्य गर्न

## थाङ्का

१. नेपाल हिमाल, पहाड र तराई मधेस मिलेर बनेको छ । हिमालसँग अथाह सौन्दर्य र जलस्रोत छ । पहाडसँग जडीबुटी, खनिज, फलफुल र स्वस्थ पर्यावरण छ । तराई मधेसमा अन्नको भण्डार छ । त्यसरी नै नेपाल बहु जातीय, बहु भाषिक, बहु धार्मिक, बहु सांस्कृतिक देश हो । हाम्रो

पहिचान सगरमाथाको देश, गौतम बुद्धको देश, वीर वीरङ्गनाहरूको देश जस्तै विविधतामा एकता भएको देश हो । जहाँ विविधता हुन्छ, त्यहाँ अनेक सम्भावना पनि हुन्छ । त्यसैले हामीसँग भएको विविधता हाम्रो सम्भावना र सम्पत्तिको आधार पनि हो । हाम्रो विविधताभित्र नेपाललाई समृद्ध बनाउने अनेक विषय छन्, आधार छन् । त्यस्तै विषय वा आधारमध्येको एउटा हो पौभा वा थाङ्का ।

२. थाङ्का भन्नाले कपडा वा कागजमाथि लेखिएको चित्र भन्ने बुझिन्छ । पौभा भन्नाले पवित्र चित्र भन्ने हुन्छ । थाङ्कामा विशेषतः बौद्ध धर्मका देवी देवताको चित्र बनाइन्छ । यसमा पञ्चबुद्ध, वज्रसत्त्व, अवलोकितेश्वर, मैत्रेयी, मञ्जुश्री, वज्रपाणि, तारा आदि पर्छन् । शाक्य मुनि बुद्धको जीवनी (जन्मदेखि महापरिनिर्माणसम्म) र मण्डलाका थाङ्काहरू लोकप्रिय छन् । त्यसो त थाङ्का प्रविधिबाट कृष्ण लीला, भैरव आदिका साथै नदी, रुख, लहरा, पहाड, अनेक जीवजन्तुका चित्र पनि बनाइएको पाइन्छ । थाङ्का बुद्ध दर्शन सिक्ने र सिकाउने महत्त्वपूर्ण पाठ्य सामग्री हो । यसलाई ध्यान सिक्ने र सिकाउने साधनका रूपमा पनि लिइन्छ । बौद्ध समुदायमा थाङ्कालाई घरमा राख्दा मन कामना पुरा हुने, भूतप्रेत, रोग, अनिष्ट आदिले वास नगर्ने र शान्ति कायम हुने जस्ता विश्वास गरिन्छ । पहिले पहिले थाङ्का धार्मिक आस्थाका साथसाथै ज्ञान र ध्यानको स्रोतका रूपमा लिइन्थ्यो । अहिले यसलाई महत्त्वपूर्ण व्यवसायका रूपमा समेत लिइन्छ ।

३. थाङ्का कलाको उत्कृष्ट रूप त हुँदै हो साथसाथै यो सुन्दर प्रविधि पनि हो । यसका लागि सर्वप्रथम सरेस बनाइन्छ । सरेस भनेको जनावरको छाला पानीमा उमालेर बनाइएको चिप्लो बाक्लो झोल हो । त्यसपछि सरेसमा कमेरो माटो हालेर पकाइन्छ र एक प्रकारको गम जस्तो माड तयार पारिन्छ । त्यो माडलाई फ्रेममा तन्काइएको सेतो कटन वा सिल्क कपडामा दलिन्छ र सुकाइन्छ । यसरी बनाइएको कपडालाई तन्काएर तिन चार पटकसम्म चिल्लो ढुङ्गा वा शङ्खले घोटिन्छ । यसो गर्दा कपडा चिल्लो हुन्छ र चित्र कोर्न योग्य बन्छ ।

४. थाङ्का कोर्ने काममा पनि विभिन्न चरण र प्रक्रिया हुन्छन् । सर्वप्रथम खाइबाले सिसाकलमले चित्रको स्केच गर्छन् । स्केच गरिएको चित्रलाई तलमाथि नपरोस् भन्ने उद्देश्यले ट्रेसिङ पेपरमा उतारिन्छ । त्यसपछि स्केच गरिएको चित्रमा रङ भर्ने काम हुन्छ । रङ भर्ने कामपछि चित्रलाई स्पष्ट देखिने गरी लाइन कोर्ने काम गरिन्छ । त्यसपछि सुन दलिन्छ । थाङ्कामा २४ क्यारेटको गुणस्तरीय सुन दल्ने चलन छ । यसका लागि सर्वप्रथम सुनलाई सरेससँग मिलाएर पानीमा घोलिन्छ । यसरी घोल्दा पानी माथि हुन्छ र पग्लेको सुन तल जान्छ । पग्लिएको सुनको लेपलाई ब्रसको माध्यमबाट चित्रमा दलिन्छ र सुकाइन्छ । सुन लगाउने काम सकिएपछि चित्रलाई टल्काइन्छ । अन्त्यमा चित्रमा रहेका देवी देवताको अङ्गहरू स्पष्ट रूपमा देखिने गरी खोल्ने काम गरिन्छ र थाङ्का तयारीको सम्पूर्ण चरण पुरा हुन्छ ।

५. थाङ्कामा आवश्यकताअनुसार विभिन्न रङको प्रयोग गरिन्छ । कुन देवी देवताको कस्तो चित्र बनाउने र कुन कुन रङ प्रयोग गर्ने भन्ने आफ्नै नियम हुन्छ । देवी देवताका आआफ्ना रङ हुन्छन्, जस्तै : पञ्च अमिताभ रातो, मेडिसियन निलो, भैरोचन सेतो, अमोघ सिद्धि हरियो र शाक्यमुनि पहेँलो । त्यसरी नै वज्रसत्व, अवलोकितेश्वर, सेतो तारा आदि सेतो रङका हुन्छन् ।

मञ्जुश्री र ज्याम्बला पहेँलो, मैत्रेयी निलो, हरियो तारा हरियो आदि रङका हुन्छन् । बुद्धको जीवनी, जीवन चक्र र मण्डलामा विभिन्न रङको संयोजन गरिन्छ । साथै मुख्य देवी देवताको आफ्नो अलग्गै एउटा रङ भए पनि पृष्ठभूमिमा भने विभिन्न रङको संयोजन गरिएको हुन्छ । कहाँ कस्तो रङ लगाउने भन्ने कुराको निधो खाइबाले गर्छन् । थाङ्कामा प्रयोग गरिने रङ पहिले पहिले रुखका पात, बोक्रा, जरा, खानीबाट निस्किएको रासायनिक वस्तु आदिबाट तयार पारिन्थ्यो । अचेल बजारमा किन्न पाइने रङको समेत उपयोग गर्न थालिएको छ ।

६. थाङ्काको सुरुआत दसौँ शताब्दीतिरबाट भएको मानिन्छ । त्यति बेला नेपाल र तिब्बतका बिचमा स्वतन्त्र रूपमा आवत जावत हुन्थ्यो, सोझो व्यापारिक सम्बन्ध थियो । नेपालीहरू तिब्बतमा व्यापार व्यवसाय मात्र होइन, घर गृहस्थी गरेर बस्थे । त्यतिबेला नेपाल तथा तिब्बतका बौद्धमार्गीहरूमा कपडामा लेखिएका देवी देवताको पूजा गर्ने चलन थियो । पहिले सामान्य कपडामा सामान्य रूपमा चित्र लेख्ने गरिन्थ्यो । पछि त्यसलाई टिकाउ र कलात्मक बनाउन थालियो । त्यही टिकाउ र व्यवस्थित बनाउने क्रममा थाङ्का जन्मियो । तिब्बत र चिनमा नेपाली कलाकारहरूलाई झिकाएरै कला सिर्जना गर्न लगाइयो । त्यसैले नेपाली कलाकारहरूले तिब्बत र चिनमै गएर पनि थाङ्का लेख्न थाले । पछिल्लो समयमा थाङ्का नेपाल, तिब्बत र भुटानसहितको हिमाली बौद्धमार्गीहरूको पहिचान बनेको छ ।

७. थाङ्का कलाप्रेमीहरूका लागि उत्कृष्ट कलाकृति, बौद्धमार्गीहरूका लागि आस्थाको प्रतीक र शान्तिप्रेमीका लागि शान्तिको प्रतीक हो । थाङ्का बौद्धमार्गीहरूमा लोकप्रिय छ । गुम्बाहरूमा र घर घरमा समेत थाङ्कालाई सजाइन्छ र पुजिन्छ । लामा बौद्ध समुदायमा त हरेक मृतकका नाममा एउटा थाङ्का अनिवार्य रूपमा चाहिन्छ । बौद्धमार्गीहरूमा अलग अलग इष्ट देवताहरू हुन्छन् । मान्छे मर्दा उसको इष्ट देवताअनुसार अलग अलग थाङ्का चाहिन्छ । मृतकका नामको थाङ्का घरमा पूजा गरिन्छ वा गुम्बाहरूमा चढाइन्छ । त्यसो त थाङ्का बौद्धमार्गीहरूले मात्र होइन, अरूले पनि किन्छन् । कला मन पराउनेहरू सुन्दर कलाका रूपमा यसलाई किन्छन् । नेपाल घुम्न आउने कतिपय पर्यटकले बुद्ध जन्मिएको भूमिको चिनोका रूपमा पनि थाङ्कालाई किन्ने गरेका छन् । पछिल्लो समयमा थाङ्काको कला र प्रविधि प्रयोग गरेर अरू धर्मका देवी देवताको चित्रहरू पनि बनाउन थालिएको छ । त्यसैले थाङ्का सबैको प्रिय छ ।

८. विश्वव्यापीकरणको अहिलेको युगमा नेपाल जस्ता विकासोन्मुख देशले विकसित देशका उत्पादनसँग प्रतिस्पर्धा गर्न गारो हुन्छ । त्यसैले संसारभर बिक्न सक्ने आफ्ना मौलिक उत्पादनहरूको प्रवर्धन गर्न आवश्यक छ । त्यस्ता मौलिक वस्तुको प्रवर्धन गर्न सक्दा मात्र मुलुकको आर्थिक उन्नति सम्भव हुन्छ । थाङ्का बुद्ध सम्बन्धी कलाको उत्कृष्ट रूप हो । यो हिमाली क्षेत्रको मौलिक कला हो । बुद्ध र हिमाल दुवै नेपालका पहिचान हुन् । यसरी नै नेपाल पर्यटकहरूको सुन्दर गन्तव्य हो । विश्वको सर्वोच्च शिखर सगरमाथालगायतका सुन्दर हिमालहरू, सुन्दर ताल, झरना, नदीनाला, पहाड, तराई समेतको सुन्दर प्रकृति पर्यटकहरूका लागि प्रमुख आकर्षण हो । साथसाथै भाषिक सांस्कृतिक विविधता र मौलिक कलाकृति भएको देश हुनाले पनि नेपाल पर्यटकहरूको रोजाइमा पर्ने देश हो ।

९. नेपालमा हरेक जाति, समुदायका आफ्ना मौलिक सिप, प्रविधि र उत्पादन छन् । हामीसँग धातु, काठ, ऊन, बाँस, माटो, पात, कपास आदिका सामान बनाउने आफ्नै प्रकारको सिप र प्रविधि थियो, अझै छ । हाम्रा आफ्नै मौलिकतामा राडी पाखी, गलैँचा, कागज, कपडा, भाँडाकुँडा, मूर्ति आदिको उत्पादन हुने गरेको पाइन्छ । विश्वव्यापीकरणको बढ्दो प्रभावसँगै आयातित उत्पादनको बढ्दो प्रयोगले हाम्रा मौलिक उत्पादनहरू सङ्कटमा पर्दै गएका छन् । यसैले हामीले हाम्रा मौलिक उत्पादनलाई प्रवर्धन गर्नु आवश्यक छ । थाङ्का हामीले प्रवर्धन गर्नै पर्ने त्यस्तै मौलिक उत्पादन हो ।

१०. कपडा, जनावरको छाला, कमेरो, पानी, रङ, सुन आदि थोरै कच्चा पदार्थबाट थाङ्का निर्माण हुन्छ । यसका लागि चाहिने कपडा सजिलै उपलब्ध हुन्छ । जनावरको छाला, कमेरो, पानी, ढुङ्गा जस्ता स्वदेशी कच्चा पदार्थ सजिलै र सस्तोमा उपलब्ध हुन्छन् । थाङ्काका लागि चाहिने अलिक महँगो वस्तु भनेको सुन हो, त्यो पनि अप्राप्य छैन । थाङ्का बनाउने विज्ञ र कामदारहरू स्वदेशमै उपलब्ध छन् । यसको निर्माणमा वातावरणीय क्षति हुँदैन, पेट्रोलियम पदार्थको आवश्यकता पर्दैन । पातलो र नरम कपडामा बनाइने चित्र भएकाले यो हलुका हुन्छ । यसलाई पट्याएर, दोबारेर पनि सजिलै ओसार पसार गर्न सकिन्छ र ढुवानी खर्च धेरै लाग्दैन । एउटा सानो कोठामा पनि उत्पादन गर्न सकिन्छ । यसैले यसको उत्पादन लागत सस्तो पर्छ । उत्पादन लागतका तुलनामा यसको मूल्य भने धेरै छ । यो कला कृतिका साथै आस्थाको प्रतीक भएकाले राम्रो मूल्यमा यसको बिक्री हुन्छ । एउटा थाङ्का पाँच सात सयदेखि लाखौँ मूल्यमा पनि बिक्री हुन्छ । त्यसैले थाङ्का उत्पादक र व्यापारीलाई राम्रै फाइदा हुन्छ । थाङ्का बनाउने विज्ञ र कामदारहरूले राम्रो पारिश्रमिक त पाउँछन् नै साथसाथै कला सिर्जनाबाट प्राप्त हुने सन्तुष्टि पनि पाउँछन् । यसबाट बेरोजगारी समस्या समाधानमा सहयोग पुग्छ । यसको बजार देशबाहिर पनि भएकाले विदेशी मुद्राको आर्जन हुन गई मुलुकको वैदेशिक व्यापारमा सकारात्मक प्रभाव पर्छ । यसबाट नेपाली कला, नेपाली संस्कृति र नेपालमा जन्मिएका बुद्धका बारेमा संसारभर प्रचार प्रसार भई नेपालको इज्जत र गरिमा बढ्छ ।

११. थाङ्का नेपालीहरूको राम्रो व्यवसाय हो । धेरै मानिसहरू थाङ्का व्यवसायमा आश्रित छन् । आजभोलि अरू जातिका मानिसहरू पनि यसमा संलग्न हुन थालेका छन् । थाङ्का व्यवसायमा अपाङ्गता भएका व्यक्तिहरू समेत सहभागी हुन थालेका छन् । हजारौँ मानिसले यसलाई मुख्य पेसा बनाएका छन् । बर्सेनि अरबौँ रुपियाँका थाङ्का विदेशमा बिक्री हुन्छ । संसारमा थाङ्काका साथसाथै बुद्ध सम्बन्धी मूर्तिहरूको पनि उत्तिकै माग छ । कतिपय बौद्धमार्गीहरू थाङ्काका साथसाथै बुद्धका मूर्तिहरू पनि लैजान्छन् । नेपालमा बुद्ध सम्बन्धी मूर्तिको उत्पादन पनि हुने गरेको छ । बुद्ध र भृकुटीको जन्मथलो, कतिपय बुद्ध गुरुहरूको कर्म र ज्ञान थलोका रूपमा रहेको नेपाल संसारभरकै बौद्धमार्गीहरूको प्रमुख गन्तव्य पनि हो । यसर्थ थाङ्का र मूर्तिलाई सँगसँगै प्रवर्धन गर्न सके नेपाल बुद्ध सम्बन्धी सामग्री उत्पादन र बिक्री गर्ने संसारकै प्रमुख राष्ट्र बन्न सक्छ । हामीले हाम्रा थाङ्कालाई प्रवर्धन गरेर संसारभरको मागलाई पुरा गर्न सकेमा हाम्रा लागि वरदान साबित हुने छ ।

## ३. मुख्य पाठ्यवस्तु

नेपाल बहु सांस्कृतिक कलाले भरिपूर्ण देश हो । त्यस्तै विषय वा आधारमध्येको एउटा कला हो- पौभा वा थाङ्का । थाङ्का भन्नाले धागाले बनेको चित्र भन्ने हुन्छ । कपडामा बनाइएका चित्रलाई थाङ्का वा पौभा भनिन्छ । थाङ्कामा विशेषतः बौद्‌धमार्गी देवी देवताको चित्र बनाइन्छ । यसमा पञ्चबुद्‌ध लगायत बुद्‌धका जीवन चक्र र मण्डलाका थाङ्काहरू लोकप्रिय छन् । हाल आएर थाङ्का प्रविधिबाट हिन्दु देवता, प्रकृति र अनेक जीवजन्तुका चित्र पनि बनाइन्छ । यद्‌यपि थाङ्काको मूल पहिचान भने बुद्‌ध दर्शन नै हो । पहिले थाङ्का धार्मिक आस्था, ज्ञान र ध्यानको स्रोतका रूपमा लिइन्थ्यो । अहिले आएर यसलाई महत्त्वपूर्ण व्यवसायका रूपमा समेत लिइन्छ ।

थाङ्का चित्रको लागि सर्वप्रथम सरेस बनाइन्छ । त्यसपछि सरेसमा कमेरो माटो हालेर पकाई एक प्रकारको गम जस्तो माड तयार पारिन्छ । त्यो माडलाई फ्रेममा तन्काइएको सेतो कटन वा सिल्क कपडामा दलिन्छ र सुकाइन्छ । त्यसपछि रेसीलाई तन्काएर तिन चार पटकसम्म चिल्लो ढुङ्गा वा शङ्खले घोटिन्छ । यसो गर्दा चित्र कोर्न योग्य बन्छ । थाङ्का कोर्ने काममा सर्वप्रथम खाइबाले रेसीमा सिसाकलमले चित्रको स्केच गर्दछन् । केरी गरिएको चित्रलाई ह्निमा भनिन्छ । ह्निमालाई ट्रेसिङ पेपरमा उतारिन्छ । सो केप्सीपछि स्केच गरिएको चित्रमा रङ भर्ने काम हुन्छ । रङ भर्ने कामपछि चे गर्ने भनिन्छ । चे गरेपछि सुन दलिन्छ । सुनलाई सरेससँग मिलाएर पानीमा उमालिन्छ र पग्लिएको सुनको लेपलाई चित्रमा दलिन्छ र सुकाइन्छ । सो काम सकिएपछि घोटेर चित्रलाई टल्काइन्छ । अन्त्यमा सुरुमा स्केच गर्ने खाइबा आउँछन् र चेने गर्दछन् । चेने गरेपछि थाङ्का तयारीको सम्पूर्ण चरण पुरा हुन्छ ।

थाङ्कामा पञ्च बुद्‌धहरू र देवी देवताअनुसारका विभिन्न रङको प्रयोग गरिन्छ । थाङ्कामा प्रयोग गरिने रङ पहिले पहिले रुखका पात, बोक्रा, जरा, खानीबाट निस्किएको रासायनिक वस्तु आदिबाट तयार पारिन्थ्यो । अचेल बजारका रङको समेत प्रयोग गर्न थालिएको छ ।

थाङ्का चित्रको सुरुआत १० औँशताब्दीतिर तिब्बतबाट भएको मानिन्छ । नेपाली कलाकारले १३ औँ शताब्दीमा बनाएको अमिताभको बुद्‌धको थाङ्का अमेरिकाको लस एन्जलसको म्युजिअम रहेको छ । यसबाट पनि थाङ्का नेपालको आफ्नै मौलिक कला हो भन्ने कुराको पुष्टि हुन्छ ।

थाङ्का बौद्‌धमार्गीहरूमा लोकप्रिय छ । गुम्बाहरूमा र घर घरमा समेत थाङ्कालाई सजाइन्छ र पुजिन्छ । बौद्‌ध समुदायमा त हरेक मृतकका नाममा एउटा थाङ्का अनिवार्य रूपमा चाहिन्छ । हाल भने थाङ्का बौद्‌धमार्गीहरूले मात्र होइन, अरूले पनि किन्छन् । यसका साथै हाल आएर कला मनपराउनेहरू नेपाल घुम्न आउने कतिपय पर्यटकले सुन्दर कलाका रूपमा यसलाई किन्छन् । यसरी नै नेपाल पर्यटकहरूको सुन्दर गन्तव्य बनेको छ । थाङ्का हामीले प्रवर्धन गर्नै पर्ने त्यस्तै मौलिक उत्पादन बनेको छ । हिन्दु धर्मावलम्बीहरू र संसारका धेरै शान्तिप्रेमी मानिसहरूले मन पराउँछन् । थाङ्का बनाउने विज्ञ र कामदारहरू स्वदेशमै उपलब्ध छन् । यसर्थ थाङ्का व्यवसायबाट नेपालले धेरै आम्दानी गर्न सक्छ । साथै नेपाली कला, संस्कृति र गौरवको विश्वव्यापी प्रचार हुन गई मुलुकको इज्जत र गरिमा पनि बढ्दछ ।

यसको निर्माणमा वातावरणीय क्षति हुँदैन । पातलो र नरम कपडामा बनाइने चित्र हुनाले यो हलुका

हुन्छ र ढुवानी खर्च धेरै लाग्दैन । एउटा सानो कोठामा पनि उत्पादन गर्न सकिन्छ । उत्पादन लागत सस्तो पर्छ । एउटा थाङ्का पाँच सात सयदेखि लाखौँमूल्यमा पनि बिक्री हुन्छ । यसबाट बेरोजगारी समस्या समाधान गर्छ र वैदेशिक व्यापारमा सकारात्मक प्रभाव पर्दछ । यसबाट नेपाली कला, नेपाली संस्कृति र नेपालमा जन्मिएका बुद्धका बारेमा संसारभर प्रचार प्रसार भई नेपालको इज्जत र गरिमा बढ्छ ।

थाङ्का नेपालीहरूको राम्रो व्यवसाय हो । विशेषतः तामाङ समुदायका लाखौँ मानिसहरू थाङ्का व्यवसायमा आश्रित छन् । आजभोलि हजारौँ मानिसले यसलाई मुख्य पेसा बनाएका छन् । बर्सेनि अरबौँ रुपियाँको थाङ्का विदेशमा बिक्री हुन्छ र राष्ट्रिय आम्दानी बढेको छ । हामीलेथाङ्का व्यवसायलाई प्रवर्धन गर्न सक्यौभने यो हाम्रा लागि ठुलो वरदान साबित हुने छ ।

४. **पाठगत अभ्यास**

१. तल दिइएका शब्दहरूलाई स्रोत शिक्षक समक्ष शुद्ध उच्चारण गरी सुनाउनुहोस् र अर्थ बोध पनि गर्नुहोस् :

| | | |
|---|---|---|
| **सौन्दर्य** | : | सुन्दरता, राम्रो बनाउने तत्त्व |
| **पर्यावरण** | : | वातावरण |
| **समृद्ध** | : | उन्नतिशील |
| **पञ्च बुद्ध** | : | अमिताभ, मेडिसियन, भैरोचन, अमुक सिदि्धि र शाक्यमुनि बुद्ध |
| **बौद्धमार्गी** | : | बुद्ध धर्मका अनुयायी |
| **महापरिनिर्माण** | : | पूर्ण रूपमा प्राप्त हुने मोक्ष |
| **व्यापक** | : | चारैतिर फैलिएको, सबैतिर फिँजिएको |
| **ट्रेसिङ पेपर** | : | चित्र उतार्ने पारदर्शी कागज |
| **स्केच** | : | चित्रको प्रारम्भिक रूपरेखा |
| **खाइबा** | : | थाङ्का बनाउन सिपालु मान्छे, विज्ञ |
| **जीवन चक्र** | : | जन्मदेखि मृत्यु र मृत्युपछि पुनर्जन्म हुँदै घुमिरहने प्रक्रिया |
| **बुद्ध दर्शन** | : | बुद्धका विचार, मान्यता आदि |
| **गुम्बा** | : | बौद्ध लामाहरूको ध्यान उपासना केन्द्र |
| **विश्वव्यापीकरण** | : | संसारभरि फैलाउने प्रक्रिया, भूमण्डलीकरण |
| **नास्तिक** | : | ईश्वर, देवता, परलोक आदि नमान्ने |

२. **पाठ पढेको आधारमा तल दिइएका शब्द र अर्थ मिल्ने गरी जोडा मिलाउनुहोस् :**

| **शब्द** | | **अर्थ** |
|---|---|---|
| **अथाह** | : | विश्वास |
| **बहु** | : | खराब, इच्छा गरेभन्दा उल्टो |

**पहिचान** : सेतो रङको एक प्रकारको माटो

**अनिष्ट** : धेरै

**कमेरो** : चिनारी

**योग्य** : चिह्न, सङ्केत

**लेप** : थाहा पाइनसक्नु

**आस्था** : जान्ने, सिपालु, लायक

**प्रतीक** : लिप्ने वा पोत्ने वस्तु, चन्दन

३. **तल शब्द र अर्थ दिइएको छ । सो आधारमा तल दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् र कक्षामा सुनाउनुहोस् :**

प्रतिस्पर्धा : होडबाजी

प्रवर्धन : बढाउने काम

गन्तव्य : पुग्नुपर्ने ठाउँ

गरिमा : महत्त्व, गौरव

अप्राप्य : पाउन नसकिने

विज्ञ : जान्ने, विद्वान्

४. **पाठको दोस्रो अनुच्छेद स्रोत शिक्षकबाट सुन्नुहोस् र तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) थाङ्काको शाब्दिक अर्थ के हो ?

(ख) थाङ्कामा कुन धर्मावलम्बीका देवी देवताहरूका चित्र बनाइन्छ ?

(ग) थाङ्का चित्रमा मुख्य गरेर कुन कुन रङको प्रयोग गरिन्छ ?

(घ) थाङ्का कस्तो पाठ्य सामग्री पनि हो ?

(ङ) थाङ्कालाई किन घरमा राख्ने गरिन्छ ?

५. **पाठगत छोटो उत्तर दिनुहोस् : (सङ्क्षिप्त वा छोटो उत्तर लेखन प्रश्नोत्तरको नमुना यसै पाठ्य पुस्तकको पाठ ७ मा दिइएको छ । त्यसलाई नमुना मानी तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् )**

(क) थाङ्का किन नेपाली मौलिक कलाको उत्कृष्ट रूप हो ?

(ख) थाङ्का लेख्ने कपडा कसरी तयार हुन्छ ?

(ग) थाङ्का कोर्ने कामका चरण र प्रक्रिया बताउनुहोस् ।

(घ) थाङ्काका कुन कुन देवताहरूको चित्रमा कस्ता रङको प्रयोग गरिन्छ ?

(ङ) थाङ्काको सुरुआत र विकास के कसरी भएको हो ?

(च) थाङ्का बौद्धमार्गीहरूमा लोकप्रिय हुनाका कारणहरू के के हुन् ?

(छ) थाङ्काको प्रवर्धन गर्न सक्दा नेपाललाई के कस्ता फाइदा हुन्छन् ?

६. **पाठको दोस्रो अनुच्छेदका मुख्य मुख्य चार ओटा बुँदाहरू टिपोट गरी सारांश लेख्नुहोस् ।**

७. **व्याख्या गर्नुहोस् :**

(क) थाङ्का नेपालको मौलिक कला हो, मौलिक उत्पादन हो ।

(ख) थाङ्का व्यवसायबाट नेपाली कला, संस्कृति र गौरवको प्रचार हुन गई मुलुकको इज्जत र गरिमा पनि बढ्दछ ।

८. **पठन बोधको नमुना प्रश्नोत्तर**

**तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

नेपालमा चाडपर्वहरू पनि कति हो कति ! नयाँ वर्षदेखि हेर्दै जाँदा बुद्ध जयन्ती, उँभौली, साकेला, जनै पूर्णिमा, लाखे जात्रा, गाईजात्रा, तिज, दसैं, तिहार, छठ, उँधौली, इद, ल्होसार, क्रिसमस, माघी, फागु आदि सयौं छन् । जुनसुकै जातिका चाडपर्व हुन्, त्यसमा हामी सबै नेपालीहरू रमाउँछौं, आपसमा शुभकामना बाँड्छौं । चाडपर्वहरूमा मात्र हो र ? काममा, श्रममा पनि हामी उत्तिकै रमाउँछौं, खुसी हुन्छौं । लेकबेँसी गर्दा होस्, घाँस दाउरा गर्दा होस् अथवा अरुको मेलापातमा होस्, हामी उत्तिकै रमाउँछौं । धान रोप्दा होस्, कोदो रोप्दा होस्, धान कोदो गोढ्दा होस् अथवा जुनसुकै बाली भित्र्याउँदा होस्, हामी रमाइरहेका हुन्छौं । जुनेली रातमा बेँसीबाट पराल बोक्दा र कोदाको नरुवा काट्दाका रमाइलाको वर्णन गरी साध्य छैन । छरछिमेकका ठिटाठिटी भेला भयो । पालैपालो कहिले कसको कहिले कसको धान, पराल, दाउरा आदि बोक्दा क्या आनन्द / हुन्छ । गीत गाउँदै, ख्यालठट्टा गर्दै, जिस्किँदै अनि कथा र किस्साहरू सुनाउँदै, हाँस्दै र हँसाउँदै काम गर्दा साँच्चिकै रमाइलो हुन्छ । यसरी काम गर्दा पनि यस्तो आनन्द लिन सक्ने नेपाली बाहेक अरू को होलान् र ?

**प्रश्नहरू:**

(क) नेपालमा चाडपर्व कति छन् ?

(ख) चाडपर्वलाई हामी कसरी मनाउँछौं?

(ग) चाडपर्व बाहेक हामी रमाउने तरिकाहरू कस्ता छन् ?

(घ) नेपलीको मुख्य विशेषता के हो ?

(ङ) 'नरुवा' र 'साध्य' शब्दको अर्थ लेख्नुहोस् ।

(च) यस अनुच्छेदका लागि उपयुक्त शीर्षक के होला ?

**नमुना उत्तरहरू :**

(क) नेपालमा आआफ्नो धर्मअनुसारका धेरै चाडपर्वहरू छन् ।

(ख) हरेक चाडपर्वलाई हामी हाँसीखुसी एक आपसमा शुभ कामना बाड्दै मनाउछौं ।

(ग) चाडपर्व बाहेक हामी हरेक मेलापात र कामकाजमा गीत, कथा, किस्सा आदि भन्दै ख्यालठट्टा समेत गरेर रमाउछौं ।

(घ) चाडपर्व बाहेक श्रम र कामकाज गर्दा पनि उत्तिकै रमाउनु नेपालीहरूको मुख्य विशेषता हो ।

(ङ) नरुवाको अर्थ कोदो काटेर बाँकी रहेको सुकेको बोट हो भने साध्यको अर्थ सीमा हो ।

(च) यस अनुच्छेदका लागि उपयुक्त शीर्षक 'नेपालका चाडपर्व' हुन सक्छ ।

**८. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

चलचित्र महत्त्वपूर्ण कला हो । यो विश्वको साझा भाषा हो । भाषा साझा भएका कारण जहाँसुकैका मान्छेहरू यसका दर्शक हुन सक्छन् । त्यसैले धेरैभन्दा धेरै मान्छेहरूका बिचमा आफ्ना अनुभव, भावना र विचारको सम्प्रेषण गर्न चलचित्र ज्यादै उपयोगी छ । शिक्षण सिकाइ क्रियाकलापदेखि लिएर विश्वभरिका अनेक संस्कृतिको आदान प्रदानसम्ममा यसबाट फाइदा लिन सकिन्छ । भाषा, संस्कृति र परम्पराहरूको संरक्षणका लागि चलचित्र सबैभन्दा उपयुक्त र सजिलो माध्यम हुन सक्छ । त्यसरी नै संसारका ठुला उद्योगहरूमा चलचित्र उद्योगको पनि गणना हुन्छ । चलचित्र रोजगारीको राम्रो अवसर भएको उद्योग हो । एउटै चलचित्रमा पटकथा लेखक, सम्पादक, कलाकारहरू, प्राविधिकहरू, हल सञ्चालकहरू, मजदुरहरूसमेत गरी सयौँले रोजगार पाउँछन् । चलचित्रमार्फत देशका प्रकृति, संस्कृति, सम्पदा, इतिहास, गौरव आदिको प्रचार प्रसार हुन सके पर्यटकहरू बढ्छन् र यसले रोजगारका अरू अवसरहरू सिर्जना गर्छ । पर्यटकको आगमनसँगै विदेशी मुद्रा आर्जन हुन गई देशको अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्दछ । चलचित्रहरूको विकाससँगै मुलुकका प्रतिभाहरूको विकास हुन्छ । देशका सम्पदाहरूको संरक्षण र संवर्धनमा सहयोग पुग्छ । चलचित्रबाट प्राप्त हुने शिक्षा, मनोरञ्जन र अभिप्रेरणाले मुलुकको चौतर्फी विकास हुन्छ । यसैले चलचित्र सामान्य मनोरञ्जनको विषय मात्र होइन, महत्त्वपूर्ण उद्योग पनि हो । यो प्रविधि हो, ज्ञानको भण्डार हो र कुनै पनि राष्ट्र, जाति र भाषाको गौरव पनि हो । संस्कृति कर्मीदेखि लिएर समाजशास्त्री, भाषाशास्त्री, मानवशास्त्री, इतिहासकार, साहित्यकार, राजनीतिज्ञ वा अनेक विषयका वैज्ञानिकहरूका लागि चलचित्रले ठुलो सहयोग गर्छ ।

**प्रश्नहरू:**

(क) चलचित्र किन विश्वको साझा भाषा हो ?

(ख) यसमा विशेषतः कस्ता मान्छेले रोजगारी पाउँछन् ?

(ग) चलचित्र उद्योगबाट हुने मुख्य फाइदाहरू के के हुन् ?

(घ) मुद्रा र अभिप्रेरणा शब्दको अर्थ लेख्नुहोस् ।

(ङ) माथिको अनुच्छेदका लागि उपयुक्त शीर्षक के हुनसक्छ ?

**९. तलको तालिकामा उच्चारण र लेखाइ दुवैमा 'ब' प्रयोग हुने शब्दहरूका केही उदाहरण दिइएको छ । त्यही समूहका थप शब्दहरू खोजेर लेख्नुहोस् :**

| समूह | उदाहरण | अरू शब्द |
|---|---|---|
| १ | मपछि आउने ब, जस्तै : खम्बा, अम्बक | |
| २ | क्रिया शब्दमा आउने ब, जस्तै : बटार्नु, बेर्नु, | |
| ३ | अङ्कमा आउने ब, जस्तै : बाइस, बहत्तर | |

| | | |
|---|---|---|
| ४ | ब उच्चारण हुने तत्समबाहेकका तद्भव र आगन्तुक शब्द, जस्तै : बित्थामा, बाकस | |

१०. **पाठबाट उच्चारण र लेखाइ दुवैमा 'ब' हुने र 'ब' उच्चारण भए पनि 'व' लेखिने शब्दहरू टिपेर सूचीकृत गर्नुहोस् ।**

## ५. व्याकरण अभ्यास

**(क) नाम शब्दका उदाहरणहरू:**

रमेश, बिना, नेपाल, भुटान, जनकपुर, हिन्दु,सगरमाथा, गण्डकी
भैँसी, बाखा, कलम, शिक्षक, मामा, मानिस, चरो, स्याउ, आँप
हावा, घिउ, बरफ, दही, नौनी, माटो, सुन, चाँदी, फलाम, लुगा
पल्टन, फौज, भेला, बगाल, रास, थुप्रो, झुप्पो, खात, लस्कर, जन्ती
दया, माया, प्रेम रिस, डाह, पढाइ, लेखाइ, दुष्टता, शिष्टता, गरिबी

**(ख) सर्वनाम शब्दका उदाहरण :**

म, हामी, आफू, तँ, तिमी, तपाइँ, हजुर, तिमीहरू, ऊ, उनी, उनीहरू, यो, यिनीहरू, त्यो, तिनी, तिनीहरू

**(ग) विशेषण शब्दका उदाहरण :**

नेपाली, मैथिली, सेतो, कलेजी, खस्रो, दुष्ट, अल्छी, जेठो, अग्लो, कमलो
धेरै, थोरै, अलिकति, सबै, ज्यादा, त्यति, बढ्ता, अधिकांश, केही
एक, दुई, सयौँ, हजारौँ, दोब्बर, तेब्बर, पहिलो, दोस्रो, एकहोरो
यो, यी, यही, यिनै, त्यो, ती, यत्रो, यत्रा, जो, जे, जुन, कुन, कत्रो, को

**(घ) क्रिया शब्दका उदाहरण :**

पिट्छ, पढ्यो, लैजान्छौँ, गर्ने छ, देखेछ, खेल्थ्यो, गन्दै छ, आएको थियो, खाला, बनोस्, जाँदैन, पढ् आदि ।

१. रेखाङ्कित शब्दको पदवर्ग (नाम, सर्वनाम, क्रियापद र विशेषण) पहिचान गरी लेख्नुहोस् :

**उत्तर दिने तरिका :**

| **शब्द** | | **पदवर्ग** |
|---|---|---|
| दिदी | - | नाम |
| हुन् | - | क्रियापद |

(क) **<u>सानी</u>** दिदीले पकाएको **<u>तरकारी</u>** मिठो **हुन्छ** । **<u>त्यो</u>** मलाई **मन** पर्छ ।

(ख) **<u>माहिला</u>** दाइ मोटो हुनुहुन्छ भने भाउजू चाहिँ **<u>दुब्ली हुनुहुन्छ</u>** । **<u>दुवै</u>** मिहिनती **<u>छन्</u>** ।

(ग) **दुधालु** गाईको **लात** पनि **सहनुपर्छ** । **यो** सबैले **बुझ्नुपर्छ** ।

(घ) **सबै** काम सकेर **कालो** केटो **एउटा** हरियो **बाल्टिन** बोकेर पानी लिन **गयो** ।

(ङ) आज **धेरै** चिउरा र थोरै **अचार खाइयो** ।

(च) सर्मिला **असल** केटी हुन् । **उनी** पढ्न औधी **रुचाउँछिन्** ।

२. **रेखाङ्कित शब्दहरूबाट सर्वनाम, विशेषण र क्रियापद छुट्याउनुहोस् :**

कान्छा काकाका छोरा आशुतोष साना छन् । उनी चकचके छन् । साइँला काकाका छोरा जेनिस सात वर्षका छन् । माइला काकाकी छोरी स्वस्तिका अलिक ठुली छिन् । उनी पनि चञ्चल छिन् । चाडपर्व, भोजभतेर र पारिवारिक जमघटमा भेट हुनासाथ उनीहरू तिनै जना 'सुजन दादा' भन्दै मसँग झुन्डिन आइपुग्छन् । यिनीहरू मलाई औधी मन पराउँछन् । म पनि उनीहरूलाई धेरै माया गर्छु । म उनीहरूलाई राम्रो पढ्ने, आफ्नो काम आफैँ गर्ने, ठुला मान्छेलाई आदर र साना भाइबहिनीलाई माया गर्ने सल्लाह दिन्छु । उनीहरू मेरा कुरा सुन्छन् र 'हओस्' भन्छन् ।

६. **सिर्जनात्मक अभ्यास**

- तलका विषयमा निबन्ध लेख्नका लागि आवश्यक बुँदाहरू के के हुन सक्छन् ? कक्षामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् र बुँदाहरूका आधारमा कुनै एक विषयमा निबन्ध लेखेर ल्याउनुहोस् :

  (क) सूचना प्रविधि (ख) वैदेशिक रोजगार (ग) कुखुरा पालन

७. **पृष्ठपोषण**

- यस पाठको अध्ययनको अन्तमा सिक्नका लागि समस्या भएका कुराहरू टिपी स्रोत शिक्षकलाई पुनः स्पष्ट पार्न आग्रह गर्नुहोस् ।

८. **थप अध्ययन सामग्री**

१. **पठन बोध प्रश्नको उत्तर दिने तरिका**

(क) दिइएको अनुच्छेदलाई तिन पटकसम्म गहन पठन गर्नुहोस् ।

(ख) अब प्रश्न हेर्नुहोस् र प्रश्नले सोधेको उत्तर कहाँनिर छ ? पत्ता लगाई त्यति मात्र रेखाङ्कन गर्नुहोस् ।

(ग) रेखाङ्कन गरिएको उत्तर सिधै नसारी आफ्नै मौलिक भाषा र शैलीमा सके एउटै वाक्यमा र नसक्ने कुरा भए बढीमा दुई वाक्यमा उत्तर दिनुहोस् ।

(घ) शब्दको अर्थ सोधिएको भएमा त्यही अनुच्छेदको कुन प्रसङ्गमा शब्दको प्रयोग भएको छ, सोही अर्थ मात्र दिनुहोस् ।

(ङ) यदि उपयुक्त शीर्षक दिन भनिएको भए त्यो अनुच्छेदको मूल मर्मलाई समेटिने बढीमा तिन शब्दको उपयुक्त शीर्षक दिनुहोस् ।

(च) यदि तार्किक वा अनुमानात्मक प्रश्न सोधिएको छ भने आफ्नो तर्क तथा अनुमानको आधारमा

आफ्नो स्वतन्त्र उत्तर दिनुहोस् ।

२. **पदवर्ग पहिचान**

**(क) नाम शब्द परिचय**

कुनै व्यक्ति, वस्तु, स्थान, जाति, समूह, भाव बुझाउन आउने शब्दलाई नामपद भनिन्छ । जस्तै : हरि, गाई, सुगा, बथान, जन्ती, तेल, पानी, दया, रिस आदि ।

नाम शब्द सजिलै चिननका लागि को र के भनेर प्रश्न गर्दा जबाफमा आउने शब्द नामपद हुन् ।

**नाम शब्दका प्रकार**

(१) कुनै खास व्यक्ति, देश, नदी, पहाड, ठाउँ, कृति, महिना, बार, चाड आदि किटान गरी बुझाउन आउने नाम शब्दलाई व्यक्तिवाचक नाम भनिन्छ । जस्तैः नेपाल, भुटान, जनकपुर, नारायणी, आइतबार, इद, ल्होसार, हिन्दु आदि ।

(२) आआफ्ना जातका सबैलाई बुझाउने नाम शब्दलाई जातिवाचक नाम भनिन्छ । जस्तै : भैँसी, बाखा, कलम, शिक्षक, मामा, मानिस, चरो, स्याउ, आँप आदि ।

(३) एउटै शब्दले समूहलाई बुझाउने नाम शब्दलाई समूहवाचक नाम भनिन्छ । जस्तैः पल्टन, फौज, भेला, बगाल, रास, थुप्रो, झुप्पो, खात, लस्कर, जन्ती, मलामी, ताँती आदि ।

(४) जुन शब्दले नापतौल गर्न सकिने पदार्थ वा द्रव्यलाई बुझाउँछ त्यसलाई द्रव्यवाचक नाम भनिन्छ । जस्तैः हावा, घिउ, बरफ, दही, नौनी, माटो, सुन, चाँदी, फलाम, रगत, ग्याँस आदि ।

(५) कुनै अमूर्त तथा नदेखिने तर अनुभूत गर्न सकिने विशेषलाई बुझाउँछ । जुन शब्दले केवल महसुस वा अनुभूत गर्नसकिने तर देख्न, छुन वा स्पर्श गर्न नसकिने बुझाउँछ त्यसलाई भाववाचक, नामपद भनिन्छ । जस्तैः दया, माया, प्रेम रिस, डाह, पढाइ, लेखाइ, दुष्टता, शिष्टता, सतीत्व, कृतित्व, भ्रातृत्व आदि ।

**(ख) सर्वनाम शब्द परिचय**

नाम पदको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । यस्तै सर्वनाम कहिलेकहीँ पदावली वा वाक्यको सट्टामा पनि आउन सक्छ ।

**सर्वनामका प्रकार**

(१) नामको सट्टा प्रयोग हुने ऊ, उनी, उनीहरू, ती, तिनी, तिनीहरू जस्ता सर्वनामका साथै म, हामी, तँ, तिमी, तिमीहरू, तपाईं, तपाईंहरू, उहाँ, उहाँहरू, आदि शब्दलाई पुरुषवाचक सर्वनाम भनिन्छ ।

(२) नजिक वा टाढा रहेका कुनै व्यक्ति वा वस्तुलाई सङ्केत गर्दै तिनको नामको सट्टामा प्रयोग हुने यो, यी, त्यो, ती, तिनीहरू जस्ता सर्वनामलाई दर्शक सर्वनाम भनिन्छ ।

(३) नामको सट्टामा प्रयोग भई वाक्यमा सम्बन्ध स्थापना गर्ने जे, त्यही, जुन, त्यही, जे, त्यो, जुन, त्यो, जहाँ, त्यही, जस्ता सर्वनामलाई सम्बन्धवाचक सर्वनाम भनिन्छ ।

(४) कुनै व्यक्ति, वस्तु, ठाउँ, आदिको नामको सट्टामा प्रयोग भई वाक्यमा प्रश्नसमेत बुझाउन आउने को, के, कुन, कहाँ जस्ता सर्वनामलाई प्रश्नवाचक सर्वनाम भनिन्छ ।

(५) कुनै स्थान, वस्तु, विषय र नामको निश्चय नगरी नामको सट्टामा प्रयोग हुन आउने केही, कोही, जे, जहाँ, कुनै, जो जस्ता सर्वनामलाई अनिश्चयवाचक सर्वनाम भनिन्छ ।

**(ग) विशेषण शब्द परिचय**

नाम पदको गुण, अवस्था, परिमाण, मात्रा, सङ्ख्या आदि बताउने शब्दलाई विशेषण भनिन्छ । विशेषण शब्द नामपदका आगाडिपट्टि आउँछ । सजिलोका लागि कस्तो, कस्ती, कुन, कत्रो, कति जस्ता प्रश्नको उत्तर आउने शब्द नै विशेषण शब्द हुन् ।

**विशेषणका प्रकार**

१. **गुणबोधक विशेषण** : कुनै नाम शब्दको गुण बताउने विशेषणलाई गुणबोधक विशेषण भनिन्छ । जस्तैः मैथिली, सेतो, कलेजी, खस्रो, दुष्ट, अल्छी, जेठो, अग्लो, कमलो आदि ।

२. **परिमाणबोधक विशेषण** : नामको परिमाण वा मात्रालाई बताउने सङ्ख्यालाई परिमाण बोधक विशेषण भनिन्छ । जस्तैः धेरै, थोरै, अलिकति, सबै, ज्यादा, त्यति, बढ्ता, अधिकांश, प्रशस्त, कम, सम्पूर्ण आदि ।

३. **सङ्ख्याबोधक विशेषणः** कुनै पनि नाम वा सर्वनामको सङ्ख्या, क्रम, आवृत्ति बताउने विशेषणलाई सङ्ख्याबोधक विशेषण भनिन्छ । जस्तैः एक, दुई, सयौँ, हजारौँ, दोब्बर, तेब्बर, पहिलो, दोस्रो, एकहोरो आदि ।

४. **सार्वनामिक विशेषण** : नाम शब्दको अगाडिपट्टि सङ्केतका रूपमा सर्वनाम आएमा त्यस्ता सर्वनामहरूलाई सार्वनामिक विशेषण भनिन्छ । जस्तैः यो, यी, यही, यिनै, त्यो, ती, यत्रो, यत्रा, जो, जोजो, जे, जेजे, जुन, को, कोको, के, केके, कुन, कत्रो, कत्रा आदि ।

**(घ) क्रियापद परिचय**

कर्ताले गरेको कार्य घटना, अवस्था, प्रक्रिया आदिको कार्य व्यापार गर्ने र वाक्यलाई टुङ्ग्याउने क्षमता भएको शब्दलाई क्रियापद मानिन्छ ।

**क्रियापद बन्ने तरिका :**

| धातु + | प्रत्यय | क्रियापद |
|---|---|---|
| खा | छ | खान्छ |
| जा | छ | जान्छ |
| जा | यो | गयो |
| रु | ला | रोला |

## पाठ ५

**मनोवाद**

# म पनि सक्छु

१. **परिचय**

कसैलाई सुनाउने उद्देश्य नराखी मनमनै गरिने कुरालाई मनोवाद भनिन्छ । मनोवाद एकोहोरो कुराकानी वा एकालाप हो । यसले व्यक्तिका मनमा रहेको कुरालाई मनमनै व्यक्त गर्ने गर्दछ । मनोवाद हुनका लागि अर्को व्यक्ति वा पात्रको आवश्यकता पर्दैन । मनले मनसँग गर्ने कुराकानी नै मनोवाद हो । यसरी मनमनै गरिने कुरालाई सिलसिला मिलाएर लिपिबद्ध गर्ने कामलाई मनोवाद लेखन भनिन्छ । कुनै पुराना कुराको सम्झना, आफूमा भएको अन्योलपूर्ण मनस्थितिको प्रकृतीकरण, ऐतिहासिक घटना मनका पीडा, छटपटी र अरुलाई व्यक्त गर्न नसकेर मनभित्र उकुसमुकुस भएका कुराहरू मनोवादका विषयवस्तु बन्न सक्छन् ।

यस मनोवादमा भने कुनै पनि विद्यालयमा अध्ययन गर्ने अपाङगता भएका विद्यार्थीको मनोविज्ञान कस्तो हुन्छ भन्ने परिदृश्यलाई मनोवादको विषय वस्तु बनाएको छ । अपाङ्गता भएका विद्यार्थीले हीनता बोधको भावना लिनु हुन्न । स्वयम्मा उत्साहित हुनुपर्छ । आफूभित्र सधैँ सकारात्मक सोचको विकास हुनुपर्छ । आफ्नो क्षमताअनुसारको कार्य क्षेत्रको समयमा नै पहिचान गरी त्यसको विकासमा लाग्नुपर्छ भन्ने जस्ता सन्देश यस मनोवादले दिएको पाइन्छ ।

## म पनि सक्छु

**स्थान** : सुत्ने कोठा

**समय** : राति ११ बजे

**पात्र** : कुमार पाठक

(पोलियोले गर्दा सानैमा दुवै खुट्टा गुमाएका कुमार पाठक दार्चुलाको मूल बजारभन्दा केही पर एउटा छाप्रोमा बस्छन् । उनी कक्षा १० मा पढ्छन् । उनकी बहिनी सीता कक्षा ८ मा पढ्छिन् । उनीहरूका आमाबुबाले फर्निचर पसल थापेका छन् र रातदिन त्यही पसलमा खट्छन् । कुमार र सीताले पनि पसलको काममा सहयोग गर्छन् । दाजु र बहिनी दुवैको पढाइ राम्रो छ । अतिरिक्त क्रियाकलापमा पनि उनीहरू अगाडि छन् । आज सम्पन्न जिल्ला स्तरीय चेस र कविता प्रतियोगितामा कुमारले स्वर्ण पदक जिते । महिलाहरूको रिले दौड र भलिबलमा सीताको समूहले स्वर्ण पदक पायो । यसैले आज उनीहरूको घरमा खुसियाली छायो । कुमारका बुबाआमा आफ्ना छोराछोरीको सफलतामा धेरै खुसी भए । बेलुका अबेरसम्म उनीहरूले आजको कार्यक्रमका बारेमा चर्चा परिचर्चा गरे । राति १० बजे कुमार र सीता आआफ्ना ओछ्यानमा गएर सुते । अहिले रातिको १०.३० बजेको छ । उनीहरूका बुबाआमा अहिले पनि पसलमा काम गर्दै छन् । सीता अघि नै निदाइसकेकी छन् । कुमार भने निदाउन सकेका छैनन् । उनका मनमा विभिन्न कुराहरू खेल्छन् ।)

१. खुट्टा गुमाइ हालियो नत्र दौडमा जित्थेँ, भलिबल पनि राम्रो खेल्थेँ । हुन त खुट्टा सद्दे भएका भए, दौड, भलिबल, फुटबलतिरै बढी ध्यान जान्थ्यो होला । कविता र चेसतिर ध्यान नजान सक्थ्यो । जे होस्, चेस र कविता दुई दुई ओटा प्रतियोगितामा स्वर्ण पदक पाउनु चानचुने कुरा चाहिँ होइन । सबै प्रतियोगितामा आफूले मात्र जित्नुपर्छ भन्ने सोच्नु पनि ठिक होइन । त्यस्तो सोच्नु भनेको पनि 'म खाऊँ मै लाऊँ सुख सयल वा मोज म गरूँ' भने जस्तै हो । त्यस्तो सोच पनि एक प्रकारले हाँडी घोप्टे प्रवृत्ति त हो नि । मान्छेले कुनै एउटा विषयमा विशेषज्ञता हासिल गर्ने हो । एउटा दुइटा क्षेत्रमा राम्रो गर्ने हो । एउटैले सबैतिर सफलता हासिल गर्ने कुरा अपवाद मात्र हुन सक्छ । त्यसैले आफूले जेमा राम्रो गर्न सकिन्छ, त्यसैमा मेहनत गर्ने हो । अब कविता र चेसमै राम्रो गर्नुपर्छ । (कोल्टे फर्किन्छन्) ।

२. आजका प्रमुख अतिथि जिल्ला शिक्षा अधिकारीले राम्रो भाषण गर्नुभयो । उहाँले मलाई नै केन्द्र बनाएर आफ्नो मन्तव्य राख्नुभयो । "अपाङ्गता भएकाहरूलाई हेला र तिरस्कार गर्नु मुर्ख्याइँ हो । अपाङ्गता भएका मानिसमा अरूसरह प्रतिभा र क्षमता हुन्छ भन्ने कुरा कुमार पाठकको आजको सफलताले पुष्टि गर्छ ।" उहाँले यसो भन्दा मेरा आँखा रसाएछन् । "हो, अपाङ्गता हुनेले अरूले भन्दा बढी मेहनत गर्नुपर्ने हुन सक्छ तर मुख्य कुरा इच्छा शक्ति र प्रयत्न हो । इच्छा शक्ति र निरन्तरको प्रयत्न भएमा मानिसले ठुला ठुला उपलब्धि हासिल गर्छ" भन्ने उहाँको भनाइ साँच्चै मननीय लाग्यो ।

३. आज धेरै प्रतियोगिता भए । थुप्रै साथीहरू पुरस्कृत भए पनि सबैजसोको ध्यान किन मतिर खिचियो ? सायद अपाङ्गता भएकाले केही गर्न सक्तैनन् भनेर सोच्नेहरूलाई मेरो सफलताले केही झस्का दियो । आज यति धेरै जनाको बधाई र प्रशंसा पाइयो, के भन्ने र ? खुसीको कुरा, अपाङ्गता भएका कारण मलाई हेप्ने साथीहरूले पनि मलाई बधाई दिए । (हर्षको आँसु पुछ्दै) उनीहरूको मप्रतिको धारणामा परिवर्तन आए कति राम्रो हुन्थ्यो । (कोल्टे फर्किन्छन् ।)

४. सानैमा खुट्टा गुमाएको पीडा, त्यसमाथि गरिब भनेर अपहेलित हुनु र अभावै अभावमा बाँच्न विवश हुनु, सम्झँदा पनि दिक्क लाग्छ । खुट्टा मात्र सद्दे हुन्थे भने कति काम गरिन्थ्यो होला । मसँगैका त हुन् नि जेठा बडाका छोरा रमेश । उनी कति पटक कञ्चनपुर पुगे, डोटी पुगे, कहिले हो कुन्नि स्वर्गद्वारी जाने भन्दै थिए । मामा माइजुकी छोरी रुक्मिणी मभन्दा पनि कान्छी हुन् । उनी परारैदेखि यार्सागुम्बा टिप्न जान थालेकी छन् । पोहोर त उनले यार्सागुम्बा टिपेरै लाख रुपियाँ कमाइछन् । आफूलाई भने चर्पी पुग्न पनि गारो, स्कुल जाँदा र आउँदा झन् कति गारो हुन्छ । हुन त यो संसारमा आफूले चाहे जस्तो जीवन कसले पो पाएको छ होला र ? रमेश र रुक्मिणीलाई पनि त दुःख छ । रमेशले डुल्न त पाएका छन् तर अर्काको भरिया बनेर । रुक्मिणीले यार्सा टिपेर केही पैसा त कमाइन् तर उनको पढाइ बिग्रियो । मैले पैसा त कमाएको छैन तर पढ्न पाएको छु । यस्तो अवस्थामा रहेर पनि पढ्न पाउनु मेरा लागि राम्रो अवसर हो । मैले यो अवसरको सदुपयोग गर्नुपर्छ । (पल्लो कोठामा उनका बुबाआमा बोलेको सुनिन्छ ।)

५. बुबाआमा अझै सुत्नुभएको छैन । के गर्ने रातदिन नखट्ने हो भने खाने, बस्ने र हामीलाई पढाउने खर्च कहाँबाट जुट्छ र ? उहाँहरू रातदिन काम गर्नुहुन्छ र त हामीलाई पढाउन

सक्नुभएको छ । उहाँहरूले कति मेहनत गर्नुपर्छ ? काठ चिर्नु, काँटी ठोक्नु, चिल्लो बनाउनु, रङ लगाउनु, फेरि हाम्रो हेर विचार गर्नु, भात भान्सा हेर्नु कति काम छन् । अहिले हामी अलिक ठुला भयौँ, आफ्नो काम आफैँ गर्न थाल्यौँ र उहाँहरूलाई अलिक हलुको भएको छ । (पल्लो कोठामा उनका बुबा खोकेको सुनिन्छ ।) बुबाले खोकेको निकै दिन भइसक्यो । एकोहोरो खोकी रहनुहुन्छ । अस्पतालमा गएर जाँच गर्न पनि भ्याउनुभएको छैन । भोलि चाहिँ जसरी पनि पठाउनुपर्छ । ( कोल्टे फर्किन्छन् । पल्लो कोठामा कुनै चालचुल सुनिँदैन । कुमारले सिरानीमा राखेको टर्च लाइट बाल्छन् र कोठामा झुन्ड्याई राखेको भित्ते घडी हेर्छन् ।)

६. ओहो १२ बज्न लागेछ । बुबाआमा बल्ल सुत्न लाग्नुभयो । हामी छोराछोरीका निम्ति उहाँहरूले सबै सुख त्याग्नुभएको छ । उहाँहरूका लागि छोराछोरी दुवै बराबरी भए पनि मेरो अपाङ्गता उहाँहरूका लागि बढी चिन्ताको विषय बनेको छ । मैले भोलि दुःख पाउँछु कि भन्ने उहाँहरूको चिन्ता छ । हुन पनि हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिलाई सजिलो छैन । गरिबी, अशिक्षा, अन्ध विश्वास र भौगोलिक विकटता भएको हाम्रो देशमा त अपाङ्गता भएकाहरूका लागि मुस्किल छ । अहिले जमाना धेरै बदलिएको छ । शिक्षाको प्रचार भएको छ । संविधानमा अपाङ्गता भएकाहरूका लागि पनि राम्रा व्यवस्था गरिएको छ । यति हुँदा त ढुक्क हुनुपर्‍यो नि ! गरिबी, अशिक्षा, अन्ध विश्वासले जर्जर भएको एउटा दुर्गम गाउँमा जन्मे हुर्केका बुबाआमाले हिजोकै आँखाले हेर्नुभएको होला, अपाङ्गताको अवस्थालाई । त्यो स्वाभाविक हो । त्यसैले उहाँहरू मेरो भविष्यप्रति बढी चिन्तित हुनुहुन्छ । मैले उहाँहरूको चिन्ता हटाउन सक्नुपर्छ, सुख र सन्तुष्टि दिन सक्नुपर्छ । (कुमार ओछ्यानबाट उठ्छन् र बस्छन् अनि केही बेरमै सुत्छन् । उनलाई अझै पनि निद्रा लाग्दैन ।)

७. कविता र चेसमा त राम्रो गर्न सकिएला तर त्यसले मात्र जीवन त चल्दैन । त्यस्तै चेस खेलाडी भएर पनि जीवन चलाउन मुस्किल पर्ला । यी कुरा त नामका लागि, सोखका लागि मात्र होलान् । जीविकोपार्जनका लागि त अरू नै केही गर्नुपर्दो हो । अपाङ्गता भएका मानिसले के पो गर्न सक्लान् र त्यस्तो काम ? आमा भन्नुहुन्छ, "उद्योग व्यापार गर्न सक्दैनौ, खेती किसानी गर्न सक्दैनौ, जागिर खानुपर्छ ।" आमाले भनेको कुरा पुरै गलत छैन । मेरा लागि जागिर खाने कुरा नै सजिलो हो तर उद्योग र खेती पनि गर्न नसक्ने भन्ने चाहिँ होइन । अपाङ्गता भएका मान्छेले पनि ती काम गर्न सक्छन् । (कुमार उठ्छन् र सिरान नजिकै राखेको अम्खोराबाट घटघट पानी पिउँछन् र फेरि सुत्छन् ।)

८. अब मैले कुन क्षेत्रमा जाने, के बन्ने भन्ने कुराको निर्णय गर्ने बेला आएको छ । डाक्टर, इन्जिनियर र अरू त्यस्तै प्राविधिक क्षेत्रमा जाने हो भने त्यसैसँग सम्बन्धित विषय पढ्नुपर्छ । बैङ्क तथा वित्तीय क्षेत्रमा जाने भए व्यवस्थापन पढ्नुपर्‍यो । दर्शन, इतिहास, राजनीति, समाज शास्त्र, साहित्य, कलाका विषयमा लाग्ने हो भने मानविकी तथा सामाजिक शास्त्र पढ्दा हुन्छ । त्यस्तै शिक्षा, कानुन जस्ता विषय पनि छन् । अस्ति विशाल सरले भन्दै हुनुहुन्थ्यो, जुन विषय पढे पनि हुन्छ तर आफूले पढ्ने विषयमा राम्रो गर्नुपर्छ । अरू केही महिना बाँकी छ, सोच्नुपर्ला । अरू गुरुहरूको सल्लाह पनि लिनुपर्ला ।

९. अस्ति नेपाली विषयका गुरुले भन्दै हुनुहुन्थ्यो, ग्रिसेली साहित्यका आदिकवि होमर आँखा देख्दैनथे रे । त्यसो त विश्व प्रसिद्ध साहित्यकार हेलेन केलर पनि आँखा देख्दिनथिन् । स्टेफेन हकिङ पक्षघातले थलिएर पनि अन्तरिक्ष सम्बन्धी महत्त्वपूर्ण खोज गर्न समर्थ भए । त्यसो त वरिष्ठ साहित्यकार पारिजातले रोगसँग लड्दै साहित्य सिर्जना गरिन् । झमक घिमिरेले खुट्टाले लेखेरै राम्रा राम्रा साहित्यिक कृति रचेकी छन् । अपाङ्गता भएकाहरू पनि अरूसरह काम गर्न सक्छन् भन्ने धेरै उदाहरण छन् । अपाङ्गता भएकाहरूले पनि सगरमाथा आरोहण गरेका छन्, हवाई जहाज उडाएका छन्, गाडी चलाएका छन् । उनीहरू पनि खेल खेल्न सक्छन्, नाच्न सक्छन्, बौद्धिक र सिर्जनात्मक काम त झन् गर्न सक्ने नै भए । त्यसैले अपाङ्गता भएको भनेर मैले किन हीनताबोध गर्नु ? (कुमारलाई गर्मी भए जस्तो हुन्छ । उनी उठ्छन्, झ्यालनेर जान्छन्, झ्याल खोल्छन् र केही बेर बाहिरतिर हेरेर झ्याल लगाउँछन् र ओछ्यानमा आएर पल्टिन्छन् ।)

१०. परिवर्तित अवस्थामा हाम्रा सामु धेरै अवसर पनि छन् । अब मैले र म जस्ता अरूले पनि हामी अपाङ्गता भएको भनेर चिन्ता लिन आवश्यक छैन । आफूलाई कमजोर ठान्नु हुँदैन । म पनि अरू सरह गर्न सक्छु । म जस्ता सबैले अरू सबै सरह हरेक काम गर्न सक्छन् । (पर कतै कुकुर भुकेको सुनिन्छ । कुमार उठेर शौचालय जान्छन् । शौचालयबाट फर्केपछि टर्च लाइट बालेर भित्ते घडी हेर्छन् ।)

११. अहो ! साढे बार बजिसकेछ । अब चाहिँ निदाउनुपर्छ ।
(कुमार सिरकमा गुटमुटिन्छन् र एकै छिनमा निदाउँछन् ।)

**शब्दार्थ :**

**सद्दे** – जस्ताको तस्तै, साँचो
**सयल** – आनन्दले घुमफिर गर्ने
**अपवाद** – नियममा नमिल्ने
**भाषण** – वक्तव्य, वक्तृता
**तिरस्कार** – घृणा, अपमान
**इच्छा शक्ति** – केही गरौँ भन्ने चाहना
**प्रयन्त** – प्रयास
**मननीय** – सोच विचार गर्न पर्ने खालको
**अपहेलिता** – हेला गरिएको
**जर्जर** – चिराचिरा परेको, धेरै दुर्बल
**जीविकोपार्जन** – जीवन धान्नका लागि गरिने कमाइ
**दर्शन** – जीवन र जगत्प्रतिको हेराइ वा विषय
**मानविकी** – मानिसका विचारसँग सम्बन्धित विषयको अध्ययन गर्ने शिक्षाको शाखा

## २. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) मनोवादलाई सस्वर र मौनपठन गरी यसले दिन खोजेको सन्देश बताउन

(ख) मनोवादमा प्रयोग भएका नयाँ शब्दहरू उच्चारण गर्न, अर्थ बताउन र वाक्यमा प्रयोग गर्न

(ग) दिइएका शीर्षकहरूमा मनोवाद लेख्न

(घ) व्युत्पन्न शब्दबाट मूल शब्द छुट्याउन र मूल शब्दमा व्युत्पादन गरी नयाँ शब्द बनाउन

## ३. मुख्य विषयवस्तु

यस मनोवादमा शारीरिक रूपमा अपाङ्गता भएको कमल नामक विद्यार्थीको मनोदशालाई विषयवस्तु बनाएर प्रस्तुत गरिएको छ । दुवै खुट्टा गुमाएको कमल १० कक्षामा पढ्ने विद्यार्थी हो । उसले पढाइमा राम्रो गर्नुका साथसाथै चेस र कविता प्रतियोगितामा जिल्लाभरिबाट उत्कृष्ट बनेर स्वर्ण पदक जितेपश्चात् उसका मनमा विभिन्न कुरा खेल्छन् । आफू अरुसरह शारीरिक रूपमा एबल भएको भए दौडमा र भलिबलमा पनि सहभागिता जनाउने उनको मनोकाङ्क्षा छ । त्यस्तै आफू सामानको साथी र आफूभन्दा सानी मामाकी छोरीले पैसा कमाउन थाल्दा आफू भने घरमै सीमित, चर्पीसम्म जान समस्या रहेकामा दुःख लाग्छ । तर कमलको मनमा उत्साह र जाँगर नै बढी छ । दिउँसो कार्यक्रममा जिल्ला शिक्षा अधिकारीले खुलेर प्रशंसा गरेको, सबै सहभागीलगायतका उपस्थित जनमानसको आकर्षणको केन्द्र बन्नु पनि राम्रो कुरा हो । समाजमा अपाङ्गता भएका व्यक्तिले केही गर्न सक्छन भने प्रमाणित कुमारलाई खुसी लाग्छ ।

यस मनोवादले अपाङ्गता भएका व्यक्तिहरूलाई समाजमा सम्मान गर्नुपर्छ, अवसर दिनुपर्छ पारिवारिक हेरचाह र माया पाएमा कुमारले जसरी सफलता हात पार्न सकिन्छ भन्ने प्रस्ट्याएको छ । अपाङ्गता भएका व्यक्तिहरू आफैँमा भविष्यप्रति बढी संवेदनशील, केही गरौँ भन्ने इच्छाशक्ति भएका र असल हुन्छन् । उनीहरूलाई समाजले सही व्यवहार गर्नुपर्छ भन्ने सन्देश यस मनोवादले दिएको छ ।

## ४. पाठगत अभ्यास

**अभ्यास १ :** निम्न लिखित शीर्षकमा मनोवाद लेख्नुहोस् :

(क) समाजमा रहेका कुरीति र अन्ध विश्वास देख्दा आफ्नो मनमा उब्जेको मनोभाव

(ख) कुनै गरिब मानिसका दुःख देख्दा आफ्नो मनमा खेलेको विचार

(ग) कक्षा १२ पछि भविष्यमा के बन्ने भन्ने विषयमा आफ्नो मनमा उब्जिएका भाव

(घ) कुनै प्रतियोगितामा पुरस्कृत हुँदाको अनुभूति समेटिएको मनोवाद

(ङ) आफू जन्मिएको ठाउँ छोडेर अन्यत्र पढ्न जानुभन्दा अघिल्लो रात मनमा उब्जेका भावनाहरू समेटिएको मनोवाद

**मनोवादको नमुना**

आफू जन्मिएको ठाउँ छोडेर अन्यत्र पढ्न जानुभन्दा अघिल्लो रात मनमा उब्जेका भावनाहरू समेटिएको मनोवाद

**स्थान** : सुत्ने कोठा

समय : राती १० बजे

**पात्र** : कोपिला

(कोपिलाले यसै वर्ष सिद्धेश्वर मा.वि.बाट प्रवेशिका परीक्षा पास गरिन् । अब उच्च शिक्षाका लागि सहर जाने दिन पनि आयो । विद्यालयमा प्रमाणपत्र नआइपुगेकाले लब्धाङ्क पत्र बन्न सकेको थिएन नत्र भने उनी अस्ति नै काठमाडौँ गइसक्थिन् । उता कलेजहरूमा भर्ना खुल्यो । छिटो आउनु भनेर मामाले फोन गरेको गऱ्यै हुनुहुन्छ । सहरमा पढ्न पाउने खुसी त छ तर घर छोडेर कहिले बाहिर बसेकी छैन, आमा बुबा भाइ र साथीहरू सबैको कति न्यास्रो लाग्ने हो, त्यो गएपछि मात्र थाहा होला (आमाले घिउ, कुराउनी, मह, भटमासको दिउल सबै मिलाएर झोलामा राख्दिसक्नुभयो । आफ्ना लुगा, जुत्ता, डायरी पनि सबै मिलाएर तयार छ । भोलि त बिहानै उठेर हिँड्नु छ । कोसेलीपात ठिक पार्दा, एकछिन बसेर गफ गर्दा १० बजेछ । बुबाआमा र भाइ सुत्न गइसक्नुभयो । कोपिला पनि आफ्नो कोठितिर लाग्छिन् । खाटमा पल्टेपछि उनका मनमा विभिन्न कुराहरू खेल्छन् ।)

यो कोठामा सुन्तु पनि आज अन्तिम हो । अब त एकै चोटि दसैँमा आइन्छ होला । त्यही नि कति दिन क्याम्पस बिदा हुने हो ? हाम्रै गाउँको स्कुलमा क्याम्पस भइदिएको भए यसरी घर छोडेर हिँड्नुपर्ने थिएन । सबै साथीहरू सँगै पढ्न पाइन्थ्यो । घरमा पनि बुबाआमालाई साथी हुन्थ्यो । भाइ पनि सानै छ, फेरि घरको काम केही सघाउँदैन । म गएपछि आमालाई कति दुःख होला । त्यही भएर आमाको मुख अँध्यारो भएको निकै दिन भइसक्यो । (काल्टे फर्किन्छिन् । ) उता मामा भने मख्ख हुनुहुन्छ, मामाको छोरो त दिनमा दुई पटक फोन गर्छ । सबैलाई हाम्रो दिदी आउँदै हुनुहुन्छ भनेर सुनाउँछ रे । मामा भन्दै हुनुहुन्थ्यो, सुनेर हाँस उठ्यो । (खिस्स हाँस्छिन्) । अब के गर्नु जानै पर्ने छ, आफ्नो उच्च शिक्षा लिएर समाजमा उदाहरणीय छोरी बन्ने सपना पुरा गर्नै पर्छ । यहाँ बस्यो भने अब अर्को वर्षतिर बिहेको कुरा आउन थाल्छ । गाउँमा बिस वर्ष पुग्न नपाई छोरीहरूलाई पठाउने चलन छ । तर म पढेर समाज सेवा गर्न चाहन्छु । हाम्रो गाउँका पछि परेका महिला, दलितहरूको पीरमर्का बुझ्ने, समाजमा राम्रो काम गरेर देखाउने, उदाहरणीय महिला बन्ने मेरो सपना छ ।

हाम्रो बुबा आमा पनि छोरी मान्छे पढ्नुपर्छ, आफ्नो खुट्टामा उभिनुपर्छ भन्ने सोच राख्नुहुन्छ । त्यसैले त मलाई सहर पढ्न पठाउन राजी हुनुभयो । तल्लो घरकी राधिकालाई छोरीले पढ्न पुग्यो भनेर अब नपढाउने रे : विचरा ! रुँदै थिइन् मसँग । तर के गर्नु हामीले भनेको कुरा सुन्ने खालकै हुनुहुन्न उसका बुबा आमा । हाम्रा बुबाआमाले कति माया गर्नुहुन्छ हामीलाई, कहिले गाली गर्नुहुन्न, त्यसैले पनि बुबा आमालाई छाडेर जान मनै मानेको छैन । घरबाट कतै टाढा गएर बसेको पनि छैन । सहरमा त चिनेको, वरिपरि छिमेकी पनि कम हुन्छन् । बोल्ने मान्छे नै नहुने होला, बिदाको दिन कसरी बिताउनु ? कोठाभित्र बस्नुपर्छ, बाहिर निस्किन पनि कता हो कता । पोहोर तिहारमा

आमासँग जाँदा त मलाई कहिले गाउँ फर्किऊँ जस्तो भएको थियो । अब त सधैं त्यहीँ बस्नु छ, के पो हुने हो । (लामो सास तान्छिन् ।) तर म सधैँका लागि त्यहीँ बस्ने पनि त होइन । पढाइ पुरा गरेपछि आफ्नो गाउँ फर्किएर यतै जागिर खान्छु, आफ्नै गाउँघरमा सकेको काम गर्छु, गाउँको सेवा गर्छु । अझै पनि हामी आमा, काकीहरूलाई आफ्नो नाम समेत लेख्न आउँदैन । अब म पढेर गाउँ फर्किएपछि आमा, दिदीबहिनीलाई पढ्न लेख्न सिकाउँछु । हाम्रो गाउँका महिनाहरू अझै पनि घर धन्दैमा सीमित छन् ।" तर म पढेर आफ्नै खुट्टामा उभिन्छु । महिलाले केही गर्न सक्छन् भन्ने देखाउनु छ, मलाई त्यसका लागि मैले सहर जानैपर्छ । (यसो पर्दा तानेर झ्याल बाहिर हेर्छिन्, ।) ओहो कति टहटह जुन लागेको, सारै रमाइलो देखिएछ आकाश, यो आकाशका ताराहरू हेर्दा मन शान्त भएजस्तो लाग्छ । (मोबाइलमा समय हेर्छिन्) । ओहो, रातको ११:३० भइसकेछ । अब सुत्नुपर्छ फेरि बिहान छिट्टै उठ्नुपर्छ । (सिरकले मुख छोपेर गुटुमुटु हुन्छिन् । एकछिन पछि भुसुक्क निदाउँछिन् ।)

**व्याकरण**

१. तलको तालिकामा दिइएका मूल शब्द र व्युत्पन्न शब्दहरूको प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् :

| **मूल शब्दहरू** | **व्युत्पन्न शब्दहरू** |
|---|---|
| १. काल, राम्रो, देश | अकाल, नराम्रो, विदेश |
| २. घर, रस, आगो | घरेलु, रसिलो, अँगेनो |
| ३. बर, झल्को, भात | वरपर, झझल्को, भातसात |

२. तलका व्युत्पन्न शब्दहरूलाई मूल शब्दहरू छुट्याउनुहोस् :

विनम्र उपाध्यक्ष, अनुभव, सहरिया, राष्ट्रिय, मायालु, बौद्धिक, बुढ्याइँ, नेपाली, युरोपेली, ससाना, ऐँचोपैँचो, मिठोमिठो

३. पाठको नवौँ परिच्छेदबाट पाँच ओटा व्युत्पन्न शब्द छानी तिनका मूल शब्द लेख्नुहोस् ।

४. तलको अनुच्छेदबाट वर्तमान र भविष्यत् कालका वाक्यहरू पहिचान गरी अलग-अलग तालिकामा देखाउनुहोस् र तिनका पक्ष पनि छुट्याउनुहोस् :

विगत एक दशकमा हामी धेरै अगाडि बढेका छौँ । एक दशकपछि अझ अगाडि पुगिसकेका हुने छौँ । हाम्रो सोचाइ र व्यवहार दिन परदिन उन्नत हुँदै छ । एक दशकपछि हामी संसारकै सभ्य नागरिक हुने छौँ । आज हामी गरिब छौँ । भोलि धनी हुने छौँ । आज हामी काममा भन्दा कुरामा अल्मलिँदै छौँ । भोलि हामी कुरामा होइन, काममा लाग्दै हुने छौँ ।

५. पाठको तेस्रो अनुच्छेदबाट मिल्ने वाक्यलाई वर्तमान कालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् ।

६. पाठको छैटौँ अनुच्छेदलाई भविष्यत् कालमा बदलेर पुनर्लेखन गर्नुहोस् ।

- आफैँ निर्मित सिङ्गा र सग्ला शब्दलाई मूल शब्द भनिन्छ । यस्ता शब्दलाई भिन्न भिन्न एकाइमा टुक्राउन मिल्दैन । नाम, सर्वनाम, विशेषण र अव्ययका वर्गमा पर्ने शब्दहरू मूल

शब्द हुन् ।

- मूल शब्दको अगाडि उपसर्ग, पछाडि परसर्ग, त्यस्तै स्वतन्त्र शब्दहरूलाई जोडेर र शब्द डबल्याएर नयाँ शब्द निर्माण गर्ने प्रक्रियालाई व्युत्पन्न भनिन्छ ।
- भविष्यमा कुनै पनि काम हुने, हुँदै गर्ने र भइसकेको भन्ने सङ्केत गर्ने क्रियाको काललाई भविष्यत् काल भनिन्छ । अर्थात् पछि आउने समयमा कुनै कार्य हुने भन्ने जनाउने काल भविष्यत् काल हो । भविष्यत् कालका तिन पक्ष हुन्छन्, सामान्य अपूर्ण र पूर्ण ।

५. **पृष्ठपोषण**

(क) उदाहरणमा दिइए जसरी नै अन्य विषयमा पनि मनोवाद तयार पारी सम्पर्क कक्षामा स्रोत शिक्षकलाई देखाउनुहोस् ।

(ख) यस पाठमा भएका शब्द, शब्दार्थ, वाक्यमा प्रयोग आदिको अभ्यास गर्नुहोस् ।

(ग) मूल शब्द र व्यूत्पन्न शब्द, साथै वर्तमान काल र भविष्यत् कालको बारेमा बुझेर उत्तर लेख्नुहोस् र थप जानकारीको लागि स्रोत शिक्षकसँग सोध्नुहोस् ।

पाठ : ६


**चिठी**

# व्यापारिक चिठी

## १. परिचय

चिठी लिखित माध्यमद्वारा विचार विनिमय गर्ने महत्त्वपूर्ण साधन हो । यो एकअर्काको विचार र अनुभवको आदान प्रदान एवम् वैयक्तिक सम्बन्ध विकास गर्ने माध्यम पनि हो । विद्यार्थीमा चिठीद्वारा स्वतन्त्र अभिव्यक्तिको विकास, आफूले भनेको सन्देश अरुले राम्ररी बुझ्न सकून् भन्ने लेखाइ क्षमता अर्थात् भन्न चाहेको कुराको स्पष्ट रूपमा अभिव्यक्तिसहित प्रापकको ओहोदाअनुसारको आदर सम्मान र अभिवादन गरी लेख्ने क्षमता विकास हुन्छ ।

चिठी लेखनमा खास शैली र ढाँचाको विशेष महत्त्व रहन्छ । यसभित्र विषय वस्तु, ढाँचा (मिति, ठेगाना, सम्बोधन, अभिवादन, समापन) प्रस्तुति शिल्प, मौलिकता जस्ता कुरामा ध्यान दिइन्छ । चिठीलाई विषय वस्तुका आधारमा निम्न लिखित चार प्रकारमा वर्गीकरण गर्न सकिन्छ :




चिठीका किसिमअनुसार लेखन सिपको विकासका साथसाथै विभिन्न शुभकार्यका अवसरमा आफन्त, साथीभाइ आदिलाई निमन्त्रणा पत्र तथा शुभकामना कार्ड तयार पार्ने सिपको विकास हुने अपेक्षासमेत गरिन्छ । यस पाठमा व्यापारिक चिठी लेखनको अभ्यास गर्नुहुने छ । साथै विभिन्न अवसरमा गरिने निमन्त्रणा पत्र तथा शुभ कामना कार्ड तयार गर्ने कार्यको अभ्यास पनि यसै पाठमा गर्नुहुने छ ।

## २. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) आवश्यकताअनुसार व्यापारिक चिठी लेख्न

(ख) व्यापारिक चिठीको आदि, मध्य र अन्त्य भागमा पर्ने कुराहरू सही तरिकाले लेख्न

(ग) खामको उपयुक्त नमुना बनाउन

(घ) निमन्त्रणा पत्र र शुभ कामना कार्ड तयार पार्न

(ङ) आवश्यकताअनुसार दैनिक व्यावहारिक लेखन गर्न

(च) वर्ण विन्यास तथा भूतकालको पहिचान र वाक्यमा प्रयोग गर्न

**व्यापारिक चिठी**

## सोलुखुम्बु पुस्तक पसल

**सल्लेरी ५, सल्लेरी**

**सगरमाथा अञ्चल**

**नेपाल**

पत्र स. ..................

च. न. ...................

मिति : २०७४/०१/१०

१. विषय : पुस्तक उपलब्ध गराइदिनेबारे ।

२. श्रीमान् महाप्रबन्धक,
साझा बिक्री कक्ष
भृकुटी मण्डप, काठमाडौँ

३. महोदय,

४. उपर्युक्त सम्बन्धमा यस सोलुखुम्बु पुस्तक पसल, सल्लेरीले विगत लामो समयदेखि तपाईंको साझा बिक्री कक्षबाट पुस्तकहरू झिकाई बिक्री वितरण गर्दै आएको कुरा श्रीमान्लाई अवगत नै छ । अहिले आएर निम्नानुसारका साहित्यिक पुस्तकहरूको माग भएकाले शीघ्रातिशीघ्र उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ :

| क्र.स. | पुस्तकको नाम | लेखक | प्रति |
|---|---|---|---|
| १. | मुना मदन | लक्ष्मीप्रसाद देवकोटा | ३५० |
| २. | जुँगा | हृदयचन्द्रसिंह प्रधान | १५० |
| ३. | अनिँदो पहाडसँगै | पारिजात | १५० |
| ४. | राधा | कृष्ण धरावासी | २५० |
| ५. | गौरी | माधव घिमिरे | ३५० |
| ६. | पल्लो घरको झ्याल | गोविन्दबहादुर मल्ल 'गोठाले' | २५० |
| ७. | नयाँ घर | आहुति | १५० |
| ८. | आमा | माक्सिम गोर्की | ३५० |
| ९. | तरुण तपसी | लेखनाथ पौड्याल | ३५० |
| १०. | सेतो धर्ती | अमर न्यौपाने | २५० |
| ११. | खुसी | विजय कुमार | २५० |
| | **जम्मा** | | **२,८५०।-** |

५. उल्लिखित पुस्तकहरूको भुक्तानीका लागि त्यस बिक्री कक्षको नाममा रहेको राष्ट्रिय वाणिज्य बैङ्कको खाता नं. ११११११११११११ मा पेस्की स्वरूप रु. ५१,०००। (अक्षरेपि एकाउन्न हजार

रुपियाँ मात्र) जम्मा गरेको बैङ्क भौचर यसै पत्रसाथ पठाइएको छ । बाँकी रकम पुस्तकहरूका साथै बिल प्राप्त हुनासाथ भुक्तानी गरिने व्यहोरा अनुरोध गरिन्छ ।

६. सहयोगका लागि धन्यवाद

७. भवदीय

...................

(प्रो. तेजप्रसाद निरौला

**खामको नमुना**

| | | |
|---|---|---|
| **प्रेषक :** | | टिकट |
| तेजप्रसाद निरौला | | **प्रापक :** |
| सोलुखुम्बु पुस्तक पसल | | श्रीमान् महाप्रबन्धक |
| सल्लेरी ५ सल्लेरी | | साभा बिक्री कक्ष |
| सगरमाथा, नेपाल | | पुल्चोक, ललितपुर |
| | | नेपाल |

**शब्दार्थ:**

उपर्युक्त : माथि भनिएको, माथि बताइएको

शीघ्रातिशीघ्र : जतिसक्दो चाँडो, छिटोभन्दा छिटो

भुक्तानी : मूल्य चुक्ता गर्ने काम

पेस्की : मूल्यको अग्रिम भुक्तानी दिइने केही अंश, बैना

बिल : मूल्यपत्र, रसिद, सामानको परिमाण र मूल्य खुलाई लेखिने चिर्कटो

भवदीय : तपाईंको, पत्रका अन्तमा नामभन्दा पहिले आत्मीयता वा नम्रता जनाउन प्रयोग हुने शब्द

**व्यापारिक चिठीको नमुना**

(सामान्यतया व्यापार गर्ने व्यक्तिले कुनै न कुनै रूपमा व्यापारिक संस्था दर्ता गरेका हुन्छन् र उक्त संस्थाको नाम, ठेगाना, फोन, प्यान नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको नम्बरसमेत उल्लेख भएको लेटर प्याड छापिएको हुन्छ । जसको नमुना देहायअनुसार रहेको छ :)

## पलाञ्चोकी सप्लायर्स स्टोर

**बनेपा – ६, काभ्रेपलाञ्चोक**

पत्र सङ्ख्याः मू.अ.क.नं

च.न.

| ० | ० | ० | ० | ० | ० | ० | ० | १ |
|---|---|---|---|---|---|---|---|---|

फो

न न.:

मिति : २०६४।११।४

विषय : सामान पठाइदिने ।

श्री कान्तिपुर ट्रेड कन्सर्न

नयाँ बानेश्वर, काठमाडौं ।

उल्लिखित विषयमा हाल बजारमा आएका नयाँ मोडलका निम्न लिखित सामानहरू उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु :

| क्र.स. | सामानको नाम | कम्पनी/ब्रान्ड | सङ्ख्या |
|---|---|---|---|
| १ | मोबाइल | ओप्पो एफ वन एस | १०० |
| २ | मोबाइल | भिभो | १०० |
| ३ | कम्प्युटर मनिटर १७" फ्ल्याट | तोसिवा | २०० |
| ४ | इमरजेन्सी लाइट रेडियोसहित | फिलिप्स | १०० |
| ५ | मोबाइल पावर बैङ्क | सोनी | २०० |

| | | |
|---|---|---|
| १. | संस्थाको नाम : | मू.अ.क.द.नं. |
| २. | ठेगाना : | मिति : |
| ३. | विषयः | |
| ४. | सम्बोधन/व्यक्ति वा संस्थालाई | |
| ५. | आवश्यक सामानको विवरणका लागि भनाइ | |
| ६. | सामानको नाम, विवरण र आवश्यक परिमाण | |
| ७. | अन्तिम भनाइ | |
| ८. | | दस्तखतः |
| ९. | | पत्राचार गर्ने व्यक्तिको नामः |
| १०. | | पद : |

उल्लिखित सामानहरूका लागि यसै पत्रसाथ रु.२,००,००० ।- (दुई लाख) को माछापुच्छ्रे बैंङ्कको ड्राफ्ट पठाएको छु । बाँकी सामान प्राप्त भएपछि बिलअनुसारको रकम पठाउने छु ।

धन्यवाद ।

भवदीय

..................

प्रो.पूजा अधिकारी

**खामको नमुना**

| | | |
|---|---|---|
| | | टिकट |
| **प्रेषक :**<br>श्री पलाञ्चोकी सप्लायर्स स्टोर<br>बनेपा - ६, काभ्रेपलाञ्चोक | **प्रापक :**<br>श्री कान्तिपुर ट्रेड कन्सर्न<br>का म न पा १०,<br>नयाँ बानेश्वर, काठमाडौँ | |

१. **व्यापारिक चिठीको ढाँचा**

२. कार्यालयीय निवेदन

कुनै कामको सिलसिलामा वा कुनै कुराको जानकारी लिन दिनका लागि शिष्ट र सभ्य भाषा र शैलीमा कुनै संस्था वा कार्यालयलाई लेखिने व्यक्तिगत वा समूहगत निवेदन कार्यालयीय निवेदन हो । यसको नमुना तल दिइएको छ ।

१. मिति : ...........

२. सम्बोधन

३. कार्यालयको नाम

४. ठेगाना

५. विषय : ..................... ।

६. महोदय,

७. निवेदनको पुरा विवरण /विषय प्रवेश ......................................

...................................................................................................

...................................................................................................।

८. निवेदक/भवदीय

९. दस्तखत

१०. पुरा नाम

११. पद (भएमात्र)

१२. ठेगाना .......

### ३. कार्यालयीय चिठी

एउटा कार्यालयद्वारा अर्को कार्यालय वा व्यक्तिलाई औपचारिक रूपमा लेखिने चिठी कार्यालयीय चिठी हो । यसको ढाँचा यस्तो हुन्छ :

१. संस्थाको नाम

२. ठेगाना

३. मिति :........

४. पत्र सङ्ख्या .....

५. चलानी नं............

६. विषय : ..................... ।

७. व्यक्ति वा संस्थाको नाम

८. त्यसको ठेगाना

९. विषय प्रवेश र सन्देश ......................................
.................................................................।

१०. सही

११. नाम

१२. पद

## कार्यमूलक व्याकरण

### वर्ण विन्यास

वर्ण विन्यास भनेको शब्दमा वर्ण र मात्राहरूलाई मिलाएर राख्ने कार्य भन्ने बुझिन्छ । वर्ण विन्यासअन्तर्गत ह्रस्व दीर्घ, स, ष, श को प्रयोग, व र ब, क्ष र छ, य र ए को प्रयोग, शब्दमा पदयोग र पदवियोग, शिरबिन्दु र चन्द्र बिन्दु आदिको प्रयोग पर्छन् । यस पाठमा पदयोग र पदवियोगका बारेमा तपाईंले अध्ययन गर्नुहुने छ ।

### पदयोग

विभक्ति, बहु वचन, नामयोगी, अकरण, सन्धि, द्वित्वको द्विरुक्त, मिश्रित क्रियापदहरू पदयोग गरी लेखिन्छ । जस्तैः क्रमशः रामले, तिमीहरू, राधासँग, घरपछाडि, नजाऊ, महेन्द्र, भातसात, पढिरह्यो,

### पद वियोग

निपात तथा संयोजक, विभाजक, विशेषण र विशेष्य, विभक्तिपछिको नामयोगी, दुईभन्दा बढी शब्दबाट

बनेका समस्त शब्दहरू पद वियोग गरी लेखिन्छ । जस्तैः क्रमशः तिमी त, न हरि न राम, शैक्षिक सत्र, प्रमाण पत्र, देशका लागि, नुन चिनी पानी, शिक्षा मन्त्रालय आदि ।

**भूतकालको पहिचान र प्रयोग**

काल भन्नाले समय भन्ने बुझिन्छ । यस पाठमा काल भनेको समयका आधारमा क्रियाले गर्ने सङ्केत हो । सरल रूपमा काल चिनाउँदा **काम कहिले भयो भनी जनाउने क्रियाको रूपलाई काल भनिन्छ** । नेपाली भाषामा काललाई तिन वर्गमा विभाजन गरिएको छ : भूत, वर्तमान र भविष्यत् । यी तिन कालका पनि कार्य भएको समयको अवस्थाका आधारमा विविध पक्ष छन् ।

**भूतकालः**

भूतकालले बितेको समय जनाउँछ । बितेको समयमा भएका कामको अवस्थाका आधारमा यसका पाँच ओटा पक्षहरू छन्:

(क) सामान्य भूत (ख) अपूर्ण भूत (ग) पूर्ण भूत (घ) अज्ञात भूत (ङ) अभ्यस्त भूत

(क) सामान्य भूतः जुन क्रियापदले बितेको समयमा भएको कामको सामान्य अवस्था जनाउँछ, त्यसलाई सामान्य भूत भनिन्छ । जस्तैः नाथुराम गयो । शिवानी आइन् । उनीहरूले खाए । यहाँ धातु+य, इ, ए का रूप प्रयोग भएका छन् ।

**अभ्यास : १**

(क) पदयोग र पद वियोगअन्तर्गतका सबै किसिमका पाँच पाँच ओटा शब्दहरू पाठबाट खोजेर लेख्नुहोस् ।

(ख) तलका धातु प्रयोग गरी प्रत्येकबाटः सामान्य भूतका एक एक वाक्य बनाउनुहोस् ।

बस्, हिँड्, बोल्, लेख्, पढ्, खा

जस्तैः शान्ति बसिन् । (सामन्य भूत)

**पाठगत अभ्यास**

**अभ्यास : २**

माथि लेखिएका चिठीका नमुना र चिठी लेखनका ढाँचा अध्ययन गर्नुहोस् र तपाईं सोही ढाँचामा तलको अभ्यासमा दिइएअनुसार एक एक ओटा चिठी लेखी स्रोत शिक्षकलाई देखाउनुहोस् ।

१. तपाईंको गाउँमा खोलिएको पुस्तकालयका लागि आवश्यक पर्ने पुस्तकहरू माग गरी सिर्जना पुस्तक पसल महेन्द्रपुल पोखरालाई लेखेको पत्र तयार गर्नुहोस् ।

२. माथिको नमुनाअनुसार नागरिकताको प्रमाण पत्र बनाउन गाविसको कार्यालयलाई सिफारिस माग गरी लेखेको निवेदन तयार गर्नुहोस् ।

३. कक्षा ८ को प्रमाण पत्रमा तपाईंको नाममा भएको त्रुटि सच्याउन विद्यालयले जिल्ला शिक्षा कार्यालयलाई लेखेको पत्र तयार पार्नुहोस् ।

४. खामको नमुना तयार पार्नुहोस् ।

**अभ्यास** : ३ तलका प्रश्नका उत्तर दिनुहोस् :

(क) चिठीको आदि, मध्य र अन्त्य भागमा के के कुराहरू लेखिन्छन् ?

(ख) व्यापारिक चिठी र कार्यालयीय चिठीमा के के कुरामा भिन्नता हुन्छ ?

(ग) कार्यालयीय चिठी र निवेदनमा कुन कुन कुरामा समानता पाइन्छ ?

**अभ्यास** : ४. शब्दकोशको सहायताबाट तलका शब्दहरूको अर्थ लेख्नुहोस् र अर्थ खुल्ने गरी वाक्यमा प्रयोग पनि गर्नुहोस् :

पेस्की, बिल, भौचर, ड्राफ्ट, भवदीय, भुक्तानी, प्रेषक, प्रापक

पेस्की: कुनै काम गर्नका लागि वा वस्तु किन्नका लागि पहिले नै दिइने पारिश्रमिक वा मूल्यको केही अंश, बैना

सरिताले कायालयको काम गर्न एक हजार रुपियाँ पेस्की लिइन् ।

**सिर्जनात्मक अभ्यास**

तलको निमन्त्रणा पत्र तथा शुभ कामना कार्ड अध्ययन गरी लेखनको अभ्यास गर्नुहोस् ।

१. **श्री** ....................

**निमन्त्रणा**

हाम्री आयुष्मती सुपुत्री अञ्जना थापाको गैँडाकोट, नवलपरासी निवासी श्री हरिहर थापा तथा सुनीता थापाका चिरञ्जीवी सुपुत्र श्री आदित्य थापाका साथ हुने शुभ विवाहमा यहाँको उपस्थिति प्रार्थनीय छ ।

| | | |
|---|---|---|
| विवाह कार्यक्रम :२०७४/१/०२ गते | दर्शनाभिलाषी | प्रार्थी |
| स्वयंवर : बिहान १० बजे | रमेश थापा | भुवनलाल थापा |
| जन्ती पर्सिने : बिहान १०.१० बजे | राधा थापा | श्रीमाया थापा |
| भोज : २०७४/१/१७ गते | एवम् समस्त | |
| समय : बिहान १० देखि ४ बजेसम्म | थापा परिवार | |
| स्थान : निजी निवास | | |
| सल्यान - ४ सोलुखुम्बु | | |

(असमर्थताका लागि सम्पर्क न.......................)

२.

**शुभ कामना**

नयाँ वर्ष २०७४ को उपलक्ष्यमा सम्पूर्ण विद्याथी एवम् अभिभावकज्यूमा शान्ति, समृद्धि र सुस्वास्थ्यका लागि हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

गङ्गा निरौला

| |
|---:|
| प्रधानाध्यापक<br>एवम्<br>महेन्द्रोदय माध्यमिक विद्यालय परिवार |

**अभ्यास**

(क) तपाईँका दाजु, दिदी वा छरछिमेकका कसैको विवाहका लागि निमन्त्रणा पत्र बनाई सम्पर्क शिक्षकलाई देखाउनुहोस् ।

(ख) तपाईँले मनाउने कुनै चाडको उपलक्ष्यमा आफ्ना साथीलाई दिने शुभकामना पत्रको नमुना तयार पार्नुहोस् ।

(ग) निमन्त्रणा पत्र लेख्दा ध्यान दिनुपर्ने कुरा के के हुन् ?

**५. पृष्ठपोषण**

यस पाठमा तपाईंले वर्ण विन्यासका साथै भूत कालका वाक्यहरूको पहिचान र प्रयोग तथा व्यापारिक र कार्यालयीय चिठी तथा निवेदन लेख्ने सम्बन्धी ज्ञान तथा सिपको विकास गर्नुपर्ने छ । यस किसिमको सिकाइका लागि तपाईंको गाउँमा वा नजिकैको विद्यालयमा रहेको पुस्तकालयमा गई विभिन्न पाठ्य सामग्रीको अध्ययन गर्नुहोस् साथै निमन्त्रणा र शुभ कामना लेख्ने अभ्यास पनि गर्नुपर्ने छ । उक्त कार्यमा तपाईँ कत्तिको सफल हुनुभयो, आत्म मूल्याङ्कन गर्नुहोस् ।

# पाठ ७

**कथा**

## प्रत्यागमन

✍ **गुरुप्रसाद मैनाली**

### १. परिचय

‘प्रत्यागमन’ कथा गुरुप्रसाद मैनालीले लेखेका हुन् । यस ‘प्रत्यागमन’ कथामा कथाकारले नेपाली समाजको यथार्थलाई जस्ताको तस्तै पस्कने काम गरेका छन् । ‘प्रत्यागमन’ कथा उनको एकमात्र कथा सङ्ग्रह‘नासो’ भित्रका कथामध्येको एक उत्कृष्ट कथा हो । उनले यस कथामा समाजका जीवन्त घटनाहरू, मूल्य मान्यता र आदर्शहरूलाई सजीव रूपमा चित्रण गरिएको पाइन्छ ।

यस कथामा दाजु र भाउजूबाट एउटा टुहुरो भाइ र देवरप्रतिको प्रेम र जिम्मेवारीको आदर्श रूप प्रस्तुत गरेका छन् । बाबु र आमाले जत्तिकै माया ममता र अभिभावकत्व दिने दाजु भाउजूलाई तिरस्कार गर्दा पाएको दुःखलाई प्रस्तुत गर्दै अरूले जे जस्तो व्यवहार गरे पनि आफ्नो कर्तव्य र जिम्मेवारीबाट पछि हट्नु हुँदैन । नाता सम्बन्ध र दुःखमा साथ दिने परिवारभन्दा ठुलो कुरा केही हुँदैन भन्ने कुराको प्रस्तुति यस कथामा पाइन्छ । हाम्रो समाजमा सौतेनी नातालाई कटुताका रूपमा प्रस्तुत गर्ने प्रवृत्तिलाई यस कथाले मिथ्या सावित गरेको छ ।

समाजमा सम्पत्तिको मातले उन्मत्त श्रीमतीका क्षणिक कुराका पछि लागेर परिवार त्याग्दा पाएको कष्टबाट आफ्नो गलत निर्णय सच्याई पुनः परिवारमा मिलन भएको उदाहरण प्रस्तुतबाट परिवारका अभिभावक आफन्तप्रति कहिल्यै पनि बिरानो हुँदैनन्, गल्ती स्वीकार गरेर सुधारेमा सदैव क्षेमशील हुन्छन् भन्ने कुरा यस कथामा निर्मल र शोभाका चरित्रद्वारा प्रस्तुत गरिएको छ र यी चरित्रद्वारा समाजलाई प्रेरणादायी सन्देश दिइएको छ ।

### २. उद्देश्य

यस पाठको अध्ययनपछि तपाईं निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठमा प्रयुक्त नयाँ र कठिन शब्दको अर्थ भन्न र सस्वर कथा वाचन गर्न

(ख) पाठमा प्रयुक्त कठिन शब्दलाई वाक्यमा प्रयोग गर्न

(ग) पाठ (कथा) को बोध गरी कथाका मुख्यमुख्य पात्रहरूको चरित्र चित्रण गर्न र सङ्क्षिप्त उत्तर दिन

(घ) कथाको सार खिची सन्देश व्यक्त गर्न

(ङ) दिइएका बुँदाका आधारमा छोटो कथा लेख्न

## प्रत्यागमन

१. शोभा बेलुकीपख कौसीमा उभिएर सुकाएका लुगाहरू बटुल्न लागेकी थिइन् । रामु भऱ्याङ्मा

ढ्वाङ ढ्वाङ गर्दै हतार हतार सँगै उक्लेर आयो र शोभाका जिउमा टाँसिएर उनको औँला समाउँदै भन्यो, "भाउजू, तपाईँले टेलिफोन सुन्नुभएको छ ? सुन्न हिँड्नुहोस् त, हामीले कति राम्रो टेलिफोन बनाएका छौँ, बाबै !"

२. शोभाले रामुको कपाल सुमसुम्याउँदै भनिन्, "कस्तो टेलिफोन, रामु ?" रामुले पार लाउँदै भन्यो, "बाँसको ढुङ्ग्रामा धागो बाँधेर एउटा ढुङ्ग्रो हाम्रो भोगटेको बोटमा बाँधेको छ, एउटा कमलको हलुवाबेतको बोटमा । कमलले उहाँबाट बिस्तार बोलेको ढुङ्ग्रामा टड्कारै सुनिन्छ भाउजू !"

३. "जान्नँ म त्यस्तो जाबो टेलिफोन सुन्न ।"

४. "हिँड्नोस् न हिँड्नोस्, साँच्चै सुनिन्छ । मैले कमललाई कपाल कन्याभन्दा उसले कपाल कन्यायो, अनि उसले 'कान समात्' भन्यो मैले कान समाएँ, टड्कारो सुनिन्छ ।"

५. शोभा सुनेको नसुन्यै गरेर कपडा पट्याउन लागिन् । रामु जाऊँ कि जाऊँ भनेर गोडा भुइँमा बजार्दै शोभाको औँला समातेर तान्न थाल्यो ।

६. "आफ्नो कति काम बितिरहेछ, यो केटो नानावलीको उल्का गरेर डाकिरहन्छ" भनेर शोभा मुसुमुसु हाँस्दै रामुका पछि पछि लागेर बगैँचामा पुगिन् ।

७. रामुले शोभालाई ढुङ्ग्रामा कान थाप्न लगाएर भन्यो, "म परको ढुङ्ग्राबाट जे जे भन्छु, तपाइँ त्यही त्यही गर्नुस् है भाउजू ।"

८. रामु दगुर्दै कमलको बगैँचामा गयो र ढुङ्ग्रोबाट बोल्न लाग्यो । रामुले "दाहिने हात उचाल्नुहोस्" भन्यो, शोभाले हाँसेर देब्रे हात उचालिन् । रामुले "नाक समाउनुहोस्" भन्यो, शोभाले कान समाइन् । यसरी शोभाले विपरीत काम गरेको देखेर रामुले भुइँमा गोडा बजारेर रुन्चे मुख लाएर भन्यो, "नाइँ, म बोल्दिनँ अब तपाईँसँग, म नाक समाउन भन्छु, तपाइँ कान समाउनुहुन्छ ।"

९. शोभाले हाँसेर भनिन्, "भो बा भो ! अब तिमी जहाँ जहाँ समाउनु भन्छौ म उहीँ समाउँछु !"

१०. अनि रामुले "कपाल समाउनुहोस्" भन्यो । शोभाले कपाल समाइन्, रामुले "गालामा हात राख्नुहोस्" भन्यो, शोभाले गालामा हात राखिन् । आफूले भनेअनुसार शोभाले गरेको देखेर रामुले खुसी भएर शोभालाई भन्यो, "भाउजू, अब तपाइँ मलाई भन्नुहोस् त !"

११. शोभाले ढुङ्ग्रामा मुख लगाएर भनिन्, "अब हिँड बा जाऊँ, तिमीलाई भोक लागिसक्यो होला !"

१२. रामुले दगुर्दै आएर शोभाका जिउमा टाँसिएर उनको सारीको सप्को समाउँदै भन्यो, "अँ, कसो हुँदो रहेछ हामीले भनेको, सुनियो कि सुनिएन ? तपाइँ सुनिँदैन भन्नुहुन्थ्यो नि !"

१३. रामुको गालामा म्वाइँ खाएर उसको हात समातेर शोभाले भनिन्, "हिँड जाऊँ माथि, लुगा त्यसै असरल्ल छन् ।"

१४. माथि लगेर शोभाले एउटा कचौरामा चिउरा जिलेवी हालेर रामुका हातमा दिइन् र आफू

लुगा उठाउन कौसीतिर गइन् ।

१५. रामु शोभाको सौतेनी देवर हो । शोभा दुलही भएर यस घरमा आउँदा रामु डेढ वर्षको थियो, शोभा सोर वर्षकी थिइन् । त्यसै वर्ष रामुलाई शोभाका जिम्मा लाएर रामुकी आमा नफर्कने बाटो लागिन् । त्यस बेलादेखि रामुलाई शोभाले नै पालेर हुर्काइन् । अहिले रामु सात वर्षको भयो, शोभा बाइस वर्षकी भइन् । घरमा रामु, उसकी भाउजू र दाजु निर्मलबाहेक अर्को प्राणी कोही छैन । रामुका बुबा त ऊ वर्षदिन नपुग्दै मरिसकेका थिए । आमा पनि डेढ वर्षमा गइहालिन् । अब यस पितृमातृहीन शिशुका मातापिता शोभा र निर्मल नै छन् । घरमा उसका निम्ति सदा बाल साम्राज्य छ । शोभाबाट उसले प्रशस्त मातृत्व सुख पाइरहेको छ । शोभाको यस अलौकिक गुणको प्रशंसा टोल छिमेकका समस्त नरनारीले गरिरहेका छन् ।

१६. लगभग पन्ध्र वर्षपछिको कुरो हो । रामु बाइस वर्षका भए । यसै साल उनले प्रथम श्रेणीमा एमएस्सी पास गरे र रिजल्ट निक्लेको दिन रामुले हस्याङफस्याङ गर्दै तलामा उक्लेर शोभालाई बोलाएर भने, “भाउजू, म एमएस्सी पास भएँ, सबैभन्दा पहिला भएछु ।”

१७. रामु कुर्सीमा बसेर शोभालाई पास भएको विवरण सुनाइरहेका थिए । शोभा कुर्सीपछाडि उभिएर आँखाबाट हर्षाश्रु झार्दै रामुको कपाल सुमसुम्याइरहेकी थिइन्, आँसुका थोपा रामुका पिठिउँमा खसिरहेका थिए । एउटा साधारण गरिबका छोराले सफलतासाथ एमएस्सी पास गरेको सुनेर सबैले प्रशंसा गरे । मानिसहरूले विशेष गरेर यसको प्रधान श्रेय निर्मलचन्द्रलाई दिए । महिनाको साठी रुपियाँ खाने भाषा पाठशालाको एउटा मामुली अध्यापकले भाइ, उसमा पनि सौतेनी भाइलाई आफ्नो अनुपम त्याग र तपस्याद्वारा यत्रो उच्च शिक्षा दिलाए भनेर इष्टमित्र सबैमा खुब चर्चा भइरहेको थियो ।

१८. यता भाइ, पहिला भई पास भएको देखेर निर्मलको पनि आनन्दको सीमा थिएन । चिने जानेका जुनसुकै मानिससँग भेट हुँदा पनि “थाहा पाउनुभयो ! हाम्रो रामु पहिला भएर एमएस्सी पास भयो नि !” भनेर सुनाउँदै हिँड्थे । उता खुसीले शोभाका पनि भुइँमा गोडा थिएनन् । टोल छिमेकका महिलासँग भेट हुँदा सबैलाई रामु पास भएको कुरा सुनाउँथिन् । यस कुरामा उनले आफ्नो ठुलो विजय सम्झेकी थिइन् ।

१९. पास भएको दोस्रो साल गुरु पुरोहित उन्मत्तराज पण्डितले रामुलाई छोरी दिए । पुर्खाहरूले पनि आजसम्म आँट्न नसकेको त्यति ठुलो खानदानमा आफ्नो सम्बन्ध जोरिने भएकाले निर्मलको हर्षको सीमा रहेन । दरिद्र निर्मलले घर धितो राखेर खुब मन फुकाएर बिहेको सर्जाम जोरे । दुलाहा अन्माउने बेलामा रामुले शोभाका गोडामा रुपियाँ राखेर ढोगिदिए । शोभाले गहभरि आँसु पारेर रामुलाई दही खुवाइदिइन् ।

२०. भोलिपल्ट बेलुकापख बरियाँत फर्क्यो । शोभा सियाँलीको सर्जाम लिएर ढोकामा उभिएकी थिइन् । अप्सरा जस्ती दुलही अगाडि लाएर रामु बिस्तारै आएर ढोकानेर उभिए । शोभाले दुलहीको घुम्टो पन्छाइन्, अनि गहभरि हर्षाश्रु पारेर हाँस्दै रामुका मुखपट्टि हेरिन् र सियाँली गर्न लागिन् ।

२१. पर्सिपल्ट दिउँसो शोभा टोल छिमेकका महिलाहरूलाई बोलाएर भोज ख्वाउन लागेकी थिइन्, उनको सारी र पछ्यौरा अस्तव्यस्त भैरहेको थियो । टोलका महिलाहरूले भने, "नानी बज्यै, रामुको उस जन्मकी आमा तपाईं नै हुनुहुँदो रहेछ, टुहुरो देवरलाई पढाइगुनाइ मानिस तुल्याएर उनको घरजम गरिदिनुभो । तपाईंको ऋण रामुले सात जन्म सेवा गरे पनि तिर्न सक्दैनन् ।"

२२. शोभा गहभरि आँसु पारेर निम्तारुहरूलाई खाने कुरा थप्न लागिन् । रामु आफ्नो कोठामा पल्टेर यी सबै कुरा सुनिरहेका थिए ।

२३. बिहे भएका दुई तिन महिनापछि रामु त्रिचन्द्र कलेजमा विज्ञानका प्रोफेसर भए । महिनाको साठी भित्रिने निर्मलका घरमा अब पाँच सय साठी रुपियाँ भित्रिन लाग्यो । दरिद्र राम कुम्लोकाम्लो कसेर निर्मलका घरबाट बिदा भए । रामु हरेक महिनाको पहिलो सातामा पुरा पाँच सय रुपियाँको थैली ल्याएर शोभाका हातमा राखिदिन्थे । पहिलो पटक रामुले तलब थन्क्याउन दिएका दिन शोभाले कोठाभित्र पसेर हर्षाश्रु झार्दै मन मनमा भनिन्, "मानिसहरू रामुलाई मेरो देवर भन्छन्, देवर होइन छोरो हो । हाम्री जीआमाले पन्ध्र वर्षको उमेरमा बालाई पाउनुभएको अरे भन्थे, दुलही बज्यैले रामुलाई मेरा जिम्मा लाएर जाँदा म सोर वर्षकी थिएँ । त्यस बेला रामु डेढ वर्षको हुँदो हो" इत्यादि कल्पना गर्दै आँचलका छेउले आँसु पुछेर शोभाले दामको पोको थन्क्याएकी थिइन् ।

२४. रामुले पनि आफ्ना उपर निर्मल र शोभाले लगाएको ऋणको हिसाब किताब बिर्सेका थिएनन् । दाजु भाउजूका प्रति बहुतै आदर र स्नेह गर्थे । यसबिचमा निर्मलका पनि दुई जना सन्तान जन्मे, छोरी वसुधा र छोरो हरि । उनीहरू आफ्ना बुबाआमालाई भन्दा कान्छा बुबालाई बढ्ता पछ्याउँथे । रामु पनि दाजुका यी दुई जना छोराछोरीलाई असाध्यै माया गर्थे । दुवैलाई आफैं पढाउँथे । हरि राति रामुसँगै सुत्थ्यो । कुनै दिन ठट्टा गरेर "आमासँग सुत्न जा" भन्यो भने ठुस्सिएर झ्यालमा गएर उभिइरहन्थ्यो । अनि रामु हाँस्दै गई बोकेर ल्याएर आफूसँगै सुताउँथे । रामु बाहिर डुल्न जाँदा हरि खुब ठाँटिएर रामुको औंला समातेर सँगसँगै जान्थ्यो । साथीहरूले 'यो को हो ?' भनेर सोधे रामु 'छोरो' भनेर उत्तर दिन्थे ।

२५. एक दिन रामुले कताबाट हो एउटी महिला लिएर आए र शोभासँग भने, "अब पनि दिनहुँ आगामा पिल्सिएर कति पकाइरहनुहुन्छ भाउजू ! तपाईंको जिउ सुकेर आधा भैसक्यो । आज मैले एउटी भान्से खोजेर ल्याएको छु, अबदेखि यिनैलाई पकाउन लाउने गर्नुहोस् । सिकाए सघाएपछि अलि दिनमा तालिम प्राप्त हुन्छिन् ।"

२६. शोभाले भनिन्, "हुन्छ बा ! मैले पनि सारै बर्कत भएर कहाँ पकाउने गरेकी हुँ र ? जिउमा अघि जस्तो तागतै छैन, हातगोडा करकरी खाइरन्छ ।" त्यस दिन पनि शोभाको आँखाबाट दुई थोपा आँसु खसे ।

२७. घरमा नोकर चाकर पनि थपिए । शोभाले अब उस्तो कामधन्दा गर्नु पर्दैनथ्यो । निर्मल चाहिँ आफ्नो कोठामा बसेर गुडगुडीमा तमाखु खाँदै जजमानहरूका चिना लेख्दै गर्थे । कुनै मानिस घर व्यवहारका कुरा सोध्न आए भने "म केही जान्दिनँ, जे भन्ने हो ऊ सानोबुबासँग भन"

भनेर आँखीभौँले रामुको कोठापट्टि इसारा गरेर देखाउँथे ।

२८. रामुसँग भेट गर्न ठुला ठुला मानिस आउँथे । पढ्न आउने विद्यार्थीहरूको पनि ताँती लाग्थ्यो । अस्तिको दरिद्र घर आज सम्पन्न देखियो । रामुको चकचकी देखेर मानिसहरू भन्थे, "देख्यौ, टुहुराको दिन फिर्दा यसरी फिर्छ !"

२९. रामुकी दुलही दुई चार महिना, दुई चार महिनामा घरमा आएर दुई चार दिन बसेर माइत जान्थिन् । यसरी दुई चार दिन बसेर गइन्जेल त उस्तो गडबडी केही भएको थिएन । परन्तु एक वर्षपछि चाहिँ बस्ने गरेर आइन् । आफू तामदानमा बसेकी थिइन्, पछि पछि कोसेली र मालतालको खर्पन बोक्ने डोलेहरूको लर्को थियो । तामदानका साथमा खुब नक्कल पारेर सारी, किलिप लाएका दुई जना महिला पनि आए । हरि र वसुधा झ्यालमा बसेर आगन्तुकहरूलाई हेरिरहेका थिए । गरिब निर्मलका घरमा अघि कहिल्यै पनि नपसेको यो नौलो हुल एक एक गरेर पस्यो । तलामा घुइँचोले तिल राख्ने ठाउँ भएन । शोभा माथिल्लो तलामा बसेर बुहार्तन गरिरहेकी थिइन् । दुलही रामुको खाटमा बसेर सुनका कल्ली फुकाल्न थालिन् । आएका दुई जना महिला चाहिँ हरि वसुधा बस्ने लम्पटमा ढसमस्स परेर बसे । त्यसरी नौला महिला आफ्ना बिछ्याउनामा बसेको देखेर हरि र वसुधा भागेर आफ्नी आमा भएका ठाउँमा गए । रामु त्यस बेला कलेजबाट फर्केका थिएनन् ।

३०. रामु बेलुकीपख फर्कन्थे । घरमा पस्ने बेलामा उनी सधैँ बाटोदेखि नै हरि र वसुधालाई बोलाउँदै भित्र पस्थे । हरि र वसुधा पनि ‘बा आउनुभयो, बा आउनुभयो’ भन्दै दौडेर छिँडीमा पुग्थे । रामु आफ्नो जेबमा कहिले चकलेट, कहिले पेडाका साना साना दुई पोका लिएर आउँथे र एक पोका हरिका हातमा एक पोका वसुधाका हातमा दिन्थे, अनि हरिको हात समाउँदै बिस्तारै भऱ्याङ उक्लेर आफ्नो कोठामा पस्थे । रामुको टोपी र छाता थन्क्याउने काममा दिदीभाइको लुछाचुँडी पर्थ्यो । रामु परम आनन्दमा निमग्न भएर हरिका गालामा म्वाइँ खान्थे र खाटमा उत्तानु परेर अङ्ग्रेजी अखबार हेर्न थाल्थे । एकछिनपछि शोभा एक हातमा खाने कुराको प्लेट र अर्को हातमा एक गिलास पानी ल्याएर रामुको टेबुलमा राखेर जान्थिन् । नित्य अविराम गतिले यही क्रम चलिरहेको थियो । यसमा कहिल्यै त्रुटि हुँदैनथ्यो ।

३१. नित्यका झैँ आज पनि रामुले चोकबाट हरि र वसुधालाई बोलाए, तर आज उनलाई लिन छिँडीसम्म कोही आएन । उनी आश्चर्य भएर तलामा उक्ले, अनि उनलाई सबै कुरा ज्ञात भयो । हरि र वसुधालाई खोज्दै उनी माथिल्लो तलामा पुगे । हरि र वसुधा कोसेलीका मिठाईहरू खान लागेका रहेछन् । रामुले आफूले ल्याएको चकलेटको एक एक पोका हरि र वसुधाका हातमा दिएर आफ्नो कोठामा आए । एक छिनपछि शोभाले रामुलाई पनि कोसेलीको रसबरी र बर्फी ल्याएर दिइन्, रामुले नाक खुम्च्याएर भने, "भाउजू, मलाई यसले सन्चो गर्दैन, हिजो अस्तिको जस्तै मुगी र तरकारी ल्याइदिनुहोस् ।"

३२. शोभा बारा बनाउन भान्सातिर गइन् ।

३३. एक दुई महिनासम्म त घरको पूर्वानुक्रममा उति परिवर्तन भएन । त्यसपछि गरिबका घरमा

धनीकी छोरी बुहारी भएर पस्दा जुन किसिमको गडबडी उत्पन्न हुन्छ, त्यसको पूर्वाभास देखिन लाग्यो ।

३४. समाजमा देउरानीले जेठाजु र जेठानीप्रति जुन आदर र विनयको व्यवहार गर्ने चलन छ, त्यो पूर्ण भए जस्तो देखिएन । देउरानी बोल्दा अलि ठुस्स परेर बोल्ने, जवाफ दिँदा अर्कापट्टि फर्केर झर्केर उत्तर दिने, अरूसँग कुरा गर्दा हाम्रो माइतीमा त यस्तो छ र उस्तो छ भनेर धाक लगाएर कुरा गर्ने गर्न लागिन् । दुलही बज्यै कुनै काम छुँदैनथिन् । रामुको कोठाको बढारकुँढार, सफा सुग्घर पनि शोभाले नै गएर गरिदिनुपर्थ्यो । दुलही बज्यैको काम चाहिँ जाडोमा कौसीमा गएर घाम तापेर उपन्यास हेर्नु र गर्मीमा पलङमा पल्टेर सुतिरहनुसिवाय अर्को थिएन । कलेजका विद्यार्थीहरू पढेर फर्कँदा र सडकमा जात्रा ल्याउँदा चाहिँ खुब सिँगारपटार गरेर झ्यालमा बसिरहन्थिन् । राति चाहिँ लोग्नेसँग खुसखुस गरेर कुरा गरिरहेको सुनिन्थ्यो ।

३५. दिक्क भएर अब शोभाले पनि काममा उस्तो जाँगर लाउन छोडिन् । रामुका कोठाको कसिङ्गर दुई तिन दिनसम्म त्यसै थुप्रिरहन्थ्यो । दुलहीका कुरा सुनेर हो कि केले हो आजकल रामुले आफ्नो तलब ल्याएर शोभालाई दिन छाडे । हरि र वसुधा पनि अचेल रामुको कोठामा उस्तो जाँदैनथे । कहिलेकाहीँ गए भने पनि ‘कस्ता सोमत नभएका केटाकेटी’ भनेर दुलही आमा यत्रा यत्रा आँखाले हेर्थिन् । पकाएको भात बेलामा गएर खाइदिन्नथिन् । महिनामा दुई चार पटक भान्छा छोडिदिनुपर्थ्यो ।उता छरछिमेकका महिलासँग कुराकानी हुँदा चाहिँ ‘मलाई खानै नदिएर मार्न लागी’ भन्छिन् अरे भन्ने सुनिन्थ्यो । अचेल रामुले पनि दाजु भाउजूसँग अघिको झैँ प्रेम र विनयले बोल्न छाडे । टोल छिमेकका महिलाहरू निर्मलका घरको कुरा उठाएर कानेखुसी गर्न लागे ।

३६. एक दिन दुलहीको कुरालाई लिएर दाजुभाइको सामान्य हिसाबसँग ठाकठुक पनि भो । रामुले भने, “दाजु, म छुट्टिएर बेग्लै बस्छु ।” रामुको कुरा सुनेर निर्मलले गहभरि आँसु पारेर भने, “पर्खी बा ! एक पटक भाउजूलाई लिएर तिन धाम गरेर आऊँ, अनि छुट्टिएलास् । जिन्दगीभर दुःख गर्दागर्दै बुढो भैहालेँ । भाउजू पनि रोगी छ । हामी दुबै जना उतै मर्‍यौँ भने तैँले छुट्टिने कामै परेन । वसुधाको बिहे गर्ने बेला भैसक्यो, उसलाई एउटा बाहुनको छोरो खोजेर जिम्मा लाइदिनू । हरि बालखै छ, उसलाई जे गर्नुपर्छ आफैँ जान्नू, म आफ्ना रापले आफैँ पिल्सिराखेको मानिसलाई किन घोच्छस् ?” शोभा चाहिँ अर्कापट्टि फर्केर देवर र पतिका कुरा सुन्दै आँसुका थोपा खसाल्दै थिइन् ।

३७. केही महिना यही क्रम चल्यो । एक दिन बिहानै एउटा कार र एउटा लरी घुइँघुइँ गर्दै निर्मलका ढोकामा आएर उभिए । ज्यामीहरू रामुका कोठाका मालताल ओसारेर लरीमा लाद्न लागे । दुलही बजैले माइतबाट ल्याएका मालमत्ताहरू एउटा सिन्कासम्म नराखेर लरीमा लाद्न लगाइन् । मालमत्ता लादिसकेपछि रामुले कोठामा गएर दाजु भाउजूलाई ढोगिदिए । अनि दुलहीलाई लिएर मोटरमा बसे । मोटर हिँडिसकेपछि टोल छिमेकका मानिसहरूले भने, “देख्यौ, सौतेनी भाइको चाला ! देवताको घरमा नभएको कुरो मानिसको

घरमा किन हुन्थ्यो ?"

३८. रामु आफ्ना ससुराको जुद्ध सडकको घरमा बसेर नयाँ गृहस्थी चलाउन थाले । चाडबाडमा पनि दाजुका घरमा आउँदैनथे । पाँच छ महिनापछि दुलहीले छोरो पाइन् । धुमधामसँग छोराको पास्नी गरे । त्यसमा पनि दाजु भाउजू, हरि वसुधा कसैलाई बोलाएनन् । पास्नीका दिन शोभा कौसीमा बसेर धेरै बेरसम्म एक्लै रोइरहिन् । मन मनमा भनिन्, "हामीलाई नडाके पनि यी बालक छोराछोरीलाई त अवश्य डाक्नुपर्थ्यो । यी अजान बालकहरूले के बिराएका थिए र आफूले हुर्काएका छोराछोरीलाई पनि चटक्क बिर्से । अहो ! संसार कति मतलबी छ !"

३९. निर्मलका घरमा फेरि उही अघिकै दु:ख र दरिद्रताको पुनरागमन भयो । उही मासिक साठी रुपियाँको आय, खोपामा उही टुकीको धमिलो बत्ती, उही फाटेका काने जुत्ता, उही घुँडा टालेका सुरुवाल । दु:खले पुनराक्रमण गरे पनि उनी कत्ति विचलित भएनन् किनकि जान्ने भएदेखि नै उनलाई दु:ख र अभावले कुनै दिन छाडेका थिएनन् । त्यसो हुनाले दु:ख सहनमा उनी अभ्यस्त भइसकेका थिए । यसबिचको दुई चार वर्षको सुख सन्तोषलाई उनले बादलको छाया जस्तो मानेका थिए ।

४०. बिहान झिसमिसैमा उठेर एकसरो बर्को ओढेर बाग्मती पुग्थे । नुहाएर सूर्योदयसम्म जप गरेर घर फर्कन्थे, अनि पूजा गर्थे र शोभाले बनाएको दुई गाँस रुखासुखा खाएर पाठशाला जान्थे । परमेश्वरले धन दौलतमा ठगेको भए पनि लक्ष्मी जस्ती पति परायण पत्नी पाएका हुनाले उनले सबै दु:ख र अभावलाई बिर्सेका थिए ।

४१. यस दारुण दु:खले निर्मल र शोभाका शरीरमा त उति परिवर्तन गर्न सकेको थिएन, किन्तु हरि र वसुधा चाहिँ ओइलाएका फुल झैँ कान्तिहीन देखिए । किनकि नित्यप्रति अनेक प्रकारको अभावले गर्दा यी कलिला बालकहरूका पेटमा पौष्टिक आहार कहिल्यै पर्न पाउँदैनथ्यो ।

४२. दुई वर्षपछिको कुरो हो । एक दिन बिहान शोभा भान्साको तर्खर गर्न लागेकी थिइन् । त्यस्तैमा एउटी महिला निर्मलको घर सोध्दै तलामा उक्ली । अचानक एउटी नौली महिलालाई देखेर शोभाले उत्सुकतापूर्वक सोधिन्, "कहाँबाट आएकी बहिनी ?"

४३. "जुद्ध सडक मास्टर बाजेको घरबाट ।"

४४. "को मास्टर बाजे ?"

४५. "मास्टर बाजे क्या, हजुरका देवर ।"

४६. देवर भनेको सुन्नेबित्तिकै शोभा झसङ्ग भइन् । उनका हृदयमा अनेक प्रकारका अमङ्गल सूचक भावनाहरू उठ्न लागे । सशङ्कित भएर सोधिन्, "मास्टर बाजेलाई सन्चै छ ?"

४७. आगन्तुक महिलाले गहभरि आँसु पारेर भनी, "सारै बिरामी हुनहुन्छ बज्यै ! डाक्टर वैद्यहरू पनि 'खोइ, तर लाग्न गारो भो' भन्न लागे । आज बिहान झिसमिसैमा 'म मर्न लागेँ, भाउजूलाई बोलाइदेऊ' भनेकाले लिन आएकी बज्यै । 'नली नआउनू' भन्नुभएको छ ।

आजकल खालि 'भाउजू भाउजू' भनेर रोइरहनुहुन्छ ।"

४८. शोभाका आँखाबाट आँसुका थोपा झर्न लागे । आँचलका छेउले आँखा पुछ्दै रुन्चे स्वरले भनिन्, "यस्तो हुने रहेछ र पो आज दस बार दिनदेखि तारन्तार छाती चर्किरहन्छ ।" यति भनेर शोभा घरमा गर्नुपर्ने काम कुराहरू वसुधालाई अराउन सिकाउन लागिन् ।

४९. दस बजेतिर शोभा रामुका घरमा पुगेर उनको कोठामा पसिन् । त्यस बेला रामुलाई निद्रा परेको रहेछ । रामुका कोठाको छाँटकाँट देखेर शोभा दुःखी भइन् । कोपरा नमाझेर कालो भैराखेको, फिकदानीमा झिँगा भन्किराखेका, ठाउँ ठाउँमा कसिङ्गर थुप्रिराखेका, मैला लुगाहरू यताउति छरिइराखेका, किताब र छापाहरू जथाभावीसँग मिल्किरहेका थिए । ओछ्यानमा मैलो तन्ना ओछ्याइराखेको, रामु पनि मैलो कमिज सुरुवाल लगाएर मैलो दोलाईं ओढेर सुतिरहेका थिए । दुब्लाएर हातगोडा सिन्का जस्ता भएका, शरीर रक्तहीन, केश रुखो, अनुहार फुङ्ग उडेको, दारीजुँगा र हातगोडाका नङ लामा लामा भैराखेका, कोठामा बिरामी कुर्ने मानिस कोही पनि नबसेका, पल्लो कोठामा सानु छोरो रोइरहेको । घरको यस्तो बीभत्स दृश्य देखेर शोभाको मन एकतमासको भयो । पल्लो कोठामा गएर छोरालाई बोकेर ल्याइन् र कोठामा छरिएका मालताल सिहार्न लागिन् । मैला लुगाहरू सबै एक एक गरेर मिलाएर राखिदिइन् । कोपरा लगेर कोठाबाहिर बरन्डाको कुनामा राखिन् र छोरालाई काखमा लिएर रामुको ओछ्यानअगाडि चकलामा बसिन् ।

५०. एक छिनपछि रामु बिउँझे । आफ्ना अगाडि अप्रत्यासित जननी जस्ती भाउजूलाई देखेर रुन्चे मुख लाएर आफ्नो कपाल घिसार्दै भाउजूका गोडामा पुऱ्याएर छातीमा भक्कानु पारेर रुँदै क्षीण स्वरले भने, "भाउजू, म मर्न लागेँ, मेरा हरि र वसुधा कहाँ छन् ?"

५१. शोभाले आँसु झार्दै रामुको कपाल तकियामाथि राखेर उनको निधार छामिन्, भुङ्ग्रो जस्तो जरो रहेछ । अनि शोभाले रामुको कपाल सुम्सुम्याउँदै रुन्चे स्वरमा भनिन्, "नरोऊ बा ! म आइपुगेँ । अब तिमीलाई बिसेक हुन्छ ।"

५२. एक छिनपछि मयलले कालो भएको धोती र मैलो जनै लाएको एक जना मानिसले एउटा मैलो गिलासमा बार्ली लिएर आयो र रामुका अगाडि राखिदियो । बार्ली पनि कालो कालो रहेछ । शोभाले मनमनै भनिन्, "बिरामीको पथ्य आधा दिनमा तयार भएर आउँछ, उसमाथि यस्तो मैलो, लोग्नेको गति यस्तो छ, स्वास्नी चाहिँ एक पटक पनि कोठामा पसेको देखिँदैन, घरमा स्वास्नी अगतिली भएपछि लोग्नेको यस्तै दुर्दशा हुन्छ ।"

५३. शोभाले बार्ली ल्याउने मानिसका मुखपट्टि हेरेर भनिन्, बार्ली के ताप्केमा पकाउने गरेको छ ?"

५४. उसले लाज माने जस्तो गरेर भन्यो, "हजुर ।"

५५. "दुलही बजै खै नि ?"

५६. "आज मुमासँग दक्षिणकाली जान्छु भनेर बिहानै माइत जानुभो ।"

५७. अब शोभाले रामुको सुश्रूषा आफ्ना हातमा लिइन् । बाकसबाट धोएका लुगाहरू झिकेर

रामुका लुगा फेरिदिइन् । ओछ्यानमा पनि धोएका तन्ना, खोलहरू हालिदिइन् । धोबी बोलाएर मैला लुगाहरू धुन दिइन् । कोठामा दिनको दुई पटक बढारकुँढार हुन लाग्यो । कोपरा फिक्दानीहरू रोजै माझिन लागे । कोठामा बिहान बेलुका दुई टाइम धूप सल्काइदिन्थिन् । औषधी र पथ्य टाइममा पर्न थाले । दिनरात रामुका सिरानीनेर बसेर रुमालले हम्किरहन्थिन् । आफ्नो दैनिक जीवनमा यति ठुलो परिवर्तन भएको देखेर रामु अपार आनन्दमा निमग्न भैराखेका थिए ।

५८. भोलिपल्ट बिहान डाक्टर आए । कोठाको रौनक नै बदलिएको र एक जना प्रौढा नारी रामुका सिरानीनेर रुमाल हम्किरहेको देखेर डाक्टरले आश्चर्य भएर सोधे, "उहाँ को हुनुहुन्छ ?"

५९. रामुले रुन्चे मुख लाएर भने, "आमा !"

६०. शोभाले गहभरि आँसु पारेर सारीको सप्को कपालतिर तानिन् ।

६१. शोभाको अविराम सुश्रूषा पाएर रामु आरोग्य हुँदै गए । रामुको बालक छोरो दिनेश शोभालाई एक छिन छोड्दैनथ्यो ।

६२. अब रामु राम्रो प्रकारले आरोग्य भए । जिउ पनि निकै फेरियो । भान्सा कोठासम्म गएर खाएर आउन लागे । आफ्ना कोठा र बार्दलीमा टहल्न पनि थाले ।

६३. एक दिन बेलुकीपख एउटा कार आएर रामुको ढोकानेर उभियो । त्यस बेला शोभा भान्साकोठामा रामुलाई चिया बनाइरहेकी थिइन् । रामु चाहिँ कोठामा बसेर शोभाका सारी, पछ्यौरा, आफ्नो धोती, रुमाल, एउटा तन्ना, एउटा तकिया हालेर पोको बाँध्न लागे । पोको बाँधिसकेपछि रामु तारन्तार 'भाउजू ! भाउजू !' भनेर बोलाउन लागे ।

६४. एक छिनपछि 'छोराछोरीको बुबा भइसक्दा पनि यस केटाको जिद्दी र हत्पते स्वभाव कत्ति गएन !' भनेर गुनगुनाउँदै शोभा एउटा प्लेटमा चिया कप र एउटा प्लेटमा पाँच छ टुक्रा तारेको आलु, चार ओटा बिस्कुट लिएर आइन् । प्लेटहरू टेबिलमा राखेर कुर्सी सोझ्याउँदै उनले भनिन्, "आज चिया तयार पार्न अलि अबेर भयो बा ! लौ खाऊ !"

६५. रामु छोरालाई अर्को कुर्सीमा राखेर आफू पनि कुर्सीमा बसेर चिया खान लागे । बिच बिचमा आलुका एक दुई टुक्रा छोरालाई पनि दिन्थे । शोभा कुर्सीनेर उभिएर रुमाल हम्किरहेकी थिइन् । रामु लुगासुगा लगाएर तयार भैराखेको देखेर शोभाले भनिन्, "तिमी डुल्न जान आँट्यौ क्यारे बाबु ! जिउमा तागत भरिएको छैन, अहिल्यै डुल्न जान हुँदैन बा !"

६६. रामु केही बोलेनन् ।

६७. चिया खाइसकेपछि, हातसात धोएर मुख पुछे । अनि छोरालाई उचालेर शोभालाई समाउन दिएर भने, "लौ भाउजू, अब घर जाऔँ, मोटर ल्याएको आधा घण्टा भइसक्यो ।"

६८. शोभाले आश्चर्य मानेर भनिन्, "कहाँ घरमा जाने बाबु ?"

६९. "आफ्ना घरमा, जहाँ तपाईं बस्नुहुन्छ, जहाँ दाजु हुनुहुन्छ, जहाँ हरि र वसुधा छन् । मेरो

घर त्यही हो भाउजू ! यहाँ यिनीहरूले मलाई अकालमा मार्छन् !"

७०. शोभाले गहभरि आँसु पारेर भनिन्, "दाजुसँग एक वचन नसोधीकन जाने ?"

७१. "मेरो देवता जस्तो दाजुले मलाई कुन दिन घरबाट निकाल्नुभएको थियो र आज सोध्ने ? आफैँ उम्लिएर हिँडेको थिएँ, आफैँफर्केर जान्छु, उहाँको स्वभाव मैले जानेको छु ।"

७२. लुगा बाँधेको पोको झुन्ड्याएर रामु हिँडे । शोभा छोरो काखी च्यापेर पछि पछि लागिन् । रामु र शोभा मोटरनेर पुगेपछि ड्राइभरले मोटरको ढोका उघारिदियो । देवर र भाउजू मोटरमा बसे, अनि मोटर हिँड्यो । रामुकी दुलही चाहिँ झ्यालमा बसेर फतफताउन लागिन् ।

७३. केही बेरपछि मोटर निर्मलका ढोकामा पुगेर उभियो । रामु लुगाको पोको झुन्ड्याएर तलामा उक्ले । खोपामा टुकीको धमिलो बत्ती बलिरहेको, निर्मल, हरि र वसुधाहरू मैला लुगा लगाएर खाटमुनिको सुकुलमा बसेर तरकारीसँग चिउरा फाँक्न लागेका । निर्मल अत्यन्त दुब्ला, छुस्स दारी पालेका, हरि र वसुधा पनि ओइलाएका फुल जस्ता कान्तिहीन, घर एकदम श्रीहीन । यी सबै दृश्य देखेर रामुका गहभरि आँसु भयो, मन मनमा भने, "शिव ! शिव ! मैले आफ्ना परिवारको कति ठुलो अनिष्ट गरेँ । परमेश्वर, म कृतघ्न हुँ । मेरो पौरखलाई धिक्कार छ !"

**शब्दार्थ**

**प्रत्यागमन** : फर्केर आउने काम, फर्कने काम

**भोगटे** : ज्यामिर जातको डल्लो र ठुलो बाक्ला बोक्रा भएको रसिलो र गुलियो जातको फल

**हलुवाबेत** : कडा कडा पात, सेता फुल, राता मझौला खालका गुलिया फल हुने एक रुख

**ढुङ्ग्रो** : भित्रपट्टि खोक्रो भएको बाँस, पाता आदिको नली जस्तो वस्तु

**असरल्ल** : लथालिङ्ग, अलपत्र, समालिन नसक्ने अवस्थाको

**जिलेवी** : रोटीको सानो प्रकार, जेरी

**धितो** : आसामीले लिएको ऋण सम्बन्धी धनबापत साहु वा धनीलाई तमसुकमा लेखिदिएको घर, जग्गा आदि

**बरियाँत** : विवाहमा बेहुलाका साथ बेहुलीका घरमा जाने आमन्त्रित व्यक्तिहरूको समूह, जन्ती

**सियाँली** : नयाँ दुलहीको आगमन हुँदा पूजाको सामान लिएर विधिपूर्वक गरिने आरती

**जीआमा** : हजुरआमा

**आँचल** : पछ्यौरा, बर्को, च्यादर

**बर्कत** : मानिस वा अन्य प्राणीमा भएको शारीरिक शक्ति, बल

**जजमान** : कर्मकाण्डको विधान जान्नेको निर्देशनमा पाठपूजा गर्ने व्यक्ति

**तामदान** : मानिसले मानिसलाई बोक्ने साधन

**खर्पन** : दुवै छेउमा डालाका आकारका भाँडा झुन्ड्याई नोललाई काँधमा हाली माल सामान बोक्ने साधन

**बुहार्तन** : बुहारीको काम वा अभिभारा, बुहारीले गर्नुपर्ने घरधन्दा, घरको पिरलो र सकस

**लम्पट** : सानो खालको पातलो डस्ना

**छिँडी** : तला हुने घरको सबभन्दा तल्लो तलो, भुइँतलो

**मुगी** : मासका जस्ता पात हुने, पहेँला फुल फुल्ने र लामा लामा कोसाभित्र मसिना दाना हुने एक अन्न, मुङ

**पूर्वाभास** : पछि हुने कुनै काम कुरा आदिको पहिले नै देखिने लक्षण, पछि आउने परिस्थिति वा हुने घटनाको पूर्व लक्षण

**मालमत्ता** : माल सामान

**लरी** : छाना नभएको एक प्रकारको ट्रक

**बर्को** : सानो एकसरो ओढ्ने वा पछेउरा विशेष, मजेत्रो

**दारुण** : कठोर, कडा, भयानक

**कान्तिहीन** : सौन्दर्यहीन

**कोपरा** : प्रायः केटाकेटी वा बिरामीलाई दिसा पिसाब गराइने पित्तल वा आलमोनियम आदिको भाँडा

**फिकदानी** : थुक्ने भाँडो

**बीभत्स** : घिनलाग्दो वस्तु, घृणा उत्पन्न गराउने

**बरन्डा** : घरको मुख्य भागदेखि बाहिरपट्टि गाँसिएको छानासहितको भाग, बार्दली, कौसी

**चकला** : रोटी बेल्ने प्रायः बाटुलो आकारको काठको सानो चौकी

**भुङ्ग्रो** : दाउरा बलिसकेपछिको आगोको ढकढकाउँदो अवस्था, आगोको फिलिङ्गाको थुप्रो

**बार्ली** : बिरामीका लागि तयार पारिएको एक प्रकारको रसयुक्त खानेकुरा

**आरोग्य** : रोग नभएको अवस्था, तन्दुरुस्ती

**तारन्तार** : लगातार , निरन्तर

**श्रीहीन** : शक्ति नभएको, कान्तिविहीन

**कृतघ्न** : गरेको उपकार नदेख्ने वा नमान्ने, बैगुनी

## ३. कथासार

निर्मलले १६ बर्से शोभालाई विवाह गरी श्रीमतीका रूपमा घर भित्र्याएका थिए । निर्मलको सौतेनी आमाबाट भर्खर भाइ रामु जन्मेको थियो । रामु एक वर्षको हुँदा बाबु परलोक भए र आमा पनि रामुलाई डेढ वर्षको उमेरमा निर्मल र शोभाको काखमा छोडेर परलोक सुधारिन् । त्यसपछि रामुको

आमा र बाबुको अभिभावकीय दायित्व निर्मल र शोभाको काँधमा आयो ।

निर्मल गाउँको विद्यालयमा शिक्षक थिए । उनले मासिक ६० रुपियाँ पाउँथे । निर्मलको परिवारको आम्दानी त्यही ६० रुपियाँ मात्र थियो । सौतेनी भाइ र देवर नभनी उनीहरूले रामुलाई आफ्नै काखको सन्तान जस्तै गरी पालन पोषण र शिक्षा दीक्षाको काममा कुनै कमी नगरी हुर्काउने र पढाउने काम गरे । रामुले पनि दाजु र भाउजूको श्रम र लगानी खेर जान दिएन । उसले प्रथम श्रेणीमा एमएस्सी पास गऱ्यो र सबैको हाइ हाइ बन्न पुग्यो ।

पुरोहित उत्तमराज पण्डितले आफ्नी छोरीको विवाह रामुसँग गरिदिए । सुरुका केही महिना त दुलहीनानी माइतमा नै बस्ने र कहिलेकाहीँ मात्र घरमा आउने गर्थिन् । रामु त्रिचन्द्र कलेजको प्रोफेसर भएपछि मासिक ६० रुपियाँ आउने घरमा ५६० आउन थाल्यो । भाउजूको दुःख देखेर रामुले घरमा भान्से राख्यो । मासिक तलब पनि सुरु सुरुमा त शोभालाई दिन्थ्यो । केही महिनापछि दुलहीनानी घरमा आएर बस्न थालिन् । घरमा रामुले गरेका यी सबै कुरा दुलही नानीलाई मन परेन । उसले रामुलाई बिस्तारै बिस्तारै परिवारबाट टाढा बनाउन सफल हुँदै गई । आमा समान सम्मान र मर्यादा गर्ने दाजु भाउजूसँग बोलचाल कम हुन थाल्यो । देवता समान दाजुसँग ठाकठुकसम्म भयो । आफ्ना आमा बाबुसँग भन्दा नजिक हुने काकासँग भतिजा भतिजी टाढा हुँदै गए । धनी बाबुकी छोरी घरधन्दा र परिवारको मान मर्यादामा भन्दा आफ्नो ऐस आराममा श्रीमान् र जेठानीबाटै सेवा गराउन थाली । एक दिन अचानक घरमा गाडी बोलाएर आफ्ना सबै सरसामान लिएर दुलही नानी र रामु घर छोडेर ससुराली घरमा बस्न थाले । त्यसपछि निर्मलको परिवारमा उही पुरानो दरिद्रता दोहोरिएर आयो । कलिला केटाकेटी पौष्टिक आहारको कमीले ओइलाएको फुल झैँ हुँदै गए तथापि निर्मल र शोभा आफ्नो कर्तव्य पुरा गरेकामा सन्तुष्टि लिँदै त्यही गरिबी र अभावमा जीवन चलाउन थाले ।

एकदिन अकस्मात एकाबिहानै एकजना महिला शोभाको घरमा आएर “तपाईंका देवर रामु सिकिस्तै बिरामी हुनुहुन्छ एकपटक भेट्न बोलाइदिनु भन्नुभएकाले आएकी हुँ” शोभालाई भनिन् । शोभा हतारिँदै रामुको कोठामा पुगिन् । कोठा फोहोरै फोहोर र रामु जिङ्ग्रिङ्ङ परेको सुकेर फुकिढल्नुभएको उसको अवस्था देखेर आँखाबाट तरक्क आँसु चुहाइन् । त्यो अवस्थाबाट थाहा हुन्थ्यो दुलही बज्यैले रामुको कुनै वास्ता र स्याहार गर्दिनन् भनेर । उनले कोठाको फोहोर सफा गरिन्, रामुको देखभाल औषधी उपचारमा लागिन् । उनको ममता र स्याहारले रामु बिस्तारै निको हुँदै गयो । एकदिन शोभालाई रामुले घर फर्किने अनुरोध गऱ्यो र दुलही बज्यैलाई त्यहीँ छोडेर सानो छोरोसहित रामु र शोभा घर फर्किए । आफूले गरेको गल्तीप्रति पछुताउँदै दाजु भाउजूसँग माफी माग्यो र उनीहरूले पनि सहजरूपमा रामुलाई स्विकारे ।

## ४. पाठगत अभ्यास

१. तलका शब्दहरूको अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस् :

बर्को, दारुण, कान्तिहीन, कोपरा, फिकदानी, वीभत्स, बरन्डा, चकला, भुङ्ग्रो, बार्ली, आरोग्य, श्रीहीन, कृतघ्न

**उदाहरण** : बर्को: सानो ओढ्ने कपडा, पछेउरा, मजेत्रो

वाक्य : लताकी आमाले **बर्को** ओढिन् ।

२. पाठगत सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

सङ्क्षिप्त उत्तर लेखन प्रश्नको नमुना प्रश्नोत्तर :

**(क) प्रत्यागमन कथाको मूल आशय के हो ?**

**उत्तर** : प्रत्यागमन कथामा कथाकार मैनालीले सामाजिक विषय वस्तुलाई मूल कथ्य बनाएर कथाको विषयवस्तु प्रस्तुत् गरेका छन् । कथाको आशय सामाजिक मूल्य, मान्यता र मानवतालाई बचाउने हामी सबैको दायित्व हो भन्ने हो । कथाको मुख्य पात्र निर्मल, शोभा र रामु, दाजु भाउजू र देवरबिचको सम्बन्धलाई आधार बनाएर रचना गरिएको प्रत्यागमन कथामा निर्मल र शोभालाई समाजको एक आदर्श दाजु भाउजूका रूपमा चित्रण गरिएको छ ।

रामुप्रति उसका दाजु भाउजूले निर्वाह गरेको भूमिकाले पनि मानवता तथा नाता सम्बन्ध बढी ठुलो कुरा हो धन सम्पत्ति केही होइन यसले अहंकार सिर्जना गर्छ तर दीर्घकालीन सुख यसबाट प्राप्त हुँदैन भन्ने कुरालाई रामुको अवस्थाबाट प्रस्ट पार्न खोजेको देखिन्छ । धन सम्पत्तिको रवाफले नाता सम्बन्ध र मानवतालाई कायम राख्न सक्तैन भन्ने कुरा दुलही बज्यैको चरित्रबाट प्रष्ट पार्न खोजिएको छ । आफ्ना संस्कार, मानवीय धर्म संस्कृति, मूल्य मान्यता हामीले भुल्न हुँदैन । नाता सम्बन्धबिचमा सम्पत्तिको क्षणिक सुविधाको आसमा आफ्नो कर्तव्य र दायित्वबाट पन्छिनु हुँदैन भन्ने कुरा पनि कथाले प्रस्तुत गर्न खोजेको छ । फलको आस नगरी आफ्नो दायित्व पुरा गरे एक न एक दिन त्यसले सम्भने छ भन्ने कुरा निर्मल र शोभाको भूमिका तथा रामुको पश्चाताप् तथा घर आगमनको प्रसङ्गबाट बुझ्न सकिन्छ । आपसी सम्बन्ध र नातालाई अटुट कायम राखिराख्नका लागि परिवारका सबै सदस्यको बरोबर हात रहेको हुन्छ तर त्यसमा सबैको त्याग र समपर्ण भने चाहिन्छ भन्ने शिक्षा यस कथाले दिएको छ ।

यसरी प्रत्यागमन कथामा कथाकारले मानिस भएर जन्म लिएपछि हामीले आफ्नो कर्तव्यबाट कति पनि विमुख हुनुहुँदैन भन्ने आशय व्यक्त गरिएको छ । यसका साथै हामीले आफूले राम्रो सन्देश दिन सके अरूले पनि एक न एक दिन हामीलाई सम्भने छन् भन्ने प्रेरणादायी सन्देश कर्तव्य कथाले दिएको छ । नाता सम्बन्ध र मानवीय सम्बन्धभन्दा ठुलो धन सम्पत्ति हुन सक्तैन । मानवीय सद्भाव कायम राख्ने दायित्व हामी सबैको हो भन्ने आशय पनि कथाको छ ।

**(ख) सङ्क्षिप्त उत्तरात्मक प्रश्नका नमुनाहरू**

(अ) प्रत्यगमन कथाको निर्मल र शोभा कस्तो चरित्र भएका पात्र हुन् ?

(आ) निर्मल र रामुका बिच केकस्ता चारित्रिक अन्तरहरू देखिन्छन् ?

(इ) शोभाले कसरी आफ्नो कर्तव्य पुरा गरिन् ?

(ई) रामु र दुलही बज्यैको चरित्रले के पुष्टि गर्न खोजेको छ ?

(उ) प्रत्यागमन कथाले के सन्देश दिन खोजेको छ ?

३. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

सप्रसङ्ग व्याख्या गर्ने प्रश्नोत्तरको नमुना :

**"देवताको घरमा नभएको कुरो मानिसको घरमा किन हुन्थ्यो ?"**

**उत्तर** : "देवताको .............................................................हुन्थ्यो ?"

प्रस्तुत हरफ कक्षा १० को नेपाली पाठ्य पुस्तकको प्रत्यागमन नामक कथाबाट निकालिएको हो । यस कथाका रचनाकार गुरुप्रसाद मैनाली हुन् । यस कथामा नाता सम्बन्ध, मानवीयता र भ्रातृत्वप्रेमलाई देखाउन खोजिएको छ । प्रस्तुत् हरफ आफ्नै कोखबाट जन्मेको छोरो जस्तै गरी गरिबी र अभावको कत्ति प्रभाव पर्न नदिई पालन पोषण, शिक्षादीक्षा दिई विवाह गरिदिएका बाबुआमा समानका दाजु भाउजूलाई त्यागेर श्रीमतीको बहकावमा घर छोडेर हिँडेका रामुको व्यवहार देखेपछि गाउँलेले अभिव्यक्त गरेका हुन् ।

उक्त हरफमा नाता सम्बन्ध र भ्रातृत्व प्रेमको वेवास्ता गर्ने रामुप्रति व्यङ्ग्यात्मक सङ्केत गरिएको छ ।

मानवलाई सर्वश्रेष्ठ विवेकशील प्राणी मानिन्छ किनभने संसारका सबै प्राणीहरूमध्ये कुन कुरा सही हो र कुन कुरा गलत हो भनेर छुट्याउन सक्ने ज्ञान र विवेक केवल मानवसँग मात्र हुन्छ । त्यसैले प्रत्येक कुरा गर्दा कमसेकम एकपटक मात्र भए पनि सोचेर गर्नु आवश्यक छ । नाता सम्बन्ध मात्र नभएर आफूलाई उपकार गर्ने प्रति कृतघ्न हुने र धनको अहङ्कार बोकेकी श्रीमतीको बहकावमा लागेर गरेको निर्णय सदाकालीन सुखी हुँदैन । प्रस्तुत प्रत्यागमन कथाले पनि मानवीय चरित्र, स्वभाव र विवेकशीलताको कुरालाई बडो रोचक ढङ्गले प्रस्तुत गरेको छ । कथाको विषयवस्तुअनुसार निर्मल, शोभा, रामु र दुलही बज्यैका बिचमा देखिएको मानवीय चरित्र तथा स्वभाव एकआपसमा फरकफरक छन् । दाजु भाउजूले आफ्नो कर्तव्य र जिम्मेवारी वा दायित्वबाट कत्ति पनि विमुख भएका छैनन् । उनले आफ्ना बाबु र सौतेनी आमाले उनका काखमा छोडेर गएका डेढ बर्से भाइ र देवरप्रतिको नाता सम्बन्ध र मानवीय दायित्वप्रतिको जिम्मेवारी पुरा गर्न हरतरहले प्रयास गरेका छन् । त्यसैकारण कथामा दाजु भाउजूले सौतेनी नाता नभनेर गरेको उपकारको बेवास्ता गर्दै घर त्यागेर हिँडेको रामुको व्यवहारलाई देखेर गाउँलेहरूले देवताको घरमा नभएको कुरो मानिसको घरमा किन हुन्थ्यो भनेका छन् । यस प्रसङ्गको आशय वा अर्थ देवताले त सौतेनी नाताको कटुतालाई मेटाउन सकेनन् भने मानवले कसरी मेटाउन सक्छन् भन्ने नै हो ।

यसरी प्रत्यागमन कथामा उक्त भनाइको आशयअनुसार मानिसले आफू विवेकशील प्राणी भएकाले सोचविचार गरी आवश्यकतानुसार आफ्नो कर्तव्य र जिम्मेवारीको ख्याल राख्नुपर्दछ भन्ने देखिन्छ । उपकार गर्नेहरूप्रति सधैँ कृतज्ञ रहनुपर्छ, यसो गर्न सकेमा मात्र मानिस मानिस भएर बाँचेको सार्थक हुन्छ । उचित अनुचितको सोच विचार गरेर निर्णय लिनुपर्छ । हामी सबैले यस कुरालाई मनन् गरेर जीवनमा आइपर्ने निर्णय लिन सकेमा मात्र जीवन सुखी बन्न सक्छ भन्ने सन्देश उक्त पङ्क्तिको सारमा प्रस्तुत गरिएको छ ।

(ख) सप्रसङ्ग व्याख्या गर्ने सम्भावित प्रश्नहरू

(अ) परमेश्वरले धन दौलतमा ठगेको भए पनि लक्ष्मी जस्ती पति परायण पत्नी पाएका हुनाले उनले सबै दुःख र अभावलाई बिर्सेका थिए ।

(आ) म आफ्ना रापले आफैँ पिल्सिराखेको मानिसलाई किन घोच्छस् ?

४. **पाठगत लामो उत्तर लेख्नुहोस् :**

**लामो उत्तरको नमुना :**

**(क) 'प्रत्यागमन' कथामा कथाकारले हाम्रो समाजका के कस्ता वास्तविकताहरूलाई देखाउन खोजेका छन् ? लेख्नुहोस् ।**

**उत्तरः** 'प्रत्यागमन' कथा, कथाकार गुरुप्रसाद मैनालीद्वारा रचना गरिएको एक उत्कृष्ट सामाजिक कथा हो । मैनालीका प्रायः सबै कथामा समाजका यथार्थ घटना वा वस्तुतथ्यलाई टपक्क टिपेर त्यसमा थोरै आदर्शको मात्रा पनि घोलिएको हुन्छ । मानिसका दुःख, पीडा, ग्रामीण समाजका मूल्य र मान्यता एवम् मानवीय संवेदनालाई मैनालीका कथामा जीवन्त रूपमा देख्न सकिन्छ । प्रस्तुत प्रत्यागमन कथामा पनि यस्तै ग्रामीण समाजको वास्तविक सत्यलाई सजीव रूपमा चित्रण गरिएको छ ।

प्रस्तुत कथामा निर्मल र शोभाले सौतेनी डेढ बर्से भाइ र देवरको पालन पोषण र शिक्षादीक्षाको जिम्मेवारी सौतेनी कटुतालाई टाढा राखेर इमानदारीपूर्वक पुरा गरेका हुन्छन् । रामुले दाजु भाउजूलाई बाबु र आमाकै रूपमा मान्दछ । रामुले एमएस्सी पास गरेपछि त्रिचन्द्र कलेजमा प्रोफेसरका रूपमा नियुक्ति हुन्छ । पढालेखा युवक देखेर पुरोहित उत्तमराज पण्डितले आफ्नो छोरीको विवाह रामुसँग गरिदिन्छन् तर धन सम्पत्तिले उन्मत्त दुलही बज्यैले निर्वाह गर्नुपर्ने देवरानी र श्रीमतीको जिम्मेवारी पुरा नगरी रामुलाई नै परिवारबाट अलग्याएर माइतीघरमा लगेर बस्न थाल्छे । श्रीमतीको सद्‌भाव, प्रेम र स्याहार नपाउँदा रामु सिकिस्त बिरामी पर्छ । एकदिन रामु सिकिस्त बिरामी भएको खबर आउँछ । भाउजूले पुराना सबै कुरा भुलेर सन्तान जस्तो देवरलाई स्याहार सुसार गरी तन्दुरुस्त बनाउँछिन् । रामुले आफ्नै घरमा फर्कने इच्छा गर्छ र उसलाई सहर्ष घरमा ल्याएर राख्छिन् । रामु आफूले दाजु भाउजूप्रति गरेको कृतघ्नताप्रति पश्चात्ताप गर्छ ।

यसरी प्रस्तुत कथाको कथावस्तु वास्तविक ग्रामीण जीवन वा नेपाली समाजको यथार्थ वास्तविकता बोक्न सफल भएको छ । हाम्रो समाजमा अझै पनि धनी र गरिब घर परिवारबिचको नाता सम्बन्धले घरलाई भाँडेको प्रशस्त उदाहरणहरू छन् । सोच विचारबिनै गरेका निर्णयले पश्चात्तापमा पर्नुपरेका तथ्यहरू पनि फेल पर्छन् । श्रीमतीका नचाहिँदा सल्लाहमा लागेर आफ्ना जन्म र रगतका नाता सम्बन्ध टुटेका घटना पनि पाइन्छन् । इमानदारीपूर्वक सौतेनी कटुतालाई भुलेर आफ्ना इच्छा आवश्यकतालाई थाँती राखेर उपकारमा रमाउने व्यक्तित्व पनि समाजमा देख्न सकिन्छ । दुःखका बेला आफन्त चाहिन्छ भन्ने कुरालाई रामुको बिरामी अवस्थामा शोभाले गरेको सेवाको जीवन्त रूप पनि कथामा देख्न सकिन्छ । यसका साथै हरेक व्यक्तिका चरित्र र क्रियाकलाप समुदायका सदस्यले मूल्याङ्कन गरिरहेका हुन्छन् भन्ने कुरा पनि प्रदर्शन गरेको छ । त्यसैगरी स्वार्थ, अहङ्कार र कर्तव्य

विमुख हुँदा आफन्त सधैँ आफन्त रहँदैनन् भन्ने कुरा पनि रामुले दुलही बज्यैलाई छोडेर घर फर्केको अवस्थाले सजीव बनाएको छ । यसरी समग्रमा हेर्दा प्रत्यागमन कथामा नेपाली समाजको जीवन्त रूप प्रस्तुत भएको देखिन्छ र प्रस्तुत कथाले नेपाली समाजका पारिवारिक परिघटनालाई यथार्थ रूपमा प्रस्तुत गर्न खोजेको देखिन्छ ।

सरल भाषा र ग्रामीण नेपाली बोलचालको भाषाशैलीमा लेखिएको प्रस्तुत कथाले नेपाली समाजको वास्तविकतालाई सजीव रूपमा चित्रण गरेको छ ।

**(ख) सम्भावित प्रश्नहरू**

(अ) 'प्रत्यागमन' कथाले धनसम्पत्तिभन्दा नातासम्बन्धलाई बढी जोड दिएको छ, यसो गरेर कथाकारले के कुरालाई सङ्केत गर्न खोजेका हुन् ?

(आ) शोभा र दुलही बज्यैको चरित्र तुलना गर्दै शोभाले आफ्नो कर्तव्य कसरी पुरा गरिन् ? स्पष्ट पार्नुहोस् ।

(इ) 'प्रत्यागमन' कथाका माध्यमबाट भ्रातृत्व प्रेमलाई कथाकारले केकसरी देखाउन खोजेका छन् ? विवेचना गर्नुहोस् ।

**६. कथालेखन नमुना**

**तल दिइएका बुँदाहरूका आधारमा छोटो कथा तयार पारी उपयुक्त शीर्षक दिनुहोस् :**

एउटा जङ्गलमा हात्ती र बाँदर सँगै मिलेर बस्नु र सँगै खानेकुरा खोज्नु ..... एक दिनको ठुलो भन्ने विषयमा झगडा पर्नु ......लाटोकोसेरालाई झगडा छिनिदिन अनुरोध गर्नु ........... लाटोकोसेराले दुवैलाई खोलापारिबाट नरिवल टिपेर ल्याउन लगाउनु.....................खोलो तर्दा बाँदर हात्तीको पिठिउँमा चढ्नु र खोलो तर्नु... नरिवलको रूख ज्यादै अग्लो हुनु... हात्तीले बाँदरलाई नरिवल टिपेर ल्याउन अराउनु.... बाँदरलाई नरिवल बोक्न अप्ठेरो हुनु.. हात्तीले मुखमा च्याप्नु... लाटोकोसेराले नरिवल कसरी ल्यायौ भनी सोध्नु ...... दुवैले समान कार्य गरेकाले दुवै आ-आफ्ना काममा ठुला छौ भनी लाटकोसेराले बताउनु... पहिलेजस्तै मिली जङ्गलमा बस्न थाल्नु ............ मिलेर बस्दा र काम गर्दा सबैलाई राम्रो हुने कथाले सन्देश दिनु ।

**शीर्षक : बराबर**

चारकोसे झाडीको एउटा छेउमा कर्णकान्त नाउँको हात्ती र चकचकानन्द नाउँको बाँदर सँगै बस्थे । उनीहरू असाध्यै मिल्थे । उनीहरू सँगै खानेकुरा खोज्न निस्कन्थे र सँगै फर्कन्थे । एकदिन कर्णकान्तले सुँढ उचाल्दै भन्यो, "ए चकचके ! तँ फुच्चेभन्दा त म कति ठुलो हेर ! मलाई देखेर सबै डराउँछन् ।" "इस् होला, तिम्रो ज्यान मात्रै ठुलो, तिमी रूखमा चढ्न सक्दैनौ, म त रूखमा चढेर कति मिठा फलफुल खान्छु । तिमीभन्दा त मै ठुलो हुँ ।

" चकचकानन्द पनि पछि परेन । उनीहरूमा झगडा पर्लाजस्तै भयो । झगडा गर्नु पनि उचित थिएन । उनीहरूले को ठुलो भन्ने विषयमा लाटोकोसेरालाई निर्णय गरिदिन र झगडा छिनिदिन अनुरोध गरे । लाटोकोसेराले सबै कुरा सुनेपछि नजिकैको खोलो देखाउँदै भन्यो, "हेर, त्यो खोलापारि नरिवलको रूख

छ । त्यहाँ गएर एउटा नरिवल टिपेर ल्याओ अनि म को ठुलो भन्ने निर्णय गरिदिउँला ।"

लाटोकोसेराको कुरा सुनेर दुवै खोला तर्न लागे । बाँदरलाई खोलो तर्न गारो भयो । ऊ छट्पटाउन थाल्यो । "ए चकचके ! के हेरेको ? आइज मेरो पिठिउँमा बस् ।" कर्णकान्तले बाँदरलाई बोलायो । बाँदर हात्तीको पिठिउँमा चढेपछि दुवैले खोलो तरे र नरिवलको बोट छेउमा पुगे । नरिवलको बोट ज्यादै अग्लो थियो । हात्तीले नरिवल टिप्न सक्दैनथ्यो । उसले बाँदरलाई भन्यो, "ए चकचके ! ल तँ रूखमा चढेर नरिवल टिपेर ले ।" नभन्दै बाँदर खुरुर्र रूखमा चढ्यो र नरिवल टिपेर भुइँमा झऱ्यो । उसलाई नरिवल बोक्न गारो भयो । उसले एकछिन सोचेर भन्यो, "ए कर्णकान्ते, तिमी त बलिया छौ नि! ल यो नरिवल मुखमा च्याप अनि मलाई पनि बोकेर खोला तार ।"

हात्तीलाई करै लाग्यो । दुवै खोला तरेर लाटोकोसेराछेउ पुगे । उसले सोध्यो, "तिमीहरूले नरिवल कसरी ल्यायौ ?" दुवैले सबै कुरा बताए । त्यसपछि लाटोकोसेराले पखेँटा भ्याटभ्याट पार्दै भन्यो, "ल तिमीहरू दुवैले समान कार्य गरेछौ । तिमीहरू दुवै आआफ्ना काममा ठुला छौ । जाओ अब मिलेर बस । "लाटोकोसेराका कुरा सुनेर दुवै छक्क परे । त्यस दिनदेखि उनीहरू त्यही जङ्गलमा मिलेर बसे । यसरी मिलेर बस्दा र काम गर्दा सबैको भलो हुँदो रहेछ भन्ने कुराको कथाले सन्देश दिएको छ ।

**द्रष्टव्य** : कथा लेख्दा दिइएका बुँदालाई कथात्मक ढङ्गले विस्तार गर्नुपर्छ । पात्रका संवाद राख्न सके कथा अझ राम्रो हुन्छ । कथा लेखनमा विषय वस्तुको संयोजन, मौलिकता र शीर्षक, वाक्यगठन र प्रस्तुतीकरण (कथाको पूर्णता) र भाषिक शुद्धता पक्षको परीक्षण गरिन्छ । यस कुरालाई ध्यान दिँदै कथा लेखन अभ्यास गर्नुहोस् ।

## कार्यमूलक व्याकरण

**अपूर्ण पक्ष थाहा पाउन तलको अनुच्छेद याद गर्नुहोस् :**

नाथुराम जाँदै थियो, शिवानी आउँदै थिइन् । उनीहरू खाँदै थिए । यहाँ धातु+दै/तै+थि+य, इ, ए का रूप प्रयोग गरिएको छ । नाथुराम जाँदै छ, शिवानी आउँदै छिन्, उनीहरू खाँदै छन् । यहाँ धातु+दै/तै+छ, छिन्, छन् प्रयोग गरिएको छ । नाथुराम जाँदै हुने छ, शिवानी आउँदै हुनेछिन्, उनीहरू खाँदै हुने छन् । यहाँ धातु+दै/तै+हुने+छ, छिन्, छन् प्रयोग गरिएको छ । यी उदाहरण क्रमशः अपूर्ण भूत, अपूर्ण वर्तमान र अपूर्ण भविष्यत्का हुन् । त्यसैले जुन क्रियापदले हुँदै गरेको कामको अपूर्ण अवस्था जनाउँछ, त्यसलाई अपूर्ण पक्ष भनिन्छ ।

१. तलका अनुच्छेदमा रेखाङ्कन गरिएका क्रियापद अपूर्ण पक्षका हुन् । ती क्रियापद राम्ररी पढेर बुझ्नुहोस् :

राजनीतिक परिवर्तनपछि नेपाल नयाँ युगमा प्रवेश गर्दै थियो । नेपालीहरू रमाउँदै थिए । नेपाल नवीन सोच र इच्छा शक्तिका साथ अगाडि बढ्दै थियो । अब नेपाल समृद्धिको नयाँ चरणमा प्रवेश भनेर नेताहरू भाषण गर्दै थिए । नयाँ संविधान घोषणाको तयारी हुँदै थियो । नेपाली जनताहरू पनि उत्साहित हुँदै थिए । देश विदेशबाट शुभ कामनाहरू आउँदै थिए । छिमेकीहरू पनि नेपालको गतिविधिलाई नजिकैबाट नियाल्दै थिए । मेरा आमा बाबा पनि अब देशले प्रगति गर्दै छ भन्नु हुँदै थियो । मेरी सानी

छोरी आफू पढ्दै थिइन् तर पनि देशको बारेमा चिन्ता गर्दै थिइन् । उनले भाइलाई २०७२ साल असोज ३ गते नयाँ संविधान घोषणा भएको कुरा भन्दै थिइन् । वातावरण असाध्यै रमाइलो हुँदै थियो । उनी गृहकार्य गर्दै थिइन् तर पनि भाइलाई तिमी पढ्दै छौ कि के गर्दै छौ भनेर सोध्दै थिइन् ।

टेलिभिजनमा समाचार आउँदै थियो । विद्वान्हरूले आफ्ना विचार राख्दै थिए, "अब नेपालले विकासको गति लिँदै छ । देशभर उद्योगहरू खुल्दै छन् । कृषिमा नयाँ क्रान्ति हुँदै छ । युवाशक्ति अगाडि बढ्दै छन् । सबै नागरिकहरू उत्साहित भएर काममा लाग्दै छन् । देश सङ्घीयतामा जाँदै छ । भूगोलका रेखाहरू कोरिँदै छन् । जनताका आकाङ्क्षाहरू पुरा हुँदै छन् । ठाउँ ठाउँमा बिजुली निकालिँदै छ । सिङ्गो देश झलमल्ल उज्यालो बन्दै छ ।"

म पनि सोच्दै थिएँ - आहा । अब त केही वर्षमा नेपाल पनि प्रगति पथमा लम्किँदै हुने छ । नेपालीका दुःखका दिन सकिँदै हुने छन् । बेरोजगार नेपालीले रोजगारको अवसर पाउँदै हुने छन् । देशभरविकासका मूल फुट्दै हुने छन् । बिदेसिएका नेपालीहरू स्वदेश फर्किँदै हुने छन् । देशभर फराकिला सडकहरू बन्दै हुने छन् । चिल्ला कारहरू गुड्दै हुने छन् । मेरी छोरी पनि कम्प्युटरमा खेल्दै हुने छिन् । नयाँ नेपालको चित्र कोर्दै हुने छिन् । सिङ्गो नेपाल हराभरा हुँदै हुने छ । हिमालहरू मुस्कुराउँदै हुने छन् । पहाडमा चेतनाका फुल फुल्दै हुने छन् । तराईमा धानका बाला झुल्दै हुने छन् । अनि सम्पूर्ण नेपालीहरू भन्दै हुने छन्, "आहा । क्या राम्रो नेपाल, सुन्दर, शान्त र विशाल ।"

माथिका अनुच्छेदमा रेखाङ्कित गरिएका क्रियापद अपूर्ण पक्षका हुन् । ती क्रियापद भूत, वर्तमान र भविष्यत् कुन कुन कालमा पर्दछन् ? तल दिइए जस्तै तालिका बनाएर कापीमा लेख्नुहोस् :

| **अपूर्ण भूत** | **अपूर्ण वर्तमान** | **अपूर्ण भविष्यत्** |
|---|---|---|
| गर्दै थियो, रमाउँदै थिए, | गर्दै छ, पढ्दै छौ, | लम्किँदै हुने छ, सकिँदै हुने छन्, |
| भन्नु हुँदै थियो, | खुल्दै छन्, | खेल्दै हुने छिन् |
| .............................. | ........................ | ................................... |

२. पाठबाट पाँच ओटा क्रियापद टिप्नुहोस् र माथिको तालिकामा जस्तै अपूर्ण पक्षका तिन ओटै कालमा परिवर्तन गर्नुहोस् ।

३. समूह 'क' र समूह 'ख' बिच जोडा मिलाउनुहोस् :

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| डोल्मा नाच्दै थिइन् । | अपूर्ण वर्तमान |
| छिरिङ पढ्दै छ । | अपूर्ण भविष्यत् |
| सोनवा लेख्दै हुने छे । | अपूर्ण भूत |
| शङ्कर खेल्दै छ । | अपूर्ण वर्तमान |
| सीमाले कथा भन्दै थिइन् । | अपूर्ण भविष्यत् |
| म पढ्दै हुने छु । | अपूर्ण भूत |

४. कोष्ठकमा दिइएका धातु र सङ्कतेका आधारमा खाली ठाउँ भर्नुहोस् :

(क) तिमी र मसँगै .................. । ( जा : अपूर्ण भविष्यत्)

(ख) आमाले मिठो कथा.................. । (भन् : अपूर्ण भूत)

(ग) आर्जन परीक्षामा प्रथम.................. । (हु : अपूर्ण वर्तमान)

(घ) स्मिताले नयाँ किताब.................. । ( पढ् : अपूर्ण भविष्यत्)

(ङ) दिग्विजय रमाइलो कथा .................. । ( भन् : अपूर्ण भूत)

५. हिजो तपाईंको कक्षाका साथीहरू के के गर्दै थिए ? अपूर्ण भूत कालको प्रयोग गरी पाँच वाक्यमा वर्णन गर्नुहोस् ।

६. भविष्यमा तपाईं के गर्दै हुनुहुने छ, अनुमान गर्नुहोस् र अपूर्ण भविष्यत् कालको प्रयोग गरी पाँच वाक्यमा लेख्नुहोस् ।

७. अपूर्ण वर्तमान कालको प्रयोग गरी पाँच वाक्यमा आफूलाई मन पर्ने साथीको वर्णन गर्नुहोस् ।

८. **पृष्ठपोषण**

(क) तपाईंले यस पाठको अध्ययन गरी कथाका मुख्य मुख्य पात्रहरूको चरित्र चित्रण गर्न, सङ्क्षिप्त उत्तर दिन, कथाको सार खिची सन्देश व्यक्त गर्न तथा दिइएका बुँदाका आधारमा छोटो कथा लेख्ने प्रशस्त अभ्यास गरिसक्नु भयो । यदि केही असजन र असपष्ट भएका स्रोत शिक्षकको मद्दत लिन सक्नुहुने छ ।

## पाठ ८

**कविता**

# वर्षा

**– लक्ष्मीप्रसाद देवकोटा**

लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका महाकवि हुन् । कल्पनामा उड्ने र भावनामा डुब्ने लक्ष्मीप्रसाद देवकोटा प्रकृतिका उपासक पनि हुन् । यस वर्षा कवितामा कविले वर्ष ऋतुमा हुने परिदृश्यलाई सुन्दर ढङ्गले कवितामा उतारेको पाइन्छ । यो वर्षा कविता वर्षाकालीन समयको रमणीयता र सुन्दरताको महिमागान गरिएको उत्कृष्ट कविता हो । वर्षा आनन्द प्राप्तिको समय हो । यो समयमा रस (पानी) र धर्तीको मिलन हुन्छ । धर्तीमा रहेका सम्पूर्ण वनस्पति, रूख, बिरुवा, प्राणी आदिले जीवनका लागि ऊर्जा प्राप्त गर्छन् । वर्षाकै कारण सांसारिक प्राणीले आआफ्नो आहार प्राप्त गरी सुखद् जीवनको अनुभूति गर्छन् । वर्षारूपी अमृत सेवन गरी सारा प्रकृति आनन्दमा लीन रहेको प्रसङ्ग कवितामा वर्णन गरिएको छ । प्रकृतिलाई प्रेम गर र हरेक ऋतुमा आआफ्नै तरिकाले रमाउन सिक भन्ने जीवनवादी सन्देश दिनु नै यस कविताको मूल उददेश्य देखिन्छ ।

२. **उद्देश्य**

यस पाठको अध्ययनपश्चात् तपाइँ निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठ्य कवितालाई गति, यति र लय मिलाएर शुद्धसँग वाचन गर्न

(ख) कवितामा प्रयोग भएका कठिन शब्दहरू खोज्न, शुद्ध उच्चारण गर्न, तिनीहरूको अर्थ पहिचान गर्न र वाक्यमा प्रयोग गर्न

(ग) पाठसँग सम्बन्धित प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन

(घ) कविताका महत्त्वपूर्ण हरफहरूको सप्रसङ्ग व्याख्या गर्न

(ङ) कविता बोध गरी सङ्क्षिप्त तथा विस्तारित रूपमा कविताको भाव वा अर्थ अभिव्यक्त गर्न

(च) व्युत्पन्न शब्द तथा क्रियापदको पहिचान र प्रयोग गर्न

## वर्षा

आइन् वर्षा हरररर चढी वायुपङ्खी विमान

पाङ्ग्रा घर्षी शिखर गरजी थर्कियो आसमान ।

झिल्के झिल्का, अचल मुख भो त्रासले नील गाढा

चूली नाघिन् प्रकृति कलिलिन्, देखिँदै दूर टाढा ॥

(१)

फर्फर् पार्छिन् चदर हलुका, लत्रिँदो, मेघ ह्वैन
लाखौँमोती-लुङ नपहिरी चित्त बुझ्ने हुँदैन ।

पोल्टो झोली रतन-निधिका स्नेहले मुस्कुराइन्
यौटा मोती-लुङ चुँडिन गै शैलमा झर्झराइन् ॥
(२)
आशङ्काले भुरभुर गुँडै सम्झिँदा पङ्ख नाना
जाओ बच्चाहरू नतरसून् गर्जिंदा स्वर्ग-छाना ।
लर्बर् गर्दा कुशल कमिला । लौ गरे है हतार
तेसै ओर्ली चिर चकँरिँदो चील । होला अबेर ॥
(३)
धूली खोला सलिल, वरषी शानजस्तो अटूट
पाई प्राणी अमृत-लहरी फस्टिने छन् अछूट ।
दौरामा छन् जलधि-दुहिता, साम्य कारुण्य भाव
फैली चाँडो मुख अवनिको, हुन्छ, आनन्द-लूट ॥
(४)
पृथ्वी फल्लिन् सलिल-कलिली धानले छापिएर
गाई रोप्लान् चपलवयसी, दृक्-बिजूली लिएर ।
बाली राम्रो, तृण अति हरा, वर्ष राम्रो कबूली
पारावारप्रभु-हृदयको फुट्छ सङ्गीत केली ॥
(५)
मीठा, मीठा अमृत रसका बिज्जुले लाख, लाखा
भर्दै राम्रा फल तरुहरू पाउँछन् भन्न, 'चाख' ।
भारी शाखा शरद ऋतुमा लच्किँदा दानलाई
मेरो इच्छा यति छ, यति हो नील आदेश, भाइ ।
(६)
लौ लौ गाओ दल दल वनै, वृक्ष हो ऊठ सारा
बर्से घैँटा घट घट गरी स्वर्ग-पीयूष धारा ।
दर्दर् दर्के अमित-कनिका, प्यून लागिन् धराले
उफ्री, नाची चल विटप हो, पाउने छौ जराले ॥
(७)
यो बेला हो रस-मिलनको, प्राप्तिको यो चहाड
यो गानाको गगन, जनको कल्पनाको बहाड ।

यो पौडीको सुखजलधिमा फूल रातो असारे
झन्डा सम्झी, मुजुर-मन भै पिच्छमा रङ्गधारे ॥
(८)

**शब्दार्थ**

**वायुपङ्खी** : हावामा उड्ने, पखेटा भएको
**विमान** : आकाश मार्गबाट जाने सवारी, आकाशमा उड्ने यान, वायुयान
**घर्षी** : घर्सेर
**शिखर** : पहाडको सबभन्दा माथिल्लो भाग, चुचुरो, टाकुरो
**गरजी** : ठुलो स्वरले गड्याङगुडुङ गरेर, गर्जेर
**आसमान** : आकाश, देवलोक
**झिल्के** : झिल्को भएको, चमकदार, बिजुली
**झिल्का** : आगाको सानो कण, अग्निकण
**अचल** : चलाउन नसकिने, नचल्ने, पर्वत, पहाड
**नील गाढा** : गाढा निलो रङ, आकासे रङ
**कलिलिन्** : कलिली बनिन्
**चदर** : पछ्यौरा, ओढ्ने, मजेत्रो, बर्को
**मेघ** : बादल, आकाशमा जम्मा भएको जलकण
**मोती-लुङ** : एक प्रकारको बहुमूल्य सेतो रत्न मिसिएको पोते, माला आदिको गुच्छाको लहर, बिजुली
**पोल्टो** : पोको पार्न प्रयोग गरिने पटुका आदिको फेरो
**रतन-निधि** : बहुमूल्य सम्पत्ति
**शैल** : पहाड, पर्वत
**नतरसून्** : नतर्सून्, नडराऊन्
**स्वर्ग-छाना** : आकाश
**चिर** : धेरै समयसम्म रहने, लामो समय
**चकारिँदो चिल** : आकाशमा माथि माथिसम्म गोलो चक्र बनाएर उड्ने एक हिंस्रक पक्षी
**धूली खोला** : धुलोमुलो लागेर धमिलो देखिएको खहरे खोला
**सलिल** : जल, पानी
**दौरामा** : दौरानमा, दगुऱ्याइमा
**जलधि-दुहिता** : समुद्रकी छोरी, वर्षा

**साम्य** : समानताको भाव

**कारुण्य भाव** : दयाको भावना, करुणाको भाव

**अवनिको** : पृथ्वीको, धर्तीको

**आनन्द-लुट** : आनन्द लिने काम

**सलिल-कलिली** : पानीले गर्दा कलिली बनेकी

**गाई** : गाएर

**चपलवयसी** : चञ्चल उमेर भएकी, युवती

**दृक्-बिजूली** : बिजुली जस्ता चञ्चल आँखा

**तृण** : घाँसपात, दुबो आदि वनस्पति

**हरा** : हरियो

**कबुली** : कबुल गरेर, चाहना गरेर, आशा राखेर

**पारावार** : समुद्ररूपी युवक

**प्रभु-हृदय** : शक्तिशाली हृदय भएको

**सङ्गीत केली** : सङ्गीतको प्रेमपूर्ण खेल

**घटघट** : वर्षा हुँदा आउने आवाज, घैँटाबाट पानी खन्याउँदा निस्कने आवाज

**अमित-कनिका** : वर्षाका कणरूपी असीमित कनिका

**धरा** : पृथ्वी, धर्ती

**विटप** : रुखका हाँगा

**गानाको गगन** : गीत सङ्गीतले युक्त भएको आकाश

**बहाड** : रमाइलो बाढी

**सुख जलधि** : सुखको समुद्र

**मुजुर-मन** : मुजुरको जस्तै रमाएको मन

**पिच्छ** : मुजुरको पुच्छर

**रङ्गधारे** : विभिन्न रङ धारण गरेको

### ३. कविताको सार

लक्ष्मीप्रसाद देवकोटाद्वारा लेखिएको वर्षा कविता उत्कृष्ट प्रकृति प्रधान कविता हो । प्रकृतिको मानवीकरण र मानवको प्रकृतीकरण गरी लेखिएको वर्षा कविता महाकवि देवकोटाको महत्त्वपूर्ण कविता हो । वर्षा कविता वर्षाकालीन समयको रमणीयता र सुन्दरताको महिमागान गरिएको उत्कृष्ट कविता हो । वर्षा आनन्द प्राप्तिको समय हो । यो समयमा रस (पानी) र धर्तीको मिलन हुन्छ । धर्तीमा रहेका सम्पूर्ण वनस्पति, रुख, बिरुवा, प्राणी आदिले जीवनका लागि ऊर्जा प्राप्त गर्छन् । वर्षाकै कारण

सांसारिक प्राणीले आआफ्नो आहार प्राप्त गरी सुखद् जीवनको अनुभूति गर्छन् । वर्षारूपी अमृत सेवन गरी सारा प्रकृति आनन्दमा लिन रहन्छ भन्ने मुख्य सार कवितामा वर्णन गरिएको छ ।

हावासँगै मितेरी गाँसी आगमन भएको वर्षाले प्रकृतिमा नयाँपन आउने कुरा उल्लेख गरिएको छ । मेघ गर्जी परेको वर्षाले जमिनको धुलो मैलो पखाल्ने र सम्पूर्ण प्राणी जगत् वर्षारूपी अमृत सेवन गरी आनन्दमा लिन हुने प्रसङ्ग कवितामा उल्लेख गरिएको छ । वर्षाले बालीनाली राम्रो हुन्छ, बोट वृक्षका जराले ऊर्जा प्राप्त गर्छन् । वर्षारूपी कनिका धरतीले आनन्दले सेवन गर्ने उल्लेख गर्दै कविले सम्पूर्ण प्राणी जगत्का लागि वर्षा महत्त्वपूर्ण चाडका रूपमा रहेको उल्लेख गरेका छन् । प्रकृतिले मानवको मनमा सुख ल्याउँछ । वर्षाकै कारण किसानको मनमा खेतमा धान रोपेर मङ्सिरमा अन्न ऐश्वर्य ल्याई यस धर्तीमा आफू बाँचेर अरूलाई पनि बचाउने कल्पनाको बाढी आउँछ । आकाश गीत, सङ्गीतले युक्त हुन्छ । धर्तीका सम्पूर्ण प्राणीहरू सुखरूपी समुद्रमा पौडी खेल्न पुग्छन् । रातै फुलेको असारे फुललाई आफ्नो साझा राष्ट्रिय झन्डा सम्झेर सबै खुसीले रम्न पुग्छन् । यो समय बहुरङ्गी पुच्छर भएको मुजुरको जस्तै रमाएको मन भएर सुखको जलधिमा पौडी खेल्ने पनि समय हो ।

वर्षाले नवागत प्रकृतिरूपी पाहुनाको प्रेमपूर्वक स्वागत गर्छ । टुक्रिएका बादलका छिरबिरे फैलावटसँगै परेको वर्षाले पृथ्वीलाई स्वर्गको रङले हलुका तबरले सजाउँछ । पानी परेपछि खहरे खोला पनि सुसीले आफ्नो पन देखाई बग्न थाल्छ । प्राणीहरू आनन्दले मग्न हुन्छन् । वर्षा पृथ्वी अर्मतरूपी जलले सिञ्चित भई कलिली हुन्छिन् । वर्षा हुनासाथ वनका सम्पूर्ण वृक्षहरूलाई कविले उठेर गीत गाउन थाल्छन् । जराबाट पानी पाउने भएपछि रुखका हाँगाहरू उफ्रिँदै, नाच्दै चारैतिर हल्लिन थाल्छन् । आकाश गीत, सङ्गीतले युक्त हुन्छ । वर्षामा सबैमा समान रूपमा कारुण्य भाव राख्ने समावेशी शक्ति र विशेषता छ ।

## नमुना उत्तर

**सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

**तलको सप्रसङ्ग व्याख्याको नमुना अध्ययन गर्नुहोस् । त्यसका आधारमा अरू प्रश्नको सप्रसङ्ग व्याख्या गरी स्रोत शिक्षकलाई देखाउनुहोस् ।**

**पृथ्वी फल्लिन् सलिल-कलिली धानले छापिएर**

**गाई रोप्लान् चपलवयसी, दृक्-बिजूली लिएर ।**

प्रस्तुत पद्यांश माध्यमिक तहको नेपाली भाषा विषयको पाठ्य पुस्तकको 'वर्षा' कविताबाट लिइएको हो । यस कविताका रचनाकार महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन् । नेपाली साहित्यका हरेक विधामा कलम चलाएका महाकवि देवकोटाले यस कवितामा वर्षा यामको प्राकृतिक सुन्दरताको वर्णन कलात्मक ढङ्गले गरेका छन् ।

प्रस्तुत हरफमा वर्षा याममा देखिने पृथ्वीको प्राकृतिक छटा, मनुष्य र प्रकृतिको सम्बन्ध, वर्षा याममा गरिने खेतीपाती र खेतीपाती गर्दा गरिने मनोरञ्जनपूर्ण चलनका बारेमा उक्त कविताको माध्यमबाट व्यक्त गरेका छन् ।

वर्षा ऋतुमा पृथ्वी जलमग्न हुन्छिन् । जलले नरम बनेकी पृथ्वीमा वर्षा याममा रोपिने धानले छोपिएकी हुन्छिन् । नेपालीहरूको मुख्य खेतीका रूपमा रहेको धान खेती गर्ने समय यसै बेला पर्ने हुँदा चञ्चल उमेरका युवती रोपाहारहरू चलनअनुसारका असारे गीत गाउँदै धान रोप्ने काममा व्यस्त हुन्छन् । वर्षा याममा आकशमा बिजुली चम्किने, गड्याङगुडुङ हुने र वर्षा हुने गर्छ । यसै अवस्थालाई कविले कलात्मक ढङ्गले वर्णन गर्दै धान रोप्ने चञ्चल युवतीहरूका आँखामा बिजुली चम्किरहेको हुन्छ, अर्थात् चम्किला आँखा सहितका युवतीहरू गाउँदै रमाउँदै धान रोम्ने गर्छन् भन्ने भाव व्यक्त गरेका छन् । वर्षा याममा प्रकृति अर्थात् पृथ्वीको अवस्था, त्यसमा बेला हुने खेतीपाती र खेतमा धान रोप्ने चपल युवतीबिचको सुन्दरता र सम्बन्धका बारेमा कलात्मक पाराले वर्णन गरेका छन् । यस कविताबाट कवि प्रकृति, यहाँका समुदाय र रहनसहनप्रति सचेत र जानकारी छन् भन्नेकुरा पनि यस कविताबाट बुझ्न सकिन्छ ।

यस कवितामा पृथ्वीलाई आफ्नो सापेक्षतामा प्राकृतिक सुन्दरताले भरिएका रमणीय परिदृश्यको कल्पना गरी वर्षायामका विशेषतासँगै कलात्मम ढङ्गले वर्णन गरेका छन् ।

**सम्भावित प्रश्नहरू**

१. दौरामा छन् जलधि-दुहिता, साम्य कारुण्य भाव
फैली चाँडो मुख अवनिको, हुन्छ, आनन्द-लूट ॥

२. दर्दर् दर्के अमित-कनिका, प्यून लागिन् धराले
उफ्री, नाची चल विटप हो, पाउने छौ जराले ।

३. यो पौडीको सुखजलधिमा फूल रातो असारे
झन्डा सम्झी, मुजुर-मन भै पिच्छमा रङ्गधारे ।

१. तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् :
पाङ्ग्रा, घर्षी, पोल्टो, कारुण्य भाव

२. कविताको चौथो र पाँचौं श्लोकका आधारमा निम्न लिखित प्रश्नहरूको उत्तर दिनुहोस् :
(क) पानी परेपछि खहरे खोला कसरी बग्न थाल्छ ?
(ख) प्राणीहरू कति बेला फस्टिने छन् ?
(ग) सबैमा समान रूपमा कारुण्य भाव राख्ने को हुन् ?
(घ) पृथ्वी के कारणले कलिली हुन्छिन् ?
(ङ) युवतीहरूले कस्ता आँखा लिएर धान रोप्न थाल्छन् ?
(छ) धान रोप्ने युवतीहरू कस्ता छन् ?

३. तलका प्रश्नको उत्तर भन्नुहोस् :
(क) 'वर्षा' कविताका लेखक को हुन् ?
(ख) वर्षा ऋतुमा कुन कुन महिना पर्छन् ?

(ग) वर्षा कसरी आउँछिन् ?

(घ) वर्षालाई के नपहिरी चित्त बुझ्दैन ?

(ङ) वर्षा किन स्नेहले मुस्कुराइन् ?

४. पाठका आधारमा वर्षा ऋतुमा देखिने परिवर्तनका बारेमा समूह बनाएर छलफल गर्नुहोस् ।

५. कुनै दुई जना साथीहरूका बिचको वर्षा ऋतुका बारेमा संवाद तयार गरी स्रोत कक्षामा सुनाउनुहोस् ।

६. पाठका आधारमा सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

(क) वर्षा ऋतुका विशेषताहरू के के हुन् ?

(ख) वर्षा भएपछि प्रकृति र मानवमा के कस्ता परिवर्तनहरू देखा पर्छन् ?

(ग) वर्षापछि रूखवृक्षहरूको कस्तो इच्छा हुन्छ ?

(घ) वर्षालाई किन सुखको जलधिमा पौडिने समय भनिन्छ ?

७. सप्रसङ्ग व्याख्या गर्नुहोस् :

(क) बाली राम्रो, तृण अति हरा, वर्ष राम्रो कबूली
पारावार प्रभु-हृदयको फुट्छ सङ्गीत केली ॥

(ख) लौ लौ गाओ दल दल वनै, वृक्ष हो ऊठ सारा
बर्से घैंटा घट घट गरी स्वर्ग-पीयूष धारा

## कार्यमूलक व्याकरण

**शब्द बनोटका बारेमा जानकारीका लागि तल दिइएका प्रसङ्ग याद गर्नुहोस् :**

१. पाठमा प्रयोग भएका तलका उपसर्ग व्युत्पन्न शब्दको बनोट प्रक्रिया हेर्नुहोस् र त्यस्तै उपसर्ग लागेर बनेका तिन तिन ओटा शब्द निर्माण गर्नुहोस् :

| **उपसर्ग** | | **आधार पद** | | **व्युत्पन्न शब्द** |
|---|---|---|---|---|
| वि | + | मान | = | विमान |
| अ | + | चल | = | अचल |
| प्र | + | कृति | = | प्रकृति |
| आ | + | शङ्का | = | आशङ्का |

२. तलका उपसर्गबाट दुई दुई ओटा शब्द निर्माण गर्नुहोस् :

अति, अधि, अन, ना, दुस्, गैर, परा, उप, अव, अभि, सम्, अनु, सु, कु, अप, सह, बद, बि, बे, निर्, दुर्, उत्, न

३. **पाठमा प्रयोग भएका तलका प्रत्यय व्युत्पन्न शब्दको बनोट प्रक्रिया पढ्नुहोस् र ...ई प्रत्यय लागेर बनेका तिन ओटा नयाँ शब्द टिपी निर्माण प्रक्रिया देखाउनुहोस् :**

| **आधार पद** | | **प्रत्यय** | | **व्युत्पन्न शब्द** |
|---|---|---|---|---|
| चढ् | + | ई | = | चढी |
| प्राण | + | ई | = | प्राणी |
| झोला | + | ई | = | झोली |

४. **तलको अनुच्छेदमा प्रत्यय लागेका व्युत्पन्न शब्द टिप्नुहोस् र उदाहरणमा देखाए जस्तै गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

आधुनिक युगमा मानवीय आवश्यकता पूर्ति गर्न वैज्ञानिकहरूले नयाँ नयाँ कुराको अनुसन्धान गरेका छन् । गाउँलेहरू सहरिया भएका छन् तर आफ्नो कर्तव्य बिर्सन थालेका छन् । सहरमा औद्योगिक क्षेत्रको विकास मात्र होइन, दानवीय प्रवृत्ति पनि देखा परेको छ । विज्ञानले विविध क्षेत्रमा चामत्कारिक परिवर्तन गरे तापनि मानवता हराएको छ । शिक्षित नेपालीहरू पनि नैतिक र चरित्रवान् बन्न सकेका छैनन् । शैक्षिक बेरोजगारी बढेको छ, गरिबीले सताएको छ । सहरको यान्त्रिकताभित्र मानिसहरू दयालु र मायालु बन्न सकेका छैनन् । बसमा चढ्दा पनि होसियार बन्नुपर्छ, नत्र आफ्नो मोबाइलसमेत चोरी हुन सक्छ । सहरमा जङ्गली जनावरको डर त छैन तापनि रक्स्याहा, मिचाहा र नशालुको डर हुन्छ । झापाली, गोर्खाली, पाल्पाली, गुल्मेली र पर्वतेलगायत सबै नेपालीहरू मिल्नुपर्छ ।

**उदाहरण** :

| **आधार पद** | | **प्रत्यय** | | **व्युत्पन्न शब्द** |
|---|---|---|---|---|
| अधुना | + | इक | = | आधुनिक |
| मानव | + | ईय | = | मानवीय |
| गुल्मी | + | एली | = | गुल्मेली |
| पर्वत | + | ए | = | पर्वते |

५. **तलका प्रत्यय लगाई एक एक ओटा शब्द निर्माण गर्नुहोस् :**

अन, अनी, अन्त, अन्ते, अक्कड, अत, अक, आइ, आइँ, आरो, आवट, आहा, इलो, उवा, एको, ति, ती, एर, ओट, ईन, इय, ईय, इया, आलु, आवट, आनी, एलु, अनीय, इत, इका, य, तव्य, ता, आहा, आन, औरो, इक, आइलो, ली, ले, इयार, पन/पना, त्व, इम, वान्, एली

६. तलको अनुच्छेदमा दिइएका रेखाङ्कित पदहरू क्रियापद हुन् । क्रियापदले कर्ताले गरेको काम, घटेको घटना, परिस्थिति वा कुनै विशेष अवस्थालाई जनाउँछ । तलको अनुच्छेद पढ्नुहोस् र क्रियापदको पहिचान र प्रयोगबारे बुझ्नुहोस् :

हामी नेपालीहरूको गौरवमय इतिहास र विस्मयकारी वर्तमान छ, अब हामीले चमत्कारी भविष्य निर्माण गर्नुपर्ने छ । इतिहासलाई साक्षी राखेर वर्तमानमा इमानदार बनी काम गर्न सक्यौँ भने हाम्रो भविष्य सुन्दर हुने छ । तर यसका लागि ठुलो त्याग चाहिन्छ । नेपालीहरू रगत त्याग गर्न सक्छन्, प्राण त्याग

गर्न सक्छन्, तर स्वार्थ त्यागका अगाडि घुँडा टेक्छन् भन्ने सन्देश जानु हुँदैन । हामी निःस्वार्थी बनेर देशका लागि काम गर्नुपर्छ । हरेक व्यक्ति, जाति, शक्ति, समूह र राजनीतिक पार्टीले आफ्ना केही न केही स्वार्थलाई तिलाञ्जली दिएर मुलुकको समुन्नतिका निम्ति काम गर्नुपर्छ । यहाँ शान्ति र विकासले हाम्रा डाँडा, पाखा र पखेरामा विकासका मूल फुटाउनुपर्छ । नेपाली धर्तीमा चराले शान्तिको गीत गाउने, मयूरहरू नाच्ने, हिमालहरू हाँस्ने र पहाडहरू प्रशन्न हुने वातावरण सिर्जना गर्नुपर्छ । यी सम्पूर्ण कार्यहरूका लागि हामी एकजुट भएर शान्ति स्थापना गरौँ । यति गर्न सक्यौँ भने हिमालहरू मुसुक्क मुस्कुराउने छन् । झरनाहरूले सङ्गीतको धुन निकाल्ने छन्, तराईमा धानका बाला झुल्ने छन् र पहाडमा सिर्जनाका फुल फुल्ने छन् ।

७. माथिको अनुच्छेदमा प्रयोग भएका रेखाङ्कित क्रियापद टिप्नुहोस् र ती क्रियापदलाई प्रयोग गरी **वातावरण सन्तुलन** विषयमा एक अनुच्छेद तयार गर्नुहोस् । आफूले तयार पारेको अनुच्छेद शिक्षकलाई देखाउनुहोस् ।

८. **पृष्ठपोषण**

(क) तपाईंले यस पाठको अध्ययन गरी कविताको मूल भाव, सप्रसङ्ग व्याख्या, आधार पद, उपसर्ग, व्युत्पन्न शब्द आदिको प्रशस्त अभ्यास गरिसक्नुभयो । यदि केही असपष्टता भएमा स्रोत शिक्षकको मद्दत लिन सक्नुहुने छ ।

# पाठ ९

**निबन्ध**

## हाम्रो संस्कृति

**– सुधा त्रिपाठी**

१. **परिचय**

हाम्रो संस्कृति निबन्ध निबन्धकार सुधा त्रिपाठीद्वारा लिखित निबन्ध हो । निबन्धकार सुधा त्रिपाठीद्वारा लेखिएको हाम्रो संस्कृति निबन्ध संस्कृतिप्रति सम्मान व्यक्त गर्ने महत्त्वपूर्ण निबन्ध हो । उनका निबन्धमा संस्कृतिप्रति सम्मान र धरतीप्रति आस्था प्रकट गरिएको पाइन्छ । जीवन शैली, आचार संहिता, मानिसका आवश्यकता, खुसी, सुख र मनोरञ्जन, पुर्खाले राम्रो भनेर चलाएका चलनहरू नै संस्कृति हुन भन्ने विचार उनमा पाइन्छ । नेपाल सांस्कृतिक दृष्टिले अत्यन्त समृद्ध भएको विचार व्यक्त गर्दै राष्ट्रिय संस्कृतिको पहिचानपरक अभिव्यक्ति यस निबन्धमा व्यक्त गरिएको छ ।

२. **उद्देश्य**

यस पाठको अध्ययनपछि तपाईं निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठका कठिन शब्दहरूको अर्थ बताई वाक्यमा प्रयोग गर्न
(ख) पाठका विषय वस्तु सम्बन्धी प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन
(ग) पाठबाट सोधिएको सप्रसङ्ग व्याख्या गर्न
(घ) पाठमा आधारित भई पाठगत लामो उत्तरात्मक प्रश्नको उत्तर दिन
(ङ) विभिन्न प्रकारका समस्त र द्वित्व शब्द तथा वर्ण विन्यासको पहिचान र प्रयोग गरी लेख्न
(च) मनपर्ने विषयमा सिर्जनात्मक लेखन गर्न

### हाम्रो संस्कृति

१. संस्कृति मानिसको सामूहिक जीवन शैली हो । संस्कृतिले कुनै राष्ट्र, जाति वा समुदायको सामाजिक जीवन, आर्थिक व्यवस्था, राजनीति, चाल चलन, खानपिन, पहिरन, चिन्तन आदि अनेकन् कुरालाई जनाउँछ । त्यस्तै भाषा, साहित्य, धर्म, कला, दर्शन, चाडपर्व, परम्परा आदिको समष्टि नाम नै संस्कृति हो । संस्कृतिले कुनै राष्ट्र, जाति वा समुदायका मानिसका खाने तरिका, बोल्ने तरिका, सोच्ने तरिका, हिँड्ने तरिका, बस्ने तरिका आदिलाई समेत जनाउँछ । कुनै समयको समाजले त्यति बेलाको सामाजिक आवश्यकताका लागि बनाएको आचार, व्यवहार वा क्रियाकलापले निरन्तरता पाएपछि त्यो संस्कृति बन्दछ । संस्कृति कुनै पनि राष्ट्र, जाति वा समुदायलाई चिनाउने मुख्य आधार हो । संस्कृति समाजलाई एकताबद्ध गर्ने एउटा कडी पनि हो । व्यक्तिगत रूपमा मानिस भिन्न भए पनि सांस्कृतिक रूपमा त्यो एउटा समुदाय वा राष्ट्रको अङ्गका रूपमा रहेको हुन्छ ।

२. संस्कृति आचार संहिता पनि हो । संस्कृतिरूपी आचार संहिता पालन गराउनका निम्ति धर्मलाई संस्कृतिसँग एकाकार गराइन्थ्यो । अहिले पनि धर्म संस्कृति भनेर तिनलाई अभिन्न मानिन्छ तर धर्म र संस्कृति एउटै भने होइनन् । धर्म मूलतः ईश्वर, स्वर्ग, नरक आदि विश्वाससँग सम्बन्धित हुन्छ । संस्कृति भनेको मानिसको आचार व्यवहारसँग सम्बन्धित हुन्छ । धर्म संस्कृतिको एउटा अङ्ग हुन सक्छ । जति बेला वैज्ञानिक चिन्तनको विकास भएको थिएन, त्यति बेला यसो गरे धर्म हुन्छ, त्यसो गरे पाप लाग्छ भनेका आधारमा मानिसहरू कुनै संस्कृतिको अनुसरण गर्थे । 'पाप लाग्छ' भन्नु त्यसलाई कानुन वा नियमसँग जोड्नु हो । राजनीति र कानुन नबनेको अवस्थामा धर्म नै कानुन थियो । त्यति बेला धर्मका आडमा, स्वर्ग र नरकका आश र त्रासमा मानिसका आचार, व्यवहारहरू निर्धारित हुन्थे । अब पाप लाग्छ भनेर होइन, यसो गर्दा राम्रो हुन्छ र त्यसो गर्दा नराम्रो हुन्छ भन्ने आधारमा आचार व्यवहारहरू निर्धारित हुन्छन् ।

३. अबको संस्कृति पाप, पुण्य, स्वर्ग, नरक आदिका आधारमा निर्धारित हुँदैन । आजको समाज वैज्ञानिक चिन्तनतर्फ उन्मुख हुँदै गइरहेको छ । अब पापको हाउगुजीमा मात्र संस्कृति बाँच्दैन । अब विज्ञानका सापेक्षतामा मानिसका आवश्यकता, खुसी, सुख र मनोरञ्जनका रूपमा संस्कृतिलाई ग्रहण गरिन्छ । अहिले विज्ञानका सापेक्षतामा जीवनको व्याख्या हुन्छ । विज्ञान सत्य र तथ्यमा आधारित छ र यसले प्रामाणिकतामा विश्वास गर्छ । कुनै कुराको अवलोकन, जाँच र पारखका आधारमा मात्र सत्य नजिक पुगिन्छ भन्ने मान्यता विज्ञानको छ । अबको संस्कृति विज्ञानभन्दा पर रहन सक्तैन । हिजो हामीले मानेका कतिपय कुरा आज अन्ध विश्वासमा परिणत भएका छन् । त्यसैले अबको संस्कृति अनुमान र अन्ध विश्वासमा होइन, मानव हितका लागि र विज्ञानसम्मत हुन आवश्यक छ ।

४. संस्कृति भन्नासाथ हामी पुर्खासँग जोडिन पुग्छौँ । पुर्खाले राम्रो भनेर चलाएका चलनहरू नै संस्कृति हुन् । अर्को तरिकाले भन्दा संस्कृति पुर्खाहरूको आविष्कार हो । संस्कृति एकै दिनमा बनेको होइन । त्यसैले आफ्नो संस्कृति सबैलाई प्यारो लाग्छ । संस्कृतिसँग मानिसको आफ्नो इतिहास र पहिचान जोडिने भएकाले पनि त्यो सबैको प्रिय हुन्छ । त्यसैले आफ्नो संस्कृति छोड्नु हुन्न भनिन्छ ।

५. पुर्खाहरूले चलाएको र आफ्नो भन्दैमा सबै कुरा राम्रै हुन्छ भन्ने केही छैन । कतिपय कुरा राम्रा हुँदाहुँदै पनि समय क्रममा ती यथावत् रहन सक्तैनन् । विगतमा त्यति बेलाको आर्थिक प्रणाली, सामाजिक सम्बन्ध, राजनीतिक व्यवस्था आदिका आधारमा बनेका रीति रिवाज, चाल चलनहरू आज उपयुक्त नहुन सक्छन् । हिजोको जस्तो घर व्यवहार, रहन सहन, खानपान आज उपयुक्त नहुन सक्छ । हिजो माटाका घर थिए, अब सिमेन्टका बन्न थाले । चुलो चौकाको स्थान डाइनिङ टेबलले लिन थाल्यो । सहरीकरणसँगै घरघरै गाईवस्तु पाल्न सम्भव भएन । हिजो बिहानै उठेर घर लिप्नुपर्थ्यो, अब पुछ्नुपर्छ । काठका पिराको स्थान कुर्सीले लिएको छ । विगतमा महिलाहरूलाई घरको काममा मात्र लगाइन्थ्यो, अब महिला पनि पुरुषसरह बाहिरका काममा व्यस्त हुन थालेका छन् । साथै पुरुषहरू पनि महिलासरह घरका काममा व्यस्त हुन थालेका छन् ।

६. हो, संस्कृतिको चरित्र परम्परागत हुन्छ तर अपरिवर्तनशील भने हुँदैन । संसार परिवर्तनशील छ । मानिसका चाहना र आवश्यकताहरू असीमित छन् र निरन्तर सुख, सुविधा र नयाँ नयाँ अवसरको खोजी गर्नु मानिसको चरित्र नै हो । त्यसैले संस्कृति सदैव एकैनासको हुँदैन र हुन सक्तैन पनि । मानिसले लगाउने कपडा, खानपिन, कामधन्दा आदि बिस्तारै आरामदायी, सुखदायी बन्नेतर्फ अग्रसर हुने गर्छन् । तिनको गतिलाई रोक्न सकिँदा पनि सकिँदैन र त्यसो गर्नु उचित पनि हुँदैन । त्यसैले मानिसका आचार, व्यवहार, खानपान आदि समय समयमा परिष्कार भइरहन्छन् । संस्कृति मानिसले मानिसका लागि बनाएको हो, आफ्नो सजिलोका लागि बनाएको हो । त्यसैले समय, सन्दर्भ र आवश्यकताअनुसार संस्कृतिहरू परिमार्जित हुँदै जान्छन् । त्यसैले संस्कृति शब्दको शाब्दिक अर्थ नै परिष्कार वा संस्कार गरिएको भन्ने हुन्छ । जुन संस्कृति समयानुकूल परिमार्जित र परिष्कृत हुन्छ, त्यही संस्कृति नै लामो समय टिक्छ ।

७. संस्कृति भूगोल, जातिअनुसार फरक हुन्छ । तराई मधेसमा गर्मी हुने भएकाले त्यहाँका मानिसको पहिरन बढी खुला प्रकृतिको हुन्छ । हिमाली भेकमा अत्यधिक जाडो हुने भएकाले त्यहाँको पहिरन बढी नै बन्द प्रकृतिको हुन्छ । त्यस्तै पहाडको हावापानी धेरै गर्मी र धेरै जाडो नहुने भएकाले त्यहाँको पहिरन सोही प्रकृतिको हुन्छ । त्यस्तै खानपिन, मेला उत्सव, जीवन संस्कार, चाडपर्व, बोलीचाली आदि पनि हावापानीअनुसार फरक हुन्छन् । संस्कृति जात पिच्छे फरक फरक हुन्छन् भन्ने उदाहरण हामीसँग जति पनि छन् । एउटै टोलमा बस्ने शेर्पाहरू ल्होसारमा, राईहरू साकेलामा, नेवारहरू इन्द्र जात्रामा, लिम्बुहरू धान नाचमा रमाउँछन् । महिला र पुरुषका पहिरन, गरगहना, बोली वचनमा पाइने भिन्नताका आधारमा पनि संस्कृति फरक हुने गरेको देखिन्छ ।

८. नेपाल सांस्कृतिक दृष्टिले अत्यन्त समृद्ध छ । नेपालको संस्कृति भनेको विविधताको संस्कृति हो । नेपालमा वेद, पुराण आदि संस्कृत वाङ्मयको अनुसरण गर्ने संस्कृति छ । संस्कृत वाङ्मयको अनुसरण गर्ने हिन्दु संस्कृति संसारका विकसित संस्कृतिमध्येको एक हो । त्यस्तै नेपाल गौतम बुद्धको जन्मभूमि हो र संसारमा लोकप्रिय रहेको बौद्ध संस्कृतिको उद्गम स्थल पनि नेपाल नै हो । त्यस्तै नेपालमा श्रममा आधारित र प्रकृतिलाई पूजा गर्ने आफ्नै प्रकारको मौलिक संस्कृति पनि छ । नेपाल बहु जातीय, बहु धार्मिक, बहुभाषी देश हो । यसैले यो देश बहु सांस्कृतिक देश पनि हो । यसैले नेपालको राष्ट्रिय संस्कृति भने विविधताको संस्कृति हो ।

९. नेपालमा मधेस, पहाड र हिमालमा अलग अलग प्रकारका संस्कृति छन् र ती सबै मिलेर नेपाली राष्ट्रिय संस्कृतिको निर्माण भएको छ । हामीलाई थाहा छ, मधेसमा मिथिला, भोजपुरा, अवध आदि संस्कृतिहरू छन् । थारुहरूको आफ्नै सांस्कृतिक पहिचान छ । पूर्वी तराईमा रहेका सतार, मेचे, दनुवार, धिमाल, राजवंशीहरूका आफ्नै संस्कृतिका मौलिकता छन् । त्यसरी नै नेपालका मुस्लिमहरूको आफ्नै संस्कृति छ । पहाडमा तामाङ, गुरुङ, मगर, राई, लिम्बुका आफ्नै सांस्कृतिक पहिचान छ । हिमाली क्षेत्रमा शेर्पालगायतका विभिन्न जातिका आफ्नै प्रकारका संस्कृति छन् । यसरी देशका सबै धर्म, जाति, भाषा आदिको योगले नेपाली संस्कृतिको साझा रूप तयार भएको छ । हो, विविधता नै नेपाली संस्कृतिको मूल पहिचान हो । देउडा, गौरा, लाखे, सेलो, सङ्गिनी, हाकपारे, मारुनी, चुड्का, ख्याली, रोदी, धाननाच, माघी, होली, साकेला, देउसी, भैलो आदिको

समष्टि नै नेपाली संस्कृति हो । यही साझापनमा, यही अनेकतामा एकता र आपसी सहिष्णुता नै नेपाली संस्कृति हो ।

१०. साकेला, धाननाच, ल्होसार, होली, इन्द्र जात्रालगायतका जात्रामा सबै जातिका मानिसहरू उत्तिकै खुसीसाथ रमाइरहेका देख्न सकिन्छ । पहिले पहिले तराईमा मात्र मनाइने छठ पर्व अब पहाड हिमालमा समेत लोकप्रिय भइसकेको छ । हामीसँग सांस्कृतिक सहिष्णुताका यस्ता धेरै उदाहरण छन् । आमाबुबा, गुरु र पाहुनाहरूलाई देवतासरह मान्ने चलन नेपालीहरूको साझा संस्कृति हो । अर्मपर्म, सरसहयोग र समूहमा रमाउने नेपाली संस्कृति हो । बटुवाको शीतलताका लागि वर पिपल रोपिदिने, बिसाउनका लागि चौतारा बनाइदिने र बास बस्नका लागि पाटीपौवा बनाइदिने हाम्रो संस्कृति छ । हाम्रो संस्कृतिमा म मात्रै खाऊँ, म मात्रै लाऊँ भन्ने छैन, सबैले खान, लाउन र बाँच्न पाउनुपर्छ भन्ने छ । सबै सुखी होऊन्, सबै निरोगी होऊन् र सबैले सम्मानपूर्वक बाँच्न पाऊन् भन्ने हाम्रो संस्कृतिको भाव रहेको छ । हाम्रो संस्कृतिले अभावका बिचमा पनि रमाउन, आफ्नै कमाइमा बाँच्न र श्रमको पूजा गर्न सिकाउँछ ।

११. कतिपय अवस्थामा संस्कृतिका नाममा विकृतिले प्रश्रय पाइरहेको हुन्छ । संस्कृति मानिसका भलाइका लागि हो । अन्ध विश्वास, विभेद, शोषण, उत्पीडन आदि संस्कृति नभएर विकृति हुन् । हामीकहाँ दाइजो, तिलक, बोक्सी, छुवाछुत, बलिप्रथा जस्ता खराब प्रथाहरू छन्, जसलाई हामीले संस्कृतिका नाममा जोगाइरहेका छौँ । घुस खाने, भ्रष्टाचार गर्ने, अरूलाई दुःख दिने, नराम्रो काम गरेर पनि धनी बन्नुपर्छ भन्ने चिन्तन र व्यवहार विकृति हुन्, संस्कृति होइनन् । चाडपर्व, पूजाआजा, जन्म, विवाह, मृत्यु आदि हाम्रा संस्कारका अवसरमा अनावश्यक खर्च गर्ने, आडम्बर देखाउने, मादक पदार्थ सेवन गर्ने, तास, जुवा खेल्ने, झगडा गर्ने जस्ता प्रवृत्तिले प्रश्रय पाएको देखिन्छ । यस्ता क्रियाकलापहरू संस्कृति नभएर विकृति हुन् । हामीले हाम्रा मौलिक संस्कृतिको संरक्षण गर्नुपर्छ । संस्कृतिको मूल चरित्र परिवर्तनशील भएकाले आवश्यकताअनुसार तिनलाई परिमार्जन र परिष्कार गर्दै लैजानुपर्छ । संस्कृतिका नाममा देखिएका विकृतिलाई हटाउनुपर्छ ।

**शब्दार्थ :**

**जीवन शैली : जीवन बााच्ने तरिका**

**समष्टि** : उस्तै खालका वस्तुहरूको मेल, समूह, जमात
**एकताबद्ध** : एक भएको
**कडी** : जुक्ति, उपाय
**आचार संहिता** : नैतिक नियम लेखिएको शास्त्र
**एकाकार** : एक भएको
**आड** : अडिने
**सिद्धान्त** : मान्यता प्राप्त विचार
**उन्मुख** : त्यतातिर फर्केको
**हाउगुजी** : डरलाग्दो
**सापेक्षता** : कुनै कुरासँग सम्बन्धित

**प्रामाणिकता** : प्रमाण पुगेको
**अवलोकन** : ध्यान दिएर अध्ययन गर्ने काम
**पारख** : गुणदोष छुट्याउने काम
**सम्मत** : सहमत, स्वीकृत
**पुर्खा** : बाबुबाजे, पूर्वज
**पहिचान** : चिनारी
**यथावत्** : जस्ताको तस्तै, उस्तैको समय
**आर्थिक प्रणाली** : उत्पादन वा कमाइको तरिका
**रीति रिवाज** : पहिलेदेखि चलिआएको चाल चलन, परम्परा
**रहन सहन** : लवाइ, खवाइ, व्यवहार
**सहरीकरण** : सहर बनाउने काम
**अपरिवर्तनशील** : परिवर्तन नहुने गुण
**असीमित** : सीमा नभएको
**परिष्कार** : शुद्ध पारिएको
**सन्दर्भ** : सिलसिला, प्रसङ्ग
**संस्कार** : अवगुण, दोष आदि हटाई शुद्ध पारिएको, जन्म, मृत्यु, विवाह आदि कर्म
**समयानुकूल** : समयअनुसार मिल्दोजुल्दो
**वाङ्मय** : भाषामा लेखिएका ग्रन्थ
**अनुसरण** : कुनै विचार वा व्यक्तिको पछि लाग्ने काम, पालना गर्ने काम
**उद्गम स्थल** : उत्पत्ति हुने ठाउँ
**सहिष्णुता** : सहनशीलता, सहने गुण
**प्रश्रय** : आड, भरोसा
**उत्पीडन** : पीडा, कष्ट, सताउने काम
**दाइजो** : विवाहमा दुलहीका बाबुआमाले दुलहीलाई दिइने रुपियाँ, कपडा, गहना आदि धनमाल
**तिलक** : विवाहमा दुलही पक्षले दुलहालाई दिने धन, सम्पत्ति
**बलिप्रथा** : देवी देवताका नाममा पशुहरू काटेर भोग दिने चलन
**प्रथा** : पिता पुर्खाका पालादेखि चलिआएको चलन

### ३. विषय वस्तु

हाम्रो संस्कृति निबन्धमा राष्ट्रिय संस्कृतिको पहिचानात्मक अभिव्यक्ति प्रस्तुत गरिएको छ । प्रस्तुत निबन्धमा संस्कृतिका विविध पक्षको परिचय दिएइको छ । संस्कृति कुनै पनि राष्ट्र, जाति वा समुदायलाई चिनाउने मुख्य आधार मात्र नभई मानिसको सामूहिक जीवन शैली पनि हो । संस्कृति आचार संहिता भएकाले यो मानवीय व्यवहार र आचरणको द्योतक पनि हो । अबको संस्कृति वैज्ञानिक चिन्तनमा आधारित हुनुपर्छ । विज्ञानका सापेक्षतामा संस्कृतिलाई ग्रहण गर्न सक्नुपर्छ । अबको हाम्रो संस्कृति

अनुमान र अन्ध विश्वासमा होइन, मानव हितका साथै विज्ञानसम्मत हुन आवश्यक छ । संस्कृतिसँग मानिसको आफ्नो इतिहास र पहिचान जोडिने भएकाले आफैँमा महत्त्वपूर्ण छ । संस्कृति र संस्कार पनि समय सान्दर्भिक हुदै वैज्ञानिक तवरले परिस्कार हुदै आएकामा निबन्धकारलाई गौरव लागेको प्रसङ्ग निबन्धमा व्यक्त गरिएको छ । निबन्धकारले पितृसत्तात्मक संस्कारलाई संस्कृतिका रूपमा नहेर्न आग्रह गर्दै समतामूलक समाजको परिकल्पना गरिएको छ ।

संस्कृतिको चरित्र परम्परागत भए पनि अपरिवर्तनशील नहुने तथ्य अगि सार्दै समय, सन्दर्भ र आवश्यकताअनुसार संस्कृतिहरू परिमार्जित हुने कुरा निबन्धमा वर्णित छ । जुन संस्कृति समयानुकूल परिमार्जित र परिष्कृत हुन्छ, त्यही संस्कृति नै अनन्त कालसम्म समाजमा स्थापित रहने धारण निबन्धकारको रहेको छ । संस्कृति भूगोल, जातिअनुसार फरक हुन्छ । नेपाल बहुजाति, बहुभाषी मुलुक भएकाले यहाँको संस्कृति नै विविधतामय छ । भौगोलिक र जातिगत रूपमा चाल चलन रहन सहन, महिला र पुरुषका पहिरन, गरगहना, बोली वचनमा पाइने भिन्नताका आधारमा पनि संस्कृति फरक हुने गरेको देखिन्छ । अनेकन् सांस्कृतिक धरोहरको रङ्गमञ्चका रूपमा रहेको हाम्रो देशको संस्कृति आफैँमा लोभलाग्दो भएको कुरा निबन्धमा व्यक्त गरिएको छ । हिन्दु र बौद्ध धर्मको उद्गम स्थल नेपालमा श्रममा आधारित र प्रकृतिलाई पूजा गर्ने आफ्नै मौलिक संस्कृति रहेको छ

अनेकतामा एकता नेपाली संस्कृतिको विशेषता भने झैँ देउडा, गौरा, लाखे, सेलो, सङ्गिनी, हाकपारे, मारुनी, चुड्का, ख्याली, रोदी, धाननाच, माघी, होली, साकेला, देउसी, भैलो आदिको समष्टि नै नेपाली संस्कृति हो । यही साझापनमा आधारित आपसी सहिष्णुता नै नेपाली संस्कृति हो । संस्कृतिका रूपमा मान्दै आएका कतिपय अन्ध परम्परा हटाई सबैले सम्मानपूर्वक मान्न र मनाउन पाउने संस्कृति नै नेपाली संस्कृति भएको धारण निबन्धकारको छ । हामीले हाम्रा मौलिक पहिचानात्मक संस्कृतिको संरक्षण गर्नुपर्छ । संस्कृतिको मूल चरित्र परिवर्तनशील भएकाले आवश्यकताअनुसार पहिचना नमेटिने गरी तिनलाई परिमार्जन र परिष्कार गर्दै लैजानुपर्छ । संस्कृतिका नाममा देखिएका विकृतिलाई हटाउनुपर्छ भन्ने सन्देश प्रस्तुत निबन्धको मूल सन्देश हो ।

**अभ्यास**

१. तलका शब्द प्रयोग गरी अर्थयुक्त वाक्य बनाउनुहोस्:

   सापेक्षता, अवलोकन, पहिचान, यथावत्, रहन सहन, सहरीकरण, संस्कार, अनुसरण, मौलिक, विकृति, दाइजो, प्रथा

२. हाम्रो संस्कृति निबन्धको मुख्य सन्देश के हो, लेख्नुहोस् ।

## नमुना उत्तर

साहित्यकार सुधा त्रिपाठीद्वारा लेखिएको हाम्रो संस्कृति निबन्ध संस्कृतिको पहिचानपरक अभिव्यक्ति प्रस्तुत गर्ने निबन्ध हो । यस निबन्धमा संस्कृतिका विविध स्वरूपको चर्चा गरिएको छ । संस्कृति कुनै पनि राष्ट्र, जाति वा समुदायलाई चिनाउने मुख्य आधार र सामूहिक जीवन शैली हो । त्यस्तै भाषा, साहित्य, धर्म, कला, दर्शन, चाडपर्व, परम्परा आदिको समष्टि रूप नै संस्कृति भएको प्रसङ्ग उल्लेख गर्दै संस्कृतिको मर्म र भावनालाई आत्मसात् गरी संस्कृतिको वैज्ञानिक तथा परिस्कृत शैली अपनाउन

आग्रह गरिएको छ । धर्म र संस्कृतिको तुलनात्मक प्रस्तुति गर्दै धर्म र संस्कृति एउटै नभई फरक फरक रहेको विचार व्यक्त गरिएको छ । धर्म मूलतः ईश्वर, स्वर्ग, नरक आदि विश्वाससँग सम्बन्धित हुने र संस्कृति मानिसको आचार व्यवहारसँग सम्बन्धित हुन्छ । प्रस्तुत निबन्धमा अन्धविश्वासमा विश्वास नगरी विज्ञानका सापेक्षतामा मानिसका आवश्यकता, खुसी, सुख र मनोरञ्जनका रूपमा संस्कृतिलाई ग्रहण गर्न आग्रह गरिएको छ ।

पुर्खाले राम्रो भनेर चलाएका चलनहरू र पुर्खाहरूको आविष्कार नै संस्कृति भएकाले आफ्नो पहिचान जोडिने संस्कृति नछोड्न निबन्धले आदर्शवादी सन्देश दिएको छ । नेपाल बहु जातीय, बहु धार्मिक, बहुभाषी र बहु सांस्कृतिक मुलुक भएकाले नेपनलको राष्ट्रिय संस्कृति भनेकै विविधताको संस्कृति हो । यही भौगोलिक विविधतायुक्त नेपाली संस्कृतिको विशेषतालाई जीवन्त बनाउन आदर्श सन्देश प्रस्तुत गर्न निबन्ध सक्षम देखिन्छ । यसरी सबै धर्म, जाति, भाषा आदिको योगले नेपाली संस्कृतिको साझा रूप तयार भएकाले विविधता नै नेपाली संस्कृतिको मूल पहिचान हो । यही सांस्कृतिक साझापन अनेकतामा एकता र आपसी सहिष्णुता नै नेपाली संस्कृतिको विशेषता हो ।

हाम्रो संस्कृतिले अभावका बिचमा पनि रमाउन, आफ्नै कमाइमा बाँच्न र श्रमको पूजा गर्न सिकाउँछ । अन्ध विश्वास, विभेद, शोषण, उत्पीडन आदि संस्कृति नभएर विकृति भएकाले समाजबाट यस्ता पक्षको अन्त्यको चाहना राख्नु निबन्धको मूल विचार हो । हामीले हाम्रा मौलिक संस्कृतिको संरक्षण गर्नुपर्छ । संस्कृतिको मूल चरित्र परिवर्तनशील भएकाले आवश्यकताअनुसार तिनलाई परिमार्जन र परिष्कार गर्दै लैजानुपर्छ । संस्कृतिका नाममा देखिएका विकृतिलाई हटाउनुपर्छ भन्ने सन्देश यस निबन्धको मुख्य सन्देश हो ।

३. **सम्भावित प्रश्नहरू**

(क) संस्कृति मानिसको सामूहिक जीवन शैली हो, निबन्धको पहिलो अनुच्छेदका आधारमा पुष्टि गर्नुहोस् ।

(ख) नेपाली संस्कृतिलाई विविधताको संस्कृति किन भनिएको हो ?

(ग) विज्ञानले कुन कुरामा विश्वास गर्छ ?

(घ) अबको संस्कृति कस्तो हुनुपर्छ ?

४. **व्याख्या गर्नुहोस्** :

(क) संस्कृतिको चरित्र परम्परागत हुन्छ तर अपरिवर्तनशील भने हुँदैन ।

(ख) अन्ध विश्वास, विभेद, शोषण, उत्पीडन आदि संस्कृति नभएर विकृति हुन् ।

५. **तलका प्रश्नको लामो उत्तर दिनुहोस्** : (लामो उत्तरका सम्बन्धमा अघिल्ला पाठमा उत्तरको नमुना दिइएको छ । त्यसैलाई आधार मानी लामो उत्तर लेख्ने अभ्यास गर्नुहोस् ।)

(क) नेपालमा संस्कृतिका नाममा देखिएका विकृति र विसङ्गतिहरूको उदाहरणसहित विवेचना गर्नुहोस् ।

(ख) संस्कृतिसँग देशको पहिचान जोडिएको हुन्छ कसरी, निबन्धका आधारमा पुष्टि गर्नुहोस् ।

## कार्यमूलक व्याकरण

१. तलको अनुच्छेदका रेखाङ्कित शब्दहरू समास र द्वित्व हुन्, तिनलाई पहिचान गर्नुहोस्:

सन्तानका लागि आमाबुबा पथ प्रदर्शक हुन् । उनीहरू छोराछोरीको प्रगतिमा हरपल चिन्तित रहन्छन् । सत्मार्गमा लाग्न प्रोत्साहन गर्छन् । कर्मको फल मिठो हुने र ससाना समस्यामा आत्तिन नहुने सन्देश दिन्छन् । विचारले शून्य भएर नबस्न दुखसुख जे भए पनि निरन्तर अध्ययन गर्न आआफ्नोतर्फबाट दुवैले पहल गर्छन् । यसका साथसाथै राम्रो शिक्षादीक्षा दिन अध्ययनको उपयुक्त वातावरण निर्माण पनि गरिदिन्छन् । यस्तो परिवारको निगरानी पाउने सन्तानले सरासर उन्नति पनि गर्छन् ।

२. तल समास प्रक्रियाबाट समस्त शब्द निर्माण हुने प्रक्रिया दिइएको छ । तिनको पहिचान गर्नुहोस्:

| | **समस्त शब्द** | **निर्माण प्रक्रिया (विग्रह)** |
|---|---|---|
| १. | आजभोलि | आज भोलि |
| | माथिमाथि | माथि माथि |
| | घरमुनि | घर मुनि |
| २. | ज्यानमारा | ज्यानलाई मार्ने |
| | भूकम्प पीडित | भूकम्पले पीडित |
| | पूजाकोठा | पूजालाई कोठा |
| | बाटोखर्च | बाटालाई खर्च |
| ३. | भान्दाइ | भानिज दाइ |
| | बुढोपाको | बुढो पाको |
| | रातोपिरो | रातो पिरो |
| | कालीमाटी | कालो माटो |
| ४. | चतुर्भुज | चार ओटा भुजाको समूह |
| | षट्कोण | छ ओटा कोणको समूह |
| | सप्तर्षि | सात ऋषिको समूह |
| | नवरत्न | नौ रत्नको समूह |
| ५. | बुबाआमा | बुबा र आमा |
| | सागपात | साग र पात |
| | दुःखसुख | दुःख वा सुख |
| | पापपुण्य | पाप वा पुण्य |
| ६. | मखीबुट्टे | माखाका जस्ता बुट्टा भएको |
| | माछापुच्छ्रे | माछाको जस्तो पुच्छर छ जसको |

| | |
|---|---|
| लामकाने | लामा कान छन् जसका |
| हात्ती पाइले | हात्तीका जस्ता पाइला छन् जसका |

३. समास र द्वित्व शब्द प्रयोग गरी **देशभक्ति** शीर्षकमा एक अनुच्छेद तयार गर्नुहोस् ।

४. पाठबाट शब्दका सुरुमा स्वर वर्ण भएका १० ओटा शब्द छानेर लेख्नुहोस् ।

५. **पृष्ठपोषण**

- यस पाठको अध्ययनपश्चात् तपाइँ शब्दको अर्थ, वाक्यमा प्रयोग, अनुच्छेद लेखन, समास र द्वित्वको पहिचान र प्रयोग गर्न कत्तिको सक्षम हुनुभयो, आत्म मूल्याङ्कन गर्नुहोस् । तपाइँ आफूलाई केही स्पस्ट हुन आवश्यक ठान्नुहुन्छ भने एकपटक फेरि पाठ पढ्नुहोस् ।
- यस पाठमा आधारमा तपाइँलाई मन पर्ने शीर्षकमा ३०० शब्दसम्मको एउटा निबन्ध लेखी शिक्षकलाई देखाउनुहोस् । शिक्षकले पनि तपाइँको सिर्जनशीलतादेखि गर्व गर्नुहुने छ । यदि लेखनमा तपाइँलाई असहज भएमा शिक्षकको सहयोग लिनुहोस् ।

## पाठ १०

**वाद विवाद**

# स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस

## १. परिचय

तार्किक र आलोचनात्मक सोचसहितको मौखिक अभिव्यक्ति वाद विवाद हो । यसमा परस्परका विचारको खण्डन र मण्डन गर्ने गरिन्छ । तार्किक ढङ्गले विचार विमर्श गर्ने सिपको विकासका लागि वाद विवाद महत्त्वपूर्ण छ । स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस भन्ने पक्ष र विपक्षका महत्त्वपूर्ण तर्कहरू यहाँ प्रस्तुत गरिएको छः

मानिस, वस्तु, श्रम, पुँजी, विचार, प्रविधि, संस्कृति कुनै निश्चित ठाउँ र देशको सीमा नाघेर विश्वभर फैलने वा आदान प्रदान हुने अवस्था नै विश्वव्यापीकरण हो । विश्वव्यापीकरणले गर्दा सूचना र प्रविधिका कारण संसारभरिका घटना, ठाउँ, जाति, संस्कृतिहरूबारे थाहा पाउन सकिएको छ । साथै इमेल, इहेल्थ, इलाइब्रेरी, इलर्निङ, इमार्केटिङ जस्ता सुविधाहरू पाइएको छ । खुला संसार, खुला परिवेशमा नै मानिसको प्रतिभा, क्षमता र मिहिनेतले फक्रने, फुल्ने र फैलिने मौका पाएको छ । त्यसैले विश्वव्यापीकरण फराकिलो धरातल हो । विश्वव्यापीकरण संसारभर स्वीकार गरेका लोकतन्त्र, वाक् स्वतन्त्रता, मानव अधिकार, बालिग मताधिकार, अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धिहरूको पक्षधर हुन्छ । स्थानीयकरणले स्थानीय भाषा, क्षेत्र, जाति, प्रविधि, सिप, विचारको संरक्षण, संवर्धन र विकासको कुरा गर्छ । स्थानीयकरणमा आफ्नो मानवीय मूल्य, मान्यता, अस्मिताको रक्षा हुन्छ । स्थानीयकरणले स्थानीय सिप र स्थानीय उत्पादनलाई जोड दिन्छ । स्थानीय सिपमा पनि विज्ञान हुन्छ, कला हुन्छ र लामो अनुभव हुन्छ । स्थानीयकरणमा सामुदायिक विकास हुन्छ । आत्मनिर्भरता बढ्छ । राष्ट्रिय स्वाभिमान, राष्ट्रिय गौरव र पुर्खाहरूका गौरवको संरक्षणमा सहयोग पुग्छ ।

## २. उद्देश्य

यस पाठको अध्ययनपश्चात् तपाईँ निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) कठिन शब्दको अर्थ बताई वाक्यमा प्रयोग गर्न
(ख) औपचारिक ढाँचामा वाद विवाद लेखन गर्न
(ग) मौखिक तथा सिर्जनात्मक अभिव्यक्ति सिपको विकास गर्न
(घ) आफ्ना विचारहरू तर्कपूर्ण ढङ्गले व्यक्त गर्न
(ङ) वाक्यका प्रकार र पूर्ण पक्षको पहिचान तथा प्रयोग गर्न

### स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस

(श्री जन जीवन मावि पोकली, ओखलढुङ्गाका कक्षा १० का विद्यार्थीहरूबिच वाद विवाद प्रतियोगिताको आयोजना गरिएको छ । विद्यालयका प्रधानाध्यापक सिर्जना सुनुवारको अध्यक्षतामा कार्यक्रम सुरु भएको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लोकबहादुर खड्का, स्रोत व्यक्ति

रञ्जना विश्वकर्मा र अभिभावक सङ्घका अध्यक्ष शुक्र तामाङ अतिथि हुनुहुन्छ । शिक्षकहरू रामप्रताप यादव, मुना अधिकारी र प्रमिला गुरुङ निर्णायक मण्डलमा रहनुभएको छ । प्रतियोगीहरू शिवलाल गौतम, विमला प्रधान, लक्ष्मी चौधरी र राकेश मगर निर्धारित स्थानमा बसिसक्नुभएको छ । शिक्षक, विद्यार्थी र अभिभावकहरूले सभाकक्ष खचाखच छ । कक्षा १० की छात्रा जयन्ती बस्नेत समय पालकमा रहनुभएको छ भने सोही कक्षाका छात्र लाक्पा शेर्पा उद्घोषक हुनुहुन्छ ।)

१. **उद्घोषक** : विद्यालयको वार्षिक कार्य तालिकाअनुसार आज वाद विवाद प्रतियोगिता हुँदै छ । आजको वाद विवादको विषय अलिक नौलो तर अत्यन्त सान्दर्भिक छ । आज संसारभरि चर्चामा रहेका विश्वव्यापीकरण र स्थानीयकरणलाई वाद विवादको विषय बनाइएको छ । यसको शीर्षक छ, स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस । पक्षमा बोल्ने वक्ताले विश्वव्यापीकरण र विपक्षका वक्ताले स्थानीयकरणको पक्षमा बोल्नुहुने छ । सर्वप्रथम म सहभागी वक्ताहरूले पालना गर्नुपर्ने नियमहरू सुनाउँछु :

(क) एक जना वक्तालाई पाँच मिनेटको समय दिइने छ । चार मिनेटमा जनाउ घन्टी र पाँच मिनेटमा अन्तिम घन्टी बज्ने छ । अन्तिम घन्टी बजेपछि वक्ताको समय सकिने छ ।

(ख) वक्ताले कुनै पनि जाति, वर्ग, समुदाय, धर्म, क्षेत्र, लिङ्गप्रति भेदभाव हुने, आक्षेप लगाउने र आपसी कलह र विद्वेष फैलाउने भावना व्यक्त गर्न पाइँदैन ।

(ग) विपक्षका भनाइलाई खण्डन वा असहमति प्रकट गर्दा शिष्ट र मर्यादित रूपमा गर्नुपर्छ ।

(घ) निर्णायक मण्डलको निर्णय अन्तिम हुने छ ।

अब म पक्षका तर्फबाट बोल्नका लागि शिवलाल गौतमलाई निम्त्याउँछु ।

(शिवलाल गौतम माइकनेर जानुहुन्छ र बोल्न थाल्नुहुन्छ ।)

२. यस सभाका सभाध्यक्षज्यू, अतिथिज्यूहरू, निर्णायक मण्डल, गुरुवर्ग र साथीहरू !

३. स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस भन्ने विषयको पक्षमा म आफ्ना धारणा राख्दै छु । विश्वव्यापीकरण बिनाको दुनियाँ अब कल्पना पनि गर्न सकिँदैन । अबको युग खुला, उदार र प्रतिस्पर्धाको युग हो । अब संसारका हरेक मुलुक एक्लाएक्लै बाँच्ने अवस्था छैन । विकासोन्मुख देशहरूका लागि आवश्यक पर्ने पुँजी र प्रविधि विकसित देशहरूबाट उपलब्ध हुन्छ । त्यस्तै विकसित देशहरूले कच्चा पदार्थ र श्रम विकासोन्मुख देशहरूबाट लिन्छन् । अब वस्तु, श्रम, पुँजी र प्रविधि विश्वभर आदान प्रदान हुने अवस्था सिर्जना भएको छ । यही नै विश्वव्यापीकरण हो ।

४. मानिस, वस्तु, पुँजी, विचार, प्रविधि, संस्कृति कुनै निश्चित ठाउँ र देशको सीमा नाघेर विश्वभर फैलने अवस्था नै विश्वव्यापीकरण हो । विश्वव्यापीकरणमा संसारका कुनै पनि मानिसका सिर्जना, विचार र नयाँ प्रविधिले सजिलै संसारभरि फैलिने मौका पाउँछन् । यसमा मानिस कुनै एउटा देशको नागरिक मात्र होइन, पृथ्वीकै एउटा सदस्य बन्छ र

त्यसबाट लाभ लिन सक्छ । विश्वव्यापीकरणकै कारण अहिले संसारभरिका मानिसले सूचना र प्रविधिको लाभ लिन पाएका छन् । सूचना र प्रविधिको विश्वव्यापीकरणले गर्दा संसारभरिका घटना, ठाउँ, जाति, संस्कृतिहरूबारे थाहा पाउन सकिएको छ । साथै इमेल, इहेल्थ, इलाइब्रेरी, इलर्निङ, इमार्केटिङ जस्ता सुविधाहरू पाइएको छ ।

५. मानिसलाई चाहिने वस्तु, ज्ञान विज्ञान, प्रविधि, पुँजी, श्रम आदि सबै ठाउँमा समान रूपमा पाइँदैनन् । आजको मानिसका असीमित इच्छा र आवश्यकताहरूको परिपूर्ति एउटै ठाउँ र एउटै देशबाट सम्भव छैन । काम हुने ठाउँमा काम गर्ने मानिस हुँदैनन् । कहीँ मानिसहरू हुन्छन्, काम हुँदैन र बेरोजगार बस्नुपर्ने हुन्छ । विश्वव्यापीकरणसँगै यी समस्या समाधान हुँदै छन् । आज लाखौँ नेपालीहरू संसारका विभिन्न मुलुकमा काम गरिररहेका छन् । सामान्य कामदार मात्र होइन, उच्च बौद्धिक तथा प्राविधिकका साथसाथै ठुल्ठुला उद्योगपति, व्यापारी र लगानी कर्ताका रूपमा समेत नेपालीहरू संसारभर स्थापित हुँदै छन् । आज नेपालको कुल आम्दानीको एक चौथाइभन्दा बढी हिस्सा वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्सले धानेको छ । यो सबै विश्वव्यापीकरणबाट सम्भव भएको हो । (जनाउ घन्टी बज्छ ।)

६. कुनै पनि कुरालाई सानो क्षेत्र वा खण्डमा सीमित गर्नु स्थानीयकरण हो । स्थानीयकरणले मनिसलाई सानो घेरामा कैद गर्छ, सङ्कुचित बनाउँछ । स्थानीयकरणमा स्थानीय शासकहरू, धनीमानीहरू, टाठाबाठाहरू, बदमासहरूको बोलवाला हुन सक्छ । त्यस्तोमा नातावाद, कृपावाद, कोसेलीपात जस्ता प्रवृत्तिले प्रश्रय पाउने गर्छन् । स्थानीयकरणले मानिसलाई जाति, धर्म, परम्परा, क्षेत्र आदिका आधारमा विभाजन गर्छ । यसले मानिस मानिसबिचमा विभेद र वैमनस्य सिर्जना हुन्छ, द्वन्द्व निम्तिन्छ । विश्वव्यापीकरणले मानिसलाई यस्ता सीमाहरूबाट बाहिर निकाल्छ र खुला संसार प्रदान गर्छ । खुला संसार, खुला परिवेशमा नै मानिसको प्रतिभा, क्षमता र मेहनतले फक्रने, फुल्ने र फैलिने मौका पाउँछ । मानिसमा अथाह क्षमता हुन्छ, त्यस्तो क्षमताको विकासका लागि फराकिलो धरातल चाहिन्छ । विश्वव्यापीकरण त्यही फराकिलो धरातल हो । यसैले स्थानीयकरणभन्दा विश्वव्यापीकरण नै बेस हुन्छ । (घन्टी बज्छ ।)

७. उद्घोषक : अब म विपक्षका तर्फबाट बोल्नका लागि विमला प्रधानलाई अनुरोध गर्दछु । (विमला प्रधान बोल्नका लागि माइकनेर जानुहुन्छ ।)

८. यस सभाका अध्यक्षज्यू, अतिथिज्यूहरू, निर्णायक मण्डल, गुरुवर्ग र मेरा प्यारा साथीहरू !

९. म आजको वाद विवाद प्रतियोगिताको विषयको विपक्षबाट बोल्दै छु । स्थानीयकरणले स्थानीय भाषा, क्षेत्र, जाति, प्रविधि, सिप, विचारको संरक्षण, संवर्धन र विकासको कुरा गर्छ । कुनै पनि भाषा, संस्कृति, जाति सम्पूर्ण मानव जातिका सम्पत्ति हुन् । यी हाम्रा पुर्खाहरूका आविष्कार हुन् । तिनमा मानव जातिको इतिहास सुरक्षित हुन्छ । मान्छेले आफ्नो बाल्य परिवेशमा सिकेका भाषा, सिप, चाल चलनहरू चाहेर पनि भुल्न सक्तैन र ती उसका लागि प्रिय हुन्छन् । ती उसका जीवन पद्धति बनिसकेका हुन्छन् । तिनमै उसको पहिचान

बनिसकेको हुन्छ । के मानिसले आफ्नो पहिचान गुमाउन सक्छ ? अनि आफ्नो सारा पहिचान बनिसकेको विषयको संरक्षण, संवर्धन र विकास गर्नु उसको अधिकार र कर्तव्य हैन र ? स्थानीयकरण यस्तै अधिकार र कर्तव्यको द्‌योतक हो । यसैले म स्थानीयकरणको पक्षपाती छु ।

१०. विश्वव्यापीकरणमा विश्व बजार बहु राष्ट्रिय कम्पनीहरूका हातमा हुन्छ । बहु राष्ट्रिय कम्पनीका मालिकहरू अर्थात् सेयरवालाहरू सम्पन्न र शक्तिशाली देशकै मानिसहरू हुन्छन् । उनीहरूले बनाउने नियम र उत्पादन गर्ने वस्तुहरू उनीहरूकै हितमा हुन्छन् । अनि गरिब र पिछडिएका क्षेत्रका मानिसहरूले बहु राष्ट्रिय कम्पनीमा कसरी काम पाउन सक्छन् ? पाए पनि सस्तो र शारीरिक श्रम पर्ने काम मात्र पाउने हुन् । अर्कातिर रोबोट र मेसिनले काम गर्ने हुनाले मानवीय श्रमको काम घट्छ र बेरोजगार बढ्ने डर हुन्छ ।

११. स्थानीयकरणमा स्थानीय स्तरमै रोजगारी उपलब्ध हुन्छ । आफ्नै थातथलोमा बसेर काम पाउँदा मानिस खुसी हुन्छ । विश्वव्यापीकरणमा जस्तो अर्को भाषा सिक्नुपर्ने, भिन्न संस्कृतिलाई अँगाल्नुपर्ने, अपरिचित र भिन्न वातावरण, हावापानीमा आफूलाई समायोजन गर्नुपर्ने जस्ता कठिनाइ हुँदैन । आफूले जानेकै सिप, भाषा, आनीबानी, आचार व्यवहारमा रहेर काम गर्न पाउँदा नै मान्छेले आफ्नो प्रतिभा र क्षमताको विकास गर्न सक्छ । त्यस्तो परिवेशमा काम गर्दा नै उसले सुख र सन्तुष्टि पाउन सक्छ । त्यस्तो सुख, सन्तुष्टि र क्षमताको विकास स्थानीयकरणमा हुन्छ । (जनाउ घन्टी बज्छ ।)

१२. सभाध्यक्ष महोदय, विश्वव्यापीकरण सम्पन्न र शक्तिशालीका पक्षमा छ र विपन्नहरूका अहितमा छ । विश्वव्यापीकरणले विकसित र बलियाहरूको भाषा, उनीहरूकै संस्कृति, उनीहरूकै प्रविधिलाई संसारभर फैलाउँछन् । जो धनी छ, उसैले आर्थिक लगानी गर्न सक्छ । आफूले लगानी गर्ने उत्पादक कम्पनीहरूमा उसले आफ्नै भाषा, आफ्नै प्रविधि, आफ्नै संस्कृति लागु गर्छ । यसैले विश्वव्यापीकरण भनेको संसारका धनी देशहरू र धनी मानिसहरूका लागि उपयुक्त छ, गरिब र विपन्नहरूका लागि होइन । विश्वव्यापीकरणमा मानिस र उसको प्रतिभा, क्षमता, सिप, सिर्जना र आविष्कारलाई बजारिया वस्तुका रूपमा लिइन्छ । यसले मानवको अस्मिता र महत्त्वलाई अवमूल्यन गर्छ । यसबाट दया, माया, प्रेम, सद्‌भाव, समवेदना जस्ता मानवीय विशेषताहरू निष्प्रभावी बन्छन् । स्थानीयकरणमा आफ्नो मानवीय मूल्य, मान्यता, अस्मिताको रक्षा हुन्छ । यसैले विश्वव्यापीकरणभन्दा स्थानीयकरण बेस भन्दै मेरो भनाइ टुङ्ग्याउँछु । धन्यवाद !
(घन्टी बज्छ) ।

१३. उद्‌घोषक : अब म पक्षका तर्फबाट बोल्नका लागि लक्ष्मी चौधरीलाई आमन्त्रण गर्छु ।
(लक्ष्मी चौधरी मञ्चमा गएर बोल्न थाल्नुहुन्छ ।)

१४. यस वाद विवाद कार्यक्रमका अध्यक्षज्यू, अतिथि गण, निर्णायक मण्डल, आदरणीय गुरुवर्ग र साथीहरू !

१५. आजको प्रतियोगितामा म विषयको पक्षमा अर्थात् विश्वव्यापीकरणको पक्षमा बोल्दै छु ।

विश्वव्यापीकरण संसारभर स्वीकार गरेका लोकतन्त्र, वाक् स्वतन्त्रता, मानव अधिकार, बालिग मताधिकार, अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धिहरूको पक्षधर हुन्छ । स्थानीयकरण अनुदार अर्थतन्त्रको चरित्र हो भने विश्वव्यापीकरण उदार अर्थतन्त्रमा आधारित हुन्छ । स्थानीयकरणमा जात, वर्ग, लिङ्ग, क्षेत्र विशेषमा भेदभाव हुन सक्छ । विश्वव्यापीकरणमा यस्तो भेदभाव हुँदैन । दक्ष, प्रतिभाशाली, मेहनती मानिस संसारको जुनसुकै ठाउँमा गएर पनि इज्जतपूर्वक बाँच्न सक्छ, सुखी भएर रहन सक्छ ।

१६. विश्वव्यापीकरणमा धनी देशका धनी मानिसले मात्र अवसर पाउँछन् भन्ने पूर्व वक्ता मित्रको भनाइमा म सहमत छैन । बहु राष्ट्रिय कम्पनीहरू उदार अर्थनीतिमा आधारित हुन्छन् । तिनमा जो कोहीले लगानी गर्न सक्छन् । सेयर बजारमा सस्ता मूल्यका सेयरहरू पनि हुन्छन् । थोरै पैसा हुनेले पनि अन्तर्राष्ट्रिय र बहु राष्ट्रिय कम्पनीका सेयर किन्न सक्छन् र नाफा कमाउन सक्छ । त्यसैले पैसा भएर पनि लगानीगर्न नपाउने अवस्था हुँदैन । त्यस्तै सिप हुनेहरू त्यत्तिकै बस्नु पर्दैन । स्थानीयकरणमा लगानीका धेरै अवसरहरू हुँदैनन् र पुँजीको सही परिचालन हुँदैन । लगानीको अवसर नहुँदा मानिसहरूले अनुत्पादक क्षेत्र जस्तै घर, घडेरी र विलासिताका वस्तुमा लगानी गर्छ । यस्तो लगानीबाट नाफा आर्जन हुँदैन । स्थानीयकरणको अर्थतन्त्र केवल निर्वाहमुखी हुन्छ । विश्वव्यापीकरणको अर्थतन्त्र नाफामुखी र आर्जनमुखी हुन्छ ।

१७. विश्वव्यापीकरणमा उपभोक्ताहरूलाई वस्तुहरू छान्ने अवसर हुन्छ । यसले गर्दा गुणस्तरयुक्त, स्वास्थ्य वर्धक र सकेसम्म सस्तो वस्तुको माग बढ्छ । यसबाट एकाधिकार बजार निरुत्साहित हुन्छ र कसले सस्तो, राम्रो र गुणस्तरीय वस्तु उत्पादन गर्ने भन्ने प्रतिस्पर्धा हुन्छ । विश्वव्यापीकरणमा स्थानीय मौलिक कुराहरू विस्थापित हुन्छन् भन्ने कुरामा म सहमत छैन । बरु विश्वव्यापीकरणसँगै स्थानीय राम्रा कुराहरूको बजार विस्तार हुन्छ । हामीलाई थाहा छ, अचेल ठुला ठुला तारे होटलहरूमा महँगो मूल्यमा गुन्द्रुक र ढिँडो बिक्री हुन्छ । यो विश्वव्यापीकरणको देन हो ।

१८. विश्वव्यापीकरणसँगै विकासोन्मुख देशमा लगानी कर्ताहरू भित्रिन्छन् र त्यहाँ ठुला ठुला उद्योग धन्दाहरू निर्माण हुन्छन् । यसले रोजगारीका अवसर सिर्जना गर्छ । अर्थतन्त्र बलियो बन्छ । यसबाट अल्पविकसित र विकासोन्मुख देशहरूले छोटो समयमै ठुलो फड्को मार्न सक्छन् । विकसित देशहरूमा कच्चा पदार्थ अप्राप्य जस्तै भइसकेको अवस्थामा अबका उद्योगहरूको स्थापना विकासोन्मुख देशहरूमै हुने हो । यसैले विश्वव्यापीकरण विकासोन्मुख र अल्प विकसित देशहरूका लागि अझ बढी लाभदायक देखिन्छ । (जनाउ घन्टी बज्छ ।)

१९. विश्वव्यापीकरणमा मानिसका सिर्जनाहरू, आविष्कारहरू, उत्पादनहरू संसारभर पुऱ्याउन सकिन्छ । कवि, साहित्यकार, कलाकार, गायक, शिक्षक, अभिनेता, खेलाडी जस्ता प्रतिभाहरू एउटा सानो दायरामा सीमित नभएर संसारभरिका साझा बन्न सक्छन् । यसबाट मानिससँगको सम्बन्ध विस्तार हुन्छ । वस्तु, प्रविधि, ज्ञान विज्ञान, आविष्कार, पुँजीको आदान

प्रदानसँगै संसारका मानिसहरूका बिचको चेतना स्तर, आर्थिक स्तर, जीवन शैली आदिमा रहेको अन्तर र विभेद कम हुन जान्छ । यसले मानव मानवका बिचमा रहेको असमानता, असमझदारी र एकले अर्कालाई हेर्ने नकारात्मक दृष्टिकोणमा परिवर्तन हुन्छ । संसारमा शान्ति, सुख र समृद्धिको बाटो फराकिलो बन्छ । यिनै कारणहरूले स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस भन्ने तर्कहरूका साथ आफ्नो भनाइको बिट मार्न चाहन्छु । धन्यवाद !
(घन्टी बज्छ ।)

२०. उद्घोषक : अब म विपक्षका तर्फबाट आफ्ना धारणा राख्नका लागि राकेश मगरलाई बोलाउँछु ।
(राकेश मगर माइकनेर गएर बोल्न थाल्नुहुन्छ ।)

२१. सभाध्यक्षज्यू, अतिथिज्यूहरू, निर्णायक मण्डल, गुरुवर्ग र साथीहरू !

२२. म आजको प्रतियोगितामा स्थानीयकरणको पक्षमा बोल्दै छु । स्थानीयकरणले स्थानीय सिप र स्थानीय उत्पादनलाई जोड दिन्छ । स्थानीय सिपमा पनि विज्ञान हुन्छ, कला हुन्छ र लामो अनुभव हुन्छ । स्थानीय उत्पादनमा स्थानीय प्रकृति, संस्कृति, परम्परा, वातावरण, जनस्वास्थ्य आदिको ख्याल गरिएको हुन्छ । स्थानीय उत्पादनहरू बढी लाभदायक, टिकाउ र अझ सङ्ग्रहणीय हुन्छन् । विश्वव्यापीकरणका उत्पादनहरू तत्कालको आवश्यकता पुरा गर्ने किसिमका मात्र हुन्छन् ।

२३. पूर्ववक्ता मित्रले विश्वव्यापीकरणलाई लोकतन्त्र, मानव अधिकार, बालिग मताधिकार आदिको संवाहकका रूपमा लिनुभयो । वास्तविकता त्यस्तो होइन, बरु अहिले यिनमा स्थानीयकरणका चरित्रलाई आत्मसात् गर्न थालिएको छ । अहिले सबै क्षेत्र, जाति, वर्ग, लिङ्गको समान विकास गर्ने प्रकारको समावेशी र समानुपातिक लोकतन्त्र आत्मसात् गर्न थालिएको छ । यसैले लोकतन्त्र, मानव अधिकार जस्ता विषयलाई विश्वव्यापीकरणको पेवा बनाउनुको कुनै तुक छैन ।

२४. विश्वव्यापीकरण वातावरणीय विनाशको मुख्य कारक हो । विश्वव्यापीकरणसँगै ठुला उद्योग र कल कारखानाहरू बने, सहरीकरण बढ्दै गयो, वन जङ्गल मासिँदै गयो । यसबाट वातावरण प्रदूषण बढ्यो र ओजोन तहको विनाश हुन थाल्यो । यसबाट पृथ्वीमा जीवको अस्तित्व नै सङ्कटमा परेको छ । स्थानीयकरणमा साना र घरेलु उद्योगमा जोड दिइन्छ । यसले सहरीकरणलाई नियन्त्रण गर्छ, वन जङ्गलको संरक्षण गर्छ र हानिकारक ग्याँस उत्पादन गर्ने कारखानाहरूमा नियन्त्रण गर्छ । यसैले हामीले विश्वव्यापीकरणमा हैन, स्थानीयकरणमा जोड दिनु आवश्यक छ ।

२५. विश्वव्यापीकरणले स्थानीय मौलिक कुरालाई पनि राम्रो गर्छ भन्दै पूर्ववक्ता मित्रले तारे होटलहरूमा ढिँडो बिक्री हुने उदाहरण दिनुभयो । केही नेपाली होटलहरूमा एक दुई जना पर्यटकले मुख फेर्न ढिँडो खाएर हुन्छ र ? 'बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन' भने जस्तै ठुला उत्पादकहरूले पिठो बेच्छन् । त्यसबाट ठुला उत्पादकहरूले अनुचित लाभ लिन सक्छन् । गुणस्तरीय वस्तु उत्पादन गरेर पनि साना उत्पादकहरू

घाटामा जान्छन् । यसले अन्ततः स्थानीय, मौलिक र बहु उपयोगी उत्पादनलाई विस्थापित गर्छ । स्थानीय उत्पादनहरू बन्द भएपछि परनिर्भरता बढ्छ, गरिबी बढ्छ ।. यसबाट धनी र गरिबका बिचमा ठुलो खाडल हुन्छ । (जनाउ घन्टी बज्छ ।)

२६. विश्वव्यापीकरणमा नाफाका पछाडि दौडिने, सहरी जीवनमा व्यस्त, मेसिन र सूचना प्रविधिमा रमाउने भएपछि मानवीय सम्बन्धहरू कमजोर हुन्छन् । भौतिक वस्तुप्रतिको बढ्दो मोहसँगै अनि सुविधा भोगी सामानहरूको बढ्दो उत्पादनसँगै मानिस खाने पिउने, मोजमस्ती गर्ने अर्थात् भोगवादी बन्ने हुन्छ । नैतिक मूल्यमा ह्रास आउँछ । बेरोजगारी बढेपछि चोरी, डकैती, हत्या, हिंसा, अराजकता बढ्छ । यस्तो अवस्थामा हात हतियार हुनेहरू, बलियाहरूको बोलवाला हुन्छ । स्थानीयकरणमा भने आफ्नो क्षमताअनुसार जोसुकैले सानो ठुलो काम पाउने अवस्था हुन्छ । सामुदायिक विकास हुन्छ । आत्मनिर्भरता बढ्छ । राष्ट्रिय स्वाभिमान, राष्ट्रिय गौरव र पुर्खाहरूका गौरवको संरक्षणमा सहयोग पुग्छ । परम्परागत मूल्य, मान्यता, स्थानीय सम्पदा, जैविक विविधता आदिको संरक्षण हुन्छ । गाउँ गाउँसम्म टोल टोलसम्म चेतना पुग्छ । यति भन्दै म आफ्नो मन्तव्य टुङ्ग्याउन चाहन्छु । धन्यवाद ! (घन्टी बज्छ) ।

२७. उद्घोषक : आदरणीय सभाध्यक्षज्यू, अतिथिज्यूहरू, गुरु वर्ग र साथीहरू, प्रतियोगी वक्ताहरूले बोल्ने क्रम समाप्त भएको छ । निर्णायक मण्डलबाट निर्णय आउनुअघि प्रमुख अतिथिज्यूले मन्तव्य राख्नुहुने छ । निर्णायक मण्डलबाट निर्णय सुनाइसकेपछि सभाध्यक्षज्यूबाट मन्तव्यसहित सभा विसर्जन हुने छ ।

**शब्दार्थ :**

विद्वेष : शत्रुता, झगडा

रेमिट्यान्स : वैदेशिक रोजगारीमा हुनेले स्वदेशमा पठाएको रकम

सङ्कुचित : साँगुरिएको, खुम्चिएको

कृपावाद : आफ्नो चाकडी गर्नेलाई हेर्ने प्रवृत्ति

संवर्धन : राम्ररी बढाउने काम

बहु राष्ट्रिय कम्पनी : धेरै देशहरूका मानिस मिलेर बनाएका उद्योग धन्दा

सेयर : साझा रूपमा खोलिएको व्यापार, व्यवसायको हिस्सा वा भाग, हिस्सेदारी

अवमूल्यन : मूल्य घट्ने काम

समवेदना : मित्र वा आफन्तहरूलाई दुःख पर्दा आफूलाई पनि उस्तै दुःख परेको अनुभूति गर्ने काम

निष्प्रभावी : प्रभाव वा तेज नभएको

लोकतन्त्र : बहु सङ्ख्यक जनताद्वारा निर्वाचित प्रतिनिधिले शासन गर्ने शासन व्यवस्था, प्रजातन्त्र

वाक् स्वतन्त्रता : आफ्ना विचार वा धारणा प्रस्तुत गर्न पाउने अधिकार

| | | |
|---|---|---|
| बालिग मताधिकार | : | निश्चित उमेर पुगेपछि निर्वाचनमा मत हाल्ने र उम्मेदवार हुन पाउने हक |
| अन्तर्राष्ट्रिय सन्धि | : | विश्वका विभिन्न देशहरूले पालन गर्ने गरी भएका सम्झौता |
| अभिसन्धि | : | माथिल्लो तहमा भएका सम्झौता |
| लगानी | : | उद्योग वा व्यवसायका लागि गरिएको खर्च |
| आर्जनमुखी | : | नाफा कमाउने खालको |
| उपभोक्ता | : | प्रयोगमा ल्याउने वा व्यवहारमा ल्याउने व्यक्ति, उपभोग गर्ने व्यक्ति |
| एकाधिकार | : | एकलौटी, प्रतिस्पर्धा नभएको |
| मौलिक | : | अरू कसैको आधार नलिएको, नयाँ, मुख्य |
| विस्थापित | : | बसिरहेको देश वा ठाउँबाट निकालिएको, हटाइएको, निष्कासित |
| अभिनेता | : | रङ्गमञ्च तथा चलचित्रमा अभिनय गर्ने कलाकार |
| सङ्ग्रहणीय | : | सङ्ग्रह गर्न योग्य, राख्न लायक |
| संवाहक | : | अगाडि बढाउने, फैलाउने |
| परनिर्भरता | : | अरूको भर पर्नु |
| समावेशी | : | विभिन्न जात, वर्ग, क्षेत्रलाई सामेल गराइएको |
| भोगवादी | : | सुख सयल वा मोजमस्ती नै सबै थोक भन्ने मान्यता वा सिद्धान्त |
| नामेट | : | पुरै रूपमा नष्ट भएको, सखाप |
| यान्त्रिकीकरण | : | मेसिन वा यन्त्रको प्रभावमा विस्तार |
| अराजकता | : | छाडा, अनुशासनहीन |
| विसर्जन | : | बिदा गर्ने काम, टुङ्ग्याउन |

३. **वैज्ञानिक आविष्कार बरदान नभई अभिशाप हो**

**नमुना उत्तर**

यस गरिमामय सभाका सभध्यक्षज्यू, निष्पक्ष निर्णायक मण्डल, गुरुवर्ग र मेरा प्यारा साथीहरू ।

भानु जयन्तीका अवसरमा आयोजित वाद विवाद प्रतियोगितामा म प्रतियोगी हुन पाएकामा सर्वप्रथम आभार प्रकट गर्दछु । आजको वाद विवाद प्रतियोगिताको पक्ष अर्थात् वैज्ञानिक आविष्कार अभिशाप हो भन्ने पक्षमा आफ्ना विचार प्रकट गर्न चाहन्छु ।

मेरा पूर्ववक्ता साथीले वैज्ञानिक आविष्कारको खुलेरै तारिफ गरेको सुन्दा दया लागेर आयो । उहाँले टेलिफोन, क्यालकुलेटर, कम्प्युटर, टेलिभिजन आदिको आस्किारबाट मानिसले लाभ लिएको भनेर बताउनुभयो । हवाई जहाज, पानी जहाजलगायतका यातायतका साधनको आविष्कारले मानिसको जीवनमाा रात लामा र दिन चौगुना परिवर्तन ल्याएको सन्दर्भ उल्लेख गर्नुभयो । त्यस्तै रेफिजिरेटर, बिजुलीको आविष्कारले जीवन शैलीमा चामत्कारिक परिवर्तन ल्याएको कुरा बताउनुभयो । यी कृतिमता विरोधी विचार र आयातित जीवन शैलीप्रतिको झुकाव राख्ने मेरा पूर्ववक्ता मित्रको कुतर्क देखेर टिठ लागेको छ ।

आजको वैज्ञानिक आविष्कारले मानव जीवन यान्त्रिक, जटिल र असहज बन्दै गएको छ । मानिसको सिर्जनशीलता, मौलिकता नष्ट भएको छ । कलकारखाना, यातायत र उद्योगधन्दाका कारण जल प्रदूषण, वायु प्रदूषण बढेको छ । ओजन तहको विनाश हुने स्थिति देखा परिसकेको छ । वैज्ञानिक आविष्कारको उपज हात हतियारको सन्त्रास बढेको छ । आणविक सस्त्रास्त्रको उत्पादन, परीक्षण र प्रयोगले उत्पादनशील माटोको उर्वरा शक्ति नष्ट हुँदै गएको छ । उत्पादनमा कमी आउन थालेको छ, जसका कारण विश्वभरि गरिबी, अभाव, तनाव बढ्दै गएको छ । हतियारकै आडमा अशान्ति मौलाएको छ ।

(जनाउ घन्टी बज्छ ।)

अन्त्यमा वैज्ञानिक आविष्कारले मानिसलाई हिंस्रक बनाएको छ । मानिसभित्रको सिर्जनशीलता मरेको छ । मानिसलाई गरिखानेभन्दा डुली खाने र लुटी खाने बनाएको छ । मानिसलाई असामाजिक, असहिष्णु र क्रुर बनाएको छ । त्यसैले वैज्ञानिक आविष्कार वरदान नभई अभिशाप वा दुर्भाग्यको प्रतीक हो भन्दै आफ्ना विचार यही अन्त गर्दछु, धन्यवाद ।

**४. तलका शब्दहरूको अर्थ लेखी एक एक वाक्य बनाउनुहोस् :**

कृपावाद, समवेदना, बालिग मताधिकार, समावेशी, संवर्धन, लगानी, कपोलकल्पित अतिशयोक्ति, निर्धक्क, विचित्र, क्रियाशील, वरदान, पुरुषार्थ, मन्तव्य, पराक्रम

**५. तलका प्रश्नको पाठगत लामो उत्तर दिनुहोस् :**

(क) विश्वव्यापीकरण सम्पन्न र शक्तिशालीका पक्षमा छ, कसरी ? पाठका आधारमा उत्तर लेखी स्रोत शिक्षकलाई देखाउनुहोस् ।

(ख) तपाईंको समाजमा विश्वव्यापीकरणको के कस्तो प्रभाव छ ? तपाईंको घर वरपर भएका बुज्रुक व्यक्तिसँग सोधखोज गरी उत्तर पत्ता लगाउनुहोस् ।

(ग) स्थानीयकरणमा स्थानीय शासकहरू, धनीमानीहरू, टाठाबाठाहरू, बदमासहरूको बोलवाला हुन सक्छ' यो भनाइमा तपाईं सहमत वा असहमत के हुनुहुन्छ ? तर्कसहित आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।

**५. तल दिइएका विषयमा वाद विवाद तयार गरी स्रोत शिक्षकलाई देखाउनुहोस् :**

(क) विपक्षीको मतको खण्डन गर्दै 'शारीरिक बलभन्दा बौद्धिक बल ठुलो' भन्ने वाद विवादमा पक्षका तर्फबाट आफ्ना वैचारिक तर्क प्रस्तुत गर्नुहोस् ।

(ख) 'नैतिकता साधुवाद नभई निष्ठावाद हो' भन्ने वाद विवादको विषयका पक्ष र विपक्षबाट मुख्य मुख्य बुँदाहरू तयार पारी समूहगत रूपमा कक्षामा सुनाउनुहोस् ।

(ग) 'सैद्धान्तिक शिक्षाभन्दा व्यावहारिक शिक्षा नै बेस' भन्ने विषयका पक्षमा विपक्षका तर्कहरू खण्डन गर्दै गहकिला तर्क प्रस्तुत गर्नुहोस् ।

(घ) विपक्षका मतको खण्डन गर्दै 'सम्पत्तिभन्दा स्वास्थ्य नै ठुलो हुन्छ' भन्ने पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्नुहोस् ।

(ङ) विपक्षका तर्कहरूको खण्डन गर्दै 'नारीलाई समावेशी नारा होइन अधिकार दिनुपर्छ' भन्ने विषयका पक्षमा मौलिक तर्कहरू प्रस्तुत गर्नुहोस् ।

**तपाईंलाई थाहा छ, वाद विवाद लेखनका लागि निम्न लिखित ढाँचा प्रयोग गरिन्छ नि !**

**शीर्षक**

**सम्बोधन** : (सभाध्यक्ष, प्रमुख अतिथि, निर्णायक मण्डल, गुरुवर्ग, प्रतियोगी साथी तथा अन्य साथीहरू)

**पहिलो भाग** : विषयको पक्ष/विपक्ष जानकारी गराई विषय प्रवेश गर्दै विषयका बारेमा महत्त्वपूर्ण सन्दर्भ मात्र राख्ने ।

**मध्य भाग** : विपक्षीका विचारको खण्डन गरी आफ्ना तर्क सङ्गत विचारको उदाहरणसहित प्रस्तुति ( जनाउ घन्टी बजेको सङ्केत)

**अन्तिम भाग** : आफ्ना समग्र भनाइको प्रतिनिधित्व गर्ने उपयुक्त र सारपूर्ण भाषामा निष्कर्ष दिँदै समापन गर्ने । (अन्तिम घन्टीको सङ्केत)

## कार्यमूलक व्याकरण

१. **तलका उदाहरणबाट सरल, मिश्र र संयुक्त वाक्यहरूको पहिचान गर्नुहोस् :**

**(क) सरल वाक्यहरू**

विद्यार्थीको मुख्य कार्य मिहिनेत गरी पढ्नु हो । राम्रो अध्ययन गरी स्वावलम्बी बन्नु हो । गुणस्तरीय जीवन यापनका लागि लगनशील बन्नुपर्छ । मानिसले भाग्यमा होइन परिश्रममा विश्वास गर्नुपर्छ । परिश्रमको फल मिठो हुन्छ । यस्ता कार्य गर्न सकेमा जीवन सफल हुन्छ । जीवन सफल हुनु भनेको मानिस सधैं खुसी रहनु हो ।

**(ख) संयुक्त वाक्यहरू**

ईशा र निशानले आज आमाबुबासँग खेतबारीमा काम गरे किनभने उनीहरूको विद्यालय बिदा छ । काममा असजिलो भए तापनि उनीहरू खुसी छन् । कहिलेकाहीँ पढाइका अलावा काम पनि गर्नुपर्छ किनभने शरीर स्वस्थ रहन्छ । सिप पनि सिकिन्छ र आम्दानी पनि बढ्छ । मिहिनेतसाथ काम गर्नुपर्छ अनिमात्र सफल भइन्छ ।

**(ग) मिश्र वाक्यहरू**

जतिबेला प्राकृतिक विपत्ति आउँछ त्यतिबेला प्राणीमा विचलन आउँछ । जब मानव मनमा आघात पुग्छ तब उपचारका विभिन्न मनोवैज्ञानिक तरिकाहरू अपनाउनुपर्छ । जब मानिसमा सकारात्मक सोचको विकास हुन्छ तब मनमा शान्ति मिल्छ । जतिबेला मानिसको मनमा शान्ति मिल्छ त्यतिबेला ऊ खुसी रहन्छ । जब व्यक्ति सिर्जनशील हुन्छ तब नयाँ कार्यको आरम्भ हुन्छ ।

२. सरल, संयुक्त र मिश्र वाक्य प्रयोग गरी आफूलाई मन पर्ने विषयमा पक्षका तर्फबाट गहकिला तर्क प्रस्तुत गर्नुहोस् ।

३. पाठको २५औँ अनुच्छेदमा सरल, मिश्र र संयुक्तमध्ये कुन कुन वाक्यहरू कति कति छन् ?

पहिचान गरी लेख्नुहोस् ।

४. पाठको २४ औँ अनुच्छेदमा प्रयोग भएका संयुक्त वाक्यलाई सरल वाक्यहरूमा परिणत गर्नुहोस् ।

**तपाईँलाई थाहा छ ! वाक्य सम्बन्धी जानकारीका लागि तलका प्रसङ्ग याद गर्नुहोस् :**

शब्द शब्द मिलेर बनेको अर्थयुक्त भाषिक एकाइ वाक्य हो । बनोट वा संरचनाका आधारमा वाक्य तिन प्रकारका हुन्छन् । एउटा मात्र समापिका क्रियापद प्रयोग भएको वाक्य सरल वाक्य हो । दुई वा दुईमन्दा बदी स्वतन्त्र प्रकृतिका सरल वाक्यलाई र, अनि, पनि, तापनि, किनभने आदि जस्ता निरपेक्ष संयोजकले जोडी बनेको वाक्य संयुक्त हो । मुख्य उपवाक्य र अधीन उपवाक्यलाई जब, तब जसरी, तसरी जस्ता सापेक्ष संयोजकले जोडी बनेको वाक्य मिश्र वाक्य हो ।

५. तलको अनुच्छेदमा पूर्ण पक्षका वाक्यहरू छन् । तिनीहरू कुन कुन कालका पूर्ण पक्ष हुन् ? पहिचान गरी अलग अलग सूचीमा देखाउनुहोस् :

समय समयमा विभिन्न प्रकृतिका प्राकृतिक प्रकोपजन्य घटना घट्ने गरेका छन् । मानिसलगायतका सांसारिक प्राणीले धेरै विपत्ति भोग्नुपरेको छ । पछिल्लो समयमा घटेका यस्ता घटनाबाट मानिस सचेत भएको छ । प्राचीन कालमा मानिस त्यति सचेत भएको थिएन । रात लामा र दिन चौगुना ज्ञान र प्रविधिको विस्तार र विकाससँगै मानवीय सोचमा परिवर्तन आएको छ । प्राकृतिक प्रकोपको पूर्वानुमान गर्न सक्नेसम्मका प्रविधिको आविष्कारको भएको छ । असम्भव कुरा पनि ज्ञान र चेतनाको विस्तारले सम्भव बनाएको छ । इतिहासको अनुभवलाई आत्मसात् गरी अबका सन्ततिले यस्ता चुनौतीपूर्ण कार्य सक्ने प्रविधिको विकासमा तत्परता देखाउने छन् । समृद्ध र सुरक्षित नेपालको अबको परिकल्पना सार्थक हुने छ ।

६. पूर्ण वर्तमान, पूर्ण भूत कालमा र पूर्ण भविष्यत तिन ओटै पक्षको प्रयोग गरी आफू संलग्न भएर मनाएको रमाइलो घटना समेटी दैनिकी लेख्नुहोस् ।

**तपाईलाई थाहा छ !**

वर्तमान समयमा कुनै काम भइसकेको क्रियाको पूर्ण अवस्थालाई सङ्केत गर्ने पक्ष नै पूर्ण वर्तमान काल हो । बितेको समयमा कुनै कार्य सम्पादन भइसकेको बुझाउने क्रियाको अवस्थाले पूर्ण भूतकाल जनाउँछ । आउने समयमा कुनै कार्य सम्पन्न हुने क्रियाको अवस्थालाई पूर्ण भविश्यत काल भनिन्छ ।

## ८. पृष्ठपोषण

(क) यस पाठमा तपाईँले शब्दार्थ, शब्दको वाक्यमा प्रयोग, तार्किक लेखन/वाद विवाद लेखन, वाक्यका प्रकार, पूर्ण पक्ष र तिनको वाक्यमा प्रयोग बारेमा अध्ययन गर्नुभयो । यदि तपाईँलाई वाद विवाद लेखनमा केही अस्पष्टता भएमा स्रोत शिक्षकको मद्दत लिन सक्नुहुने छ ।

(ख) प्रयोगमूलक तरिकाले माथि दिइएका वाक्यका प्रकार र पूर्ण पक्षका प्रशस्त अभ्यास तपाईँले गरिसक्नुभयो । यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा स्रोत शिक्षकको सहयोग लिनुहोस् ।

# पाठ ११

**कथा**

## लक्ष्मीपूजा

**✍गोविन्दबहादुर मल्ल 'गोठाले'**

### १. परिचय

कथाकार गोविन्दबहादुर मल्ल गोठालेबाट यो 'लक्ष्मीपूजा' कथाको रचना गरिएको हो । यो कथा नेपालको सामाजिक यथार्थसँग सम्बन्धित छ । यस कथामा कथाकारले नेपाली समाजमा विद्यमान सम्पन्न र विपन्न वर्ग बिचमा रहेको आर्थिक विषमतालाई चिरफार गर्ने काम गरिएको पाइन्छ । यसका साथै बालबालिकाहरूको मनोविज्ञानलाई पनि उजागर गर्ने काम पनि कथाले गरेको छ । मिठो खाने, राम्रो लाउने र आआफ्ना चाडपर्व रमाइलोसँग मनाउँदै जीवन बिताउने रहर सबैको हुन्छ । तर यहाँ एउटै समाजमा बस्ने नेपालीहरू पनि कोही मोजमज्जाको जीवन बिताएका छन् भने कतिपय भने विहान बेलुकाको छाक टार्न मुस्किलमा छन् । गरिबका बाल बालिकाहरू अभावै अभावमा छन् । आर्थिक असमनता भएको यो समाजका कैयौँ बाल बालिकाहरू नजानी नजानीकन पनि चोर बन्न बाध्य छन् । समाजमा यस्तो अवस्था रहनु हुन्न । यस्तो विकृतिलाई अन्त्य गर्नका लागि सम्बन्धित सबै वर्ग लाग्नुपर्छ भन्ने सन्देश नै यस कथाको मुख्य लक्ष्य हो ।

### २. उद्देश्य

यस पाठको अध्ययनपछि तपाइँ निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठमा प्रयुक्त कठिन शब्दहरूको शुद्ध उच्चारण गर्न, अर्थबोध र वाक्यमा प्रयोग गर्न

(ख) कथाको सङ्क्षिप्त भाव व्यक्त गर्न

(ग) पाठबाट सोधिएका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिन र सप्रसङ्ग व्याख्या गर्न

(घ) पाठ्य कथालाई आफ्नै शब्दमा छाट्करीमा लेख्न

## लक्ष्मीपूजा

१. भोलि लक्ष्मीपूजा, आज साँझमा तिन जना ठिटाहरूको आपसमा खुब दिल खोलीकन भोलि आउने आनन्दको बारेमा चर्चा भइरहेको छ । दुई जनाका लुगा मैला र टालिएका थिए । एक जनाको अलि सफा र राम्रो थियो, जसले सूचित गर्थ्यो ऊ ती दुईभन्दा अलिक धनी बुबाआमाको छोरो हो । तर तिनै जनाको मुखमा त्यस्तै उत्सुकता र उल्लासको भाव देखिन्थ्यो ।

२. कालेको छोरो मानले भन्यो, "आज बाले उखु, केरा, पूजा सामान किनेर ल्याउनुभयो । बाको मन सानो छैन, दुई रुपियाँको त किनेर ल्याउनुभयो ।"

३. तमाखु पसले साहिलाको छोरो प्रेमचालाई बेमज्जा लाग्यो किनकि उसले घरमा के ल्याए, के ल्याएनन् विचार गरेको थिएन । उसले भन्यो, "दुई दुई रुपियाँको पूजा सामान र मिठाई ?"

४. मानचालाई लाज लाग्यो, झटपट भनिहाल्यो, "बाले त भन्नुभएकै थियो, पाँच रुपियाँको नभई हुँदैन, आमाले गरेर पो त ।"

५. लाललाई भने कालेको छोराको रबाफ जमेको देखेर ईर्ष्या लाग्यो । मुखलाई बिच्क्याएर भन्यो, "दुई रुपियाँको पूजा सामान र मिठाई भनेपछि मिठाई कति कम त" ।

६. मानचाले दङ्ग हुँदै लालको नासमझमा हाँस्तै भन्यो, "मिठाई धेरै भोलि ल्याउनु हुन्छ रे भाइपूजालाई, भोलि एकैचोटि । भाइपूजामा पो मज्जा हुन्छ, बहिनी पूजा गर्छे । बहिनीलाई देऊ भनेर एक मोहर दिनुहुन्छ । हामी त मिठाई खाने मात्रै ।"

७. मिठाई शब्दले तिनै जनाको मुखमा थुक जम्यो । लालले थुकलाई घुटुक्क निल्दै विचार गर्‍यो, आमा खाटमा पल्टिरहेकी छन् । खोई अहिलेसम्म मिठाईको नामै सुनिएको छैन । बिर्सी होलिन् ।

८. मानले बढाइ चढाइ कुरा गरेको देख्दा र आफू सानो भएको देख्दा लाललाई आफैँ भुइँमा गढे जस्तो लाग्यो । तमाखु पसलेको त कुरै के ? ऊसँग सेखी गर्न सकिँदैन भन्ने कुरा लाललाई मात्र होइन, मानलाई पनि थाहा छ । लालको मनमा एउटा युक्ति सुझ्यो । मुखमा आनन्दको आभा छिट्क्यो । उसले हात हल्लाउँदै भन्यो, "हामीलाई त हाम्रा माहिला बाले ल्याउनुहुन्छ । माहिला बाको जागिर कहाँ छ थाहा छ ? अड्डामा जागिर । धनी धनी साहु महाजनहरूले पनि कति मान गर्छन् ।"

९. कुराको जबाफ जम्या जस्तो भयो । अरू दुवै जना चुप भए । लालको रबाफ त जम्यो तैपनि उसको हृदय भारी भयो ।

१०. मान्छेहरू बाटामा ओहोरदोहोर गरिररहेका थिए । कोही खाल राख्ने टन्टामा । कौडीको छन्छन् र 'मारा' को कोलाहल खुब रमाइलो हुन्छ ।

११. मानचा गफी र वाक्पटु थियो । भन्यो, "ए लाल, पोहोर के, हाम्रो मालिकले रुपियाँ कति जित्या ! मैले जितौरी मागेँ ।'ला' भनेर एक रुपियाँ फालिदिए । खुब मजा पो हुन्छ खालमा बसेर जितौरी माग्न !"

१२. "जसले पनि दिई हाल्छ नि !" लालले बिचैमा भन्यो ।

१३. "कसले दिन्छ ? त्यसै दिन्छ र ?" मानले जोसमा आएर भन्यो ।

१४. "कसो त पोहोर मलाई इन्द्रचोकको साहुले चार पैसा दियो" लालले भन्यो ।

१५. "चार पैसा, राम राम !" मानले खिज्यायो ।

१६. लाल चुप भयो । अब बोल्ने के ? उसको मन भित्रभित्रै दुःखित भयो ।

१७. प्रेमले उनीहरूको कुरालाई उपेक्षा गर्दै गम्भीरतापूर्वक भन्यो, "हाम्रो बाले त मलाई जहिले पनि पाँचरुपियाँ दिनुहुन्छ ।"

१८. प्रेमको कुरा सुनेर मानको मुखमा बुझो लाग्यो । मान गलेको देखेर लाललाई ईर्ष्यामय आनन्द केही भयो ।

१९. लालकी आमा ढिकीजाँतो गरेर केही कमाउँछिन् । यता जान्छिन्, दुई गाग्री पानी

ल्याइदिन्छिन् । उता जान्छिन्, भाँडा माझ्छिन् । त्यही कमाइबाट ती दुई आमाछोरोको पेट भरिन्थ्यो । साँगुरो गल्लीको थोत्रो घरमा आमाछोराको बास छ । सिङ्गो घर कहाँ हो र ? तल्लो चिसो छिँडी, जहाँ उज्यालो अन्कनाउँदै छिर्छ । आमा पन्ध्र दिनदेखि खाटमा सुत्या सुत्यै छिन्, खोइ उठ्ने नाम पनि नलिने । कहाँ पञ्चक, कहाँ तिहार ।

२०. आमा खाटमा सुस्त सुस्त सुस्केरा हाल्दै पल्टिरहेकी थिइन् । लाल आएर खाटमा थचक्क बस्यो । किरिरी आवाज आयो । लालले बोलायो, “आमा !”

२१. आमाले कँपकँपी आवाजमा भनिन्, “नकरा, जा बा ।”

२२. लालले कोट्याउँदै भन्यो, “आमा, हामीकहाँ मिठाई, पूजा सामान किनेर ल्याउनु पर्दैन ?”

२३. आमा झस्किन् र केही बेरपछि विस्तारै भनिन्, “पर्छ ।”

२४. “खै त मानकहाँ त आजै सबै थोक ल्याइसके ।”

२५. “हाम्रो भोलि ।”

२६. लालको मुख उत्फुल्ल भयो । तर एकै छिनमा आमापट्टि हेरेर निराश भयो । भन्यो, “आमा भने बिरामी कसले ल्याउँछ ?” आमा चाहिँ झस्केर छोराको मुख एक टकसित प्यारले निहारिरहिन् । आमाको यो छाँट देखेर लाल सशङ्कित भयो र भन्यो, “भन्नुस् न, मै किनेर ल्याउँला हुन्न ?”

२७. “हुन्छ, ऊ त्यहाँको सिपाही दाइले ल्याउँछु भन्या छ ।”

२८. रात पर्‍यो । त्यस कालकोठरीमा पिलपिल गर्दै टुकी बल्यो । लाल आशा र निराशाको सङ्घर्षमा थिचिँदै, मिचिँदै टुलुटुलु बत्तीलाई ताकिरहेको थियो ।

२९. आमाले भनिन्, “जा बा, त्यहाँ ढक्कीमा चिउरा छ । सिसीमा खुर्सानीको अचार होला । खा, भोक लाग्यो होला ।”

३०. लालले कुनै किसिमको नाइँनास्ति नगरी अचार र चिउरा खायो । त्यस निराशामय तथा विवश शान्तिमा सन्तोषको आवाज आइरहेको थियो । आमा विचार मग्न थिइन् । कुनै सजीव स्मृतिमा डुबेकी थिइन् ।

३१. खाइपिई सिद्धियो । आमाले लालको मुख हेर्दै भनिन्, “लाल, अहिले तेरो बा भएको भए ।”

३२. लालले सोध्यो, “बाले धेरै रुपियाँ जितेर ल्याउनुहुन्थ्यो ?”

३३. आमाले भनिन्, “बाले एकचोटि भएभरको रुपियाँ हार्नुभएको थियो, आमासँग झगडा गरेर कानको सुनसमेत झिकेर लैजानुभयो । त्यो गहना पनि हार्नुभयो अनि घरमा रुन्चे मुख लगाएर आउनुभयो । मैले, सम्झाएँ, अब मुख अँध्यारो पारेर, रोएर के गर्नु ? हार्ने हारिसक्यौ । मैले लक्ष्मीपूजालाई सरजाम किन्न भनेर लुकाइराखेको दुई रुपियाँ बालाई दिएँ । त्यो रुपियाँ लिएर तिमीलाई कुममा राखेर लैजानुभयो । पूजा सरजाम नकिनी जुवा खेल्नुभएर फेरि सुन फिर्ता ल्याउनुभयो । उल्टै पचास रुपियाँ जित्नुभयो । बाले दङ्ग हुँदै, खुसीले उफ्रँदै यो लाल सारै छुकी रहेछ । यो पछि धनी हुन्छ भन्नुभयो ।”

३४. लालको हृदय खुसीले नाच्न लाग्यो र अहिले नै साथीहरूलाई आफू छुकी भनेर प्रमाणित

गर्न उकुसमुकुस लाग्यो ।

३५. भोलि भयो । जुवा फुक्यो । चारैतिर ताजगी थियो, रमाइलो थियो । बजारमा ठेलमठेल मान्छेहरू थिए । पसलेलाई बेच्न फुर्सद थिएन । हिँड्ने मान्छेहरू खालि कहाँ थिए र ! कसैको हातमा खानेकुराको पोको, कसैको हातमा फलफुल, कसैको हातमा रुपियाँ पैसाको लक्कु, कोही मोलतोल गर्नमा असीम आनन्द लिइरहेका थिए ।

३६. लाल बिहानदेखि नै बजार घुमिरहेको थियो । कहिले जुवा हेर्दथ्यो, जितौरी पाउने आशा थियो । अहो, कति कति रुपियाँ ! अहो, हलवाई पसल पनि कति ! फेरि कति मिठाईको थुप्रो, कति किसिमको ! लालले विचार गऱ्यो, कसले खाने होला ! यति जम्मै सिद्धिएला ?

३७. लाल घुम्दा घुम्दै आफ्नो टोलमा आइपुग्यो । आफ्नो डेराको घरतिर हेर्छ त एक जना मानिस दुई हातमा दुई पोका लिएर घरभित्र घुस्यो । ऊ दङ्गदास भएर डेरातिर दौड्यो । आमा सुतेकी, छिँडीमा हेऱ्यो । केही छैन । आमा मुखसुख छोपेर पल्टिरहेकी थिइन्, आमालाई सोध्ने साहस भएन । त्यसै बखत माथिबाट तल ओर्लिरहेको भऱ्याङको आवाज आयो । फेरि घरपट्टी भनिरहेकी थिइन्, "खोइ सिन्दुर त छँदै छैन, लौ टीकाको बट्टा खोइ ? आफू जुवा खेलेर अनभरी रहेछ । तपाईँलाई बिनसित्ति दुःख दिएर ।"

३८. माललाई अहिले लाज लाग्यो र आमाले थाहा नपाउने गरी सुटुक्क बाहिर निस्कन खोज्यो । त्यसै बखत आमाले बोलाइन्, "लाल ।"

३९. लालले झर्केर भन्यो, "किन ?"

४०. "आमा बिरामी भएकी तँलाई वास्ता छैन । अलिकति पानी दिने मान्छेसम्म कोही छैन ।"

४१. "के त ?" लालले जोसिलो भएर भन्यो, "हामीलाई बजार हेर्न पर्दैन ? मिठाईको थुप्रो हेर्न मन लाग्दैन ? जुवा हेर्न मन लाग्दैन ?"

४२. आमाले लालका हरेक प्रश्नमा अँ, अँ भन्दै सुनिन् र अन्तमा बादलको पर्दा उघारेर चन्द्रमा मुस्कुराए झैँ गरी मन्द मुस्कुराहट मुस्कुराएर भनिन्, "त्यहाँ गएर के पाउँछस् ? फुस्सा । खाइस् ? लौ भन् ।"

४३. लाल स्तम्भित भयो । आमाले फेरि भनिन्, "तँलाई भोक लाग्या छैन ?" लाललाई बल्ल भोक लाग्यो ।

४४. लालले सोध्यो, "खोइ, सिपाही दाइ अझ आउनुभएको छैन ?"

४५. आमा कोल्टे परेर भित्तातिर फर्केकी थिइन्, भित्तातिरै फर्किएर सुस्तरी भनिन्, "आउँछन्, अहिले बेला भएको छैन, केको हतारो !"

४६. लाल केही बेरपछि बाहिर निस्क्यो । घण्टाभरपछि फेरि ऊ आयो र आमाको खटियामा बस्यो र पश्चातापपूर्ण स्वरले भन्यो, "आमा, अलिकति पछि परेँ । एक छिनपछि परेँ । मानले पायो, मैले पाइनँ हत्तेरी । कति दियो थाहा छ, आमा ? एक सुकी ।"

४७. आमाले व्यङ्ग्य भावले भनिन्, "बेस भयो, तैँले पाइनस् ।"

४८. लालले भन्यो, "होइन भन्या आमा, एकै छिन मात्रै पछि परेँ नत्र पाइहाल्ने ।"

४९. आमाले छोराको निर्दोषपूर्ण अनुहार एकटकले हेरिरहिन् । छोरो आमा रिसाइन् भन्ने डरले जुरुक्क उठ्यो र "अब म पनि ल्याउँछु, आमा" भन्दै बाहिर निस्क्यो ।

५०. गएको मात्र के थियो, कालो निलो अनुहार लिएर लाल डेराभित्र पस्यो र पस्नासाथ हड्बडाउँदै भन्यो, "आमा, आमा, सिपाही दाइ त पालोमा गए ।"

५१. आमा निस्तब्ध भइन्, भित्रभित्रै सास बन्द हुँदै गयो । आमाले बिस्तारै अन्कनाउँदै भनिन्, "अब के भयो त ?"

५२. सिपाही दाइ पालोमा गए । अब कसले ल्याउँछ ?

५३. आमा "हँ" गरेर चुप लागिन् । लाल आमाको छाँट देखेर निराश भइसकेको थियो । तैपनि आमाले छोपिराखेको घुम्टो तान्दै सोध्यो, "ल्याउँदैनन् त ? ल्याउँछन् !"

५४. "नकरा जा । निद्रा आयो, म सुत्छु ।"

५५. "भन्नुस् न, ल्याउँछ ?"

५६. आमाले हृदय कडा पारेर भनिन्, "ल्याउँदैनन् ।"

५७. त्यस बेलासम्म लालका आँखा राता भइसकेका थिए । रुन्चे स्वरले भन्यो, "अब कसले ल्याउँछ ?" भन्दाभन्दै आँसु खसालेर रुन मन लाग्यो ।

५८. "कसैले पनि ल्याउँदैन ।"

५९. "हिजो किन भनेको त, उसले ल्याउँछ । किन छकाएको त ?"

६०. आमाले घुम्टो झिकिन् र त्यसको छेउले आँखा पुछिन्, अनि नाकबाट चुहिन लागेको पातलो सिँगान भित्तामा पुछिन् । केही बेरसम्म लालको सुँकसुँकी त्यस कालकोठरीमा रोकिँदै फेरि चल्दै, रोकिँदै चल्दै, रोकिँदै चल्दै वहन लाग्यो ।

६१. आमाले लामो सास फेर्दै भनिन्, "तेरो बा भएको भए आज कत्रो धुमधामसित लक्ष्मीपूजा हुन्थ्यो ।"

६२. लाल खटियामा थचक्क बस्यो । आमाले उसको ब्रस जस्तो सुक्खा कपालमा सुम्सुम्याउँदै लामो सास फेर्दै भनिन्, "नरो बा, के लाग्छ त ? हामी गरिब ।"

६३. लालको रुवाइ बन्द भइसकेको थियो । विस्तारै भन्यो, "हामी गरिबकहाँ लक्ष्मीको सवारी हुन्न ?"

६४. आमाको आँखामा विश्वास तथा भक्तिको तेज झल्क्यो । उनले भनिन्, "सवारी हुन्छ, अन्तस्करणदेखि भक्ति गऱ्यो भने ।"

६५. "अनि पूजा गऱ्यो भने ?"

६६. "झन् खुसी भएर चाँडै सवारी हुन्छ । उनीहरूले पनि त खानुपर्छ नि ।"

६७. "आमा तस्बिरमा लेखिराखेको ख्याकले रुपियाँ दिन्छ ?"

६८. "त्यसले त दिन्छ नि ।"

६९. "कति दिन्छ नि ?"

७०. "धेरै ।"

७१. "यो कोठाभरि ?" यति भनेर लालले दलिनदेखि भुइँसम्म, एक कुनादेखि अर्को कुनासम्म दृष्टि फेऱ्यो ।

७२. "कोठामा नअटाउने गरी ।"

७३. "कहाँ राख्ने त ?" लालको हृदय आनन्द तथा स्फूर्तिले नाच्न लाग्यो । उसले फेरि कुरा उठायो, "आमा, लक्ष्मीपूजा गर्नलाई के चाहिन्छ ?"

७४. आमाले पहिले पतिले सोद्धा जवाफ दिए झैँ हातले गन्दै भन्न लागिन्, "मिठाई, सिन्दुर, अबिर, फुल, खिर...।" अनि झस्केर, चकित भएर छोराको मुख पुलुक्क हेरिन् । त्यसै बखत मुखबाट चिप्लेर निस्क्यो, "पैसा ।"

७५. केही बेरसम्म व्यथित भएर छोराको मुख हेरिन् । लाल मुन्टो निहुऱ्याएर सोचिरहेको थियो । क्षणभरमै आमाको अनुहार आनन्दले चम्क्यो । पहेँला सुकेका ओठमा हल्का मुस्कान दौड्यो । अनि निःश्वास छोडेर आँखा चिम्लिन् ।

७६. लालले केही बेरसम्म यताउति हेऱ्यो । तन, मन दिएर विचार गऱ्यो । त्यहाँपछि जुरुक्क उठेर बाहिर निस्क्यो ।

७७. गोलमाल गोलमालकै वातावरणमा दिन ढल्क्यो । साँझ पऱ्यो । खालमा जुवा मच्चिन लाग्यो । रुपियाँ पैसाको छनछन र "मारा", "मारा" को आवाजले सहर आच्छादित थियो । कोही खल्तीमा रुपियाँ राखेर सुइँसुइँ चुरोट तान्दै छिटो छिटो हिँडिरहेका थिए । कोही कालो मुख लाएर खल्ती टकटक्याउँदै लुरुलुरु हिँडिरहेका थिए । कसैलाई शान्ति थिएन । सबलाई एक न एक चिन्ता परेकै थियो ।

७८. लाल पनि दत्तचित्त भएर ठुलो खालमा रुपियाँको थुप्रो हेरिररहेको थियो । कति रुपियाँ ! केही बेरपछि सो रुपियाँ घट्दा फुस्सा हुन्थ्यो । अनि लाल निराश भएर पल्याकपुलुक हेर्थ्यो र हिँड्थ्यो । अनि लङ्गुरबुर्जाको खालमा अरूले जितौरी दिएको एक दुई पैसा खुब विचार गरेर सतर्क भएर थाप्दथ्यो । कल्याङमल्याङ, लौ तिऱ्यो । केटाकेटीहरू कहिले दङ्ग हुन्थे, कहिले मुख निन्याउरो पार्दथे । कहिले खालवालाले झपार्दथ्यो, "किन त्यहाँ राख्या ? नचल भन्या ।" केटाकेटीहरू झगडा गर्न पनि कम्मर कस्तथे ।

७९. घर घर उज्यालो भयो । झ्यालपिच्छे दुई चार दीप जले । सारा घरमा दीप, सारा घरमा उज्यालो । लालले विचार गऱ्यो, "कति लक्ष्मी होलिन्, कति घरमा जाने, सबै धनी हुन चाहने ।"

८०. गल्ली तथा मूल सडक सबै उज्यालो थियो । घर घरबाट घन्टीको आवाज आउन थाल्यो र पूजा सुरु भयो । केटाकेटीहरू आफ्ना आफ्ना मूल ढोकामा लट्ठी लिएर पालचामा बलिरहेको दीपको रक्षा गरिरहेका थिए ।

८१. लाल भाग्दै डेराभित्र पस्यो । घडाङ्ग घुडुङ्ग गर्दै डेराको ढोका बन्द गरेर आग्लो लगायो । आमा झस्केर जुरुक्क उठिन् । बाहिर केटाकेटी एक गोल भएर कराइरहेका थिए, "लौ त,

त्यो बाहिर मात्रै निस्कोस्, यो लट्ठीले टाउको नफोडी छाड्दिनँ । त्यसको बाजेको सम्पत्ति चोरेर लगेको होला । तैँले के हेरिरहेको त, होइन यसो गरेसम्म ...?" इत्यादि बाहिरको आवाज मिहिन रूपमा डेराभित्र पसिरहेको थियो ।

८२. लालले केही नबोलीकन रातो सलाई बालेर चोरेर ल्याएको एउटा पाला बाल्यो । आमाले देखिन्, दुई ओटा पाला चोरेर ल्याएको रहेछ । उनले जङ्गिएर भनिन्, "लाल, तेरा गाला फोडूँ ।" लाल डिच्च गरिरहेको थियो । आमाले दिक्क हुँदै फेरि भनिन्, "त्यसो नगर न अर्काको चोरेर ।"

८३. अझ पनि लाल केही नबोलेर खल्तीबाट दुई तिन किसिमका पोकाहरू झिक्न लागिरहेको थियो । आमाले टोलाएर हेरिरहिन् ।

८४. अनि लाज मान्दै, अलि सशङ्क हुँदै, अलि अलि डराउँदै लालले आमाको मुख पुलुक्क हेर्‍यो । आमा अझ पनि चुप भएर लालतिरै हेरिरहेकी थिइन् ।

**शब्दार्थ**

**खुब** : धेरै

**दिल** : मन, चित्त

**उत्सुक** : कुनै काम कुरो गर्न इच्छा भएको

**उल्लास** : आनन्द, हर्ष

**तमाखु** : डाँठसहित पात कुटेर धुलो बनाइएको सुर्ती, सुर्तीलाई मसिनो पारी खुँदोमा पकाइएको वस्तु

**बेमज्जा** : नरमाइलो, आनन्द नहुने स्थिति

**रवाफ** : फुर्ती, धाक, तडकभडक

**नासमझ** : जान्ने बुझ्ने शक्ति नभएको, मूर्ख

**सेखी** : घमन्ड, तुजुक

**आभा** : प्रकाश, चमक, प्रतिबिम्ब

**खाल** : जुवा लेखमा कौडा हान्ने ठाउँ

**कौडी** : थोरै मूल्यको पैसो, जुवा खेलमा प्रयोगगरिने गोटी (कौडा)

**उपेक्षा** : कसैप्रति ध्यान नदिने काम, बेवास्ता, लापरवाही

**गम्भीर** : धेरै गहिरो, शान्त, गहन, जटिल

**पञ्चक** : एकै पकारका पाँच वस्तुको समुदाय, काग तिहारदेखि भाइटीकासम्मका पाँच दिन

**काल कोठरी** : झ्यालखानाभित्रको अँध्यारो कोठा, कुनै साँगुरो अँध्यारो ठाउँ

**छुकी** : लच्छिनको, भाग्यमानी

**लक्कु** : एकमाथि अर्को गर्दै खप्टिएर राखिएका वा रुपियाँको चाङ

**मुस्कुराहट** : मुसुक्क हाँस्ने काम

**निस्तब्ध** : सुनसान, चकमन्न

**अन्तस्करण** : मित्री मनदेखिको

**ख्याक** : सहरका पुराना र ठुला घरका अँध्यारा कुनामा बस्ने र तर्साउने भनिएको भूत

**गोलमाल** : जथाभावी, तलमाथि काम कुरामा भएको गडबडी

**लङ्गुरबुर्जा** : सुरथ, पान, इँट, चिड आदिका बुट्टा काटिएका गट्टीहरूबाट खेलिने एक प्रकारको खेल

**पाला** : माटाको सानो कचौरो

३. **कथा सार**

लक्ष्मीपूजा कथा बालमनोविज्ञानमा आधारित कथा हो । यस कथाको प्रमुख पात्र लाल गरिब परिवारमा जन्मिएको र रोगी आमाका साथमा अँध्यारो छिँडीको कोठामा बस्छ । उसका साथीहरू प्रेम र मानको पारिवारिक पृष्ठभूमि राम्रो छ । तिहारको अवसरमा लक्ष्मीपूजा र भाइटीकाका लागि पूजा सामानका साथै मिठाई कसकामा कति ल्याइयो भन्ने कुरामा होडबाजी चल्दा लाल बोल्न सक्दैन । उसकी आमा बिरामी परेकी र घरमा पैसा नभएकालेमिठाई किन्ने, लक्ष्मीपूजा गर्ने भन्ने कुरा चलेकै हुँदैन । उसलाई घरमा रमाइलो होस्, मिठाई धेरै ल्याइयोस् भन्ने लाग्छ । उसका साथीहरू आफ्नो घरमा मिठाई धेरै ल्याएको, अझै भाइटीकालाई थप ल्याउने कुरा गर्दा उसको मन खिन्न हुन्छ । घरमा गएर आमालाई पूजा सामग्री र मिठाई कहिले ल्याउने? भनेर सोध्छ, आमाले सिपाही दाइले ल्याइदिनुहुन्छ, अहिले ल्याउने बेला भएको छैन भनेर टार्छिन् । तर लक्ष्मीपूजाको दिन भइसक्दा पनि सिपाही दाइले नल्याइदिएर डिउटी गएको देखेपछि लाल चिन्तित हुन्छ । आमालाई सोध्दा, हामी गरिब छौँ कहाँबाट ल्याएर पूजा गर्नु भन्छिन् ।

बालक लालको मनमा अनेक कुरा खेल्छन् । गरिबको घरमा लक्ष्मी माताले बास गर्नुहुन्न ? लक्ष्मीले बास गरेमा के हुन्छ ? भनेर आमालाई केही बेर घर बाहिर निस्किन्छ ? घरमा फर्किंदा उसले अरुको पाला, अबिर, मिठाई चोरेर ल्याउँछ र सारै भक्तिभावले आफूले जानेजति विधि पुऱ्याएर लक्ष्मीको पूजा गर्छ । यो देखेर आमा नाजवाफ हुन्छिन् । तर छोरो खुसी हुँदै, लजाउँदै पूजामा तल्लीन हुन्छ । यसरी कथाको समाप्ति हुन्छ ।

४. **पाठगत अभ्यास**

**अभ्यास** : १ तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :

कुर्लिहाले, उत्सुक, आभा, टन्टा, वाक्पटु, उत्फुल्ल, स्मृति, असीम, आच्छादित, दीप, पहुँच

**उदाहरण** : **दीप** : संविधान दिवसको अवसरमा माइतीघर मण्डलामा दीप प्रज्ज्वलन गरियो ।

**अभ्यास २ : पाठगत सङ्क्षिप्तउत्तरलेख्नुहोस् :**

**सङ्क्षिप्त उत्तर लेखनको नमुना**

(क) लाल, मान र प्रेमले कुन कुन विषयमा कुराकानी गरे ?

लाल, मान र प्रेम लक्ष्मीपूजा कथाका बाल पात्रहरू हुन् । एउटै उमेर समूहका यी बालकहरू सँगसँगै खेल्ने, घुम्ने, गफ गर्ने गर्छन् । तिहारको अवसरमा लक्ष्मीपूजा, भाइटीकालाई चाहिने पूजा सामग्री र मिठाईहरू कसको घरमा कति ल्याइयो भन्ने विषयमा उनीहरू बिचमा कुराकानी चल्छ । मानको घरमा मिठाई र पूजा सामग्री ल्याइसकेको कुरा सुनाउँदा लाल र प्रेम ईर्ष्यालु बन्छन् । त्यस्तै उनीहरूका बिचमा गाउँमा जुवाको खालमा गएर बस्ने र त्यहाँ जिन्नेले जितौरी दिने गरेको कुरा चल्छ । एक आपसमा कसलाई बढी जितौरी प्राप्त भयो र कसले बढी जितौरी दिन्छ अनि जितौरी पाएको पैसाको अघिल्लो वर्ष के के गरियो भनेर उनीहरू कुराकारी गर्छन् । यस कथामा लाल, मान र प्रेमले विशेष गरी खानेकुरा, पेस धेरै पाउने कुरा, लक्ष्मीपूजाको चाड कसरी रमाइलोसँग मनाउने भन्ने जस्ता विषयमा कुराकानी गरेका थिए ।

(ख) तलका सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको उत्तर तयार पारी सम्पर्क कक्षामा सम्बन्धित सहजकर्तालाई देखाउनुहोस् :

(अ) लक्ष्मीपूजाका दिन सबैतिर रमाइलो भइरहँदा पनि लाल र उनकी आमा भने किन खुसी भएनन् ?

(आ) लक्ष्मीपूजाका दिन बजारमा के कस्तो चहलपहल थियो ?

(इ) लक्ष्मीपूजाका लागि चाहिने सामानहरू के के हुन ?

(ई) लालले कसरी लक्ष्मीपूजा सम्पन्न गऱ्यो ?

**अभ्यास ३ : लामो उत्तर दिने प्रश्नोत्तरको नमुना**

(क) लक्ष्मीपूजा कथामा बाल मनोविज्ञानको प्रयोग के कसरी भएको छ ? लामो उत्तर दिनुहोस् ।

गोविन्दबहादुर मल्ल गोठालेबाट रचना गरिएको 'लक्ष्मीपूजा' कथा बालमनोविज्ञानमा आधारित उत्कृष्ट कथा हो । यस कथामा लक्ष्मीपूजाको वरिपरिको सन्दर्भलाई विषयवस्तु बनाई तिन बालक र उनीहरू बिचको सामान्य संवाद र लालका आमाछोराको गन्थन र विवशतालाई कथानक बनाई यो कथा निर्माण भएको छ ।

उही उमेर समूहका तिन बालकहरू प्रेम, मान र लाल एक आपसमा हरेक कुराको होडबाजी गर्छन् । कुनैलाई पनि आफू अरु साथीहरूभन्दा तल परेको, आफूले हारेको मन पर्दैन । आफ्नो कुरा माथि पार्नलाई उनीहरू निकै वहाना पनि पार्छन् । तिहारको मौसम सुरु भएको हुन्छ । तिहार मनाउने, लक्ष्मीपूजा गर्ने, किनमेल गर्ने, घर सजाउने, भाइटीका लगाउने, मिठाई खाने, पूजाआजा गर्ने कुरामा छलफल भइरहेको हुन्छ । मान र प्रेमको परिवार सम्पन्न छ, उनीहरूका बुबाले पूजा सामग्री, मिठाई ल्याएको र आफूलाई दक्षिणा दिने पैसा पनि दिइसकेको कुरा सुनाउँदा लाललाई दुःख लाग्छ । उसको आमा मात्र हुनुहुन्छ, त्यही नि बिरामी, रोगी, घरमा केही खानेकुरा हुँदैन । उनसलाई साथीहरूको माझमा के भनेर आफू उम्किने केही उपाय नभेटेपछि आमालाई सोध्छ । आमाले सिपाही दाइले ल्याइदिने कुरा गरेर टार्छिन् । तर बालक लालले आमाको कुरा विश्वास गरेर सिपाही दाइले मिठाई

ल्याइदिने प्रतीक्षामा समय बिताउँछ । साथीहरूसँग पनि सिपाही दाइले ल्याइदिने धाक लगाएको हुन्छ । अन्तिममा सिपाही दाइले नल्याइदिएपछि निराश भएको लाल बाहिर गएर अर्काको चोरी ल्याएर भए पनि रमाइरमाइ लक्ष्मीपूजा गर्छ ।

यस कथाबाट बाल मनोविज्ञानको प्रस्ट रूप देख्न सकिन्छ । बालबालिकाहरू धनी, गरिब, राम्रो, नराम्रो जस्तो परिवारमा जन्मिए पनि उनीहरूका इच्छा, आकाङ्क्षा, बानी व्यवहारमा समानता हुन्छन् । उनीहरू कोमल, अनविज्ञ र राम्रो नराम्रो छुट्याउन सक्दैनन् । पैसा भनेपछि जुवा खालमा रुँगेर जितौरी लिनमा पनि उनीहरू तल्लीन हुन्छन् । हामी वयस्कहरूले झुट बोलेर उनीहरूलाई वास्तविकता बताउन सकेनौँ र सही मार्ग दर्शन गर्न सकेनौँ भने, उनीहरू आफ्नो आवश्यकता पुरा गर्न नराम्रो काम गर्न पनि सक्छन् । जस्तो लालकी अमामाले झुट बोलेर लक्ष्मीपूजा गर्ने सामग्री नपाउँदा लालले बाहिर गई अर्काको घरमा पूजा गर्न ठिक पारेको सामान चोरेर ल्याएर भए पनि आफ्नो रहर पुरा गर्छ । यसबाट बालबालिकाको जिद्दी, हठ, रहरका अगाडि कसैको केही लाग्दैन र बालबालिकाको मनमा रहेका मनोभावनाको सरल तरिकाले प्रस्तुतीकरण गरेकाले यो बालमनोविज्ञानमा आधारित कथा हो ।

**सम्भावित प्रश्न**

(अ) लक्ष्मीपूजा कथामा गरिबीको प्रभावलाई कसरी प्रस्तुत गरिएको छ, विवेचना गर्नुहोस् ।

**अभ्यास : ४ लक्ष्मीपूजा कथाको सारांश लेखी सम्पर्क कक्षामा स्रोतशिक्षकलाई देखाउनुहोस् ।**

## व्याकरण

१. **पद सङ्गति मिलाई तलको अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

बहिनी बिहानै उठ्छन् । भाइ पनि बिहानै उठ्छिन् । म र दिन पनि बिहानै उठछु । आमा र काकी त अझ बिहानै उठ्छे । हामी उठ्दा बुबा बिहानी भ्रमणमा निस्किसकेकी हुन्छिन् । बेलुका चाँडै सुत्ने र बिहान चाँडै उठ्ने हाम्रो बानी हुनुहुन्छ । हाम्रो यस्तो बानीलाई छिमेकीलेसराहना गर्छौं । अचेल छिमेकीहरू पनि हाम्रो बानीको अनुसरण गर्छे ।

२. **उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(क) हामी संयुक्त परिवारमा ...... ।(बस्छु, बस्छौ, बस्छिन्)

(ख) रमिला दस कक्षामा .............. । (पढ्छन्, पढ्छ, पढ्छिन्)

(ग) तोयामा र खियामा टुवाचुङ डाँडामा तान .....। (बुन्छ, बुन्थे, बुन्छे)

(घ) म जनकपुर ......... । (जान्छौ, जान्छ, जान्छ)

(ङ) प्रेमसिंह धामी दार्चुलाबाट ..... । (आइन, आए, आयौ) ।

३. **कोठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्यहरू परिवर्तन गर्नुहोस् :**

(क) हाम्रा काका परिश्रमी छन् । (स्त्रीलिङ्गी)

(ख) उनी भोली घर जान्छिन् । (पुलिङ्ग)

(ग) उनीहरू लुम्बिनी गए । (एक वचन)

(घ) पोखरामा सुन्दर ताल छ । (बहुवचन)

(ङ) म फुल मन पराउँछु । (द्वितिय पुरुष)

(च) तिमी असल छौ । (तृतीय पुरुष)

(छ) तँ घर जा । (उच्च आदरार्थी)

(ज) तपाईं यहाँ बस्नुहुन्छ । (सामान्य आदरार्थी)

४. **तलका अनुच्छेदहरूमा भाव (अर्थ) का प्रकार र तिनका उदाहरण दिइएको छ । तपाईँ पनि यसरी नै हरेक भावको प्रयोग गरी अनुच्छेदहरू बनाउनुहोस् :**

**(क) सामान्यार्थक**

बिदामा तिमी घर जान्छौ । म पनि घर जान्छु । हामी बुबाआमालाई काम सघाउँछौ । भाइ बहिनीलाई पढाउँछौ । आफू पनि पढ्छौ ।

**(ख) आज्ञार्थक**

बिदामा तिमी घर जाऊ । आमाबुबालाई काम सघाऊ । भाइ बहिनीलाई पढाऊ । आफू पनि पढ ।

**(ग) इच्छार्थक**

बिदामा हामी घर जाऔँ । हामी बुबाआमालाई काम सघाऔँ, भाइबहिनीलाई पढाऔँ ।

**(घ) सम्भावनार्थक**

बिदामा म घर जाउँला । तिमी पनि घर जाऔला । हामी बुबाआमालाई काम सघाऔँला । भाइ बहिनीलाई पढाऔँला ।

**(ङ) सङ्केतार्थक**

बिदा भयो भने हामी घर जान्छौ । पानी पऱ्यो भने खेतबारी खन्छौ साथीहरू पनि गाउँमा आए फुटबल र भलिबल खेलिन्छ । पानी नपरे हुन्थ्यो ।

५. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

(क) ऊ घर जान्छ । (इच्छार्थक)

(ख) म सगरमाथा आरोहण गर्छु । (आज्ञार्थक)

(ग) ऊ स्कुल जान्छ । (सम्भावनार्थक)

(घ) हामी आत्मनिर्भर बन्छौ । (सङ्केतार्थक

(ङ) मनमाया आउलिन् । (सामान्यर्थक)

६. **पाठबाट शब्दको सुरुवातमा दीर्घ ऊकार लागेका शब्दहरू टिप्नुहोस् ।**

- वाक्यमा लिङ्ग, पुरुष, आदार, वचन, आदिका आधारमा संचरना मिलेको वाक्यलाई वा मिलेको अवस्थालाई पद सङ्गति भनिन्छ । पदहरूको सङ्गति वा बनावट नमिलेमा अर्थको

अनर्थ हुन जान्छ । साथै व्याकरणिक हिसाबले गल्ती हुन्छ ।

- अर्थका आधारमा वाक्यहरू सामान्यार्थक, आज्ञार्थक, इच्छार्थक, सम्भावनार्थक र सङ्केतार्थक गरी पाँच किसिमका हुन्छन् ।
- सामान्य अर्थ दिने वाक्यलाई सामान्यार्थक भनिन्छ । अरुले अराउनु, अनुरोध गर्नु वा काम लाउने क्रममा बनेका वाक्यलाई आज्ञार्थक भनिन्छ । अरुले यस्तो गर्दिए हुन्थ्यो अथवा यस्तो गर्न पाए राम्रो हुन्थ्यो भनेर आफ्नो वा अरुको इच्छा वा चाहना व्यक्त गर्ने वाक्यलाई इच्छार्थक भनिन्छ । सम्भावनार्थक भनेको पछि यस्तो होला भनेर अनुमान गर्दा प्रयोग हुने वाक्य हो । सङकेतार्थक वाक्यमा एउटा भएमा अर्को पनि हुनसक्ने सङ्केत वा पूर्वसूचना दिने गरिन्छ । यसमा एउटा कारण र अर्को परिणामको रूपमा, दुई वाक्यसँगै आउँछन् ।

# पाठ : १२

**जीवनी**

## क्लारा जेटकिन

### १. परिचय

हाम्रा अग्रजहरूको चिन्तन, प्रयत्न, सङ्घर्ष, त्याग र बलिदानबाट आजको स्वतन्त्र अवस्था सिर्जना भएको हो । समय समयमा जन्मिएका चिन्तकहरू र परिवर्तनका खातिर लड्ने योद्धाहरूकै कारण आजका उपलब्धिहरू हासिल भएका हुन् । यस्तै प्रेरक चिन्तक तथा योद्धामध्ये एक हुन् - क्लारा जेटकिन । क्लारा जेटकिनको जन्म जर्मनीमा भए पनि महिला स्वतन्त्रता र अधिकारको सुनिश्चितताका लागि उनले अस्ट्रिया हुँदै धेरै समय फ्रान्सको पेरिसमा बिताइन् । जर्मनमा राजनीतिक दललाई फुकुवा गरेपछि पुनः जर्मन आएकीक्लाराले महिलाहरूलाई राजनीतिक पार्टीमा औपचारिक संलग्नता हुनुपर्छ भन्ने आवाज उठाइन् र अन्ततः सन् १९०८ मा जर्मनीमा त्यो अधिकार स्थापित भयो । उनले जर्मनीका श्रमिक महिलाहरूलाई सङ्गठित गरिन् । सन् १९०७ मा भएको पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलनबाट उनी सचिव चुनिएर सन् १९१७ सम्म त्यस पदमा रहेर काम गरिन् । सन् १९१० मा कोपन हेगेनमा महिलाहरूको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन भयो । त्यस सम्मेलनमा उनले हरेक वर्ष ८ मार्चमा अन्तर्राष्ट्रिय नारी दिवस मनाउने प्रस्ताव गरिन् । त्यो प्रस्ताव पारित भयो र त्यही बेलादेखि हरेक मार्च ८ मा अन्तर्राष्ट्रिय नारी दिवस मनाउने गरिएको छ । यसरी क्लारा अन्तर्राष्ट्रिय नारी दिवसकी प्रणेता बन्न पुगिन् । आज राज्यका हरेक तहमा महिलाको समान सहभागिताको कुरालाई जोडतोडले उठाउने गरिन्छ । त्यसको प्रणेता क्लारा नै हुन् । आज महिलाले जे जस्ता अधिकार पाएका छन्, ती सबैका पछाडि क्लाराको विचार र सङ्घर्ष जोडिएको छ । हरेक मार्च ८ मा मनाइने नारी दिवसमा संसारभरिका महिलाहरूले क्लारा जेटकिनका कार्यको खुलेर प्रशंसा गर्छन् र उनीप्रति श्रद्धाभाव व्यक्त गर्दछन् । अनेक सङ्घर्ष गर्दै मानव अधिकारका पक्षमा जीवनभर लागेकी क्लारा मरेर गए तापनि उनका योगदान चिरस्मरणीय छन् ।

### २. उद्देश्य

यस पाठको अन्त्यमा तपाईं निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठमा दिइएका अनुच्छेदलाई सस्वर पठन गर्न

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूको शुद्धोच्चारण गर्न र शब्दार्थ बोध गरी वाक्यमा प्रयोग गर्न

(ग) पाठको पठन बोध गरी सो सम्बन्धी प्रश्नोत्तर गर्न

(घ) निर्दिष्ट अनुच्छेदको श्रुति लेखन गर्न

(ङ) निर्दिष्ट अनुच्छेदबाट मुख्य बुँदा टिपोट गर्न

(च) पाठबाट सोधिएका प्रश्नको विवेचनात्मक उत्तर दिन

(छ) लिङ्ग, वचन, पुरुष र आदरको आधारमा वाक्य परिवर्तन गर्न

(ज) जीवनी लेखनसम्बन्धी तोकिएको परियोजना कार्य सम्पन्न गर्न

## क्लारा जेटकिन

१. अझ राम्रो र गुणस्तरीय जीवन बाँच्न मानिसले हरहमेसा प्रयत्न गरिरहन्छ । एकल प्रयत्नबाट सम्भव नहुने काममा सामूहिक प्रयत्न हुन्छ । यस्तै प्रयत्नका कारण नै मानिस जङ्गली युगबाट आजको अत्याधुनिक युगमा आइपुगेको हो । आज मानव कल्याणका लागि लोकतन्त्र, मानव अधिकार, स्वतन्त्रता, न्याय, मताधिकार जस्ता विषयहरू स्थापित भएका छन् । विज्ञान र प्रविधिको विकासले जीवन सहज भएको छ । मानिसले निरन्तर उन्नत सभ्यताको विकास गर्दै आएको छ । मानव कल्याणका लागि स्थापित यी सबै कुरा सहजै प्राप्त भएका होइनन् । हाम्रा अग्रजहरूको चिन्तन, प्रयत्न, सङ्घर्ष, त्याग र बलिदानबाट आजको अवस्था सिर्जना भएको हो । समय समयमा जन्मिएका चिन्तकहरू र परिवर्तनका खातिर लड्ने योद्धाहरूकै कारण आजका उपलब्धिहरू हासिल भएका हुन् । त्यसैले मानव कल्याणका लागि समर्पित चिन्तकहरू र योद्धाहरू हाम्रा लागि सदैव प्रेरक र स्मरणीय छन् । त्यस्तै स्मरणीय एवम् प्रेरक चिन्तक तथा योद्धामध्ये एक हुन् - क्लारा जेटकिन ।

२. क्लारा जेटकिनको जन्म सन् १८५७ जुलाई ५ का दिन जर्मनीको सक्सोनी प्रदेशको एउटा गाउँमा भएको थियो । उनी बुबा गोटफ्रिड इजिनर र आमा जोसेफिन भिटल इजिनरका तिन सन्तानमा सबैभन्दा जेठी हुन् । उनको बालक कालको नाम क्लारा इजिनर थियो । क्लाराका बुबा शिक्षक थिए । उनकी आमा महिलासँग सम्बन्धित सामाजिक काममा सक्रिय थिइन् । ग्रामीण परिवेशमा हुर्केकी क्लाराले गरिबी र शोषणको मारमा परेका मानिसहरूसँग सङ्गत गर्ने मौका पाइन् । त्यसैले बालक कालदेखि नै उनमा गरिबी र शोषण विरोधी चेतना विकास भयो ।

३. क्लाराको शिक्षा आर्जन घरबाटै सुरु भयो । घरमा बुबाको निजी पुस्तकालय थियो । क्लारा स्कुलका साथसाथै घरको पुस्तकालयमा पनि पढ्थिन् । उनलाई साहित्य र इतिहासका पुस्तकहरू खुब मन पर्थे । स्कुलमा उनले फ्रेन्च, इटालियन र अङ्ग्रेजी भाषा सिकिन् । १५ वर्षको उमेरमा उनले माध्यमिक तहको शिक्षा पुरा गरिन् । माध्यमिक शिक्षा पुरा गरेपछि क्लारा विश्व विद्यालयमा भर्ना भएर पढ्न चाहन्थिन् । तर त्यति बेला जर्मनीमा महिलाहरूका लागि विश्व विद्यालय शिक्षा सहज थिएन । त्यसैले उनी एउटा शिक्षक प्रशिक्षण संस्थामा भर्ना भइन् ।

४. शिक्षकका लागि योग्य भए पनि क्लाराको ध्यान पढाउनेतिर भन्दा समाजतिर आकृष्ट भयो । त्यसमा पनि समाजमा रहेको महिला माथिको विभेद उनलाई मन परेन । त्यतिबेला महिलाहरू पूर्ण रूपमा मतदानको अधिकार पाएका थिएनन् । महिलाहरूले पुरुषको अनुमतिबिना घरबाहिर जान पाउँदैनथे । सम्पत्तिमाथि महिलाको अधिकार थिएन । राजनीतिक पार्टीमा महिलाहरूको संलग्नता प्रतिबन्धित थियो । श्रमिक महिलाहरू घर र कारखाना दुवैतिरको उत्पीडनमा थिए । महिलामाथिका यस्ता विभेदहरू क्लारालाई मन

परेनन् । उनी महिलाहरूका विभेद कसरी हटाउने भन्ने विषयमा चिन्तन गर्न थालिन् । त्यति बेला महिला अधिकारका विषयमा जर्मनी र बाहिर पनि छलफल सुरु भएको थियो । त्यसैले क्लारा महिलाको विषयमा काम गर्ने संस्थाहरूको सम्पर्कमा पुगिन् । उनले प्रशस्त मात्रामा पत्रिका र पुस्तकहरू पढिन् र बैठकहरूमा भाग लिइन् । यसैबिचमा उनको भेट रसियन मूलका ओसिप जेटकिनसँग भयो । वैज्ञानिक समाजवादी विचारका ओसिपको विचारबाट उनी प्रभावित भइन् । त्यसपछि उनी सुख सयल र मोजमस्तीको जीवन शैली त्यागेर श्रमिक महिलालाई शिक्षा दिने काममा सक्रिय बनिन् । बिस्तारै क्लारा र ओसिपबिचमा प्रेम सम्बन्ध पनि स्थापित भयो ।

५. जर्मनीमा समाजवादीहरू निकै सक्रिय हुन थाले । समाजवादीहरूको बढ्दो सक्रियता तत्कालीन जर्मन सरकारलाई मन परेन । त्यसैले उसले सन् १८७८ मा समाजवादीहरूमाथि प्रतिबन्ध लगायो । यस प्रतिबन्धसँगै क्लाराका प्रेमी ओसिप जेटकिनलाई जर्मनीबाट निकाला गरियो । त्यसपछि क्लाराले पनिजर्मनी छाडिन् । सुरुमा उनी अस्ट्रिया गइन् र फ्याक्ट्री मजदुरका रूपमा काम गरिन् । पछि उनीपेरिस गइन् । पेरिसमा उनका प्रेमी ओसिप जेटकिन पनि बस्थे । ओसिप र क्लारा एक अर्कालाई मन पराउँथे र बिहे गर्न चाहन्थे । युरोपमा औपचारिक र अनौपचारिक दुवै प्रकारका विवाहलाई सामाजिक स्वीकृति थियो र अहिले पनि छ । क्लारा र ओसिप औपचारिक विवाह गर्न चाहन्थे । त्यसो गर्दा क्लाराले जर्मन नागरिकता त्याग्नुपर्थ्यो । उनले आफ्नो देशको नागरिकता त्याग्न चाहिनन् । त्यसैले उनीहरूले अनौपचारिक विवाह गरे । उनीहरूबाट म्याक्सिम र कोन्स्टाइन नामका दुई छोराहरू जन्मिए ।

६. पेरिसमा रहँदा क्लाराको जीवन निकै कष्टकर भयो । उनी र उनका प्रेमी दुवैलाई क्षयरोगले समात्यो । दैनिक जीवन धान्न धौधौ भयो । यसैबिचमा बच्चाहरू जन्मिए । यस्ता सबै अप्ठ्याराहरूका बिचमा पनि क्लाराले श्रमिक र महिलाहरूका हक अधिकारका बारेमा काम गर्न छोडिनन् । क्षयरोगले ग्रसित भएकै बेला उनी जर्मनी आइन् र त्यहाँ भएको एउटा सार्वजनिक सभामा सार्वजनिक भाषण गरिन् । उपचार र आत्मबलका कारण उनको क्षयरोग निको भयो ।

७. क्लारा र ओसिपको वैवाहिक जीवन धेरै लामो हुन पाएन । क्षयरोगबाट ग्रसित ओसिपको सन् १८८९ मा निधन भयो । ओसिपको मृत्यु भएको एक दसकपछि सन् १८९९ मा क्लाराले फ्रेडरिक जन्डलसँग बिहे गरिन् । दोस्रो बिहे गरे पनि क्लाराले ओसिप जेटकिनसँगको सम्बन्धलाई उच्च सम्मान दिइन् । उनले आफ्नो नामसँगै ओसिपको दोस्रो नाम 'जेटकिन' जोडेर 'क्लारा जेटकिन' बनिन् र यही नामबाट प्रसिद्धि कमाइन् । क्लाराको दोस्रो पतिसँगको दाम्पत्य सम्बन्ध सन् १९२६ सम्म कायम रह्यो ।

८. जर्मन सरकारले समाजवादीहरूमाथि लगाएको प्रतिबन्ध सन् १८९० मा फुकुवा भयो । यसपछि क्लारा जर्मनीमा रहेर राजनीतिमा संलग्न भइन् । उनी जर्मन सोसल डेमोक्रेटिक पार्टीमा रहेर काम गर्न थालिन् । त्यति बेलासम्म पनि महिलाहरूलाई राजनीतिक पार्टीमा

औपचारिक संलग्नताको अधिकार थिएन । उनी अनौपचारिक रूपमा भए पनि पार्टीमा सक्रिय रहिन् । उनको सङ्घर्षकै कारण सन् १९०६ मा उनी पार्टी शिक्षा केन्द्रीय समितिको सदस्य बनिन् । उनले पार्टीको पाक्षिक प्रकाशन ‘डाइ ग्लेथिट’ (समानता) को सम्पादक भएर काम गर्ने अवसर पाइन् । उनले महिलाहरूलाई राजनीतिक पार्टीमा औपचारिक संलग्नता हुनुपर्छ भन्ने आवाज उठाइन् र अन्ततः सन् १९०८ मा जर्मनीमा त्यो अधिकार स्थापित भयो । यस्ता जिम्मेवारीका साथसाथै उनले जर्मनीका श्रमिक महिलाहरूलाई सङ्गठित गरिन् । चाँडै उनी अन्तर्राष्ट्रिय महिला आन्दोलनकी एक अगुवाका रूपमा स्थापित भइन् । सन् १९०७ मा भएको अन्तर्राष्ट्रिय महिला सम्मेलनबाट उनी सचिव चुनिइन् र सन् १९१७ सम्म त्यस पदमा रहेर काम गरिन् । सन् १९१० मा कोपन हेगेनमा महिलाहरूको अन्तर्राष्ट्रिय सम्मेलन भयो । त्यस सम्मेलनमा उनले हरेक वर्ष ८ मार्चमा अन्तर्राष्ट्रिय नारी दिवस मनाउने प्रस्ताव गरिन् । त्यो प्रस्ताव पारित भयो र सन् १९११ देखि हरेक मार्च ८ मा अन्तर्राष्ट्रिय नारी दिवस मनाउने गरिएको छ । यसरी क्लारा अन्तर्राष्ट्रिय नारी दिवसकी प्रणेता बन्न पुगिन् ।

९. महिला आन्दोलन र मजदुर आन्दोलनकी अग्रणी क्लाराको शिक्षा सम्बन्धी धारणा पनि महत्त्वपूर्ण मानिन्छ । आफू संलग्न राजनीतिक दलको मुखपत्रको सम्पादक भएर काम गर्दा त्यस पत्रिकामार्फत उनले शिक्षा सम्बन्धी आफ्ना मान्यताहरू अगाडि सारिन् । त्यतिबेला धार्मिक शिक्षाको प्रचलन थियो । उनी धार्मिक शिक्षाका सट्टा वैज्ञानिक तथा व्यावहारिक शिक्षाको पक्षपाती थिइन् । उनले महिला शिक्षाका साथै सहशिक्षाका बारेमा आफ्ना धारणा राखिन् । सहशिक्षाबाट लैङ्गिक विभेद कम हुन्छ भन्ने उनको विचार थियो ।

१०. क्लारा राजनीतिमा सक्रिय रहेका अवस्थामा पहिलो विश्वयुद्ध सुरु भयो । क्लारा विश्व युद्धकी विरोधी थिइन् । उनले आफू संलग्न पार्टीलाई विश्व युद्धको विपक्षमा लाग्न आग्रह गरिन् । तर पार्टीको बहुमतले युद्धमा जाने जर्मन सरकारको नीतिलाई समर्थन गऱ्यो । क्लारा त्यसमा सहमत भइनन् । उनले आफ्ना साथीहरू रोजा लक्जेम्बर्ग, कार्ल लिब्नेच्ट, लुइस कोलर आदिसँग मिलेर विश्वयुद्ध विरुद्ध जनमत बटुल्ने प्रयत्न गरिन् । उनकै पहलमा सन् १९१५ मा विश्वयुद्ध विरुद्ध अन्तर्राष्ट्रिय महिला शान्ति सम्मेलन भयो । उनले विश्वयुद्ध धनी राष्ट्रहरूको हतियार बेच्ने बहाना मात्र हो, यसले आम श्रमिकहरूको हित गर्दैन भन्दै युद्ध विरोधी अभियान चलाउने प्रस्ताव राखिन् । उनको प्रस्तावलाई सम्मेलबाट पारित गरियो र त्यसले विश्वभर चर्चा पायो । यति हुँदाहुँदै पनि विश्वयुद्ध भइछाड्यो । उनले युद्ध विरोधी आवाज उठाइरहिन् । युद्धको विरोध गरेकाले उनलाई जर्मन सरकारले पक्रने, थुन्ने र यातना दिने काम गऱ्यो । त्यही यातनाका क्रममा उनी बिरामी परिन् । त्यो पछि रोग भने पटक पटक बल्झिरह्यो ।

११. आफू संलग्न पार्टीसँग मतभेद भएपछि क्लाराले सन् १९१८ मा जर्मन साम्यवादी पार्टीको स्थापना गरिन् । राजनीतिक पार्टीमा महिला सहभागिताको विषयलाई उठाउँदै आएकी क्लारा राजनीतिक पार्टीहरूमा महिलाहरूको समान सहभागिता चाहन्थिन् । उनले यस

विषयलाई महत्त्वका साथ उठाइन् । उनले यस विषयमा राजनीतिक नेताहरूसँग कुराकानी पनि गरिन् । उनले सन् १९२१ देखि १९३३ सम्म साम्यवादी अन्तर्राष्ट्रिय समितिको कार्य समितिमा रहेर काम गरिन् । उनले आफू संलग्न साम्यवादी पार्टीका तर्फबाट सन् १९२० देखि १९३२ सम्म जर्मन संसद 'रिचस्टेग' को सदस्य भएर पनि काम गरिन् । उनले जेष्ठ सदस्यका रूपमा सन् १९३२ मा जर्मन संसदको अधिवेशनको उद्घाटन गर्ने अवसर पनि पाइन् । यसैबिच जर्मनीमा सन् १९३३ मा हिटलरको शासन सुरु भयो । हिटलरको उदयसँगै क्लाराको पार्टीमाथि प्रतिबन्ध लाग्यो र उनी सोभियत सङ्घमा निर्वासित भइन् । निर्वासनमै रहेका बेला २० जुन, १९३३ का दिन विश्वकी एक होनहार महिला क्लारा जेटकिन ७६ वर्षको सङ्घर्षपूर्ण जीवनपछि दुनियाँबाट अल्पिइन् ।

१२. जन्मेपछि मर्नु प्रकृतिको नियम हो । यसलाई कसैले पनि उल्लङ्घन गर्न सक्तैन । आफ्नो जीवन कालमा दुनियाँको हित हुने काम गर्न सक्नु जीवनको सार्थकता हो । त्यस्तो सार्थक जीवन जिउने अवसर जो कोहीले पाउन सक्तैनन् । जीवनलाई सार्थक बनाउन योजना, सङ्घर्ष, त्याग र समर्पण चाहिन्छ । क्लारा जेटकिन त्यस्तै योजना, सङ्घर्ष, त्याग र समर्पणले जीवनलाई सार्थक बनाउन समर्थ भइन् । महिलालाई अधिकार सम्पन्न बनाउने र समान कामका लागि पुरुषसरह पारिश्रमिक दिनुपर्छ भन्ने मान्यता स्थापना गराउने काममा क्लाराको महत्त्वपूर्ण योगदान रहेको छ । राज्य सञ्चालन राजनीतिक दलहरूमार्फत हुने तर राजनीतिक पार्टीहरूमा महिलाको उपस्थिति नरहने अवस्थाका विरुद्ध क्लाराको सङ्घर्ष अविस्मरणीय छ । आज राज्यका हरेक तहमा महिलाको समान सहभागिताको कुरालाई जोडतोडले उठाउने गरिन्छ । यसको प्रणेता क्लारा नै हुन् । महिला हक हितका लागि महिला मात्र होइन, पुरुष पनि लाग्नुपर्छ भन्ने मान्यता स्थापित गराउन पनि क्लाराको योगदान रहेको छ । त्यसरी नै व्यावहारिक शिक्षा र सहशिक्षाका विचारलाई स्थापित गर्न पनि उनको योगदान रहेको छ । आज महिलाले जे जस्ता अधिकार पाएका छन्, ती सबैका पछाडि क्लाराको विचार र सङ्घर्ष जोडिएको छ । त्यसो त श्रमिक वर्गको हक हितका विषयमा पनि क्लाराका विचार र सङ्घर्ष स्तुत्य छन् । हरेक मार्च ८ मा मनाइने नारी दिवसमा संसारभरिका नारीहरूले क्लारा जेटकिनका कार्यको खुलेर प्रशंसा गर्छन् र उनीप्रति श्रद्धाभाव व्यक्त गर्छन् । जस्तोसुकै कठिन अवस्थामा पनि नआत्तिने र आफ्नो उद्देश्यमा दृढ रहने सङ्घर्षशील नारीका रूपमा क्लारालाई सम्झिने गरिन्छ । व्यक्तिगत स्वार्थलाई त्यागेर सामूहिक हितमा आफ्नो जीवन समर्पण गरेकै कारण क्लारा जेटकिन अमर छिन् ।

### ३. मुख्य विषय वस्तु

क्लारा जेटकिनको जन्म सन् १८५७ जुलाई ५ का दिन जर्मनीको लिपगिजमा भएको थियो । उनी बुबा गोटफ्रिड इसिनर र आमा जोसेफिन भिटल इसिनरका सबैभन्दा जेठी सन्तान हुन् । उनको बालकको नाम क्लारा इसिनर थियो । स्थानीय स्कुलबाट माध्यमिक शिक्षा पुरा गरेपछि क्लारा विश्व विद्यालयमा पढ्न चाहन्थिन् । तर त्यति बेला जर्मनीमा महिलाहरूका लागि विश्व विद्यालय शिक्षा सहज थिएन । पेरिस गएर पढ्न पनि आर्थिक स्थिति ज्यादै कमजोर थियो ।

त्यति बेला जर्मनीमा महिलामाथि ठुलो विभेद थियो । महिलाहरूलाई मतदानको अधिकारसमेत थिएन । राजनीतिक पार्टीमा महिलाहरूको संलग्नता प्रतिबन्धित थियो । श्रमिक महिलाहरू घर र कारखाना दुवैतिरको उत्पीडनमा थिए । यस्ता विभेदहरू क्लारालाई मन परेन । त्यसैले क्लारा महिलाको विषयमा काम गर्ने संस्थाहरूको सम्पर्कमा पुगिन् । उनले प्रशस्त मात्रामा पत्रिका र पुस्तकहरू पढिन् र बैठकहरूमा भाग लिइन् । यसै बिच उनको भेट रसियन मूलका वैज्ञानिक समाजवादी विचारक ओसिप जेटकिनसँग भयो । ओसिपको विचारबाट उनी प्रभावित भइन् । त्यसपछि श्रमिक महिलालाई शिक्षा दिने काममा सक्रिय बनिन् ।

तत्कालीन जर्मन सरकारले सन् १८७८ मा समाजवादीहरूमाथि प्रतिबन्ध लगायो । यस प्रतिबन्धसँगै क्लाराका प्रेमी ओसिप जेटकिनलाई जर्मनबाट निकाला गरियो । सुरुमा उनी अस्ट्रिया गइन् र फ्याक्ट्री मजदुरका रूपमा काम गरिन् । पछि उनी पेरिस गइन् । त्यहाँनै उनीहरूले अनौपचारिक विवाह भयो । पछि उनीहरूबाट दुई छोराहरू जन्मिए ।

सन् १८८९ मा ओसिपकोनिधन भयो । सन् १८९९ मा क्लाराले फ्रेडरिच जन्डलेसँग बिहे गरिन् । दोस्रो बिहे गरे पनि क्लाराले ओसिप केटलिनसँगको सम्बन्धलाई उच्च सम्मान दिइन् । उनले आफ्नो नामसँगै ओसिपको दोस्रो नाम'जेटकिन' जोडेर'क्लारा जेटकिन' नाम राखिन् र यही नामबाट प्रसिद्धि कमाइन् । ओसिपको मृत्युपछि क्लारा पूर्ण रूपमा राजनीतिमा सक्रिय भएकी थिइन् । सन् १८८९ मा पेरिसमा भएको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा उनलेश्रमिक महिलाहरूको तर्फबाट प्रतिनिधित्व गरिन् । उनलेत्यहाँमहिलालाई पनि पुरुषसरह अधिकार हुनुपर्छ भन्ने माग गरिन् । उनको त्यस प्रकारको माग संसारमै पहिलो थियो र उनको सम्बोधनले विश्वभरका महिलाहरूलाई प्रेरणा दियो ।

अन्ततः समाजवादीहरूमाथि जर्मन सरकारले लगाएको प्रतिबन्ध सन् १८९० मा फुकुवा भयो । यसपछि क्लारा जर्मनी आएर राजनीतिमा संलग्न भइन् । उनी जर्मन समाजवादी पार्टीमा संलग्न भइन् । सन् १९०६ मा उनी पार्टी शिक्षा केन्द्रीय समितिको सदस्य बनिन् । उनले पार्टीको पाक्षिक प्रकाशन 'ग्लेथिट' (समानता) को सम्पादक भएर काम गर्ने अवसर पाइन् । उनले जर्मनीका श्रमिक महिलाहरूलाई सङ्गठित गरिन् । चाँडै उनी अन्तर्राष्ट्रिय महिला आन्दोलनकी एक जना अगुवाका रूपमा स्थापित भइन् । अन्ततः सन् १९०८ मा जर्मनीमा त्यो अधिकार स्थापित भयो । यस्ता जिम्मेवारीका साथसाथै सन् १९०७ मा भएको पहिलो अन्तर्राष्ट्रिय महिला सम्मेलनबाट उनी सचिव चुनिइन् र सन् १९१७ सम्म त्यस पदमा रहेर काम गरिन् । सन् १९१० मा कोपन हेगेनमा महिलाहरूको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलन भयो । त्यस सम्मेलनमा उनले हरेक वर्ष ८ मार्चमा अन्तर्राष्ट्रिय नारी दिवस मनाउने प्रस्ताव गरिन् । त्यो प्रस्ताव पारित भयो र त्यही बेलादेखि हरेक मार्च ८ मा अन्तर्राष्ट्रिय नारी दिवस मनाउने गरिएको छ । यसरी क्लारा अन्तर्राष्ट्रिय नारी दिवसकी प्रणेता बन्न पुगिन् ।

पछि आफू संलग्न पार्टीसँग मतभेद भएपछि क्लाराले सन् १९१८ मा जर्मन साम्यवादी पार्टीको स्थापना गरिन् । उनले सन् १९२१ देखि १९३३ सम्म साम्यवादी अन्तर्राष्ट्रिय समितिको कार्य समितिमा रहेर काम गरिन् । उनले साम्यवादी पार्टीका तर्फबाट सन् १९२० देखि १९३२ जर्मन संसद्को सदस्य भएर पनि काम गरिन् । यसै बिच जर्मनीमा सन् १९३३ मा हिटलरको शासन सुरु भयो । हिटलरको उदयसँगै

क्लाराको पार्टीमाथि प्रतिबन्ध लाग्यो र उनी सोभियत सङ्घमा निर्वासित भइन् । निर्वासनमै रहेका बेला २० जुन, १९३३ का दिन उनको निधन भयो ।

जन्मेपछि मर्नु प्रकृतिको नियम हो । उनी मरेर गए पनि आज राज्यका हरेक तहमा महिलाको समान सहभागिताको कुरालाई जोडतोडले उठाउने गरिन्छ । त्यसको प्रणेता क्लारा नै हुन् । आज महिलाले जे जस्ता अधिकार पाएका छन्, ती सबैका पछाडि क्लाराको विचार र सङ्घर्ष जोडिएको छ । हरेक मार्च ८ मा मनाइने नारी दिवसमा संसारभरिका महिलाहरूले क्लारा जेटकिनका कार्यको खुलेर प्रशंसा गर्छन् । व्यक्तिगत स्वार्थलाई त्यागेर सामूहिक हितका आफ्नो जीवन समर्पण गरेकै कारण क्लारा जेटकिन मरेर पनि अमर छिन् ।

४. **पाठगत अभ्यास**

१. **तलका शब्द शुद्ध उच्चारण गर्नुहोस् :**

गुणस्तरीय, अत्याधुनिक, स्वतन्त्रता, सभ्यता, प्रेरक, वञ्चित, अनौपचारिक, ग्रसित, स्मरणीय, निर्णायक ।

२. **तल दिइएका प्राविधिक शब्दको अर्थ बोध गरी आफ्नो कापीमा सार्नुहोस् :**

**मानव अधिकार** : मान्छे भएका कारणले पाउने अधिकार

**स्वतन्त्रता** : कसैको बन्धन वा अधीनमा नरहेको अवस्था

**मताधिकार** : मत दिने अधिकार

**समाजवादी** : सम्पत्तिमाथि एकलौटी अधिकार हुनुहुन्न र सबै समान हुनुपर्छ भन्ने विचारका अनुयायी

**पारपाचुके** : सम्बन्ध विच्छेद, वैवाहिक सम्बन्धको अन्त्य

**प्रतिबन्धित** : रोक लागेको

**प्रणेता** : कुनै सिद्धान्त वा मतको सुरुआत गर्ने, आविष्कारक

**समर्थन** : कुनै काम वा प्रस्तावमा सहमति जनाउने काम

**पाक्षिक** : पन्ध्र दिनको

**निर्वासित** : देश निकाला भएको

**फुकुवा** : छुटकारा पाएको, बन्धन मुक्त भएको

**निर्णायक** : निर्णय गर्ने, कुनै कुराको टुङ्गो लगाउने

**समर्पण** : आफ्नो स्वामित्वमा रहेको अधिकार वा वस्तु अरूलाई खुसीले सुम्पने काम

३. **पाठ पढेको आधारमा तल दिइएका शब्द र अर्थ मिल्ने गरी जोडा मिलाउनुहोस् :**

| **शब्द** | | **अर्थ** |
|---|---|---|
| हरहमेसा | : | प्रशंसा गर्न योग्य |
| स्मरणीय | : | निश्चित सीमामा रहेको |

| | | |
|---|---|---|
| वञ्चित | : | बिर्सन नसकिने |
| अनौपचारिक | : | अर्थ पूर्ण |
| सीमित | : | सम्झन लायक, भुल्न नहुने |
| होनहार | : | सधैँ |
| सार्थक | : | तोकिएको नियम अनुसार नभएको |
| अविस्मरणीय | : | ठगिएको, रोक लगाइएको |
| स्तुत्य | : | प्रतिभाशाली, जेहेनदार |

४. **तलका शब्दको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्नुहोस् ।**

स्वतन्त्रता, मताधिकार, समाजवादी, पारपाचुके, प्रतिबन्धित, प्रणेता, समर्थन, पाक्षिक, निर्वासित

५. **पाठको दोस्रोअनुच्छेद पढेर तलका प्रश्नको उत्तर दिनुहोस् :**

(क) क्लारा जेटकिनको जन्म कहिले र कहाँ भएको थियो ?

(ख) क्लाराको बुबाको नाम के थियो ?

(ग) क्लाराको बालकको नाम के थियो ।

(घ) क्लाराका बुबा कुन पेसामा आबद्ध थिए ।

(ङ) क्लारा उनका बुबा र आमाकी कुन चाहिँ सन्तान थिइन् ?

६. **पाठका अनुच्छेदहरू पालैपालो पढ्नुहोस् ।**

७. **पाठको छैटौँ अनुच्छेद स्रोत शिक्षकलाई भन्न लगाई श्रुति लेखन गर्नुहोस् ।**

८. **पाठको आठौँ अनुच्छेद पढी चार ओटा बुादा टिपोट गर्नुहोस् र सारांशसमेत लेख्नुहोस् ।**

## बुँदा टिपोट र सारांश लेखनको नमुनाः

कुनै बेला जर्मनीमा महिलामाथि ठुलो विभेद थियो । महिलाहरूलाई मतदानको अधिकार थिएन । पुरुषको अनुमतिविना महिला घरबाहिर जान पाउँदैनथे । सम्पत्तिमाथि महिलाको अधिकार थिएन । राजनीतिक पार्टीमा महिलाहरूको संलग्नता प्रतिबन्धित थियो । श्रमिक महिलाहरू घर र कारखाना दुवैतिरको उत्पीडनमा थिए । महिलामाथिका यस्ता विभेदहरू क्लारालाई मन परेनन् । उनी महिलाहरूका यस्तो विभेद कसरी हटाउने भन्ने विषयमा चिन्तन गर्न थालिन् । त्यसैले क्लारा महिलाको विषयमा काम गर्ने संस्थाहरूको सम्पर्कमा पुगिन् । उनले प्रशस्त मात्रामा पत्रिका र पुस्तकहरू पढिन् र बैठकहरूमा भाग लिइन् । यसै बिच उनको भेट रसियन मूलका वैज्ञानिक समाजवादी विचारक ओसिप जेटकिनसँग भयो । ओसिपको विचारबाट उनी प्रभावित भइन् । त्यसपछि श्रमिक महिलालाई शिक्षा दिने काममा सक्रिय बनिन् ।

**मुख्य चार बुँदाहरू**

## क्लाराको प्रेरणा

- कुनै बेला जर्मनीमा महिलालाई मतदान, घुमफिर, काम गर्ने अधिकारहरू नदिएका ।
- क्लारालाई उक्त व्यवहार मन नपरेकाले यसको विरुद्धमा लाग्ने अठोट ।
- अध्ययन र भेटघाटको क्रममा वैज्ञानिक ओसिपसँग भेट
- ओसिपको विचारबाट प्रभावित भै श्रमिक महिलालाई शिक्षा दिने काम

**सारांश**

## 'क्लाराको प्रेरणा'

जर्मनीमा महिलालाई मतदान, घुमफिर, काम गर्ने अधिकारहरू नभएकाले क्लारा यसको विरुद्धमा लागिन् । यस विषयमा थप अध्ययन गरिन् । यसै क्रममा वैज्ञानिक ओसिपसँगको भेट भयो । उनीबाट प्रभावित भई श्रमिक महिलालाई शिक्षा दिने काममा लागिन् ।

**दिइएको अनुच्छेदको जम्मा शब्द सङ्ख्या** : ९८

**लेखिनुपर्ने सारांश शब्द एक तृतीयांश** : ३२

**लेखिएको सारांश शब्द सङ्ख्या** : ३२

९. **तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्** :

(क) क्लारा जेटकिन जर्मनीबाट निकालिनुको कारण के थियो ?

(ख) दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा क्लाराले कस्तो माग राखिन् ?

(ग) क्लारा जेटकिनले आफू संलग्न भएको जर्मन पार्टीसँग कुन विषयमा मतभेद भयो ?

(घ) क्लारा विश्व युद्धको विरुद्धमा किन लागिन् ?

(ङ) क्लाराको मृत्यु कहाँ र कहिले भयो ?

१०. **'क्लारा जेटकिन अन्तर्राष्ट्रिय महिला दिवसकी प्रणेता हुन् ।' पुष्टि गर्नुहोस् । (लामोउत्तर दिने प्रश्नोत्तरको नमुना यसभन्दा अघिल्ला पाठमा दिइसकिएको छ । सो हेरी त्यसैका आधारमा उत्तर लेख्नु होला)**

११. **महिला हक अधिकारका लागि क्लारा जेटकिनले के कस्ता काम गरिन् ? विवेचना गर्नुहोस् ।**

५. **व्याकरण अभ्यास**

१. **कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्य परिवर्तन गर्नुहोस्** :

(क) म कविता लेख्छु । (बहु वचन)

(ख) उनीहरू घर गए । (एक वचन)

(ग) म भोलि किमाथाङ्का जाने छु । (द्वितीय पुरुष)

(घ) तिम्रो घर जानकी मन्दिरदेखि कति टाढा छ ? (तृतीय पुरुष)

(ङ) उनीहरू दैलेखमा बस्छन् । (प्रथम पुरुष)

२. **कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् ।**

(क) तिमी स्कुल जान्छौ । (उच्च आदरार्थी)

(ख) तपाइँ घर जानुहोस् । (अनादरवाची)

(ग) रमेश असल हुनुहुन्छ । (सामान्य आदरार्थी)

(घ) गेल्बु भोलि आउँछन् । (अकरण)

(ङ) लालसरा स्कुल जाँदिनन् । (करण)

३. **तलको तालिकामा सामान्य भूतको एउटा वाक्य दिइएको छ । त्यस वाक्यलाई अन्य काल र पक्षमा परिवर्तन गरी तालिकामा देखाउनुहोस् :**

| | **वाक्य** | **काल र पक्ष** |
|---|---|---|
| १. | जाङ्बुले मलाई छुर्पी दिइन् । | सामान्य भूत |
| २. | | अपूर्ण भूत |
| ३. | | पूर्ण भूत |
| ४. | | अभ्यस्त भूत |
| ५. | | अज्ञात भूत |
| ६. | | सामान्य वर्तमान |
| ७. | | अपूर्ण वर्तमान |
| ८. | | पूर्ण वर्तमान |
| ९. | | सामान्य भविष्यत् |
| १० | | अपूर्ण भविष्यत् |
| ११. | | पूर्ण भविष्यत् |

६. **परियोजना कार्य**

तपाईंले चिनेजानेका कुनै एक व्यक्तिको निम्न लिखित ढाँचामा जीवनी लेखेर ल्याउनुहोस्

- पहिलो अनुच्छेदमा जन्मदेखि शिक्षासम्मका विवरण दिनुहोस् ।
- दोस्रो अनुच्छेदमा उहाँले गरेका महत्त्वपूर्ण कामहरू उल्लेख गर्नुहोस् ।
- अन्तिम अनुच्छेदमा मृत्युको मिति खुलाई उहाँको योगदानको मूल्याङ्कन गरी निष्कर्ष दिनुहोस् ।

७. **प्रतिबिम्बन**

यस पाठमा अझै सिक्न बाँकी कुनै कुरा भए आगामी कक्षामा स्रोत शिक्षकसँग छलफल गर्नुहोस् ।

८. **थप अध्ययन सामग्री**

१. **बुँदा टिपोट गर्ने तरिका**

- दिइएको अनुच्छेदलाई दुई तिन पटक पढ्नुहोस् ।
- त्यसले भन्न खोजेका मुख्य कुरालाई रेखाङ्कन गर्दै पनि जानुहोस् ।
- ती रेखाङ्कित मुख्य कुरालाई चार ओटा बुँदामा मात्र समेट्नुहोस् ।
- बुँदाको वाक्य मिल्यो मिलेन पुनः हेरी मिलाउनुहोस् ।
- बुँदा टिपोट गर्दा असमापिका क्रियापदको प्रयोग गर्नुपर्दछ ।

२. **सारांश लेख्ने तरिका**

- दिइएको अनुच्छेदलाई दुई तिन पटकसम्म पढ्नुहोस् ।
- त्यसमा भन्न खोजिएका मुख्य कुरालाई रेखाङ्कन गर्दै पनि जानुहोस् ।
- ती रेखाङ्कित मुख्य कुराको भाव नमर्ने गरी छोटा मिठा वाक्य बनाउनुहोस् ।
- ती वाक्य बनाउँदा दोहोरिएका कुरा, उदाहरण र उपमा हटाउनुहोस् । सकेसम्म एकल शब्दको प्रयोग गर्नुहोस् ।
- दिइएको अनुच्छेद र आफूले लेखेको सारांशको शब्दको गणना गर्नुहोस् ।
- गणना गर्दा पुरा अनुच्छेदको शब्द सङ्ख्या सारांश लेख्दा एक तिहाई भयो भएन हेर्नुहोस् । त्यसमा आवश्यक थपघट गर्नुपर्ने भए गर्नुहोस् ।
- सारांशको अन्त्यमा पुरा शब्द सङ्ख्या र सारांशकृत शब्द सङ्ख्या तोकेर लेख्नुहोस् ।
- अब, सारांशको मुख्य आशय वा भाव झल्कने बढीमा तिन शब्दको उपयुक्त शीर्षक छनोट गरी सारांश लेखिएको माथिल्लो भागमा राख्नुहोस् ।

# पाठ १३

निबन्ध

## जय भुँडी

**– भैरव अर्याल**

### १. परिचय

'जय भुँडी' नेपालका विशिष्ट हास्यव्यङ्ग्य निबन्धकार भैरव अर्यालबाट लिखित निबन्ध हो । यस निबन्धमा निबन्धकारले हाम्रो समाज र हाम्रा मनोवृत्तिमा रहेका वर्तमान विकृति तथा विसङ्गतिहरूलाई चिरफार गरेर न्यायपूर्ण समाजको विकाससँगै विविध क्षेत्रमा परिवर्तन हुनुपर्ने कुरामा जोड दिनुभएको छ । निबन्धकारका अनुसार भुँडी नभएको मानिस हुँदैन । हरेक भुँडीलाई खानेकुराको आवश्यकता पर्दछ । तर भुँडी भर्ने नाममा अर्काको गाँस खोस्ने प्रवृत्ति राम्रो होइन । आफू मात्र एक्लै हसुर्न खोज्ने हाँडीघोप्टे भुँडी र अरूमाथि शोषण गरेर खाने घ्याम्पे भुँडीको तीव्र विरोध गर्दै जेनकेन छाक टार्ने टाकन टुकन भुँडी र विहान बेलुकाको छाक टार्न पनि गारो पर्ने ठन्डारामको पक्षमा उनी छन् । समय र शिक्षाको स्वरूप कति बदलिइसक्यो तर पनि अझै हाँडीघोप्टे भुँडी र घ्याम्पे भुँडीको राज चलिरहनु विडम्बनाको कुरा हो । यस्तै अरूमाथि दमन, शोषण र अत्याचार गर्दै सीमित मात्रामा रहेका हाँडीघोप्टे भुँडी र घ्याम्पे भुँडीले आफ्नो कुप्रवृत्तिलाई छोड्दैनन् भने टाकन टुकन र ठन्डाराम भुँडीहरू चुप लागेर बस्दैनन् । बहुसङ्ख्यक रूपमा रहेका यी सर्वसाधारणले समान भुँडीको पक्षमा विद्रोह मचाउँछन् । एक दिन हाँडीघोप्टे भुँडी र घ्याम्पे भुँडीको अन्त्य हुन्छ भन्ने चेतना र सन्देश यस निबन्धले दिएको पाइन्छ ।

### २. उद्देश्य

यस पाठको अन्त्यमा तपाईं निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठमा दिइएका अनुच्छेदलाई राम्ररी सुनी सस्वर पठन गर्न

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूको शुद्धोच्चारण गर्न र शब्दार्थ बोध गरी वाक्यमा प्रयोग गर्न

(ग) निर्दिष्ट अनुच्छेदको श्रुति लेखन गर्न

(घ) पाठको पठन बोध गरी सो सम्बन्धी प्रश्नोत्तर गर्न

(ङ) पाठका विशिष्ट पङ्क्तिको व्याख्या गर्न

(च) निर्दिष्ट अनुच्छेदबाट बुँदा टिपोट गरी सारांश लेख्न

(छ) प्रचलित उखान र टुक्काको अर्थ बोध गरी वाक्यमा प्रयोग गर्न

(ज) प्रचलित श्रुति समभिन्नार्थक शब्दको पहिचान गरी वाक्य निर्माण गर्न

(झ) पाठको अभ्यासमा निदिष्ट कार्यमूलक व्याकरण सम्बन्धी अभ्यास गर्न

(ञ) पाठसँग सम्बन्धित तोकिएको सिर्जनात्मक कार्य गर्न

## जय भुँडी

१. व्यास बाजेले अठार पुराण लेखे, तर सबैभन्दा जरुरी एउटा पुराण चाहिँ लेख्न भुसुक्कै बिर्से छन् । वेदव्यासको युगमा बिर्सेको कुरो आज वेदनाशको युगमा तैले कसरी सम्झिस् ? भन्नुहोला, मलाई पनि हिजैमात्र आफ्नी बुढी आमाले झट्ट सम्झाइदिइन् । साथै यस पुराणको माहात्म्य पनि मैले उनैबाट दृष्टान्तसहित बुझ्ने मौका पाएकाले अरू पुराणको प्रारम्भमा 'शारदायै नमः' भने जस्तै पुराणको सुरूमा म भन्दछु -बुढी आमायै नमः ।

२. परलोकका निम्ति होइन, यसै लोकको निम्ति नसुनी नहुने र परोपकारको निमित्त होइन, आत्मोपकारको निमित्त नबुझी नहुने यो सर्वकालीन, सर्वदेशीय र सर्वधर्मीय पुराणको नाम हो- 'भुँडी पुराण ।' भुँडी विश्वकी सर्वोच्च देवी हुन्, जसलाई मान्छेले मात्र होइन, देवाधिदेव महादेवले पनि मान्नु परेको थियो । हेरिल्याएको खण्डमा कृष्ण हुन् कि क्राइस्ट हुन्, बुद्ध हुन् कि कन्फ्युसियस हुन् सबै देवात्माहरू भुँडीबाट मर्त्यलोकमा अवरोहण गरेको हुन् । महर्षि हुन् कि मार्क्स हुन्, सन्त हुन् कि सात्रे हुन्, सबै दार्शनिकहरू भुँडीमै निर्मित भएर देखा परेका हुन् । वाल्मीकि हुन् कि होमर हुन्, टाल्सटाय हुन् कि टैगोर हुन्, दाँते हुन् कि देवकोटा हुन्, सम हुन् कि सेक्सपियर हुन् प्रत्येक कविको जन्म भुँडीबाटै भएको हो । अलेक्जेन्डर हुन् कि चङ्गेज खाँ हुन्, लिङ्कन हुन् कि लेनिन हुन् , नेपोलियन हुन् कि जङ्गबहादुर हुन्, बिस्मार्क हुन् कि पृथ्वीनारायण शाह हुन्, सबै नेताहरूको उद्गम स्थल भुँडी हो । त्यसैले भुँडी जीवनकी निर्मात्री र विश्वकी अधिष्ठात्री हुन्, जसको पूजाआजा गर्नु प्राणी मात्रको प्रमुख कर्तव्य हो ।

३. भुँडीको पूजाविधि देख्नलाई त्यति झञ्झटिया छैन, किनभने हाम्रा अरू देवदेवीलाई जस्तो चन्दन, अबिर, सिन्दूर, फुल इत्यादिको भुँडी देवीलाई जरूरत छैन । उनलाई त केवल जल र नैवेद्य भए पुग्छ । तर जल र नैवेद्यका प्रकार र मात्राहरू चाहिँ विवेचना गर्न लाग्यो भने भुँडीपूजा जस्तो अप्ठ्यारो न भीमसेन पूजा हुन्छ, न भगवती पूजा । जल मात्र कति थरी चाहिन्छन् कति थरी- चिसो, तातो, सेतो, रातो, चिल्लो, खल्लो, नुनिलो, गुलियो, अमिलो, धमिलो इत्यादि । अझ नैवेद्य त के कति र कस्तो भनी बयान गरेर साध्य छैन । त्यसकारण, यसबारे पुरा जान्ने इच्छा छ भने बरू कुनै नैवेद्य विशेषज्ञले लेखेको भुँडीपूजा पद्धति पढ्नुहोला अथवा कुनै भुँडीवालकी बुढीसित सोध्नु भए पनि हुन्छ । यो पुराणमा त यति मात्र जनाइन्छ कि भुँडीदेवीलाई नैवेद्य चाहिन्छ । नैवेद्यको अभावमा वा कमीमा, नैवेद्यको हेलचेक्र्याइँमा वा लापर्वाहीमा भुँडी रिसाइहाल्छिन् । शङ्कर रिसउँदा संसार संहार हुन्छ भनी व्यासबाजे भन्थे भने शङ्करको पनि साख्खै आमा पर्ने महामाता भुँडी रिसाउँदा के होला के नहोला, आफै कल्पना गर्न सक्नुहुन्छ । विश्वामित्र जस्ता नैष्ठिकलाई कुकुरको मासु कोच्याएको कुरादेखि लिएर विश्वका कैयौँ नेता र जेताको जुगमा क्रान्तिको आगो सल्काउँदै भुँडी देवीले मच्चाएका घम्साघम्सी र ध्वंसाध्वंसी कसलाई थाहा छैन र । यसैले ज्ञानमा जति गढे पनि, विज्ञानमा जति बढे पनि, विद्या जति पढे पनि, बुद्धि जति जडे पनि आखिर सबै चुलिँदै गई 'फ' बन्छ भनी ऋषिहरू भन्थे, तर मलाई लाग्छ- त्यो एउटा अक्षर 'ओं' होइन 'आँ' बन्छ । यसकारण प्रत्येक बिहानै 'कुखुरी काँ' को साथै प्रत्येक घरका केटाकेटीहरू मुख बाइहाल्छन् -'आँ' । अनि रातो रातो जल र मिठो पिठो जे जति पाइन्छ नैवेद्य

चढउँदै भुँडीपूजाको कार्यक्रम सुरु गर्नुपर्छ । घरमा होस् कि होटलमा होस्, व्यारेकमा होस् कि होस्टेलमा होस्, ट्रेनमा होस् कि प्लेनमा होस्, बाटैमा होस् वा घाटैमा होस्, आखिर जहाँ भए पनि हातमुख जोर्दै सम्झनुपर्छ -

नमो देव्यै पेट देव्यै सर्व देव्यै तथैव च ।

आन्द्रा आन्द्री समेतायै भुँडी देव्यै नमो नमः ॥

४. भुँडीपूजाको यस कार्यक्रममा अलिकति बाधा पर्‍यो भने आफ्नो भुँडी रिसाउनुभन्दा पहिले घरकी बुढी रिसाउँछिन् र घुर्की लाउँछिन्-तपाईंको त सिङ्गल भुँडी त हो नि । नभन्दै उनको भुँडी सारै चामत्कारिक हुन्छ । आखिर गनेर ल्याउँदा बुढा बुढीदेखि लिएर भुराभुरीसम्मका सिङ्गा भुँडी र बुढीका भुँडीभित्रको भुँडीसमेत जोडी प्रत्येक घरमा सालाखाला साढे सातभन्दा कम भुँडी पाइन मुस्किल छ । अनि कतिको भुँडीपूजा कतिपल्ट गर्ने ? त्यसैले कोही कोही गुनासो गर्छन्-भुँडी पूजाको झन्झट नहुँदो हो त म के के न गर्थें । हो पनि, मान्छेलाई त्यो झन्झट नपरेको भए ऊ सत्यावादी हुन्थ्यो, सदाचारी हुन्थ्यो, अणुबम बनाउने खर्चले समुद्र पुर्थ्यो, आकाश उतार्थ्यो । तर मलाई लाग्छ -यी केवल धाकै मात्र हुन्, भुँडी नभएको भए मान्छे सुत्थ्यो-कुम्भकर्ण सुतेझैँ । अनि जङ्गल जङ्गलै रहन्थ्यो, मान्छे जङ्गलभित्रै हुन्थ्यो ।

५. सबैलाई थाहै छ-भुँडी स्वयम् परमेश्वरी भएकाले प्रत्येक प्राणीमा उनको अंश नभएको हुँदैन । अर्को शब्दमा प्रत्येक व्यक्ति भुँडीको एक अवतार हो । ऊसित सानो होस् या ठुलो होस् एउटा भुँडी हुन्छ । त्यसैले मान्छे उखान गर्छन्-जहाँ जान लागे पनि भुँडी सँगसँगै जान्छ । नभन्दै गोसाइँथान जाने जात्रु हुन् वा अन्तरिक्षका यात्रु हुन्, सबैले सबभन्दा पहिले भुँडी जोहो गर्नैपर्छ । कोही राष्ट्र सङ्घीय काममा लागेको होस् वा कोही मल सोहोर्न लागेको होस् मुख्यतः सबैलाई भुँडी पूजाले नै प्रेरित गरिरहेको हुन्छ । गधाझैँ लादिन परोस् वा गाईझैँ दुहिन परोस् कुकुरझैँ दैलैदैलो ढुक्नुपरोस् वा लाटोकोसेरोझैँ रातभरि जाग्राम बस्नुपरोस्, येनकेन प्रकारेण भुँडी पूजा गर्न सकिएन भने घरबार सब पुरपार पारी कि रानीपोखरी ताक्नुपर्छ कि डाँडो काट्नुपर्छ । आखिर सत्य कुरो यही हो- 'येनकेन प्रकारेण उदरं परिपूरयेत् ।' सबैले थाहा पाएकै छन्-यी भुँडी पूजाको लागि हाम्रा कैयन् पुर्खाले परचक्रीको दैलो कुरे । हुक्काको नलीदेखि बन्दुकको नालीसम्म बोके । अझै कैयौँ बुढी आमा र दुलही नानीहरू भुँडी को पूजासामान खोज्न निस्केका आफ्ना छोरा र दुलहाहरूको प्रतीक्षामा आँखा तान्दै छन् ।

६. त्यसैले त भनेको, प्रत्येक प्राणीमा भुँडी देवताको अंश हुन्छ । अर्को शब्दमा प्रत्येक भुँडी मिलेर देश वा समाजको विशाल भुँडी बन्छ र विशाल विशाल पनि जुट्दा भुँडी को विराट् रूप बोध हुन्छ । उस्तै र उत्रै भए पनि प्रत्येक भुँडी को बेग्लै आयतन हुन्छ र नैवेद्य ग्रहणका तरिकाहरू विभिन्न किसिमका हुन्छन् ।

७. यस दृष्टिले हेर्ने हो भने भुँडीलाई मुख्यतः चार भागमा वर्गीकरण गर्न सकिन्छ ।

८. तीमध्ये पहिला छ-हाँडी घोप्टे भुँडी । सकेसम्म अरू साराको भाग आफ्नै भुँडी भित्र घोप्ट्याएर दुनियाँमा भुँडी वादको सिद्धान्त लागू गर्न हाँडी घोप्टे भुँडी सधैं हाँडी जस्तै मुख बाइरहेको हुन्छ । कर्म न कुकर्म, शर्म न वेशर्म, धर्म न अधर्म, कुनै कुराको छान विचार नगर्ने हुनाले

नैवेद्यका ठुला ठुला स्रोतहरू हाँडी घोप्टे भुँडीकै सामु घोप्टिन पुगेका छन् ।

९.. दोस्रो छ-घ्याम्पे भुँडी जो हाँडी घोप्टे भुँडी भन्दा अलि सानो भए पनि स्वभावमा भने प्रायः उस्तै उस्तै हुन्छ । तेस्रो हो-टाकन टुकन भुँडी जसलाई नैवेद्य जुटाउन सत्रतिर दारा ङिच्याई टाकन टुकन नगरी हुँदैन । यिनको अतिरिक्त अर्को छ- ठन्डाराम भुँडी, जो प्रायः खोक्रै रहन्छ । हाँडी घोप्टे र घ्याम्पे भुँडीले खँगारेका यी ठण्डाराम भुँडीहरू यहाँ मात्र होइन, पृथ्वीको भुँडीभरि 'ठाउँ न ठहर, धोको न रहर' भै भकुन्डिरहेका छन् । कति वानरको फौज झैँ धपाइन्छन् भने कति भेडाको भाउमा खरिदिन्छन् पनि । भुँडीको नैवेद्यको लोभले भुँडीवालाका जुनसुकै शर्तमाथि नाकको टुप्पामा कालो दलेर ल्याप्चे सही गर्नुपर्दा कति टाकन टुकन भुँडीहरूले हाँडी घोप्टे भुँडी झैँ हाउडे भुँडीमा पस्नु परेथ्यो । यी कथाहरू सम्झेर सम्झि नसक्ना छन् । एसिया, अफ्रिकाका कैयौँ टाकन टुकन भुँडीहरूले अझै पश्चिम फर्केर 'भवति भवति गहुँ मे देहि' भनी प्रार्थना गर्न छुटेको छैन ।

१०. सबलाई थाहा छ-बिसौँ शताब्दीको विराट भुँडीले सुरसाको मुख बनाएको छ । मान्छे हनुमान झैँ आकाश पाताल चहारेर कति नै ठुलो आङ फुलाओस्, भुँडीको बढ्दो आयतनको अनुपातमा उसको शक्ति सामर्थ्य हात्तीको मुखमा जिरा हुन्छ । कसलाई थाहा छैन र ? भुँडीकै लागि समुद्र तरेका भारतीयहरू भुँडीकै भाग नपुगी लङ्काबाट लर्काइँदै छन् भने भुँडीकै पिरलोले जुगजुगदेखि 'ब्रह्माको मुलुक' पसेका नेपालीहरू भुँडीकै समस्याले बर्माबाट फर्काइँदै छन् ।

११. भुँडी पूजाको लागि मान्छेले के सोच्यो के सोचेन, के गर्‍यो के गरेन, बयान गरी साध्य छैन । सुरूमा काँचो तरूल र भ्याकुरले भुँडी पूजा गर्ने मान्छेले आज पृथ्वीको कुनै छेउलाई बाँझो रहन नदिई हलो चलाई नैवेद्य फलायो । तर एकले अर्कोको अस्तित्व आवश्यक नठान्दा भुँडी भुँडी भकुरा भकुर गर्न थाले । बलियो भुँडी घ्याम्पे भए, घ्याम्पा घ्याम्पा जुधे, कोही हाँडी घोप्टे हुन पुगे त धेरै जसो ठन्डाराम भै भकुन्डिए । आखिर अरबौँ ठन्डाराम भुँडीहरूले रुन्चे स्वरमा चिच्याउनुपर्‍यो । भुँडी पूजा हुन्छ भने सबैको हुनुपर्छ । फलस्वरूप मार्क्सले भुँडी पूजाको समान पद्धति सोचे, भुँडीवालहरूले उनलाई उडाए, तर आखिर कतिपय देशका ठन्डाराम भुँडीहरूको ध्यान त्यता नगई छोडेन ।

१२. यसै यसै गरी करोडौँ ठन्डाराम हाँडीहरूले भारतमा सर्वोदयको सपना देखे भने लाखौँ ठन्डाराम हाँडीहरूको उचित पूजाको लागि नेपालले भूमि सुधारको योजना लागू गर्न परिरहेछ । तैपनि हाँडीघोप्टे र घ्याम्पे हाँडीहरू ङयारङयार ङरङर गरी भर्सेलीबाट भाग्नुपरेका बिराला झैँ नाक बजाउँदै छन् । तर नैवेद्यको जोरजामका लागि कसिएका ९५ प्रतिशत भुँडीहरूको माझमा निहुँ खोज्न लागे भने उनीहरूको जुगानजुगदेखि टन्किएको भुँडीले मादल र दमाहा झैँ बज्नुपर्ने कुरा स्वतः सिद्ध भइसकेको छ । कुराको जरो यही हो ।

१३. मैले यो भुँडी पुराण पनि भुँडी देवीकै उपासनाको लागि लेखेको हुँ । जुन दिन भूमिसुधारको महामेला सकिएर खोजे जस्तै गरी सबैले भुँडी पूजाको सौभाग्य पाउलान्, त्यसै दिन व्यास बाजेका अठार पुराणमा उन्नाइसौँ महापुराणको रूपमा मेरो भुँडी पुराण कसो नजोडिएला त ?

जय भुँडी ।

## ३. पाठ सार

धर्मशास्त्रमा धेरै पुराणहरूको चर्चा भएतापनि सबैको महत्त्वको विषय बोकेको भुँडी पुराण लेख्ने बारेमा कसैले नसोचेका कारण यही विषयमा निबन्ध लेखेको प्रसङ्गमा निबन्धकारले निबन्धको उठान गरेका छन् । संसारका जुन वर्ग, धर्म जातका मान्छे भए पनि भुँडी भर्ने काम सबैको साभ्का आवश्यकता हो । यो ठुला साना सबैको जन्म दिने भाँडो पनि हो । यस अर्थमा पनि यसको ठुलो महत्त्व छ ।ज्ञानमा जति गढे पनि, विज्ञानमा जति बढे पनि, विद्या जति पढे पनि र बुद्धि जति जडे पनि आखिर सबै चुलिँदै गई बन्छ भनी ऋषिहरू भन्थे त्यो होइन कि पहिले खाने मुखले 'आँ' भन्यो होला र त्यही कुरा 'प' भयो होला भनी अर्यालले ठट्यौलो पाराले भुँडीको महत्त्वलाई दर्साएका छन् ।

वास्तवमा भुँडी भर्नका लागि केही जल र खानयोग्य केही खाद्य पदार्थ भए पुग्छ । तर मान्छेले आफ्नो आर्थिक हैसियतअनुसार धेरै खर्च गर्न सक्नेले मिठो मसिनु र स्वादिलो खाएर भुँडी भर्छन् भने नहुनेले पानी मात्र खाएर पनि छाक टारेका छन् । हुनेलाई मिठैमिठो नहुनेलाई रुखो पिठो मात्र छ । एकै देशका सन्तान भएर पनि आधारभूत खानेकुरामा मान्छेपिच्छे विभिन्नता हुनु दुर्भाग्यपूर्ण कुरा हो । संसार सबैको साभ्का घर हो । सम्पन्न देशका मान्छेहरूलाई अरू मान्छेले खान पाए पाएनन् भन्ने चासो छैन । त्यसको सट्टा मानिसलाई नष्ट गर्ने हात हतियार र अणुबम बनाउन व्यस्त देखिन्छन् । विश्व समाजकै यो विषम परिस्थिति हो । उनकै शब्दमा भन्नुपर्दा प्रत्येक व्यक्ति भुँडीको एक अवतार हो । ऊसित सानो होस् वा ठुलो एउटा भुँडी हुन्छ । जहाँ जान लागे पनि भुँडी सँगसँगै जान्छ । जहाँ गए पनि भुँडीको जोहो गर्ने पर्छ । आखिर सत्य कुरो यही हो, 'येनकेन प्रकारेण उदरं परिपूरयेत्' प्रत्येक मान्छेको लक्ष्य हो ।

उस्तै र उत्रै भए पनि प्रत्येकको बेग्लाबेग्लै आयतन हुन्छ । उनीहरूको नैवेद्य वा खानेकुरा ग्रहण गर्ने तरिका पनि फरक फरक हुन्छन् । खानेकुराको ग्रहण गर्ने मात्राका आधारमा भुँडीहरू चार प्रकारका हुन्छन् । उनका अनुसार कर्म, अकर्म कुकर्म, सर्म न बेसर्म, धर्म न अधर्म कुनै कुराको छ्यान विचार नगरी आफू मात्र एक्लै हसुर्ने हाँडीघोप्टे भुँडी हो । हाँडीघोप्टे भुँडी प्रवृत्तिकै तर अलि सानो अरूमाथि अन्याय गरेर खाने घ्याम्पे भुँडी हो ।नैवेद्य वा दैनिक खाना जुटाउन सत्रतिर दारा ङिच्याएर हिँड्नुपर्ने र जेनकेन छाक टार्ने टाकन टुकन भुँडी हो । जो प्राय खोक्रो रहन्छ अर्थात् बिहान बेलुकाको छाक नसक्ने भुँडी सबै ठन्डाराम भुँडी हुन् । एसिया महादेशमा यस्तै भुँडीहरूको बाहुल्य छ ।

वर्तमान विकसित भनाउँदो विश्वमा खानाकै जोहोका लागि ठन्डाराम भुँडीहरू बिदेसिन बाध्य छन् । जताततै हाँडीघोप्टे र घ्याम्पे भुँडीहरूको जगजगी छ । जहाँ रहे पनि र जहाँ गए पनि ठन्डाराम भुँडीहरू शोषण, दमन र थिचोमिचोको मारमा परेका छन् । यसा भुँडीको उद्धार गर्न मार्क्सवादी विचार आए, गान्धीवादी आन्दोलन चल्यो, कैयौँ क्रान्ति र विद्रोह भए । नेपालमा पनि भूमि सुधार नामका विभिन्न परिवर्तहरू गरिए । तर उनीहरू स्थिति जस्ताको तस्तै छ । सधैँ तिनै जम्मा पाँच प्रतिशत शक्तिशाली र सामन्ती भुँडीले माथि उठ्न दिएनन् ९५ प्रतिशतलाई दबाएरै राखे ।

अन्तमा निबन्धकारले जुन दिन ठन्डाराम भुँडीको शुभ दिन आउला तब मेरो भुँडी पुराणले सार्थकता पाउला भन्ने ठट्टा गर्दै 'जय भुँडी' भन्दै निबन्धलाई टुङ्ग्याएका छन् ।

४. **पाठगत अभ्यास**

१. **तलका शब्दहरूलाई उदाहरणमा देखाए जस्तै गरी ठिकसाग उच्चारण गर्नुहोस् :**

जस्तैः

जुगजुग /जुग् + जुग्/

विराट /बि + राट्/

देश /देस्/

मान्छे, आखिर, देश, प्रतिशत, अस्तित्व, शीर्षक, शिक्षक

१. **तल दिइएका शब्दहरूलाई स्रोत शिक्षक समक्ष शुद्ध उच्चारण गरी सुनाउनुहोस् र अर्थ बोध पनि गर्नुहोस् :**

दृष्टान्त : उदाहरण

देवाधिदेव : देवताका पनि देवता, शिव, विष्णु

मार्क्स : राजनीतिक साम्यवाद र दार्शनिक द्वन्द्वात्मक भौतिकवादका प्रणेता, जर्मनीका एक प्रसिद्ध विद्वान्

अधिष्ठात्री : देवतामध्ये सबैभन्दा बढी मानिएकी देवी, सरस्वती

ब्यारेक : सैनिकहरू बस्ने सरकारी घर, छाउनी, सैनिक शिविर

कुम्भकर्ण : छ महिनासम्म सुत्ने भनी प्रसिद्धि पाएको रावणको माहिलो भाइ, धेरै सुत्ने, सुताहा

परचक्री : शत्रु , आफन्तबाहके अर्को व्यक्ति

भ्याकुर : जरामा माटामुनि फल्ने वनस्पति विशेष

२. **पाठका अनुच्छेद पालैपालो सस्वर वाचन गरी सुनाउनुहोस् ।**

३. **तल दिइएका शब्दहरूको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्नुहोस् :**

अवतार, जोहो, नैवेद्य, शोषण, दमन, दृष्टान्त, ब्यारेक, परचक्री, भ्याकुर

४. **पाठको दोस्रो अनुच्छेद स्रोत शिक्षकबाट सुनी श्रुति लेखन गर्नुहोस् :**

५. **तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनुहोस् :(यस अधिका पाठमा सङ्क्षिप्त उत्तर लेखेका नमुना दिइसकिएकाले ती नमुनालाई हेरी तलका प्रश्नको उत्तर लेख्नुहोस्)**

(क) भुँडी कति किसिमका हुन्छन् ? र तिनीहरूको विशेषता उल्लेख गर्नुहोस् ।

(ख) निबन्धकारको ठुलो गुनासो केमा छ ?

(ग) यस निबन्धको मुख्य आशय के हो ?

(घ) निबन्धकार समाज कस्तो भएको देख्न चाहन्छन् ?

(ङ) यस निबन्धले खास गरी कुन कुन विकृतिका पक्षमा आवाज उठाएको छ ?

६. पाठको दोस्रो अनुच्छेदका मुख्य मुख्य चार ओटा बुँदाहरू टिपोट गरी सारांश लेख्नुहोस् ।

७. व्याख्या गर्नुहोस् :

(क) भुँडी जीवनकी निर्मात्री र विश्वकी अधिष्ठात्री हुन्, जसको पूजाआजा गर्नु प्राणी मात्रको प्रमुख कर्तव्य हो ।

(ख) उस्तै र उत्रै भए पनि प्रत्येक भुँडीको बेग्लै आयतन हुन्छ र नैवेद्य ग्रहणका तरिकाहरू विभिन्न किसिमका हुन्छन् ।

८. तल दिइएका श्रुति समभिन्नार्थक शब्दको पहिचान गरी बेग्लाबेग्लै अर्थ बोध हुने गरी वाक्य निर्माण गर्नुहोस् र स्रोत शिक्षकलाई देखाउनुहोस् :

**उदाहरण :** **कृति** – जय भुँडी निबन्ध कृतिका रचनाकार भैरव अर्याल हुन् ।

**कीर्ति** – हाम्रा पुर्खाहरूले गोर्खाली वीरको रूपमा विश्वभर कीर्ति फैलाएका थिए ।

(क) कृति - रचना, काम
कीर्ति - ख्याति, नाम

(ख) खालि - केवल, मात्र
खाली - रित्तो

(ग) आँट - साहस
आँत - भित्री मन

(घ) आदि - थालनी
आँधी - हुरी

(ङ) कोश - सङ्ग्रह
कोस - दुई माइलको दुरी

(च) गर्भ - पेट
गर्व - घमन्ड

(छ) दिन - चौबिस घण्टाको समय
दीन - दुःखी

(ज) दण्ड - सजाय
द्वन्द्व - सङ्घर्ष

(झ) दिशा - पूर्व, पश्चिम
दिसा - आची, विष्ठा

(ञ) यश - कीर्ति
यस - यो

(ट) शीत - पानीको थोपा
सित - सँग

(ठ) शव - लास, मुर्दा
सब - सबै

(ढ) देखि - बाट
देखी - देख्नु

(ड) विष - बिख
बिस - २० सङ्ख्या

(ण) पाइन् - प्राप्त गरिन्
पाइन - शक्ति

(त) महिना - ३० दिनको समय
मैना - चरो

(थ) संवेदना - अनुभूति
समवेदना - समान पीडा

(द) बाँस - रुख विशेष
बास - बस्ने ठाउँ

(ध) प्रदान - दिनु
प्रधान - प्रमुख

९. **तलका टुक्कालाई वाक्यमा प्रयोग गरी कक्षामा सुनाउनुहोस् :**

सजिलोका लागि तल उदाहरण वाक्य र अर्थसहितका टुक्का दिइएका छन् । तिनीहरूलाई वाक्यमा

प्रयोग गरी कक्षामा सुनाउनुहोस् :

**टुक्कालाई वाक्यमा प्रयोग गरिएको उदाहरण**

टुक्का : आलु खानु (फेल हुनु)

वाक्य : उसले कक्षा ९ को परीक्षामा आलु खाएछ ।

टुक्का : नाक काट्नु (इज्जत जानु)

वाक्य : मेरो भाइले अर्काको कुखुरा चोरेर परिवारको नाकै काट्यो ।

कुरा काट्नु (नचाहिने कुरा गर्दै हिँड्नु), डाँडो काट्नु (भाग्नु), लख काट्नु (अनुमान लगाउनु), टाउको खानु (कचकच गर्नु), मुख छाड्नु (गाली गर्नु ), हात छाड्नु (कुट्नु), झारा टार्नु (नाम मात्रको काम गर्नु), तेल लगाउनु (चाकडी गर्नु)

**१०. तलका उखानलाई वाक्यमा प्रयोग गरी कक्षामा सुनाउनुहोस् :**

**उखानलाई वाक्यमा प्रयोग गरिएको उदाहरणः**

(क) **उखान** : मागीमागी छोराको बिहे

**वाक्य** : आफूसँग एक पैसा नभएर खाजा खान बिस रुपियाँ छोरीसँग मागेर अफिस आएको छु, साथी किरण भने मागीमागी छोराको बिहे भनेझैँ मासु चिउरा खुवाउन पो आग्रह गर्छ ।

(ख) **उखान** : इन्द्रको अगाडि स्वर्गको बात

**वाक्य** : महाकाव्यसमेत लेखिसकेका कविका अगाडि दस कक्षामा पढ्ने रेशमले छन्दको कुरा गर्नु भनेको इन्द्रको अगाडि स्वर्गको बात सरह हो ।

हात्तीको मुखमा जिरा,बाँदरको पुच्छर लौरो न हतियार, मागीमागी छोराको बिहे, इन्द्रको अगाडि स्वर्गको बयान, आलु खाएर पेडाको धाक, एक हातले ताली बज्दैन, जसले मह काढ्छ, उसले हात चाट्छ, जो होचो उसका मुखमा घोचो, कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा,हात्ती आयो हात्ती आयो फुस्सा ।

११. शुद्ध पारी सार्नुहोस् :

(क) बर्तमान विकशित भन्नाउँदो विस्वमा खानाकइ जोहोका लागी ठण्डाराम भुँडीहरू बिदेशिन बाध्य छन ।

(ख) प्रतेकको भुडी मीलेर देस र समाज्को भूँडी बन्छ र बिसाल बिसाल पनी जूद्दा भुडीको बिराट् रूप वोध हून्छ ।

**५. व्याकरण अभ्यास**

१. तलका संयोजक प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् :

र, अनि, पनि, त्यसैले, नत्र, जो, जे, जुन, जब तब, कि, तापनि, किनकि, वा, अथवा, जहाँ त्यहाँ, जसरी, त्यसरी ।

२. उदाहरण हेरी कोष्ठकमा दिइएको सङ्केतको आधारमा तलका वाक्यहरू परिवतर्न गर्नुहोस् :

उदाहरण : तितो औषधी हितकारी छ । (सरल वाक्य)

औषधी तितो छ तर हितकारी छ । (संयुक्त वाक्य)

जुन औषधी तितो छ त्यो हितकारी छ । (मिश्र वाक्य)

(क) पानी परेर बाटो हिलो भयो । (संयुक्त वाक्य)

(ख) आकाश गर्ज्यो र पानी पर्‍यो । (मिश्र वाक्य)

(ग) जब घाम लाग्यो तब न्यानो भयो । (सरल वाक्य)

(घ) तिमीलाई मनपर्ने किताब किन । (मिश्र वाक्य)

(ङ) तिमी घडी वा क्यामरा किन । (संयुक्त वाक्य)

(च) विद्वान् रमेश घमन्डी छन् । (संयुक्त वाक्य)

(छ) तिम्री बहिनी नायिका हुने छिन् । (मिश्र वाक्य)

(ज) जहाँ काफल पाक्छ त्यहाँ चरी नाच्छ । (सरल वाक्य)

(झ) ओरालो लागेको मृगलाई सबैले हेप्छन् । (मिश्र वाक्य)

(ञ) लोकतान्त्रिक देशमा स्वतन्त्रता हुन्छ । (मिश्र वाक्य)

(ट) जसले मह काढ्छ त्यसले हात चाट्छ । (सरल वाक्य)

(ठ) परिश्रम गर्नेले मिठो फल पाउँछ । (मिश्र वाक्य)

(ड) परिश्रमी छिरिङ परीक्षामा प्रथम हुन्छ । (संयुक्त वाक्य)

(ढ) तिमी विद्यालय जाऊ र राम्री पढ । (सरल वाक्य)

६. **सिर्जनात्मक कार्य**

निर्देशित कथा लेखनको नमुना हेर्नुहोस् र प्रश्नमा दिइएको बुँदामा आधारित भई एउटा छाटो कथा तयार पार्नुहोस् ।

**नमुनाः**

तल दिइएका बुँदाका आधारमा एउटा छोटो कथा तयार गर्नुहोस् :

कुनै सहरमा चार जना रुवा व्यापारी रहनु - रुवाको ठुलो गोदाम - उनीहरूले एउटा बिरालो पाल्नु - प्रत्येकले मिलेर बिरालाको एक एक खुट्टो भाग लगाई स्याहार गर्ने जिम्मा लिनु - विरालाको एउटा खुट्टामा चोट लागी घायल हुनु - जाडोले अँगेनातिर बसेको बिरालोलाई आगाले पोल्नु - बिरालो अताल्लिएर रुवा गोदाममा पुग्नु -रुवा गोदाम सखाप हुनु - सद्दे खुट्टाका मालिक, व्यापारीहरूद्वारा घायल खुट्टाका मालिकबाट क्षतिपूर्तिको माग गरी अदालतमा मुद्दा दायर गर्नु - तिन ओटा सद्दे खुट्टाका सहायताले बिरालोलाई रुवा गोदाममा क्षति पुर्‍याएको भन्ने तर्कका आधारमा सद्दे खुट्टाका मालिकबाटै क्षतिपूर्ति हुनुपर्ने न्यायाधीशको निर्णय - अरूलाई खनेको खाडलमा आफैँ परिन्छ भन्ने शिक्षा ।

**सच्चा निसाफ**

कुनै देशको ठुलो सहरमा चार जना धेरै धनी रुवा व्यापारी बस्दथे । पुरै सहरलाई आवश्यक पर्ने रुवाको पूर्ति तिनै व्यापारी गर्दथे । ती चार जना व्यापारी मिलेर एउटा बिरालो पालेका थिए । त्यस सहरमा बिरालोलाई अत्यन्तै प्यारो घरपालुवा जनावरको रूपमा लिइँदो रहेछ र त्यहाँ बिरालो दुर्लभ पनि रहेछ । त्यसर्थ ती व्यापारीहरूले उनीहरूको प्यारो दुर्लभ घरपालुवा जनावर बिरालोलाई एक एक खुट्टो भाग लगाई स्याहारसुसार गर्ने जिम्मा लिएछन् ।

एक बखत बिरालाको एउटा खुट्टामा चोट लागेछ । जाडोको मौसम थियो । त्यसैले अगेनाको नजिकै बसेर बिरालो आगो तापिरहेको थियो । बिरालाले पछाडिपट्टि आफ्नो मुन्टो फर्काई आफ्नो भुत्ला चाट्दै आनन्दले हाईहाई गर्दै थियो । कुन सड्को कुन सड्को बिरालाका भुत्लामा आगो सल्केछ । आत्तिएको बिरालो रुवाको गोदाममा घुस्न पुग्यो । त्यत्तिकैमा एउटा सद्दे खुट्टाको मालिक बिरालाको सुसारेले देखेछ र बिरालाको उद्धार गरेछ । बाँकी तिनै जना व्यापारीहरूले बिरालाको जिउको आगो निभाई बिरालो बचाउने व्यापारीलाई बधाई दिई खुसीयाली मनाउन थालेछन् ।

उता रुवाको गोदाममा भने आगो लाग्न पुगेछ र सबै रुवाको गोदाम आगोले सखाप पारेछ । त्यत्रो ठुलो क्षतिले ती चार जना व्यापारीलाई ठुलो चिन्तित बनायो र चारै जना मिटिङ गरेर एउटा निष्कर्षमा पुगे । बिरालाको घायल खुट्टाको कारण रुवा गोदाममा आगो लाग्न गएकाले सद्दे खुट्टाको रेखदेख गर्ने तिन जना व्यापारी मिलेर त्यो खुट्टाको रेखदेख गर्ने व्यापारीमाथि क्षतिपूर्ति तिराई पाऊँ भनी अदालतमा मुद्दा दायर गरे । अदालतमा घमासान मुद्दा चल्यो । अन्त्यमा अदालतका न्यायाधीशले बिरालाका तिन ओटा सद्दे खुट्टाका सहायताले रुवा गोदाममा क्षति पुऱ्याएको हुनाले सद्दे खुट्टाको रेखदेख गर्ने व्यापारीहरूले क्षतिपूर्ति तिर्नुपर्ने भनी निर्णय सुनाएछन् । यस कथाले अरूलाई हाल्न खनेको खाडलमा आफैँ परिन्छ भन्ने शिक्षा दिन्छ ।

**प्रश्न : तलका बुँदाका आधारमा छोटो कथा लेखी उपयुक्त शीर्षक पनि दिनुहोस् :**

एउटा देशका राजा गाउँतिर घुम्न निस्कनु - एउटै उमेरका उस्तै र उत्रै आकारका सुगालाई पिँजडामा राखेर सुगा बेच्न हिँडिरहेको मानिससित भेट हुनु - सुगाको मोल सोध्नु - सुगावालले एउटाको सय रुपियाँ र अर्काको पाँच रुपियाँ बताउनु - मोलको अन्तर सुगा किन्नेलेआफैँ थाहा पाउँछ भन्नु - राजाले सुगाहरू लगेर सुत्ने कोठाको बाहिर राख्न लगाउनु -बिहान एउटा सुगाले मिठा मिठा श्लोक र स्तुति भन्न थाल्नु - अर्काले अश्लील गाली गर्नु, मिठो बोल्ने सुगालाई कारण सोध्नु - विद्वान्‌को घरमा पालिएकाले मिठो बोल्नु, मूर्खको घरमा पालिएकाले अश्लील बोल्नु - सङ्गतअनुसारको फल हुन्छ भन्ने सन्देश ।

७. **पृष्ठपोषण**

- यस पाठमा सिकेका नयाँ कुराहरूको सूची बनाई आफ्नो साथीलाई देखाउनुहोस् ।

८. **थप अध्ययन सामग्री**

१. **श्रुति समभिन्नार्थक शब्द**

श्रुति समभिन्नार्थक शब्द भन्नाले सुन्दा उस्तै, तर अर्थ चाहिँ फरक भन्ने बुझिन्छ। यसरी बोल्दा र सुन्दा उस्तै लाग्ने, तर अर्थमा फरक हुने शब्दलाई श्रुति समभिन्नार्थक शब्द भनिन्छ।

श्रुति समभिन्नार्थक शब्दका केही उदाहरण

| **शब्द** | **अर्थ** | **वाक्यमा प्रयोग** |
|---|---|---|
| सिता<br>सीता | भातको एकाइ<br>स्त्रीजातिको नाम | तिमी एक सिता पनि नछोडी भात खाऊ है।<br>सीता राम्रोसँग पढ्छिन्। |
| जाति<br>जाती | जात<br>असल | नेपालम धेरै जातिको बसोबास छ।<br>यो कक्षाका विद्यार्थीहरू धेरै जाती छन्। |
| तिर<br>तीर | तर्फ<br>खोलाको किनार | तिमी खोलातिर नजाऊ।<br>खोलाको तिरमा चिसो बतास लाग्छ। |
| शीत<br>सित | ओस<br>सँग | शीत परेको बेलामा बाहिर जाडो हुन्छ।<br>प्रकाशले किरणसित पैसा माग्यो। |
| आँट<br>आँत | साहस<br>भित्री भाग | हिमाल चढ्न आँट नभए सफल भइन्छ भन्ने छैन।<br>मलाई पानी तिर्खाले गर्दा आँत नै हरहर गर्‍यो। |
| उपयुक्त<br>उपर्युक्त | ठिक<br>माथि | हामीले उपयुक्त विषयमा मात्र छलफल गर्नुपर्छ।<br>तपाइँ उपर्युक्त विषयमा ध्यान दिनुहोला। |
| भाडा<br>भाँडा | बहाल<br>वर्तन | काठमाडौँबाट वीरगञ्जसम्म जाने बस भाडामा वृद्धि भयो।<br>भात पकाउने भाँडो जुठ्ठै रहेछ। |
| दिशा<br>दिसा | पूर्व वा पश्चिम<br>आची, बिष्टा | नेपालको उत्तरी दिशामा अग्ला अग्ला हिमालहरू छन्।<br>यहाँ बच्चाले दिसा गरेछ, सफा गर्नु पर्‍यो। |
| आऊँ<br>आउँ | आउने इच्छा<br>पेटको रोग | म तिम्रो घरमा आऊँ।<br>भाइलाई आउँ परेकाले तिनन चार पटक शौचालय गइसक्यो। |

## २. टुक्का परिचय

वाक्यमा प्रयोग हुँदा सामान्य वा सोझो अर्थलाई छोडी अभिव्यक्तिलाई कसिलो व्यङ्ग्यपूर्ण बनाउने र विशिष्ट अर्थ बहन गर्ने पदावलीलाई टुक्का भनिन्छ। टुक्कालाई तुक्का, वाक्पद्धति वा वाग्धारा पनि भनिन्छ। टुक्का भाषाको गहना हो। यसले भनाइलाई कसिलो खरो बनाउँछ। यसले भाषामा सोझो अर्थ नदिई व्यङ्ग्यपूर्ण अर्थ दिने काम गर्दछ। जस्तैः

आँखा तान्नु (पर्खनु)

खोचे थाप्नु (अड्काउन खोज्नु)

कान थाप्नु (कुरा सुन्नु )

ज्यान दिनु (निकै लागेर काम गर्नु)

थला पर्नु (उठ्न नसक्ने हुनु)

आन्द्राभुँडी देख्नु (रहस्य थाहा पाउनु)

बिलखबन्दमा पर्नु (अलमलमा पर्नु)

तिन छक पर्नु (अचम्म मान्नु)

ठाडो पुच्छर लगाउनु (भाग्नु)

ठाडो घाँटी लगाउनु (रक्सी पिउनु), आदि

### ३. उखान परिचय

वाक्यात्मक रूपमा प्रयोग गरिने परम्परादेखि चल्दै आएको सूत्रात्मक भनाइलाई 'उखान' भनिन्छ। उखानलाई लोकोक्ति पनि भनिन्छ। यसको प्रयोगले भाषिक अभिव्यक्तिमा मिठास र रोचकता आउँछ। उखानले वाक्यमा सोझो अर्थभन्दा बाङ्गो अर्थ बढी दिन्छ।

जस्तै :

बाँदरको पुच्छर लौरो न हतियार

मागीमागी छोराको बिहे

इन्द्रको अगाडि स्वर्गको वयान

आलु खाएर पेडाको धाक

एक हातले ताली बज्दैन।

जसले मह काढ्छ, उसले हात चाट्छ।

जो होचो उसका मुखमा घोचो

कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा

हात्ती आयो हात्ती आयो फुस्सा

### ४. निर्देशित कथा लेख्ने तरिका

कथा मानवीय जीवनजगत्को सानो अंशलाई समेटेर लेखिएको सानो आकारको तर आफैँमा पूर्ण लोकप्रिय साहित्यिक विधा हो। कथालाई आख्यान वा कहानी पनि भनिन्छ। बुँदाहरू दिएर ती बुँदाहरूको आधारमा कथा लेख्ने कार्यलाई निर्देशित कथा लेखन भनिन्छ।

**निर्देशित कथा लेख्नका लागि ध्यान दिनुपर्ने कुराहरू :**

१. दिइएका बुँदाहरूलाई राम्ररी पढी त्यसको मुख्य उद्देश्य र सन्देश पहिचान गर्नुहोस्।

२. त्यसपछि दिइएका बुँदाहरूको आधारमा कथाको सुरु, विकास र अन्त्य भागलाई विस्तार गर्दै जानुहोस्।

३. कथामा उल्लेख भएको घटना र पात्र सुहाउँदो समय र ठाउँको उल्लेख गर्नुहोस्।

४. कथाको घटना परिवर्तनसँगै अनुच्छेद पनि बदल्नुहोस्।

५. दिइएका बुँदाका आधारमा घटना, परिवेश र पात्रलाई सीमित बनाउनुहोस् ।

६. कथालाई रोचक र यथार्थपरक बनाउन छोटा संवाद प्रस्तुत गर्नुहोस् ।

७. कथान्तसम्म कथाको उद्देश्य पुरा हुने गरी कथाको विषयवस्तु र घटनालाई अगाडि बढाउनुहोस् ।

८. बुँदामा दिएभन्दा बढी घटना र पात्रहरू थप्नु हुँदैन किनभने घटना र पात्रहरू थप्दा कथा लामो हुन जान्छ ।

९. कथाको भाषा सरल, सहज र मौलिक हुनुपर्छ ।

१०. कथा तयार भइसकेपछि कथाको मुख्य उद्देश्य झल्कने एउटा बढीमा तिन शब्दको छोटो शीर्षक दिनुहोस् ।

## पाठ १४

**कविता**

# म सडक बोल्दै छु

**–पारिजात**

१. **फन्को** मारेर घाँटी
अथवा कम्मरमा कसैको
पछ्याएर जाने म होइन
सर्प जस्तै सलल बगेर कसैलाई
तर्साउन सक्ने होइन म
किनकि
पहाड र चट्टानहरू **ब्लास्टिङ** गरी
निर्माण गरिएको र सम्भार नगरिएको
म **निश्चल** निश्चल सडक बोल्दै छु ।

२. मान्छेहरू,
म माथि गुड, कुद, हिँड
चिप्लेटी खेल, कवाज खेल, गिर खेल
सवारीका साधनहरू र तिमीहरू पनि
रातोदिन ताँती बाँधेर गुड
छेकथुन म गर्ने होइन,
यात्रुवाहक बस र मालवाहक ट्रक
जुधाउने म होइन
मैले भनेर ट्याङ्करले
बसलाई पास नदिएको होइन
जोगीमारा, नागढुङ्गा र कुरिनघाट
ओडारेभिर, लाङ्रेभिर र बाँदरेभिरबाट
बस खसाल्ने म होइन
बेकाल मर्ने यतिका त्रासद मृत्युहरूको म जिम्मेवार छैन
मलाई गाली नगर ।

३. सडक हुँ बाढीमा डुब्न सक्छु
सडक हुँ पहिरोले पुरिइन सक्छु

माटो ढुङ्गा पन्छ्याए
पानीको भेल तह लगाए
फेरि देखिन सक्छु
जोडिएर फेरि चालु हुन सक्छु
सडक हुँ हराउँदिनँ
सडक हुँ कहिल्यै भाँचिन्नँ
मसँग यति नै अपेक्षा राख ।

४. मलाई भ्रुर सडक
खत्तम र रद्दी सडक भन्नेहरू
आफूलाई कुखुराको गुलाफी फुल सम्झेर
सुरक्षित घुमफिर गर्नेहरू
जसलाई सोध्नुपर्ने हो उहीसँग सोध-
सडक किन यस्तो भयो ?
मलाई मात्र सरापेर भएन
म लाञ्छित, थकित र शब्दहीन सडक बोल्दै छु । (बैँसालु वर्तमानबाट)

१. **परिचय**

यस 'म सडक बोल्दै छु' कविताका रचनाकार कवयित्री पारिजात हुन् । यस कवितालाई उनको मूल कृति 'बैँसालु वर्तमान' बाट साभार गरिएको हो । यस कवितामा कवयित्रीले निर्जीव सडकलाई जीवित मान्छेले बोलेको रूपमा प्रस्तुत गरेकी छिन् । वास्तवमा सडक स्थिर र निश्चल वस्तु हो । मान्छेले आफ्नै भुल र गल्तीका कारणले अनेकौँ सडकमा अनेकौँ घटना तथा दुर्घटना गर्दछ । तर ती सबै दुर्घटनाहरूको दोष सडकमाथि थुपार्छ, यो दुभाग्यपूर्ण कुरा हो । मानिसले राम्रो र पराकिलो सडक बनाए त कुनै पनि दुर्घटना नै हुँदैन । त्यतातिर ध्यान नदिने मानिसको प्रवृत्ति राम्रो होइन भन्ने उनको ठहर छ । यस कवितामा मानवीय गल्तीबाट हुने सडक दुर्घटनाप्रति कत्ति पनि ध्यान नदिएको प्रति उनको ठुलो गुनासो व्यक्त भएको पाइन्छ । आफू गल्ती गर्ने तर दोष जति अरूमाथि थोपर्ने हाम्रो सामाजिक प्रवृत्तिले गर्दा सडक त के देश नै विकास हुन सक्दैन भन्ने आशय कवितामा अभिव्यक्त भएको पाइन्छ । पहिले आफूले आफूलाई एक पटक ऐनामा हेर तब मात्र अरूलाई दोष लगाऊ भन्ने सन्देश यस कविताले प्रवाह गरेको पाइन्छ । यस कविताले अपराध, अन्याय र अत्याचार जानेबुझेका ठुला मान्छेले गर्ने तर त्यसको दोष जति निरीह र निमुखा जनतामाथि थोपर्ने नेपाली प्रवृत्तिमाथि तिखो व्यङ्ग्य गरेको पनि आभास हुन्छ । गद्य शैलीमा लेखिएको पारिजातको यो कविता सामाजिक सचेतना अभिवृद्धि गर्न सफल रहेको पाइन्छ ।

२. **उद्देश्य**

यस पाठको अन्त्यमा तपाइँ निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठमा दिइएको कवितालाई राम्ररी सुनी लयबद्ध पठन गर्न

(ख) पाठमा प्रयुक्त नयाँ शब्दहरूको शुद्धोच्चारण गर्न र शब्दार्थ बोध गरी वाक्यमा प्रयोग गर्न

(ग) कविताको भाव बोध गरी सो सम्बन्धी प्रश्नोत्तर गर्न

(घ) कवितांशको सप्रसङ्ग व्याख्या गर्न

(ङ) पाठको अभ्यासमा निर्दिष्ट वाक्यहरूको पहिचान गरी एक आपसमा रूपान्तरण गर्न

(च) तोकिएको परियोजना कार्य सम्पन्न गर्न

### ३. कविताको मुख्य भाव

कवयित्री पारिजातले 'म सडक बोल्दै छु' कवितामा सडक आफैँले बोलेजस्तो गरी कविताको सुरुवात गरेकी छन् । म सडक कसैलाई थाहै नदिई सर्पजस्तै गरी अरूलाई तर्साउने र मार्ने वस्तु होइन । म त मान्छेहरूले चट्टानलाई ब्लास्टिङ गरी फोरेर बनाएको साँगुरो र मर्मत सम्भार नगरिएको सडक मात्र हुँ । ममाथि मान्छे जतिसुकै हिँड, खेल, कुद मलाई कुनै गुनासो छैन । त्यस्तै साना ठुला सवारी साधनहरू चल र एक अर्कालाई उछिन मलाई कुनै पर्वाह छैन । सवारी साधन एक अर्कामा जुध्ने, भिर पाखाबाट खसाउने र अनेकौँ यात्रीहरूको अकालमा मृत्यु गराउने काम पनि मबाट भएको होइन । बेकारमा तिमीहरूले मलाई गाली गर्नुको कुनै मतलब छैन ।

मलाई बाढीले तहसनहस गर्न सक्छ । पहिरोले म पुरिन सक्छु । तर तिमीहरूले सफा गरे सफा भइहाल्छु र मर्मत गरे राम्रो भइहाल्छु । सडक हुँ हराउँदिनँ, सडक हुँ कहिल्यै भाँचिन्नँ । मसँग यति नै अपेक्षा राख । मलाई तिमीहरूले सडक डुब्यो र सडक भत्कियो भनेर दोष लगाउनुको कुनै अधिकार छैन । मलाई झुर सडक, खत्तम र रद्दी सडक भन्नेहरू त्यस्तै सुरक्षित यात्रा गर्न चाहनेहरू बरु सडक किन यस्तो भयो ? भन्ने कुरा जसलाई सोध्नु पर्ने हो उहीसँग सोध । मलाई मात्र सबै दोष दिएर सराप्नुको कुनै अर्थ छैन । म त लाञ्छित, थकित र शब्दहीन सडक बोल्दै छु ।

यस कविताले हाम्रा साना सडकलाई समयमा नै सुधार गर्ने कुरामा सबैको ध्यान पुग्नुपर्छ । यसो गर्दा धेरैलाई अकाल मृत्युबाट जोगाउन सकिन्छ । हाम्रो समाजमा रहेको 'काम बिगार्ने कालु, दोष थुपार्ने भालु' प्रवृत्तिको अन्त्य हनुपर्छ । आफ्ना गल्ती कमजोरीलाई पहिले सुधार गरेर मात्र अरूलाई दोष दिनुपर्छ भन्ने सन्देश यस कविता मार्फत दिनुभएको पाइन्छ ।

### ४. पाठगत अभ्यास

१. पाठ पढेको आधारमा निम्न लिखित शब्द र अर्थ मिल्ने गरी जोडा मिलाउनुहोस् ।

| शब्द | | अर्थ |
|---|---|---|
| फन्को | : | नराम्रो, बिकामको |
| ब्लास्टिङ | : | दोषी तुल्याइएको, आरोप लगाइएको |
| निश्चल | : | बोल्न नसक्ने |
| कवाज | : | शारीरिक तालिम |

गिर : दुःखमा अन्त्य हुने, दुःखान्त

त्रासद : काठको भकुन्डो

झुर : एक पटकको घुमाइ, फेरो

लाञ्छित : बिस्फोटक पदार्थ प्रयोग गरी कडा चट्टान फोर्ने काम

शब्दहीन : हलचल नगर्ने, स्थिर

२. **स्रोत शिक्षकको सहायतामा तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :**

फन्को, ब्लास्टिङ, निश्चल, चिप्लेटी, त्रासद, अपेक्षा, रद्दी, लाञ्छित

३. **अर्थ खुल्ने गरी वाक्य बनाउनुहोस् र कक्षामा सुनाउनुहोस् :**

फन्को, निश्चल, कवाज, त्रासद, लाञ्छित, शब्दहीन, काम बिगार्ने कालु चोट पाउने भालु

४. **छलफल गरी तलका अनेकार्थी शब्दहरूको फरक फरक अर्थ लेख्नुहोस् :जस्तैः**

तर - खोला पार गर्ने काम

तर - दुध तताएर सेलाएपछि देखिने मथिल्लो बाक्लो भाग

फुल, गिर, बस, नगर, तह

५. **तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

(क) कविताको तेस्रो परिच्छेद स्रोत शिक्षकबाट सुन्नुहोस् र श्रुति लेखन गर्नुहोस् ।

(ख) कविताको पहिलो परिच्छेद सुन्नुहोस् र सडकले के गर्न सक्तैन भन्नुहोस् ।

(ग) पाठको कविता गति, यति र लय मिलाई पालैपालो पढ्नुहोस् र पढाइमा लाग्ने समय टिपोट गर्नुहोस् ।

(घ) तपाईँको वरपरको सडकको अवस्था कस्तो छ ? भन्नुहोस् ।

(ङ) यस कविताले हामीलाई के कस्तो सन्देश दिन खोजेको छ ?लेख्नुहोस् ।

६. **तल पर्यायवाची शब्दहरू छ्यासमिस गरी राखिएका छन् छलफल गरी जोडी बनाई राख्नुहोस् : :**

जस्तैः तन - शरीर

बाढी, स्मृति, सौन्दर्य, इच्छा, चट्टान,स्थिर, बेकाल, सुन्दरता, भेल, निश्चल, अकाल, अपेक्षा, ढुङ्गा, सम्झना

७. **सप्रसङ्ग व्याख्या गर्नुहोस् :**

(क) सडक हुँ बाढीमा डुब्न सक्छु
सडक हुँ पहिरोले पुरिइन सक्छु ।

(ख) सडक हुँ हराउँदिन
सडक हुँ कहिल्यै भाँचिन्नँ ।

**सप्रसङ्ग व्याख्याका लागि थप नमुना प्रश्न :**

(क) यात्रुवाहक बस र मालवाहक ट्रक
जुधाउने म होइन
मैले भनेर ट्याङ्करले
बसलाई पास नदिएको होइन

(ख) जोगीमारा, नागढुङ्गा र कुरिनघाट
ओडारेभिर, लाङ्रेभिर र बाँदरेभिरबाट
बस खसाल्ने म होइन
बेकाल मर्ने यतिका त्रासद मृत्युहरूको म जिम्मेवार छैन
मलाई गाली नगर ।

८. **तलको उदाहरण (क) र (ख) का शब्दहरूको लेखाइमा पाइने भिन्नताको कारण के हो ? स्रोत शिक्षकसँग छलफल गरी स्पष्ट हुनुहोस् र लेखनको अभ्यास गर्नुहोस् :**

(क) दीर्घ, ईर्ष्या, वीर्य, जीर्ण, शीर्ष, शीर्षक, तीर्थ, कीर्ति, उत्तीर्ण, मूर्ति, ऊर्जा, सूर्य, पूर्व, पूर्ण, स्फूर्ति

(ख) पिर्का, पिर्लिक्क, पिर्न, गिर्न, तिर्न, छिर्न, फिर्ता, पुर्खा, सुर्ता, कुर्ता, पुर्बेली, पुर्जा, पुर्पक्ष, फुर्ती

९. **तल शब्दको सुरुमै दीर्घ लेखिने केही तत्सम शब्दहरू दिइएको छ, तिनलाई शुद्धसँग सार्नुहोस् :**

धीर, वीर, नीति, स्वीकार, ईश्वर, स्वीकृति, पूजा, मूल, भूमि, भूत, शून्य, सूक्ष्म, सूत्र, सूचना, जीवन, जीव, गीत, प्रीत, रीत, रूप, दीप, शीतल, शीत, ग्रीष्म, तीव्र

१०. **तलको तालिका दिइएका शब्दहरूको लेखनमा रहेको भिन्नता थाहा पाई त्यहीअनुसार लेखनको अभ्यास गर्नुहोस् :**

| शब्दान्तमा ह्रस्व | शब्दान्तमा दीर्घ |
|---|---|
| दाजु, भाइ, पोइ, नाति, भिनाजु, फुपाजु, बुबा, गुरु, गोरु, जेठाजु | दिदी, बहिनी, माइजू, काकी, भाउजू, फुपू, भैँसी, गाई, सासू, जेठानी, जोई |

## ५. व्याकरण अभ्यास

१. उदाहरणमा देखाएजस्तै गरी दिइएका वाक्यहरू संश्लेषण गर्नुहोस् :

**उदाहरण :**

| विश्लेषित वाक्यहरू | संश्लेषित वाक्य | | |
|---|---|---|---|
| उसले मह काढ्छ । उसले हात चाढ्छ । | सरल वाक्य | मिश्र वाक्य | संयुक्त वाक्य |
| | मह काढ्नेले हात चाढ्छ । | जसले मह काढ्छ, उसले | उसले मह काढ्छ र हात |

| | | | |
|---|---|---|---|
| | | हात चाढ्छ । | चाढ्छ । |

(क) पानी पऱ्यो । बाली सिप्रयो ।

(ख) म राम्ररी पढ्छु । म सफल बन्छु ।

(ग) तराई अन्नको भण्डार हो । तराईमा धेरै अन्न फल्छ ।

(घ) तिमी आयौ । म गएँ ।

२. **उदाहरणमा देखाएजस्तै गरी दिइएका वाक्यहरूको विश्लेषण गर्नुहोस् :**

**उदाहरण :**

| | **संश्लेषित वाक्य** | **विश्लेषित वाक्यहरू** |
|---|---|---|
| १. | तिमी पढेर ठुलो मान्छे बन । | तिमी पढ । तिमी ठुलो मान्छे बन । |
| २. | हिमाल, पहाड र तराई जहाँ बसे पनि हामी नेपाली भएर बस्छौँ । | हामी हिमालमा बस्छौँ । हामी पहाडमा बस्छौँ । हामी तराईमा बस्छौँ । हामी नेपाली भएर बस्छौँ । |

(क) आङदावा स्कुल गएर घर आए ।

(ख) परिवारकी सबैभन्दा कान्छी खुसे सबैकी पियारी छिन् ।

(ग) नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ नेपालगन्ज निवासी सलिमले एक दर्जन भन्दा बढी कृति लेखेका छन् ।

(घ) बिहान सबेरै उठ्ने, हातमुख धुने, कसरत गर्ने र आफ्नो काममा लागी हाल्ने हाम्रो बानीलाई सबैले प्रशंसा गर्छन् ।

३. **स्रोत शिक्षकले दिएको निर्देशन र उदाहरणको आधारमा तलका वाक्यलाई तोकिएअनुसारको वाक्यमा परिवर्तन गर्नुहोस् :**

(क) म सधैँ उत्तीर्ण हुन्छु । म राम्ररी पढ्दिनँ । (संयुक्त वाक्य)

(ख) मलाई निद्रा लाग्यो । सुत्ने ओछ्यान छैन । (सरल वाक्य)

(ग) पानी परेकाले बाटो हिलो भयो । (मिश्र वाक्य)

(घ) नपढ्नाले मैले दुःख पाएँ । (सरल वाक्य)

(ङ) मलाई कार किन्ने मन छ । मसँग पैसा छैन । (संयुक्त वाक्य)

**थप नमुना प्रश्नहरू:**

(क) म सारी लगाउन्नँ । म महिला होइन । (संयुक्त वाक्य)

(ख) उनी राम्ररी पढ्छन् । परीक्षामा सजिलै उत्तीर्ण हुन्छन् । (मिश्र वाक्य)

(ग) म त्यहाँ जान्छु । त्यहाँ मेरो सम्मान हुन्छ । (मिश्र वाक्य)

(घ) सुरज घर आयो । सुरजले भात खायो । सुरज खेततिर गयो । (सरल वाक्य)

(ङ) उसले कलम किन्यो । उसले कापी किन्यो । उसले मसी किन्यो । उसले किताब किनेन । (संयुक्त वाक्य)

(च) आकाश खुला छ । आज रमाइलो हुन्छ । (मिश्र वाक्य)

(छ) ऊ आयो र थचक्क बस्यो । (सरल वाक्य)

(ज) ऊ अल्छी भएकाले पछि उसले धेरै दु:ख पाउँछ । (मिश्र वाक्य)

(झ) मैले आँप किनेँ तर केरा किनिनँ । (सरल वाक्य)

(ञ) जो अल्छी छ उसले कहिल्यै सुख पाउँदैन । (मिश्र वाक्य)

## ६. प्रतिबिम्बन

- यस पाठको अध्ययन गरेर प्राप्त गरिने किटान गरिएका उद्देश्यमध्ये कुन उद्देश्य प्राप्त गर्न गारो लाग्यो ? त्यसमा बुझ्न कठिन भएका कुरा टिपोट गरी आगामी कक्षामा स्रोत शिक्षकलाई स्मरण गराउनुहोस् र स्पष्ट हुनुहोस् ।

## ७. परियोजना कार्य

निम्न लिखित ढाँचामा 'सडक यातायातको महत्त्व' भन्ने विषयमा एउटा निबन्ध लेखेर ल्याउनुहोस् :

- पहिलो अनुच्छेदमा: सडक यातायातको महत्त्वका बारेमा सामान्य परिचय दिनुहोस् ।
- दोस्रो अनुच्छेदमा: सडक यातायातले दिने सुविधाहरूका बारेमा चर्चा गर्नुहोस् ।
- तेस्रो अनुच्छेदमा: सडक यातायातले हुन सक्ने हानि र सतर्कता सम्बन्धी कुराहरू लेख्नुहोस् ।
- अन्तिम अनुच्छेदमा: सडकको विकास र विस्तार गर्न केके गर्नुपर्ला ? आफ्नो सुझाव र निष्कर्ष दिनुहोस् ।

## ८. थप अध्ययन सामग्री

### १. वाक्य संश्लेषण र विश्लेषण

**वाक्यका किसिम**

**(क) सरलवाक्य**

वाक्यलाई टुङ्ग्याउने एउटा मात्र समापक क्रिया भएको वाक्यलाई सरल वाक्य भनिन्छ । सरल वाक्यमा एकभन्दा बढी जतिसुकै शब्द रहन सक्छन् । साथै असमापक रुप पनि जति पनि आउन सक्छन् । एउटा वाक्यमा एउटा मात्र समापक क्रिया रहेसम्म त्यो सरल वाक्य नै हुन्छ । जस्तै:

(क) मिङ्मा घर गएर लुगा फेरेपछि भात पकाउन लाग्छे ।

(ख) धनमान पढी लेखी ठुलो मान्छे भएर नाम कमाउन चाहन्छ ।

(ग) ऊ आफू पनि काम गर्दै अरूलाई पनि काम गराउँछ ।

(घ) भाइ यता आएर मेरो काम सघाई घर फर्कन्छ ।

माथिका वाक्यहरूमा कतिपय असमापक क्रिया भए पनि वाक्यलाई समापन गर्ने क्रियाहरू क्रमश: 'लाग्छे, चाहन्छ, गराउँछ, फर्कन्छ' एउटा एउटा मात्र भएकाले यी सबै वाक्य सरल वाक्यहरू हुन् ।

**(ख) मिश्रवाक्य**

एउटा अधीन र अर्को स्वाधीन उपवाक्य मिली एउटै वाक्य बनेको छ भने त्यस्तो वाक्यलाई मिश्र वाक्य

भनिन्छ । मिश्र वाक्यमा मिसिएर आउने उपवाक्यहरूलाई जोड्न सामान्यतः सापेक्ष संयोजकहरू (जे, जुन, जहिले, जहाँ, जसरी, जो, जसले) आएका हुन्छन् । जस्तैः

(क) जुन मान्छे अल्छी छ, त्यसले प्रगति गर्न सक्दैन ।

(ख) जहिले ऊ आउला, त्यसै बेला म सहयोग गरुँला ।

(ग) जसले राम्ररी मिहिनत गर्छ, ऊ सफल हुन्छ ।

माथिका सबै वाक्यहरू दुई दुई उपवाक्य मिलेर बनेका छन् । एउटा अधीन र एउटा स्वाधीन उपवाक्य छन् । सबैलाई सापेक्ष संयोजक जोडिएको छ । यस अर्थमा माथिका सबै वाक्य मिश्र वाक्यहरू हुन् ।

**(ग) संयुक्त वाक्य**

दुई वा सोभन्दा बढी स्वाधीन उपवाक्य भएको वाक्यलाई संयुक्त वाक्य भनिन्छ । संयुक्त वाक्यमा कम्तीमा दुई ओटा स्वतन्त्र वाक्य हुनै पर्छ । संयुक्त वाक्यभित्र रहेका स्वतन्त्र उपवाक्यहरूलाई जोड्न सामान्यतः निरपेक्ष संयोजकहरू (र, तर, अनि, तैपनि, हुनत, नत्र, किनभने, त्यसैले, तसर्थ, किनकि आदि) लागेका हुन्छन् । जस्तैः

(क) पेम्बाले किताब किनेन त्यसैले उसले पढ्न पाएन ।

(ख) मैले दियालाई बोलाएँ तर ऊ आइन ।

(ग) तिमी खाने भए खाऊ नत्र म नै खान्छु ।

(घ) रमेश आयो अनि सरिता विद्यालय गई ।

माथिका वाक्यहरूमा नं. (क) देखि (घ) सम्म कम्तीमा दुई दुई ओटा स्वाधीन (स्वतन्त्र) उपवाक्य छन् । वाक्यभित्रका उपवाक्यलाई जोड्न क्रमशः 'त्यसैले, तर, नत्र, अनि' निरपेक्ष संयोजक आएका छन् । यिनै अर्थहरूमा भन्न सकिन्छ कि त्यैले माथिका चार ओटै वाक्यहरू संयुक्त वाक्य हुन् ।

**वाक्य संश्लेषण/विश्लेषण प्रक्रिया**

एकभन्दा बढी सरल वाक्यहरूलाई मिलाएर एउटै वाक्य निर्माण गरिन्छ भने त्यसलाई वाक्य संश्लेषण भनिन्छ । संश्लेषित वाक्यलाई अलग अलग सरल वाक्यमा टुक्राउने कार्यलाई वाक्य विश्लेषण भनिन्छ । त्यस्तै गरी एक किसिमको वाक्यलाई अर्को किसिमको वाक्यमा रूपान्तरण गर्ने कार्यलई वाक्यान्तरण भनिन्छ ।

**१. सरल वाक्यबाट सरल वाक्यमा संश्लेषण**

एक भन्दा वर्ग सरल वाक्यलाई एउटै सरल वाक्यमा संश्लेषण गर्दा एउटा क्रियालाई समापक अवस्थामै राखी अरू क्रियालाई असमापक बनाई वाक्य संश्लेषण गरिन्छ । जस्तैः

(क) अनन्त घर गयो । रामले भात खायो ।

अनन्त घर गएर भात खायो । (संश्लेषण)

अतः सरल वाक्यलाई सरल वाक्यमै संश्लेषण गर्न सरल वाक्यमा भएका समापिका क्रियाको धातुमा 'दै, एर, न, ई' जस्ता प्रत्यय लगाई असमापिका क्रिया बनाएर गरिन्छ ।

२. सरल वाक्यबाट मिश्र वाक्यमा संश्लेषण:

(क) घाम लाग्यो । न्यानो भायो ।

जब घाम लाग्यो तब न्यानो भयो । (संश्लेषण)

(ख) म काम गर्छु । दिनेश काम गर्छ ।

म जुन काम गर्छु दिनेश त्यही काम गर्छ । (संश्लेषण)

अत: सरल वाक्यलाई मिश्र वाक्य बनाउन सापेक्ष संयोजकको प्रयोग गर्नुपर्छ ।

**३. सरल वाक्यहरूलाई संयुक्त वाक्यमा संश्लेषण:**

(क) मलाई भोक लाग्यो । यहाँ खाना छैन ।

मलाई भोक लाग्यो तर यहाँ खाना छैन । (संश्लेषित वाक्य)

(ख) हरि आयो । दिनेशलाई कुर्‍यो ।

हरि आयो र दिनेशलाई कुर्‍यो । (संश्लेषित वाक्य)

अत: सरल वाक्यलाई संयुक्त वाक्यमा बदल्न निरपेक्ष संयोजकको प्रयोग गर्नुपर्छ ।

**४. वाक्य संश्लेषण गर्ने अन्य तरिकाहरू :**

**(क) केही पद लोप गराएर :**

जस्तै:

(क) मदन परिश्रमी छ । मदन धेरै धन कमाउँछ ।

परिश्रमी मदन धेरै धन कमाउँछ । (संश्लेषण)

**(ख) नामीकरण गरेर :**

जस्तै:

(क) विनोदले खेल्यो । विनोद फुर्तिलो भयो ।

खेल्नाले विनोद फुर्तिलो भयो । (संश्लेषण)

**(ग) विशेषणीकरण गरेर :**

जस्तै:

(क) आँप कुहिएछ । आँप गन्हाउँछ ।

कुहिएको आँप गन्हाउँछ ।

**(घ) क्रियायोगीकरण गरेर :**

जस्तै:

(क) उमेश निदाउँछ । उमेश सुत्छ ।

उमेश निदाउन सुत्छ । (संश्लेषण)

# पाठ १५

**एकाङ्की**

## टीका

**-भीमनिधि तिवारी**

### १. परिचय

टीका एकाङ्कीका रचनाकार भीमनिधि तिवारी हुन् । यसमा एकाङ्कीकारले नेपालबाट नेपाली युवकहरू विदेश जानुपर्ने बाध्यतालाई उजागर गरेका छन् । युवाहरू बिदेसिँदा घरपरिवारलाई हुने चिन्ता र मनोवैज्ञानिक दुःखलाई पनि यस एकाङ्कीले प्रकाश पारेको छ । बढी कमाउने आशामा विदेशमा काम गर्न जाँदा अरूको दास भएर बाँच्नुपर्ने हुन्छ । पारिवारिक सुखबाट वञ्चित हुनुपर्छ । अर्को देशमा गएर काम गर्दा उनीहरूकै देश सम्पन्न हुन्छ । हाम्रो उन्नति हुँदैन । दुखै गर्ने भएपछि किन अरूको देशमा गएर दुःख गर्ने, आफ्नै देश छँदै छ । यहाँ त्यही परिश्रम गर्दा आफ्नो मात्र होइन अरू नेपालीको पनि भलाइ हुन्छ भन्ने जस्ता स्वदेश प्रेमको पाठ सिकाउने काम यस एकाङ्कीले गरेको पाइन्छ ।

एक पेट खानका लागि नेपालमा दुःख छैन । अरूको लहैलहैमा लागेर विदेश जाँदा लाखौँ हन्डर ठक्कर खानुपर्छ । आफ्नो चाडपर्व भन्न पाइँदैन । घरमा काम गर्ने नहुँदा छानो चुहिँदा छाउने मान्छे पनि हुँदैन । परिवारको मुख्य सदस्य नहुँदा घरका सबैलाई टुहुरो भएको अनुभव हुन्छ । विदेशमा गर्ने दुःख नेपालमा नै गर्ने हो भने एकातिर स्वावलम्बी भएर बाँच्न पाइन्छ भने अर्कातिर आफ्नै देश र जनताको सेवा गर्न सकिन्छ । पैसा नै सुख होइन, सन्तोष नै सबभन्दा ठुलो सुख हो भन्ने जस्ता स्वप्रेम र देशप्रेमका सन्देशहरू यस एकाङ्कीले दिएको छ ।

नेपालमा हिजोआज कमानसिंहको जस्तो कथा व्यथा बोकेर बाँचेका कैयौँ युवा युवतीहरू छन् । ती सबैलाई स्वावलम्बी भएर बाँच्न र स्वदेशको माया र प्रेममा बाँच्नका लागि यस एकाङ्कीले आग्रह गरेको पाइन्छ । एकाङ्कीको भाषा सरल, सहज र यथार्थपरक छ । यसरी संसारमा पारिवारिक सुखभन्दा ठुलो सुख अरू कुनै सुख हुँदैन भन्ने सन्देश दिन र देशप्रेमको पाठ पढाउन यो एकाङ्की सफल देखिन्छ ।

### २. उद्देश्य

यस पाठको अन्त्यमा तपाईं निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठमा प्रयुक्त नयाँ शब्दहरूको शुद्धोच्चारण गर्न र शब्दार्थ बोध गरी वाक्यमा प्रयोग गर्न

(ख) संवादलाई हाउभाउसहित वाचन गर्न

(ग) संवादको भाव बोध गरी सो सम्बन्धी प्रश्नोत्तर गर्न

(घ) पाठका विशिष्ट पङ्क्तिहरूलाई व्याख्या गर्न

(ङ) कारक र विभक्तिको पहिचान गरी उपयुक्त प्रयोग गर्न

(च) संवाद लेखन सम्बन्धी सिर्जनात्मक कार्य सम्पन्न गर्न

## टीका

**पात्रहरू**

**आमै** : आमा

**कमानसिंह** : छोरो

**सुन्तली** : बुहारी

**कालु** : नाति

(टीकाको ठुलो साँझ, आँगनभरि जुन टहटह लागिरहेछ । पिँढीमा आमै र सुन्तली खिन्न मुद्रामा छन् । डोरीमा कालु पिङ खेलिरहेछ । खोपाभित्र डिबियामा बत्ती बलिरहेछ ।)

१. **आमै** : यस्तो कुनै बर्ख पनि गर्दैनथ्यो । ढिलै आको बेलाँ पनि फुलपातीको साँझसम्म त टुप्लुक्क आइपुग्थ्यो । टीकाको दिन पनि गैसक्यो, रात परिसक्यो, अझै आएन ।

२. **सुन्तली** : बरु लाइदिनुहोस् टीकाको टिको । यत्रो टीकाका दिन के निदार खाली गरौँ ।

३. **कालु** : (पिङमा खुब मच्चिएर) आमै ! हेर्नोस् त, खुट्टाले दलिन छुनै आँट्यो । चचहुई ....चचहुई ।

४. **आमै** : हामीले त हेरेकै छौँ नि बा, तेरो बुबा तैँले पिङ खेल्या हेर्न आएन त ।

५. **कालु** : आउँदै होलान् । उकालो चढ्दै होलान् । चचहुई ....चचहुई ।

६. **आमै** : तेरो मुखाँ गाईको दुधभात जाओस् ! आओस् यत्रो टीकाको दिन ।

७. **सुन्तली** : पुकारेको हामीले पनि त्यसै हो नि । बालकको मुखमा डाँक बसेको हुन्छ भन्छन्, आइहाल्नु हुन्छ कि त ।

८. **आमै** : आओस् । (लामो सास तानेर) खै, के आउला, रात चढिसक्यो । जुन छिप्पिसक्यो । मेरो मायाको डोरो के आउला ! (सम्झेर) ऊ जन्मेकै बर्ख उसका बुबा पनि चारै दिनको जरोले अपर्झट जानुभो । कस्तो दुःखले हुर्काएको छोरो यो ।

९. **सुन्तली** : पुर्नेसम्ममा भए पनि आउनुहोला । काम गरेको ठाउँमा बिदा मिलेन कि ।

१०. **आमै** : कस्तो बिदा नपाउनु त, दसैँ जस्तो चाडाँ पनि । नोकरी गर्नुपर्ने, अनेक दुःख गर्नुपर्ने, घर छोडेर देश पस्नु पर्ने, यस्तै चाडबाडाँ सँगै बसेर मिठो खान, राम्रो लाउन त हो नि । लगनपछिको पोते के काम ?

११. **सुन्तली** : अब आजलाई आउनुहुन्न, लाइदिनोस् हामीलाई टीका । तपाइँ पनि खानोस्, बुढी मान्छे दिनभर भोकै । बोली नै कमजोर भइसक्यो ।

१२. **आमै** : तँ पनि त भोकै छेस् नि ।

१३. **सुन्तली** : मेरो त के कुरो भो र, उमेर छ । तिन दिनको भोकलाई पनि खाइदिन सक्छु ।

१४. **कालु** : चचहुई ....चचहुई । खुट्टाले दलिन छुनै आँट्यो, हेर्नोस् त आमै ।

१५. **सुन्तली** : बरु टीका लाऔँ । कालुलाई आसिक दिनोस् ।

१६. **आमै** : खै, ले टीकाको चारकुने र जमरा । म तिमी आमा छोरालाई लाइदिन्छु, टिको ।

१७. **सुन्तली** : आइज कालु, आमैसित टीका थाप्न । (टीकाको चारकुने र जमराको मुठो आमैका अगिल्तिर लगेर राखिदिन्छे र टीका थाप्ने आसनमा बस्छे ।)

१८. **आमै** : नुनै नहाल्या कस्तो कस्तो खल्लो टिको भयो यो बर्ख । (सुन्तलीलाई टीका लाइदिन मात्र के हात उठाएकी मात्र हुन्छिन् खेल्दा खेल्दैको पिङ छोडेर कालु चिच्याउँदै बाहिर दगुर्छ ।)

१९. **कालु** : बा आउनुभयो ।

२०. **आमै** : (हातको टीका हातैमा लिएर खुसी र आश्चर्यले) खै ? खै, कालु ?

२१. **सुन्तली** : म त भन्दै थिएँ नि । (दुवै जना उठेर हेर्छन् । बायाँ काँधमा टिनको बाकस बोकेको बायाँ हातले कालुलाई डोऱ्याउँदै कमानसिंहको प्रवेश ।)

२२. **कमानसिंह** : आमै, सन्चै छ ?

२३. **आमै** : सन्चै छ बा आजसम्म । यस बेलासम्म पनि नआउँदा मेरो त हंसले नै ठाउँ छोडिसक्या थियो । (सुन्तली भित्रबाट तुरुन्तै राडी ल्याएर गुन्द्रीमाथि ओछ्याइ दिन्छे । सबै त्यहीँ बस्छन्, ढोगभेट चल्छ । कालु बुबाको अनुहार टुलुटुलु हेरिरहन्छ । सुन्तली फेरि भित्रतिर जान्छे । आमै कमानसिंहलाई टीका लाइदिएर टोपीभरि जमरा घुसारिदिन्छिन् । ऊ फेरि ढोग्छ ।)

२४. **आमै** : चिरञ्जीवी भएस् ! (कमानसिंह बाकस खोलेर एउटा पोको आमैलाई र पिँपीँ गर्ने बाजा कालुलाई दिन्छ । ऊ बजाउन थाल्छ । यत्तिकैमा अहिलेको अहिल्यै आँखाभरि कोस झिकेर गाजल लाएकी, फरिया फेरेकी सुन्तली आउँछे ।)

२५. **कमानसिंह** : घरपछाडि केको खलबल ?

२६. **आमै** : पिङ हाल्या छन् बा, गाउँका ठिटाठिटीहरूले कति रमाइलो गरिराख्या छन् ।

२७. **सुन्तली** : हामी पनि जाऔँला भरे भरे । आज टीकाको दिन खेल्नु भन्छन् ।

२८. **कमानसिंह** : लौ त । (आमै र कमानसिंह सुन्तली र कालुलाई टीका लाइदिन्छन्, फेरि ढोगभेट चल्छ । सुन्तली पनि कालुलाई लाइदिन्छे । )

२९. **आमै** : जा बुहारी, अब रोटी पोल्न थाल् । भोकाको होला । (सुन्तली जान्छे ।)

३०. **कालु** : खसी मार हान्ने कहिले बा ?

३१. **कमानसिंह** : भोलि एकादशी भइहाल्यो । अब पर्सि ।

३२. **कालु** : पर्सि मार हान्ने । पर्सि मार हान्ने । (उफ्रँदै पिँपीँ बाजा बजाउँदै पिङतिर जान्छ र एक दुई झट्का खेलेर फेरि बुबाकहाँ आएर बस्छ ।)

३३. **आमै** : यो बर्ख किन यस्तो ढिलो ? सधैँ त फुलपातीभित्रै आइपुग्थिस् ।

३४. **कमानसिंह** : मालिकको छोरो सिकिस्त बिरामी भयो । त्यस्तो बेलामा दसैं भनेर छोड्न धर्मले पनि दिएन, नुनको ढिकाले पनि दिएन । बल्ल बाँच्छ भन्ने ठहरियो र टीकासम्म त भेटिहालुँला कि भनेर बिदा लिएर धापिएर आएको ।

३५. **आमै** : मलाई त अहिलेको अहिल्यै बिछट्ट भोक लागेर आयो । झन् तँ त त्यत्रो बाटो हिँडेर आको, कस्तो भाको होला ।

३६. **कालु** : चन्द्रमा ।

३७. **आमै** : बुबासित के कुरो गरूँ जस्तो लाग्या छ यसलाई । कहिले के भन्छ, कहिले के भन्छ । यस्तो तामाको मुना जस्तो छोरालाई छाडेर नजा बाबु देसाँ । आफ्नै नेपालाँ नोकरी खोज् न पाइहालिन्छ नि । यतिका मान्छे अटाका छन् त, तँ एउटा कसो नअटाउलास् ।

३८. **कमानसिंह** : त्यसो त नेपालमा नोकरी नपाएर देश पसेको होइन म । के भने, यहाँ महिनाको चालिस खाइयो भने चालिस मात्रै हुन्छ, उहाँ चालिस खाइयो भने चौसट्ठी हुन्छ ।

३९. **आमै** : उसो भए बढी रुपियाँ पाइन्छ भनेर गएको होइन त ?

४०. **कमानसिंह** : हो त नि । (कालु फेरि पिङमै गएर खेल्न थाल्छ ।)

४१. **आमै** : तँ यो घरको छानु दिनभर छाउँछस्, म एक घान मकै भुटेर दिन्छु, त्यही खाएर सन्तोष हुन्छस् । अरूको मेलामा काम गऱ्या भए दुई रुपियाँ पाउँथिस्, किन नगाको त ?

४२. **कमानसिंह** : ल... के कुरा गरेको आमै ? आफ्नो घरको काम त एक डल्लो ढिँडो खाएर पनि गर्नुपर्छ ।

४३. **आमै** : तब त नि बा, पैसाको निम्ति मात्र काम गर्ने होइन । आफ्नो घरको काम एक गाँस मात्रै खाएर पनि गर्नुपर्छ । यो सारा नेपाल आफ्नै घर त हो नि । एक पाइलो हिँडे पनि आफ्नै भुइँमा हिँड्नुपर्छ, एक थोपा पसिना चुहाए पनि आफ्नै माटाका डल्लामा चुहाउनुपर्छ । आफ्नो घर बने पो आफूलाई सुख हुन्छ ।

४४. **कमानसिंह** : (केही बेर सोचेपछि) आमै यही पुरान मलाई पोहोर साल सुनाइदिएको भए म देश जाने नै थिइनँ, यस्तो मैना जस्तो छोरालाई छाडेर । खै, कता गएछ ?

४५. **आमै** : ऊ पिङमा ।

४६. **कमानसिंह** : वृद्ध उमेरकी आमा, उमेरदार जहान, बालक छोरालाई केही कमाइएला कि भनेर पैसाकै निम्ति छाडेको न हुँ । मन त कहाँ पो मानेको छ र ! भैगो, आएँ आएँ अब जान्न । दस लोटा पानी अटाएको गाग्रोमा एक मुठी बढी कसो नअटाउला त ? हो चित्त बुझ्यो आमै । आफ्नै गाउँमा बस्नुपर्छ, आफ्नै घरमा रमाउनुपर्छ, आफ्नै छानु छाउनुपर्छ । जे भए पनि चार पाँच वर्ष बसिहालियो, नुनको सोझो, म आउन नपाउने भएँ भनेर एउटा चिठी पठाइदिन्छु ।

४७. **आमै** : त्यसै हो, बाबै ।

४८. **कालु** : चचहुई.... चचहुई .... ए बा । हेर त खुट्टाले दलिन छुनै आँट्यो ।

(सबै उतैतिर हेर्छन् ।)

३. **पाठ सार**

बडा दसैँको टीका लगाउने साँझमा जुन लागिसकेकेको छ । घरमा रहेका सासू आमै र बुहारी सुन्तली खिन्न र चिन्तित मुद्रामा छन् । सानो नाति कालु भने दलिनमा हालेको पिङमा खुसी हुँदै चचहुई.... गर्दै छ । विदेशबाट सधैँको वर्ष फूलपातीको दिनसम्म पनि आइपुग्ने कमानसिंह अझै पनि घर नआई पुगेकाले कसैले पनि टीका लगाएका छैनन् । दिनभर दुवै भोकै छन् ।

यस पाली कमानसिंह नआउने हो कि भन्ने शङ्का गर्दै निराश भएर सुन्तलीले दसैँमा निधार खाली गर्न नहुने भन्दै अब टीका लगाइदिनुहोस् भनी आमैलाई आग्रह गर्छिन् । त्यही बेलामा कालुले उसका बाबु आउँदै होलान् । उकालो चढ्दै होलान् भन्ने वाक्य भन्न पुग्छ । आमै अकमक्कमा पर्छिन् र बालकको मुखमा डाक बसेको हुन्छ भन्दै नातिलाई तेरो मुखमा दुधभात जाओस् भन्ने आशीर्वाद दिन्छिन् ।

नुनै नहाल्या कस्तो कस्तो खल्लो टिको भयो यो बर्ख भन्दै सुन्तलीलाई टीका र जमरा लाइदिनै लाग्दा कालु बाहिरबाट कुद्दै आएर बाबु आएको खबर सुनाउँछ । सबै दङ्ग पर्दछन् । आमा सन्चै हुनुहुन्छ भन्दै कमानसिंह भित्र पस्छ । ढोगभेट चल्छ । आमैले खुसी हुँदै कमानसिंहलाई टीका लगाई दिन्छिन् । सुन्तली पनि सिँगारिएर आएर टीका थप्छिन् । कालु पनि बाबुको न्यानो काखमा बसेर मक्ख पर्छ । मालिकको छोरो सिकिस्त बिरामी भएर चाँडै आउन नपाएको अनि त्यस्तो बेलामा दसैँ भनेर छोड्न धर्मले पनि दिएन, नुनको ढिकाले पनि दिएन भन्ने कुरा कानसिंहले परिवारमा बताउँछ । भोक लागेकाले सबै जना खानेकुरा खानतिर लाग्छन् ।

खाना खाएसकेपछि आमाले छोरालाई आफ्नै नेपालामा नोकरी खोज् न पाइहालिन्छ नि । यतिका मान्छे अटाका छन् त, तँ एउटा कसो नअटाउलास् भन्ने कुरा उठाउँछिन् । त्यसको जवाफमा कमानसिंह नेपालमा काम गर्दा थोरै कमाइने तर विदेशमा भए धेरै हुने जवाफ दिन्छ । आमा भन्छिन् कि तँ यो घरको छानु दिनभर छाउँछस्, म एक घान मकै भुटेर दिन्छु, त्यही खाएर सन्तोष हुन्छस् । पैसै कमाउने भए अरूको मेलामा काम गऱ्या भए दुई रुपियाँ पाउँथिस्, किन नगाको त ? भन्ने प्रश्न गर्छिन् । जवाफमा कमानसिंह आफ्नो घरको काम त एक डल्लो ढिँडो खाएर पनि गर्नुपर्छ भन्छ ।आमा भन्छिन् , "यो सारा नेपाल आफ्नै घर त हो नि । एक पाइलो हिँडे पनि आफ्नै भुइँमा हिँड्नुपर्छ , एक थोपा पसिना चुहाए पनि आफ्नै माटाका डल्लामा चुहाउनुपर्छ । आफ्नो घर बने पो आफूलाई सुख हुन्छ ।"

आमाको यस कुराले कमासिंहको विदेश जाने कुराबाट पुरै मन बदलिन्छ । अन्तमा उसले आमालाई भन्छ, "भैगो, आएँ आएँ, अब जान्नँ । दस लोटा पानी अटाएको गाग्रोमा एक मुठी बढी कसो नअटाउला त ? आफ्नै गाउँमा बस्नुपर्छ, आफ्नै घरमा रमाउनुपर्छ, आफ्नै छानु छाउनुपर्छ । जे भए पनि चार पाँच वर्ष बसिहालियो, नुनको सोझो, म आउन नपाउने भएँ भनेर एउटा चिठी पठाइदिन्छु ।"

वृद्ध उमेरकी आमा, उमेरदार जहान, बालक छोरालाई नछोडी घरमा नै रमाइलोसँग बस्ने र केही दुःख गरेर भए पनि देशभित्रै काम गरी देशको सेवा गर्ने कमानसिंहको निर्णयसँगै यस एकाङ्कीको अन्त्य हुन्छ ।

## ४. पाठगत अभ्यास

**१. तलका शब्दहरू शिक्षकबाट सुनी शुद्धसाग उच्चारण गर्नुहोस् :**

पिँढी, टुप्लुक्क, चिच्याउँदै,काँध, पिँपीँ, सिकिस्त, मुद्रा,चिरञ्जीवी ।

**२. तलका शब्द र अर्थलाई जोडा मिलाउनुहोस् :**

| **शब्द** | | **अर्थ** |
|---|---|---|
| खिन्न | : | अनुहार |
| मुद्रा | : | राम्रो खबरको लच्छिन |
| डिबिया | : | अम्खोरा, पानी दिने धातुको भाँडो |
| डाँक | : | दुःखी, उदास |
| लोटा | : | टुकी, पानस |

**३. तलका शब्द वा पदावलीको प्रयोग गरी अर्थयुक्त वाक्य निर्माण गर्नुहोस् :**

चिरञ्जीवी, हंसले ठाउँ छोड्नु, टुप्लुक्क, लगनपछिको पोते के काम ?, बिछट्ट, चचहुई

**४. कक्षाका विद्याथीहरूलाईअलग अलग पात्रमा बााडी आआ`नो भागको संवाद हाउभाउसहित पढ्नुहोस् ।**

**५. पाठ पढी तलका प्रश्नको मौखिक उत्तर दिनुहोस् :**

(क) यो एकाङ्की कसले लेखेको हो ?

(ख) यस एकाङ्कीमा कति जना पात्रहरू छन् ?

(ग) किन यसपालीको दसैं नुन नहालेको जस्तो हुने भो भनेर आमैले भनेकी हुन् ?

(घ) के कारणले कमानसिंहलाई घर आउन ढिलो भयो ?

(ङ) बढी पैसा कमाउनका लागि विदेशमा गएको भन्ने कमानसिंहलाई आमैले के भनेर सम्झाइन् ?

**६. व्याख्या गर्नुहोस् :**

(क) यो सारा नेपाल आफ्नै घर त हो नि ।

(ख) एक पाइलो हिँडे पनि आफ्नै भुइँमा हिँड्नुपर्छ , एक थोपा पसिना चुहाए पनि आफ्नै माटाका डल्लामा चुहाउनुपर्छ ।

(ग) दस लोटा पानी अटाएको गाग्रोमा एक मुठी बढी कसो नअटाउला त ?

**७. यस एकाङ्कीले के सन्देश दिएको छ ? लेख्नुहोस् ।**

## ५. व्याकरण अभ्यास

**१. तलको खाली ठाउामा उपयुक्त विभक्ति चिह्न लेखी वाक्य पुरा गर्नुहोस् :**

(क) आज म ..........ज्यादै भोक लागेको छ ।

(ख) रमेश ............खेत खनेको थियो ।

(ग) उसको खेत .......थुप्रै चराहरू छन् ।

(घ) रातो कलम .......चिठी लेखियो ।

(ङ) आज ...............मैले काम सुरु गरो ।

(च) मेरो भाइको गोडा .....ठुलो चोट लाग्यो ।

(छ) उस .....भाइ ....मेरो भाइ ....... कुट्यो ।

(ज) त्यो बस बारबिसे .............आएको हो ।

(झ) केटाकेटीहरू .........खेलौना '.....मन पराउँछन् ।

(ञ) .......उमेश !अझै त्यो काम सकेनौ ?

२. **रेखाङ्कित नामिक पदको कारक पहिचान गरी लेख्नुहोस् :**

(क) कृष्णले केशवलाई कलम दियो ।

(ख) आफ्नो काम कसैले सघाएको होइन ।

(ग) हर्कले मलाई कुट्यो ।

(घ) गुरुले लठ्ठीले कुट्नुभयो ।

(ङ) छानोमाथि घिरौँला फलेका छन् ।

(च) मबाट ठुलो गल्ती भयो ।

(छ) अनिता हँसियाले घाँस काट्छे ।

(ज) मैले उसलाई ठुलो गुन लगाएको छु ।

(झ) हाम्रो घरमा धेरै बाखा छन् ।

(ञ) उसको मनमा पाप मात्र छ ।

**थप नमुना प्रश्नहरू**

रेखाङ्कित नामिक पदको कारक पहिचान गरी लेख्नुहोस् ।

**उदाहरण :**

**हामी**ले **उस**लाई **पोखरा**बाट **पछ्यौरा** ल्याएका छौँ ।

**उत्तर दिने तरिकाः**

हामी- कर्ता कारक

उस- सम्प्रदान कारक

पोखरा- अपादान कारक

पछ्यौरा-कर्म कारक

(क) **बद्रीले** **बजारबाट** **बदाम** ल्याई **हातले** फुटाउँदै खाए ।

(ख) **उसले** **राजेशलाई** **हातले** प्याट्ट **ढाडमा** हिर्काए ।

(ग) **बिनाले** **टिनालाई** एउटा **कलम** सानो **बट्टामा** राखेर उपहार दिइन् ।

(घ) **अहमदले** **बजारबाट** **कुर्ता** ल्याई **छोरीलाई** दिए ।

(ङ) **चम्पाले** **चमेलीलाई** **चरिकोटबाट** **चाउचाउ** ल्याई पकाएर **चम्चाले** खुवाइन् ।

३. **रेखाङ्कित शब्दहरूको कुन कुन कारक हुन् ?लेख्नुहोस् :**

घनश्याम बिहान सबेरै उठ्छन् र श्रीमती रमिलालाई उठाउँछन् । चियापानपछि नै उनीहरू काममा खटिन्छन् । घनश्याम खुकुरीले घाँस झार्न थाल्छन् । रमिला घाँस बटुल्दै गाईवस्तुलाई हालिदिन्छिन् । दुवै जना मिलेर खाना बनाउँछन् र छोराछोरीलाई खुवाउँछन् । त्यसपछि उनीहरू घरबाट खेततिर लाग्छन् ।

६. **परियोजना कार्य**

'स्वदेशमा बसेर रोजगारी खोजौँ' भन्ने विषयमा एउटा संवाद लेखेर ल्याउनुहोस् ।

**संवाद लेखनको नमुना**

## मिलेर पढौँ

पात्र : डोमा र पेम्बा

स्थान : सडक

समय : बेलुकी ४ बजेपछि

(हाल कक्षा १० मा अध्ययनरत डोमा र पेम्बा एकै गाउँका साथी हुन् । धेरै दिनपछि उनीहरू आज सँगै कुराकानी गर्दै घर फर्किंदै छन् । )

पेम्बा : ए, डोल्मा आज त तिमी र म घर जान सँगै परिएछ । कति दिन भयो एउटै गाउँका भए पनि सँगै घर फर्किन नपाएको, हगि ?

डोल्मा : हो त नि । तिमी फुटबल खेल्न लाग्छौ । मचाहिँ चाँडै फर्कन्छु । त्यसो भएर पो त सँगै नपरेको ।

पेम्बा : कति फुटबल खेल्नु खै । अब त परीक्षा पनि आउन लाग्यो भनेर मैले पनि खेल्नेसेल्ने काम आजदेखि बन्द गर्न लागेको नि । आफ्नो त पछि बुद्धि आयो । तर के समय ज्यादै कम छ । पासै हुने पो डर लाग्छ, डोल्मा ।

डोल्मा : ठिक भन्यौ । हामीले खेल्ने समयमा खेल्नुपर्छ र पढ्न पनि पछाडि पर्न हुँदैन । अहिले तिम्रो पढाइ कस्तो चल्दै छ त ?

पेम्बा : के साधेको होला, खेल्ने मान्छेको पढाइ ? खत्तम छ के । तिम्रो नि ?

डोल्मा : तिमी फुटबलतिर लाग्यौ । मैले त छ महिनासम्म ट्युसन पढेँ । अहिले त मोटामोटी परीक्षाको तयारी पुरा भयो । यसो दोहऱ्याएर हेर्न मात्र बाँकी छ ।

पेम्बा : लौ तिमीले त अचम्मै पो गरिछौँ । खेलतिर लागेर मैले त किताब पल्टाएकै छैन । के पो गर्ने होला ?

डोल्मा : खै के गर्ने भन्नु नि । तिमीलाई पहिल्यै ट्युसन जाऔँ भन्दा मानेनौ । कुन समयमा के गर्ने भन्ने कुरा नजान्दा यस्तै हुन्छ त । खेल खेल्न मलाई चाहिँ मन नलाग्ने हो र ? म ब्याटमिन्टनमा विद्यालयमा नै पहिलो भएकी होइन र ?

पेम्बा : हो डोल्मा । मैले त मुख्य पढ्ने बेलामा खेलेर खत्तमै पो गरिछु । कक्षा १० पास नगरे त बर्बादै हुन्छ । पहिले फुटबलमा राम्रो भनेर सबैले उक्साए । कक्षा छोडेर फुटबल खेल्न कति गइयो । फेल भए त बाआमा र समाजको अगाडि मुख देखाउनै लाज हुन्छ । के पो गरूँ, डोल्मा ?

डोल्मा : के गर्नु नि ? परीक्षा आउन अझै दुई महिना बाँकी छ । खुब मिहिनेत गर्ने नि ।

पेम्बा : कसरी खै ? (टाउकामा हात राखेर सुईय.... गर्दै बिरक्तिन्छ)

डोल्मा : अब जे हुनु भइसक्यो । मान्छेले जीवनमा हरेश खानु हुँदैन । बरु बिहान चाँडै उठेर तिमी मकहाँ नबुझेका कुरा सिक्न आऊ। म सिकाउँला । त्यस्तै स्कुलबाट घर सँगसँगै फर्किने गरौँ । बाटोमा पनि पढाइकै बारेमा प्रश्नोत्तर गर्दै आउँला । बेलुकी फेरि मिलेर पढाइकै अभ्यास गरौँ । तिमीलाई सिकाउँदा मलाई पनि झन् आउँछ । दुवैलाई फाइदा हुन्छ । कि कसो ?

पेम्बा : हो, डोल्मा तिमीले मलाई धेरै राम्रो सल्लाह दियौ । मैले त ढुङ्गा खोज्दा देवतै पाए जस्तो भो त । तिम्रो गुन म कहिल्यै म बिर्सने छैन । म भरे बेलुकीदेखि नै तिम्रो घरमा आउँछु । धेरै मिहिनेत गर्छु ।

डोल्मा : ओहो ! कुरा गर्दागर्दै घरमा नै आइपुगिएछ । म त लागेँ है ।

पेम्बा : हुन्छ ल डोल्मा । म घरमा गई चाँडै लुगा फेरेर किताब लिई तिमीकहाँ आउँछु ।

डोल्मा : ल, ल, चाँडै आऊ । यहाँ मिलेर गरे कुनचाँहि काम असम्भव छ र ? (दुवै जना आआफ्नो घरतिर लाग्दछन् ।)

**संवाद लेखनका लागि नमुना प्रश्नहरू**

(क) 'घरकै खानेकुरामा जोड दिऔँ' भन्ने विषयमा बाबु छोरीका बिचमा हुने संवादको नमुना तयार गर्नुहोस् ।

(ख) 'दुर्व्यसनमा नलागौँ' भन्ने विषयमा दाजुभाइका बिचमा हुने संवादको नमुना तयार गर्नुहोस् ।

(ग) 'प्रौढ शिक्षा पढौँ' भन्ने विषयमा आमा छोरीका बिचमा हुने संवादको नमुना तयार गर्नुहोस् ।

(घ) 'स्वाबलम्बी बनौँ' भन्ने विषयमा बाबु छोराका बिचमा हुने संवादको नमुना तयार गर्नुहोस् ।

(ङ) 'जथाभावी फोहर नफालौँ' भन्ने विषयमा दुई साथीका बिचमा हुने संवादको नमुना तयार गर्नुहोस् ।

७. **पृष्ठपोषण**

- यस पाठको अध्ययनपछि तपाईंले सिकेका मुख्य कुराहरू टिपोट गरी साथीहरूलाई पनि सुनाउनुहोस् ।

८. **थप अध्ययन सामग्री**

१. **संवाद लेख्ने तरिका :**

- दिइएको प्रश्नले के मागेको हो त्यसलाई राम्ररी बुझौँ ।
- मनमनै दुई वा तिन पात्रको छनोट गरौँ ।
- पहिला शीर्षक लेखौँ ।
- त्यसपछि पात्रको नाम र नाता र स्थान उल्लेख गरौँ ।
- त्यसमुनि कोष्ठकमा संवाद हुन लागेको परिस्थितिलाई राखौँ ।
- संवादको प्रारम्भ औपचारिक भेटघाटको कुराकानीबाट सुरु गरौँ ।
- कुराकानीको प्रारम्भमा सुन्दर, शान्त र सौहार्दपूर्ण वातावरण निर्माण गरौँ ।
- केही क्षणपछि आपसमा कुरा बाझेको वा द्वन्द्वको स्थिति सिर्जना गरौँ ।
- अन्त्यतिर सत्य र असलको जित र असत्य वा खराब पक्षको हार देखाऔँ ।
- अन्त्यमा दुबै जना सकारात्मक निष्कर्षमा पुगेको देखाऔँ ।
- स्मरण रहोस् संवादको ठाउँठाउँमा पात्रले परिस्थितिअनुसार गरेको हाउभाउलाई कोष्ठकमा उल्लेख गरौँ ।

२. **कारक र विभक्ति**

क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने नाम वा सर्वनामलाई कारक भनिन्छ । त्यस्तै नामिक पद कारकका पछाडि आएर वाक्य वा अन्य पदसँग सम्बन्ध गाँस्ने पदहरूलाई नै विभक्ति चिह्न भनिन्छ ।

जस्तैः ले, लाई, बाट, द्वारा, लागि, देखि, को, रो, नो, मा, आदि ।

नेपाली भाषा व्याकरणअनुसार क्रियासँग प्रत्यक्ष सम्बन्ध राख्ने अलग अलग आधारमा कारकलाई छ प्रकारमा वर्गीकरण गरिएको पाइन्छ । प्रत्येक कारकले ग्रहण गर्ने विभक्ति चिह्न पनि अलग–अलग छन् । विभक्ति चिह्न भने सात किसिमका पाइन्छन् । कारक र विभक्तिको प्रकार र सम्बन्धलाई तलको तालिकाले पनि स्पष्ट पार्दछ :

| **क्र.स.** | **उदाहरण वाक्य** | **नामिक पद** | **विभक्ति चिह्न** | **विभक्ति** | **कारक** | **सम्बन्ध–अर्थ** |
|---|---|---|---|---|---|---|
| १. | रमेश लेख्छ । | रमेश | ले, बाट | प्रथमा | कर्ता | काम गर्ने |
| २. | ऊ बहिनीलाई फुल्याउँछ । | बहिनी | लाई | द्वितीया | कर्म | गरिने |
| ३. | हरि लठ्ठीले भाइलाई | लठ्ठी | ले, बाट, द्वारा | तृतीया | करण | गर्ने साधन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कुट्छ । | | | | | |
| ४. | मैले आमालाई मिठाई ल्याएँ । | आमा | लाई | चतुर्थी | सम्प्रदान | कामको समर्पण |
| ५. | सहरबाट बल्ल आइयो । | सहर | देखि, बाट | पञ्चमी | अपादान | विच्छेदन, अवधि |
| ६. | उसको छोरो घर आयो । | ऊ | को, का, की, रो, रा, री, नो, ना, नी | षष्ठी | | भेदक |
| ७. | खाटमा तकिया छ । | खाट | मा | सप्तमी | अधिकरण | आधार |

१. **कर्ता कारक**

क्रियाको सम्बन्ध काम गर्ने नामिक पदसँग स्थापित हुन्छ भने त्यो कर्ता कारक हुन्छ । कर्ता कारकमा प्रथमा विभक्ति (ले, बाट) लाग्दछ । कर्ता कारकमा विभक्ति चिह्न नलाग्न पनि सक्छ । जस्तैः

**हर्क**ले भात खायो । (विभक्ति लागेको)

**हर्क** भात खान्छ । (विभक्ति नलागेको)

२. **कर्म कारक**

क्रियाको सम्बन्ध (कार्यव्यापार) को असर जुन नामिक पदमा पर्दछ, त्यो कर्म कारक हो । कर्म कारकमा द्वितीया विभक्ति चिह्न लाग्दछ । कर्म कारकमा पनि विभक्ति चिह्न नलाग्न पनि सक्छ । जस्तैः

उमेशले भाइलाई कुट्यो । (विभक्ति लागेको)

उमेश **धान** कुट्छ । (विभक्ति नलागेको)

३. **करण कारक**

जुन नामिक पदलेक्रियाको कार्यव्यापार गर्ने साधन, हेतु वा कारण बोध गराउँछ, त्यसलाई करण कारक भनिन्छ । करण कारकमा तृतीया विभक्तिचिह्न लाग्छ । जस्तैः

म चकले कालोपाटीमा लेख्छु ।

४. **सम्प्रदान कारक**

क्रियाले गर्ने कार्यव्यापार जुन नामिक पदसँग लक्षित हुन्छ, त्यो नै सम्प्रदान कारक हो । यस कारकमा चतुर्थी विभक्ति चिह्न लाग्छ । जस्तैः

हरिले **म**लाई कलम दियो ।

५. **अपादान कारक**

क्रियाले गरेको कामको अवधि वा विच्छेदनको सम्बन्ध देखाउने नामिक पदलाई अपादान कारक

भनिन्छ । यो कारकमा पञ्चमी विभक्ति चिह्न लाग्दछन् । जस्तैः

हरि पर्खालबाट खस्यो ।

म **घन्टौदेखि** तिमीलाई कुरिरहेको छु ।

६. **अधिरकण कारक**

क्रियाले गर्ने कार्यव्यापारको आधार अर्थात् समय, ठाउँ, विषय आदि जनाउने नामिक पद नै अधिकरण कारक हो । यस कारकमासप्तमी विभक्ति चिह्न लाग्दछन् । जस्तैः

छानामा घिरौँला फलेका छन् ।

रूखमा चरो छ ।

क्रियाको कार्यव्यापारले जुन नामिक पदसँग सम्बन्ध वा स्वामित्व जनाउँदछ, त्यो पद नै सम्बन्ध वा भेदक हो । यसमा षष्ठी विभक्ति चिह्न लाग्दछन् । जस्तैः

उनको घरमा गाई छ ।

हाम्रो देश राम्रो छ ।

आफ्नो केही काम छैन ।

माथिका वाक्यहरूमा प्रयोग भएका नामिक पदहरूले भेदकको काम गरेका हुँदा तिनीहरू भेदक हुन् ।

# पाठ १६

**कथा**

## माउजङ बाबुसाहेबको कोट

**-भवानी भिक्षु**

१. **परिचय**

माउजङ बाबुसाहेबको कोट कथाका कथाकार भवानी भिक्षु हुन् । यस कथामा कथाकारले राणा शासनको पतनपछि राणाका आसेपासेहरूलाई नयाँ प्रजातान्त्रिक व्यवस्थामा घुलमिल हुन कत्तिको असजिलो भएको थियो भन्ने कुरालाई प्रस्तुत गरेका छन् । राणा शासनको अन्त्य भएपछि पनि माउजङ बाबुसाहेब जस्ता आसेपासे व्यक्तिमा पुरानै दम्भ, अहङ्कार र हैकमवादी सोच थियो । जनता र जहानलाई गर्ने व्यवहारमा पुरानै थियो । आम्दानी घट्दो र खर्च भने उही पुरानै थियो । तर समाजका भेला तथा समारोहमा जाँदा मात्र अरूले गरेको व्यवहारबाट आफू कतै सानो भइयो कि भन्ने चिन्ता हुन्थ्यो । नयाँ व्यवस्थामा आफूलाई ढाल्न सकेकन् । सबै इज्जत लुगा, तक्मा र रवाफमा हुन्छ भन्ने मात्र मानसिकता थियो । त्यस्ता राणाका आसेपासे जति बाँचे यस्तै मनोदशामा बाँचे । यही मनोविज्ञानलाई कथाले उजागर गरेको छ । यस माउजङ बाबुसाहेबको कोट कथामा कथाकारले नेपालगन्ज इलाकामा रहेका एक जना घरानियाँ राणा जो त्यहाँका बिर्तावाला थिए तिनैलाई मुख्य पात्र बनाएका छन् । प्रजातन्त्रको उदयपछि उनले कुनै राणाबाट उपहारमा पाएको कोट पुरानो हुँदै गएको र आफ्नो इज्जत पनि कोटसँगै घटेको अनुभूतिलाई कथावस्तु बनाएका छन् । उनले कोट जति मर्मत र टालटुल गरे पनि अन्त्यमा कोट फाटेर काम नलाग्ने भएको प्रसङ्गमा कथालाई टुङ्ग्याएका छन् । यसमा राणाकालीन कोटलाई धाकधक्कु र इज्जतको प्रतीकको रूपमा र बाबुसाहेबलाई तत्कालीन राणा कालका आसेपासेको प्रतीकको रूपमा प्रस्तुत गरी कथालाई रोचक बनाइएको पाइन्छ ।

२. **उद्देश्य :**

यस पाठको अन्त्यमा तपाईं निम्न लिखित कार्यहरू गर्न सक्षम हुनुहुने छ :

(क) पाठमा प्रयुक्त नयाँ शब्दहरूको शुद्धोच्चारण गर्न र शब्दार्थ बोध गरी वाक्यमा प्रयोग गर्न,

(ख) कथाको भावअनुसार सस्वर वाचन गर्न

(ग) पाठको बोध गरी सोधिएका सङ्क्षिप्त र विवेचनात्मक उत्तर दिन

(घ) पाठका निर्दिष्ट अनुच्छेदको श्रुति लेखन गर्न

(ङ) पाठका निर्दिष्ट अनुच्छेदबाट मुख्य बुँदा टिपोट गर्न

(च) निर्देशित बुँदाका आधारमा जीवनी लेख्न

(छ) एक किसिमको वाच्यलाई अर्को किसिमको वाच्यमा परिवर्तन गर्न

(ज) पाठसँग सम्बन्धित तोकिएको परियोजना कार्य सम्पन्न गर्न

## माउजङ बाबुसाहेबको कोट

१. कोट र माउजङ बाबुसाहेब एकअर्काका पर्याय नै थिए । कुनै पनि नाचमा, सभामा, भोज भतेरमा, मारपिट, त्रास, आतङ्क आदि सारामा त्यही गहिरो मास रङको बेन्सनको लामो ओभरकोट लगाउँथे । कोटले कहिलेदेखि माउजङ बाबुसाहेबको प्रतिनिधित्व गर्न थालेको हो, त्यो कुरा एउटा खोजको विषय थियो ।

२. माउजङ बाबुसाहेब एक जना घरानियाँ राणा, नेपालगन्ज इलाकामा बिर्तावाला, अत्यन्त क्रोधी, उद्दण्ड व्यक्तित्वका मानिस हुन् । कसैको घरखेत जफत गरी लिनु, कसैलाई कुटी लुछी छाड्नु र कसैलाई आमाचकारी गाली गरी बेसरी बेइज्जत पारिदिनु इत्यादि उनको चिनारी । यस्ता सारा आतङ्कहरूमा रैती दुनियाँका मानस चक्षुमा त्यही बेन्सनको ओभरकोट नै उदाउन आउँथ्यो । बाबुसाहेबको वास्तविक नाउँ, जो कदाचित् 'हुमायु जङ्गबहादुर राणा' थियो होला, सारालाई भयत्रस्त पारी माउजङ बाबुसाहेब हुन गएको थियो ।

३. माउजङ बाबुसाहेबको आतङ्कको प्रतीक त्यो कोट नै थियो । अजेय गौरवशाली त्यस कोटबारे कुनै कुरा कोट्याउन कसैको हिम्मतै थिएन । कोटको मूल चहकिलो मास रङ आज धुस्रो, फुस्रो र मैलो, विरूप हुन गए पनि साराका आँखामा त्यो चहकिलो मास रङकै देखा पर्दथ्यो ।

४. प्रजातन्त्रपछि बाबुसाहेबको व्यक्तित्व मुर्मुरिएको र कोटलाई पनि मैलो, पुरानो, धमिलो भनेर सबैले उपहासले टक लगाएर हेर्ने धृष्टता गर्न थालेका थिए । अझ कोही त मुसुमुसु हाँस्न पनि बाँकी राख्तैनथे । बाबुसाहेबका कानमा पनि एक दिन यी कुराहरू पुगे । उनले भित्ताको किलामा झुन्डिएको कोटलाई हेरिरहे र अतीत इतिहासको स्मरण गरे । उनले सम्झे कि. प. क. ज. साहेबबाट बक्सिएको यही कोट...। परचक्री समय, हरे, आज त्यस्तो कोटलाई हाम्रो प. क. ज. ले बकस दिएको भनेर होच्याउने...।

५. जुरुक्क उठेर बाबुसाहेबले किलाबाट कोट झिकेर उज्यालो ठाउँमा लगी निरीक्षणका दृष्टिले हेरे । "क्या चिज रहेछ, कति ठिक्कको, कस्तो एक घर पनि यताउति नपारी होसियारी साथ सिइएको कोट । ब्रह्माले पनि मानिसको ठाउँ कुँद्दा यति सावधानी त के राखेका होलान् ?" अनि मूक सोचिरहेको बाबुसाहेबको दृष्टि कोटको कलरमा पऱ्यो । मैलो भएको केही धस्किसकेको र त्यहाँका धागाहरू अलि झुत्रिएका प्रस्टै देखिन्थ्यो । यसैले यसको महत्त्व कम पारेको त...? सबै थोक पुरानो त हुन्छ । मानिस बुढा हुन्छन् तर बुढो हुँदैमा कसैको जात, घरान, गौरव, महिमा पनि बिग्रन्छ र ? यो कोट...। अब त हिन्दुस्थानीहरूको राजमा परेको ह्वाइटवे लेडला कम्पनीमा पनि यस्तो कोट त के तयार हुन्छ होला र ? ती कालिगडहरू खानै नपाएर गइसके होलान् । अब यस्तो दामी कोट लाउने को ? कोट के यो कपडा नै अब कहाँ छ ? बेलायतमा पनि त यस्तो कपडा कहाँ बन्छ र ? अङ्ग्रेजहरू पनि बिचरा ओरालो लागे । हिन्दुस्थान थियो र पो राजसी रवाफ, सारा दुनियाँभन्दा माथिल्ला तहका । हाम्रै काठमाडौँको पनि त अब त्यो रबाफ के होला र...?

६. सोचाइको यही सिलसिलामा बाबुसाहेबले जर्नेलहरूको दरबार सम्झे, त्यहाँका सजावट । पित्ले बुट्टा परी, लता, फुल इत्यादि कालिगडी भएका फलामको पलङ, डबल स्प्रिङ, क्या लच्कने ।

ठुल्ठुला कोठा, बेलायत, जर्मनी, रुस रोमका राजा रानीहरूका सुनौला फ्रेमका ठुलामा पनि ठुला तस्बिर...चाँदी भनेको त मामुली कुरो, सुन भनेको त परवाहै छैन । चाँदी, सुनकै त्यति ठुला ठुला भाँडाकुँडा, राम्रा फुलदान त्यतिका राम्रा राम्रा लुगा लगाएका राम्री राम्री सहयोगी, सुसारे, केटीहरूको फौज, नोकर चाकर, सुब्बा, छाते, मुखिया । मोटर, घोडा, बग्गी, के के, सम्झी साध्य छ र ती अचम्महरूलाई ? त्यसपछि बाबुसाहेबले सारा दरबार र चाकरियाको घुइँचो, मानिसहरूको ठेलमेल, दगुऱ्याइँ पनि जम्मै सम्झे । र बाफ भनेको त त्यस्तो पो त । तर ... अब ती सारा के होलान्, कहाँ होलान् ?

७. बाबुसाहेबले कोटलाई पुनः ओल्टाई पल्टाई हेरे । त्यो त्यतिका महत्त्व, गौरव र महिमामय अतीतको प्रतीक, बेन्सन कपडा, ह्वाइट्वे टेलरिङ विभागमा तयारी भएको कोट । बाबुसाहेबले उठेर ससम्मान त्यो कोट किलामा झुन्ड्याए, अनि गौरवपूर्ण मानसिकताको प्रभावमा एउटा खास किसिमको गुरुत्वमय भावले आफ्नो आसनमा बसे । भित्रभित्रै उनको अचेतनले एउटा बोध लियो कि "यो केही पनि होइन । खालि भित्री इखले यस कोटको गौरव खप्न नसकेर मात्र आफैँ बढेका यी जम्मै विद्रोहीहरू । यिनले बाहिर बाहिर गिज्याउन खोजेको नत्र भने आफैँ मनमनै त, जम्मै हेर्न पर्यन्त नपाएका, त्यस्तो कोटप्रति लोभिएकै होलान् नि । फटाहा, छुच्चा ।

८. बाबुसाहेबले अतीतका अनेकन् उत्सव, भेटघाट, स्वागत समारोह, पूजाआजा, जन्ती भोज जम्मैमा आफ्नो महान् ठुल्याइँ, बडाइँ र कोटको महिमाका अवसरहरू सम्झे । जहाँ पनि, जुन अवसरहरूमा पनि यही गहिरो मास रङको कोट विभिन्न थरिका नजरहरूको केन्द्राकर्षण रही नै आएको हो । बाबुसाहेबले परिमेय गुरुतामा मनमनै भने, "साराका सारा जम्मै बद्मासी । मामुली कोट हो र । यो त चिज पो हो त, चिज ।"

९. गृहमन्त्रीको दौडाहा हुने भएकाले उनको स्वागतको प्रबन्ध मिलाउने समितिले माउजङ बाबुसाहेबलाई निम्त्याएको थियो । नेपालगन्ज बजारमा जानुभन्दा एक दिनअघि नै बडो सावधानीसाथ बाबुसाहेबले आफैँले कोटलाई रामरी सुकाएर ब्रस लगाउन थाले । धुलोको मुस्लो नै उठेको जस्तो थियो । कहिले पनि ब्रस लगाएकै रहेनछ । उनले सुसारे, सहयोगी, बैठकेदेखि रानीसाहेबलाई समेत झपारे । "क्या हो यो ? आफैँ नगरे हेर्नु देख्नु केही पनि छैन, होइन ? यो रास धुलो, यस्तो कोटमा । यसैले त यसको रङ नै धमिलिएको । नत्र रङ उठ्ने खालको हो र यो । धुलैधुलोले भरिभराउ पारेर सक्कली रङ नै सखाप भएको पो त । जति गरे पनि धुलो निस्कन छोड्दैन । बाबुसाहेबले बडो मुस्किलका साथ कोटलाई झारझुर गरी किलामा झुन्ड्याए । माथिबाट एउटा झुत्रोले बेरे । एउटा कुरा बिझ्न थाल्यो "कति ठाउँमा कोट खुम्चिएको रहेछ । इस्त्री गर्नुपर्ने हो, यहाँ गाउँमा कसलाई दिने ? समस्या नै जटिल थियो । भोलि बिहानै आठ बजे बडा हाकिमकहाँ जानुपर्ने...।"

१०. दोस्रो दिन कोट पोको पारी एउटालाई बोकाई बिहान ६ बजे नै बाबुसाहेब नेपालगन्जतिर लागे । बजारको एक छेउमा नै रहेको गुरदिनको घरमा पुगी बाहिरबाटै उसलाई बोलाए । "ल त गुरदिन, अलि हिफाजतका साथ मेरो कोटमा इस्त्री गरी दे त ।"

११. गुरदिनले कालिगडीको नजरले हेर्दै भन्यो, "हुन्छ सरकार, इस्त्री तताउन पऱ्यो, एक छिनमा

मानिस पठाइबक्से तयार पारी पठाइदिन्छु ।"

१२. कुरा ठिकै थियो तर फेरि टाइममा गरिदिएन भने, अभ्र इस्त्री लगाउँदा कपडाको जात नै नचिनेर कतै डढाइदियो भने...। भित्रै तर्सेर पनि बाबुसाहेबले भने, "होइन म त्यो साहुको पसलमा चुरोट खान्छु इस्त्री चाँडै तता । अनि इस्त्री लगाउने काइदा बताउँछु, मामुली कोट त होइन नि । मैले सिकाएको जस्तो इस्त्री गर्नुपर्छ । "

१३. गुरदिनको अभिमानलाई चोट पऱ्यो । "कति कति दामीभन्दा दामी कोट, प्यान्ट, लुगा यही हातले इस्त्री गरेँ, बनाएँ, यो जाबो थोत्रो कोटमा मलाई सिकाउने ?" तर बाबुसाहेबका अगाडि उसले केही पनि भनेन । "हओस्" मात्र भन्यो । एक छिनमा इस्त्री तातो भयो । टेबुलमा लुगासुगा ओछ्याई उसले कोट राख्नेबित्तिकै, टाढा पसलबाट हेरिरहेका बाबुसाहेब पनि आएर नजिकै एउटा त्रिपाईमा राज भए । गुरदिनले कोटको बाहुलामा इस्त्री के राखेको थियो "पानी लगा, पानी लगा, डढ्यो डढ्यो ।" हत्पतिँदै बाबुसाहेब कराए । वाल्ल परेर यसो टोल्हाउँदै गुरदिनले भन्यो, "सरकार, अहिले त इस्त्रीमा ताप चढेकै छैन । मधुरो तातो मात्र छ ...।" अन्तमा इस्त्री गर्न सिद्धियो ।

१४. आज पो साराले थाहा पाउँछन्, यो कोट क्या हो ? अलि ब्रसले झारेर इस्त्री लगाउनेबित्तिकै रबाफै अर्को भयो । म नै मूर्ख, किलामा झुन्ड्याउनुपर्ने हो र ? के गरूँ, आफ्नो त यही हो नि । फौजै पाल्नुपर्छ, आम्दानी भनौँ, यही जाबो बिर्ता । बिर्ता भनेको बिर्तै हो, राजाबाट पाएको गौरव पो त । यसैले जिन्दगी बिताएँ, गर्ने जति गरेकै हुँ, ढङ्ग नभएको पो, नत्र आम्दानी कम्ती हुन्थ्यो र ? ... कहिले उनी बडा हाकिमको ढोकाभित्र पसेर बरन्डामा उभिए, थाहै पाएनन् । त्यहाँ पच्चिसौँमानिस बसेर कुराकानी गर्न थालेका थिए । बाबुसाहेबलाई देख्नेबित्तिकै बडा हाकिमले भने, "पाल्नुहोस् बाबुसाहेब, अबेला गर्नुभो । तपाईंलाई त ढोका आफैँ बनाई दिनुपर्ने ।" अनि हाँस्तै पाखुर ासमाती मेचमा बसाले ।

१५. बस्ताबस्तै बडा हाकिमले पाखुरा समातेका ठाउँमा कोट खुम्च्यो कि भनी निधो गर्न बिस्तारै बाबुसाहेबले बाहुलामा नजर पुऱ्याए । कुराकानी चलिरह्यो । मुखले "हो, होइन" भन्दै गरे पनि बाबुसाहेबको अन्तर्चिन्तन थियो - कोटको बाहुलामा हात पर्नेबित्तिकै बडा हाकिमले थाहा पायो होला कि कुन जातको लुगा रहेछ, ठट्टा हो र ? जात भनेको जातै । तर एक छिनपछि नै एक जनाले प्वाक्क भन्यो, "होइन बाबुसाहेब, मन्त्रीज्यू आउँदा पनि यही ओभरकोट लगाउने ? गर्मी त चढिसक्यो ।" बाबुसाहेबले कुनै जवाफ नदिएर एक पटक उसको अनुहारमा मात्र टोल्हाए । "गर्मी भन्दैमा कोट नलगाई आउने हुँ र ? नेपालबाट आउने मन्त्री पनि ऊनको कोट लगाएरै आउने छन् थाहै छैन ...।" मनमनै आफैँसित यी कुराहरू भने पनि मुखले केही नबोली उपेक्षा देखाएर अर्कै कुरा गरिरहे । बिच बिचमा अघि कोटको कुरा उठाउने खद्दरको इस्टकोट लाएको मान्छेको ओठमा जहिले पनि मुसुमुसु हाँसो खेलिरहेको देखेर बाबुसाहेब मनमनै मुर्मुरिन्थे पनि । तर के गर्नु जमाना अर्कै छ । नत्र भने आज त्यसले कोटको खिल्ली उडाउन सक्थ्यो र ? एकाएक बाबुसाहेबले थाहा पाए, बडाहाकिमको नजर छिन छिनमा उनको गर्धनतिर कोटको कलरमा पुगिरहन्छ ।

१६. बाबुसाहेबलाई अब त लाजै मर्नुपऱ्यो । गर्धनमा त सारै मैलो भई कलर अलि धस्केकै छ । असह्य लाजको जालमा परी बाबुसाहेबको अनुहार रातो भयो । अब त्यहाँ बसिनसक्नु भयो । कुनै तवरले दस पन्ध्र मिनेट अझ अडेर आफ्नो कुरा टुङ्ग्याई छुट्टी लिएर बाबुसाहेब कोठाबाहिर आए । उनी बरन्डामुनि ओर्लेका मात्र थिए कि भित्रबाट हाँसोको समूह ध्वनि उनको कानमा पऱ्यो । केले यसरी हाँसो उठेको होला, कुनै कुरो त थिएन । पक्का पनि गर्धनमा धस्केको मेरो कोटकै खिल्ली उठाएका हुन् । विषादमिश्रित विवश क्रोधले बाबुसाहेबको आँखा रसाएर आए । छिटो छिटो पाइला सार्दै बाबुसाहेब मूल सडकमा आइपुगे । त्यतिन्जेल आँखामा आएका आर्द्रतालाई आँखाभित्रै सुकाउन समर्थ पनि भए । सारा संसार उनको यस चिर गौरव सम्पन्न कोटको महत्ताप्रति ईर्ष्यालु भएर चारैतिरबाट यसको गुरु सम्मानलाई थिच्ने षड्यन्त्रमा लागेको छ भन्ने कुराको बाबुसाहेबले अनुभव गरे । हरे यस कोटले आफ्नो इज्जतपर्यन्त सँगालिराख्न नपाउने...।

१७. मन्त्रीको दौडाहा हुने आठ दिनमात्रै बाँकी थियो । बाबुसाहेबले लखनउ गएर कोट ड्राइक्लिनिङ गराउने र गर्धनमा धस्केको ठाउँमा रफ भर्न लगाउने निश्चय गरे । खर्चको मोटामोटी हिसाब लगाउँदा यत्तिकैमा चालिस पचास रुपियाँ जाने भयो । घरका दुई चार जना नोकर, सुसारे र मन परेकी केटीहरूले सुझाब दिए, बरु अरू चालिस पचास रुपियाँ थपेर एउटा नयाँ कोट नै हाले झन् बेस । बाबुसाहेबले भने, "सय रुपियाँ हाल्दैमा नयाँ कोट ! यस कोटको दाँजोमा पुग्ने कुरा के गरी सम्झेका, बडा जान्ने । त्यस्ता त्यस्ता दस ओटा नयाँ कोट भएर पनि यसको अगाडि उभिरहन सक्ने होइनन् । खालि हिफाजतसाथ राख्न नसकेर पो त । पख, मैले जान्या छ, लखनउबाट फर्केपछि हेर्लाऊ ।"

१८. अन्ततः बाबुसाहेबले लखनउबाट कोटको कायकल्प गराएरै ल्याए । लखनउमा एउटा समस्या के आइलागेको थियो भने, 'ड्राइ वासिङ' गरी रफु भराउने हो भने कोट सफा गर्दा अझ झुत्रिने हो कि ? त्यसो भए त फेरि रफुमा धेरै पैसा पर्न जान्छ । फेरि रफु भराएर ड्राइवासिङ गराउँदा कतै धस्क्यो भने अर्को आपत् । बडो होसियारीसाथ बाबुसाहेबले समस्या समाधान गरे । लखनउको कम्पनी पसलबाट कम्पनी नाउँ छापिएको प्लास्टिकको कागतमा कोटको प्याकिङ बनाई डेलिभरी दिएको खोल्दै नखोली बाबुसाहेबले त्यसै राखे । रफु भरेको गर्धनको कलर र ड्राइ वासिङ गरेर सफा भएको उसको रङ प्लास्टिकमा प्याकिङ भएर बाहिरैबाट देखा पर्दथ्यो । उत्सुक भएकाहरूलाई त्यही देखाउँथे । प्याकिङ खोलेर धुलो माटो किन पर्न दिनु ? अँ, लखनउबाट बाबुसाहेबले सारालाई कुनै न कुनै उपहार ल्याएका थिए । केटाकेटीहरूलाई लेमनजुस, सहयोगी केटीहरूलाई कपालमा लगाउने प्लास्टिकको च्याप्टो किलिप, भान्छे बज्यैलाई सियोमा धागो हाल्ने अचम्मको मेसिन, आँखा चिम्लेर पनि धागो सियोमा नै पर्ने । रानीसाहेबलाई एक सिसी गुलबहार तेल । जम्मैमा तिन रुपियाँ पऱ्यो, साराका सारा खुसी थिए ।

१९. माउजङ बाबुसाहेबले अब उत्कण्ठापूर्वक मन्त्रीजी आउने दिनको उद्विग्न प्रतीक्षा गर्न थाले । एक एक गरी मुस्किलसाथ त्यो दिन पनि आयो । मन्त्रीज्यू बिहान एघार बजे नै आइपुग्नुभयो र साँझ चार बजे उहाँको सम्मानमा आयोजित जलपान पार्टीमा बाबुसाहेबलाई पनि जानुपर्ने

थियो । बिहानै दारी खौरन लगाई जुँगाको काटछाँट मिलाई नुहाई धुवाई माउजङ बाबुसाहेब तयार भएर बसे । ठिक तिन बजे लगाउने दौरा सुरुवाल इत्यादि लगाई तमाखु खाँदै बसिरहे । साढे तिन बजे घरबाट निस्कने बखत प्लास्टिकको प्याकिङ खोली कोट झिकियो । कोट त्यही हो भनेर कसैले चिन्नै नसकिने भइसकेको थियो ।

२०. आज उसको रबाफ नै अर्कै । उसको नयाँ जवानी फर्केको जस्तो । अलिकता पनि धक्का, दबाउ नपर्ने गरी सुसारेले बिस्तारै कोट बाबुसाहेबको आङमा लगाइदिई । आज त्यस सुसारेप्रति बाबुसाहेब कृतज्ञ नभई रहेनन् र यो नि त्यसै बखत सम्झे कि त्यत्तिकी पुरानी सहयोगी उनीकहाँ अब कोही पनि छैन, कति सेवा सुसार गरेकी छे यसले ? उसलाई बकस दिनुपर्ने एउटा तीव्र अनुभूति उद्वेगको उनले अनुभव गरे । तर पकेटमा त्यस बखत पैसा थिएन । रानीसाहेबसित माग्दा अवश्यमेव उनले छैन नै भन्छिन् भन्ने डरले त्यस अति तीक्ष्ण, तात्कालिक, औदार्य अनुभूतिलाई क्लेशपूर्वक दमित गरे ...। वस्तुतः बडप्पनको मनस्थितिमा आज उनको जम्मै दुर्दान्त तन, बर्बरता, क्रोधी स्वभाव साराका सारा मानौँ लोप हुन गएका थिए । उनमा एउटा माथिल्लो तहको मानवीय र क्षमाशील परिपालकको महत्ता उम्लेर आएको थियो ...।

२१. अत्यन्त निर्विकार, सहज मन लिएर बाबुसाहेब मन्त्रीज्यूको जलपान समारोह स्थलमा पुग्ने बित्तिकै साराका आँखा उनको कोटमा टाँस्सिए । विस्फारित नेत्रले सबै उनीलाई हेरी रहे । अनि पछि एउटा दबेको मुस्कान सबैको ओठमा फक्रे पनि कोही बोलेनन् । बाबुसाहेबले पनि यस कुरोको लक्ष्य गरे तर आज उनले क्षोभ, क्रोध इत्यादि जस्ता कुराको कत्ति अनुभूति लिएनन् । आज उनी कुनै यस्तो माथिल्लो मानसिक स्तरमा गएका थिए, जहाँ आवेगहरू स्वयम्मै लय, परिशान्त भएर जान्छन् ।

२२. आयोजकले मन्त्रीज्यूसित माउजङ बाबुसाहेबको परिचय गरायो, अनि एउटा मञ्चमा बसाल्यो । अत्यन्त शिष्टता, नम्रतापूर्वक बाबुसाहेबले सारासित प्रसङ्गानुकूल कुराकानी गरे । क्रमशः चियापान समाप्त भयो । मन्त्रीज्यूसित बिदा भई एकेक गरी सबै निस्कन थाले । बाबुसाहेबले पनि मन्त्रीज्यूलाई नमस्ते गरी निस्कँदा उनको दुवै हत्केला अभ्यस्त तवरले कोटको दुवैतर्फको तल्लो जेबमा थिए । त्यत्तिकैमा एक जना स्थानीय राजनीतिक कार्यकर्ता पनि मन्त्रीज्यूसित बिदा भई निस्केर बाबुसाहेबको नजिकै पुग्यो । हत्केला जेबमा रहेको बाबुसाहेबको दाहिने पाखुरा र उनको ठाउँको माझबाट आफ्नो हात छिराई कुरा गर्दै बाबुसाहेबसँगै ऊ अगाडि बढ्यो । अरू बखत भएको भए बाबुसाहेबले कदाचित यस आत्मीयता जस्तो देखाउने मानिसको धृष्टता सहन सक्दैनथे । तर आज बाबुसाहेब त्यो माउजङ बाबुसाहेब थिएनन्, बडो खुसीसाथ ऊसित कुरा गर्दै बढ्दै गए ।

२३. त्यही वेला पछिल्तिरबाटै कुनै एउटाले बाबुसाहेबसँगै हिँडिरहेको मान्छेलाई बोलायो । त्यो मान्छेले आफ्नो पाखुरा बाबुसाहेबको पाखुरामा अल्झाई रहेर पछिल्तिर फर्केको थियो । हत्केला जेबमा भएको बाबुसाहेबको हातमा अलिक झट्का पर्ने गरी उसले हात हटायो । यसो गर्नेबित्तिकै कोटको पकेटको कुनैदेखि लिएर तलको अन्तिम छेउसम्म ध्यार्...गरी च्यात्तियो । सहस्रौं भूकम्प एकै चोटि गएको भयङ्कर सर्वनाश जस्तो आघातले बाबुसाहेबको मुटु हल्लायो । संसारै भत्केको

जस्तो अनुभूति भयो । प्राणभित्रबाटै सातै ओटा समुद्र उम्लेर आँखामा ओर्ले । तर...प्रलयको पिर कुन्नि कुन असीम तागतले थिचेर, अलिक अवाक जस्तो पनि नभई रिसको झझल्कोपर्यन्त आउन नदिई खालि के भयो र ? मात्रै भनी आफ्नो बेपरबाहकै मुद्रास्थिर राख्न बाबुसाहेब समर्थ नै रहे ।

२४. बाबुसाहेब बिस्तारै सहज गतिमा बाहिर आए र जिउबाट कोट झिकी बाहिर उभिरहेको आफ्नो मानिसलाई दिए । उनी आफ्नो बाटोमा चुप लागी गम्भीरतापूर्वक अगाडि बढे । अब खालि दौरा सुरुवालमा मात्र रहेर पनि अलिक पनि उनको आँखा निहुरेको थिएन । शान्त र स्थिरतापूर्वक बाटो समाप्त गरी उनी जब आफ्नो घरको कोठामा आफ्नो निर्धारित आसन नजिक पुगे, अनि थचक्क बसे । पछि पछि सँगै आएको मानिसले उनको कोट त्यही पुरानो किलामा झुन्डाएर बाहिर निस्क्यो । झुन्डिएको कोट बाबुसाहेबले हेरिरहे । उनको आँखाअगाडि वाल्ल परे झैँ त्यो च्यातिएको कोटको खल्तीले मानौँ भित्री जिभ्रो लप्लपाएर सोधिरहेको थियो, "यो के भो, हँ अब के हुने हो ?" मूक भावले कुन्नि कहिलेसम्म त्यही च्यातिएको खल्तीलाई विस्फारित सुकेका आँखाले हेर्दै माउजङ बाबुसाहेब बसी नै रहे । केही बेरपछि कदाचित् कोट च्यातिएको समाचार सुनेर रानीसाहेब पनि दगुर्दै पुगिन् । उनले नजिकै गएर कोट हेर्दै उनले सोधिन्, "यो के भयो, कसरी यस्तो भयो हरे, अब के हुन्छ ?"

२५. यत्तिको ठुलो दुर्घटनामा पनि आफ्नै घरमा समेत आवेग शान्त माउजङ बाबुसाहेबले भने "केही भएको छैन, बस, मन्त्रीज्यूसित भेटेर आएँ । राणाज्यूहरूको राज गयो ।"

### ३. कथासार

माउजङ बाबुसाहेब राणाकालीन समयका नेपालगन्ज इलाकामा एक जना घरानियाँ राणा बिर्तावाला थिए । उनी अत्यन्त क्रोधी र उद्दण्ड स्वभावका थिए । उनी कसैको घरखेत जफत गरी लिने, कसैलाई कुटी लुछी छाड्ने र कसैलाई आमाचकारी गाली गरी बेसरी बेइज्जत पारिदिने काममा उनको चिनारी नै थियो । उनी सधैँ कुनै समयमा प.क.ज.राणाले उपहार स्वरूप दिएको बेन्सनको मास रङको ओभरकोट लगाउँथे । कुनै पनि सामाजिक कार्यक्रम तथा समारोहमा जाँदा यही ओभरकोट लगाउँथे । सर्वसाधारणका लागि भने त्यो कोट आतङ्क प्रतीक थियो । तर उनका लागि यो कोट गौरव र अहङ्कारको प्रतीक ।

एक दिन जुरुक्क उठेर बाबुसाहेबले किलाबाट कोट झिकेर उज्यालामा हेरे । मैलो भएको केही धस्किसकेको र त्यहाँका धागाहरू अलि झुत्रिएका प्रस्टै देखिन्थ्यो । कोटको कलरमा केही धस्केको जस्तो उनलाई लाग्यो । उनलाई कहाँ गएर यस कोटलाई नयाँ जस्तै बनाउर्ने चिन्ता पर्न थाल्यो । बाबुसाहेबले उठेर ससम्मान त्यो कोट किलामा झुन्ड्याए ।

गृहमन्त्रीको दौडाहा हुने भएकाले उनको स्वागतको प्रबन्ध मिलाउने समितिले माउजङ बाबुसाहेबलाई निम्त्याएको थियो । नेपालगन्ज बजारमा जानुभन्दा एक दिनअघि नै बाबुसाहेबले आफैँले कोटलाई रामरी सुकाएर ब्रस लगाउन थाले । त्यस दिन कोटको धुलोको मुस्लो हटाए र किलामा झुन्ड्याए । भोलि बिहानै आठ बजे बडा हाकिमकहाँ जानुपर्ने भएकाले इस्त्री लगाउन दोस्रो दिन कोट पोको पारी,

एउटालाई, बोकाई बिहान ६ बजे नै बाबुसाहेब नेपालगन्जतिर लागे । बजारको गुरदिन धोबीको घरमा पुगी अलि हिफाजतका साथ मेरो कोटमा इस्त्री गरिदिन भने । गुरदिनले केही समय पर्खिन पर्ने बतायो । तर एक छिनपछि गुरदिनले इस्त्रीको काम सिद्ध्यायो ।

अलि ब्रसले झारेर इस्त्री लगाउने बित्तिकै रवाफै अर्को भयो । उनी बडाहाकिमको ढोकाभित्र पसे । त्यहाँ धेरैमानिस बसेर कुराकानी गर्न थालेका थिए । बाबुसाहेबलाई देख्ने बित्तिकै बडा हाकिमले हाँस्तै पाखुरा समाती मेचमा बसाले । कुराकानी चलिरह्यो । त्यही समयमा एक जनाले प्वाक्क भन्यो, "होइन बाबुसाहेब, मन्त्रीज्यू आउँदा पनि यही ओभरकोट लगाउने ? गर्मी त चढिसक्यो ।" बाबुसाहेबले कुनै जवाफ दिएनन् । उसको अनुहारमा मात्र टोल्हाए । पछि एकाएक बाबुसाहेबले थाहा पाए, बडा हाकिमको नजर छिनछिनमा उनको गर्धनतिर कोटको कलरमा पुगिरहन्छ ।

बाबुसाहेबलाई अब त लाजै मुर्नपर्‍यो । अब त्यहाँ बसिनसक्नु भएर भयो । चाँडै आफ्नो कुरा टुङ्ग्याई विषादमिश्रित विवश क्रोधले बाबुसाहेबको आँखा रसाएर आए । सारा संसार उनको यस चिर गौरव सम्पन्न कोटको महत्ताप्रति ईर्ष्यालु भएर चारैतिरबाट यसको गुरुसम्मानलाई थिच्ने षडयन्त्रमा लागेको छ भन्ने कुराको बाबुसाहेबले अनुभव गरे ।

मन्त्रीको दौडाहा हुने आठ दिनमात्रै बाँकी थियो । बाबुसाहेबले लखनउ गएर कोट ड्राइक्लिनिङ गराउने र गर्धनमा धस्केको ठाउँमा रफ भर्ने लगाउने निश्चय गरे ।

अन्ततः बाबुसाहेबले लखनउबाट कोटको कायकल्प गराएरै ल्याए र उत्कण्ठापूर्वक मन्त्रीजी आउने दिनको उद्विग्न प्रतीक्षा गर्न थाले । एक दिन जलपान पार्टीमा बाबुसाहेबलाई पनि जानुपर्ने थियो । माउजङ बाबुसाहेब तयार भएर बसे । ठिक तिन बजे लगाउने दौरा सुरुवाल लगाईसाढे तिन बजे घरबाट निस्कने बेलामा हेर्दा त कोट त्यही हो भनेर कसैले चिन्नै नसकिने भइसकेको थियो ।

आज उसको रवाफ नै अर्कै थियो । मन्त्रीज्यूको जलपान समारोह स्थलमा पुग्ने बित्तिकै साराका आँखा उनको कोटमा टाँस्सिए । आज उनी कुनै यस्तो माथिल्लो मानसिक स्तरमा गएका थिए जहाँ आवेगहरू स्वयम्मै लय, परिशान्त भएर जान्छन् । आयोजकले मन्त्रीज्यूसित माउजङ बाबुसाहेबको परिचय गरायो र मञ्चमा बसाल्यो । अत्यन्त शिष्टतापूर्वक बाबुसाहेबले सारासित प्रसङ्गानुकूल कुराकानी गरे । क्रमशः चियापान समाप्ती पछि भयो बाबुसाहेबले मन्त्रीजीलाई नमस्ते गरी निस्कँदा उनको दुवै हत्केला अभ्यस्त तवरले कोटको दुवैतर्फको तल्लो जेबमा थिए । त्यत्तिकैमा एक जना स्थानीय राजनीतिक कार्यकर्ताले उनको ठाउँको माझबाट आफ्नो हात छिराई कुरा गर्दै बाबुसाहेबसँगै ऊ अगाडि बढ्यो । अरू बखत भएको भए उनी कदाचित यस आत्मीयताजस्तो देखाउने मानिसको धृष्टता सहन सक्तैन थिए । तर आज बाबुसाहेब त्यो माउजङ बाबुसाहेब थिए, बडो खुसीसाथ ऊसित कुरा गर्दै बढ्दै गए ।

त्यही बेला पछिल्तिरबाटै कुनै एउटाले बाबुसाहेबसँगै हिँडिरहेको मान्छेलाई बोलायो । त्यो मान्छेले आफ्नो पाखुरा बाबुसाहेबको पाखुरामा अल्झाई रहेर पछिल्तिर फर्केको थियो । हत्केला जेबमा भएको बाबुसाहेबको हातमा अलिक झट्का पर्ने गरी उसले हात हटायो । यसो गर्ने बित्तिकै कोटको पकेटको कुनैदेखि लिएर तलको अन्तिम छेउसम्म ध्यार्र...... गरी च्यात्तियो । सहस्रौं भूकम्प एकैचोटि गएको भयङ्कर सर्वनाश जस्तो आघातले बाबुसाहेबको मुटु हल्लायो । संसारै भत्केको जस्तो अनुभूति भयो ।

तर रिसको झझल्कोपर्यन्त आउन नदिई खालि के भयो र ? मात्रै भनी आफ्नो बेपर्वाइँकै मुद्रास्थिर राख्न बाबुसाहेब समर्थ नै रहे ।

बाबुसाहेब विस्तारै सहज गतिमा बाहिर आए । जिउबाट कोट झिकी बाहिर उभिरहेको आफ्नो मानिसलाई दिए । उसले पुरानो किलामा झुन्डाएर बाहिर निस्क्यो । झुन्डिएको कोट बाबुसाहेबले हेरिरहे । बल्ल पो उनको आँखा च्यातिएको खल्तीलाई देखे । केही बेरपछि कोट च्यातिएको समाचार सुनेर रानीसाहेब पनि दगुर्दै पुगिन् । उनले नजिकै गएर कोट हेर्दै उनले सोधिन्, "यो के भयो हँ, कसरी यस्तो भयो हरे, अब के हुन्छ ।"

यत्तिको ठुलो दुर्घटनामा पनि आफ्नै घरमा समेत आवेगशान्त माउजङ बाबुसाहेबले भने, "केही भएको छैन, बस, मन्त्रीजीसित भेटेर आएँ । राणाज्यूहरूको राज गयो ।"

**४. पाठगत अभ्यास**

**१. तलका शब्द स्रोत शिक्षकबाट सुनी शुद्ध उच्चारण गर्नुहोस् :**

क्रोधी, चक्षु, पर्यन्त, धृष्टता, कालिगड, गुरुत्व, इस्त्री, आर्द्रता, उत्कण्ठा, उद्विग्न, कृतज्ञ, उद्वेग, अवश्यमेव, तीक्ष्ण, तात्कालिक, औदाइ, क्लेश, वस्तुतः, निर्विकार, अभ्यस्त

**२. तलका प्राविधिक शब्दको अर्थ बोध गर्नुहोस् :**

**बिर्ता** : सरकारलाई तिरोभरो गर्नु नपर्ने गरी प्राप्त भएको जग्गा

**जफत** : अरूको वस्तु खोसेर लिने काम

**आमाचकारी** : मनपरी बोल्ने, जथाभावी गाली गर्ने

**कालिगड** : हस्तकलाको काम गर्ने व्यक्ति, कर्मी

**दौडाहा** : भ्रमण, आफ्ना मातहतका अड्डाहरू जाँचबुझ गर्न जाने काम

**बडा हाकिम** : हाल प्रमुख जिल्ला अधिकारी जस्तै जिल्लाको मुख्य अधिकारी

**प.क.ज.** : राणाकालमा पश्चिमतिरको कमान्ड गर्ने जर्नेल

**परिमेय** : नाप, तौल गर्न सकिने, सीमित

**परचक्री** : अरूको भरमा हिँड्ने

**उद्दण्ड** : आक्रमक, अरूलाई वशमा राख्न चाहने, कडा स्वभावको

**आर्द्रता** : पानीले भिजेको, चिसोपन

**प्रलय** : सर्वनाश, विध्वंश, सारा संसारकै अन्त्य

**अजेय** : जित्न नसकिने

**३. तल शब्द र अर्थलाई छ्यासमिस गरी राखिएको छ । पाठ पढेको आधारमा शब्द र अर्थ एकै ठाउँमा मिलाएर राख्नुहोस् :**

उदाहरण : क्रोधी - रिसाहा

कुरूप, उदारता, झोक, तीक्ष्ण, शरीर, इनाम, चक्षु, विरूप, बकस, सखाप, नाश, तिखो, तन, औदाइ, आवेग, आँखा ।

४. **तलका शब्द र अर्थलाई जोडा मिलाउनुहोस् :**

| **शब्द** | | **अर्थ** |
|---|---|---|
| मानस | : | जान्ने इच्छा, उत्सुकता |
| कदाचित् | : | पीडा, वेदना |
| उपहास | : | विकार नहुने, खराब नहुने |
| धृष्टता | : | हड्बडी, आवेग, छिटो हिँडाइ |
| महिमा | : | भित्री सोचाइ |
| अन्तर्चिन्तन | : | ख्याति, यश, प्रशंसा |
| कायकल्प | : | बेसरमपन, निर्लज्जता |
| उत्कण्ठा | : | मन, हृदय |
| उद्विग्न | : | गुन मान्ने, गरेको गुन देख्ने |
| कृतज्ञ | : | छटपटी, चिन्तित, आकुल व्याकुल |
| उद्वेग | : | परिवर्तन, उलटपुलट |
| क्लेश | : | कहिले, कुनै कारणले |
| निर्विकार | : | गिल्ला, खिसी, बदनामी, निन्दा |
| क्षोभ | : | असन्तोष, क्रोध, रिस, |
| असीम | : | सीमा नभएको, ज्यादा, धेरै |

५. **तलका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् :**

बिर्ता, उद्दण्ड, जफत, आमाचकारी, चक्षु, विरूप, धृष्टता, अभिमान, बडप्पन, तन, क्षमाशील

६. **स्रोत शिक्षकको निर्देशनमा पाठका अनुच्छेदहरू भावानुकूल पालैपालो सस्वर वाचन गर्नुहोस् ।**

७. **शिक्षकको भनेको सुनी पाठको एक्काइसौँ अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।**

८. **पाठको १८ औँ अनुच्छेद पढ्नुहोस् र चार ओटा बुँदा टिपोट गर्नुहोस् ।**

९. **पाठ पढ्नुहोस् र तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस् :**

(क) माउजङ बाबुसाहेवको स्वभाव कस्तो थियो ?

(ख) माउजङ बाबुसाहेवले नयाँ कोट किन्न नचाहनाको कारण के हो ?

(ग) 'माउजङ बाबुसाहेबको कोट' कथामा नेपालको कुन ठाउँ र कुन समयको चित्रण गरिएको छ ?

(घ) 'माउजङ बाबुसाहेबको कोट' कथाको शीर्षक के कति कारणले उपयुक्त छ ?

(ङ) पाठको कथाले के कस्तो सन्देश दिएको छ ?

१०. पाठको कथामा माउजङ बाबुसाहेबको के कस्तो मनोविज्ञानको चित्रण गरिएको छ ? विवेचना गर्नुहोस् ।

११. तलका बुँदा समेटी भवानी भिक्षुको जीवनी लेख्नुहोस् :

**नाम** : भवानी भिक्षु (भवानीप्रसाद गुप्ता)

**जन्म** : वि.स. १९६६ जेठ २१, तौलिहवा

**माता, पिता** : यशोदादेवी, इन्द्रप्रसाद गुप्ता

**शिक्षा** : साहित्यभूषण

**कृतिहरू** :

(क) **कथा** : गुनकेसरी (२०१७), मैया साहेब (२०१७), आवर्त (२०२४), अवान्तर (२०३५)

(ख) **उपन्यास** : आगत (२०३२), पाइप नं. २ (२०३४), सुन्तली (२०४०)

(ग) **कविता** : छाया (२०१७), प्रकाश (२०१७), परिष्कार (२०१७) ।

**पुरस्कार** : मदन पुरस्कार (२०३२), साझा पुरस्कार (२०३२), त्रिभुवन प्रज्ञा पुरस्कार (२०३६)

**सेवा** : आजीवन सदस्य, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान

**निधन** : २०३८ वैशाख ४, काठमाडौँ

१२. **तलका सङ्क्षिप्त शब्दको पहिचान गरी दिइएका अन्य शब्दको पूर्ण रूप लेख्नुहोस् :**

प्रअ, विनि, जिप्रका, नेविप्रा, पनिका, क्षेशिनि, प्राशि, माशि, सप्रअ, अदुअआ ।

## ५. व्याकरण अभ्यास

१. **कोष्ठकमा दिएको सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :**

(क) एलिनाले उपन्यास लेखिन् । (कर्म वाच्य)

(ख) अशोक विज्ञान पढ्दैछन् । (कर्म वाच्य)

(ग) इमानले किस्सा सुनाएर हामीलाई हँसाए । (भाव वाच्य)

(घ) निर्मला छमछम नाचिन् । (भाव वाच्य)

(ङ) अब्दुलद्वारा धेरै खेलियो । (कर्तृ वाच्य)

(च) सङ्गीताबाट गीतहरू गाइए । (कर्तृ वाच्य)

**अन्य नमुना प्रश्नहरू**

**कोष्ठकमा दिएको सङ्केतका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :**

(क) बद्री दिउँसै निदाउँछ । (भाववाच्य)

(ख) भाइहरू धुरुधुरु रुन्छन् । (भाववाच्य)

(ग) खित्का छोडेर हाँसिन्छ । (कर्तृवाच्य)

(घ) अब उमाबाट गीत गाइन्छ । (कर्तृवाच्य)

(ङ) हरि सधैँ छिटोछिटो हिँड्छ । (भाववाच्य)

(च) मनोजद्वारा भकुण्डो खेलिन्छ । (कर्तृवाच्य)

(छ) म लुगा लगाउँछु । (कर्मवाच्य)

(ज) आज फुटबल खेल खेलिँदै छ । (कर्तृवाच्य)

(झ) आफू त घर गएपछि मस्त सुतिन्छ । (कर्तृवाच्य)

(ञ) उनीबाट धेरै किसिमका फिल्म हेर्न रुचाइन्छन् ।

२. **तलको अनुच्छेदलाई कर्तृ वाच्यमा रूपान्तरण गर्नुहोस् :**

पढ्ने बेला पढियो । खेल्ने बेला खेलियो । अरुलाई घोचपेच गरिएन । कसैलाई दुर्वचन बोलिएन । कसैको कुभलो चिताइएन । कहिलै अल्छी गरिएन । सधैँ जोसिलो भइयो । सधैँ जाँगर चलाइयो । त्यसैले जीवनमा असफलता भोगिएन । गरेका काममा धेरै सफलता पाइयो । केही केही काममा असफल पनि भइयो । सफलता र असफलता एउटै सिक्काका दुई पाटा हुन् भनिन्छ । त्यसैले असफलतामा पनि आत्तिइनँ । सफलतामा पनि मात्तिइनँ ।

३. **तलको अनुच्छेदलाई वाच्यमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

मैले स्नातकोत्तर पुरा गरी जागिर सुरु गरेँ । जागिरका क्रममा म देश विदेश घुमेँ । मैले दुनियाँ कस्तो रहेछ भन्ने कुरा थाहा पाएँ । मानिसहरूका दुःख र सुखलाई नजिकबाट देखेँ । संसार के रहेछ भन्ने बुझेँ । मेरो लामो अनुभवका आधारमा मैले जीवनलाई यसरी बुझेको छु - जीवन सङ्घर्ष रहेछ ।

४. **तलको अनुच्छेदमा भएका वर्ण विन्यासगत त्रुटि सच्याई पुनर्लेखन गर्नुहोस् :**

अत्यन्त नीर्बीकार शहज मन लियर बाबूषाहेब मन्त्रीज्युको जलपान समा रोह स्थलमा पुग्नेबित्तीकै साराका आखाँ उनको कोटमा टाँस्सिए । बिष्फारीत नेत्रले सवै उनीलाई हेरी रहे । अनि पछि एउटा दबेको मुस्क्याइ सबैको ओठमा फक्रे पनि कोहि बोलेनन् ? बाबुसाहेबले पनि यस कुरोको लक्ष्य गरे तर आज उनले छोभ, कोरध इत्यादि जस्ता कुराको कत्ती अनूभुति लिएनन् । आज उनि कुनै यश्तो माथिल्लो मानसिक इस्तरमा गएका थिए ।

६. **परियोजना कार्य**

- तपाइँले सुनेको कुनै एउटा कथा लेखेर ल्याई स्रोत शिक्षकलाई देखाउनुहोस् ।

७. **प्रतिबिम्बन**

- यस पाठमा र अभ्यास खण्डमा अझै बुझ्न कठिन भएका कुनै कुरा भए आफ्नो कापीमा टिपी आउँदो कक्षामा स्रोत शिक्षकलाई देखाई स्पष्ट हुनुहोस् ।
- यसै पाठको शब्दार्थ सम्बन्धी थप ज्ञान आवश्यक भएका औपचारिक शिक्षातर्फको नेपाली

पाठ्य पुस्तक खोजी अध्ययन गर्नुहोस् ।

८. **थप अध्ययन सामग्री**

१. **सङ्क्षिप्त शब्द**

केही शब्दहरू पूर्ण रूपले प्रयोग गर्दा अति लामो वा धेरै समय लाग्ने खालका तर प्रचलनमा रहेका सुविधाका लागि शब्दका अघिल्ला अक्षर मात्रै प्रयोग गर्ने चलन छ । यस्ता शब्दको सुरुको अक्षरबाट बनेका शब्दलाई सङ्क्षिप्त शब्द भनिन्छ । सङ्क्षिप्त शब्दका केही उदाहरण :

| **सङ्क्षिप्त शब्द** | **पूर्ण रूप** |
|---|---|
| मावि / मा.वि. | माध्यमिक विद्यालय |
| शिम / शि.म. | शिक्षा मन्त्रालय |
| जि.शि.का. / जिशिका | जिल्ला शिक्षा कार्यालय |
| जिशिअ / जि.शि.अ. | जिल्ला शिक्षा अधिकारी |
| जिविस / जि.वि.स. | जिल्ला विकास समिति |
| पाविके / पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| जशिसाके / ज.शि.सा.के. | जनक शिक्षा सामाग्री केन्द्र |
| क्षेशिनि / क्षे.शि.नि. | क्षेत्रीय शिक्षा निर्देशनालय |

२. **वाच्य र वाच्य परिवर्तन**

वाच्यको सामान्य अर्थ भनाइ हो । एक किसिमको भनाइलाई अर्को भङ्गितमा प्रस्तुतीकरण गर्नु नै वाच्य परिवर्तन हो । व्याकरण प्रयोजनका आधारमा क्रिया र नामको सम्बन्ध व्यक्त गर्ने वाक्यको विधान वा प्रकारलाई वाच्य भनिन्छ । वाच्यमा क्रियाको विषय वा भनाइ केसँग प्रधानता छ भन्ने कुरा देखाइन्छ । कुनै पनि वाच्यको मुख्य भनाइको सम्बन्ध क्रियासँग हुने हुँदा क्रियाको रूप अर्थात् लिङ्ग, वचन, पुरुष आदिबाट वाच्यलाई चिन्न सकिन्छ ।

नेपाली भाषा व्याकरणअनुसार वाच्य तिन किसिमका छन् ।

१. कर्तृ वाच्य २. कर्म वाच्य ३. भाव वाच्य

**उदाहरण** :

| **कर्तृ वाच्य** | **कर्म वाच्य** |
|---|---|
| अजबले रमेशलाई पिट्यो । (सकर्मक) | अजबद्वारा रमेश पिटियो । |
| दिनेश खेत खन्छ । (सकर्मक) | दिनेशबाट खेत खनिन्छ । |
| निताले घर पोती । (सकर्मक) | नितावद्वारा घर पोतियो । |

**कर्तृ वाच्य** **भाव वाच्य**

विनोद विद्यालय जाँदै छ । (अकर्मक) — विनोदद्वारा विद्यालय गइँदै छ ।


हामी दिनभर सुत्छौँ । (अकर्मक) — हामीद्वारा दिनभर सुतिन्छ ।

- क्रियाको असर र फल कर्तामा परेका वाक्यहरू कर्तृ वाच्य हुन् ।
- क्रियाको व्यापार र फलको असर कर्ममा परेको भने ती कर्म वाच्य हुन् ।
- क्रियाको व्यापार फल पनि क्रियाको भावमा परेको छ भने ती वाक्यहरू भाव वाच्य हुन् ।

अतः कर्तृ वाच्य सकर्मक, अकर्मक दुबै हुन सक्छन् । वाच्य परिवर्तन गर्दा कर्तृ वाच्य सकर्मक भए कर्म वाच्य बनाइन्छ, अकर्मक भए भाव वाच्य बनाइन्छ । त्यस्तै वाच्य परिवर्तन गर्दा कर्म वा भाव वाच्यलाई कर्तृ वाच्यमा रूपान्तरण गरिन्छ ।

वाच्य परिवर्तन गर्ने तरिकालाई तलको तालिकाले थप स्पष्ट पार्दछ :

**वाच्य परिवर्तन गर्ने तरिकाको तालिका**




**वाच्य परिवर्तन गर्ने तरिका**

१. कर्तृ वाच्यमा भएको **ले** विभक्ति चिह्न हटाएर त्यसको सट्टा **द्वारा/बाट** राख्नुपर्छ । जस्तैः

मैले यो काम गरेँ ।

मबाट यो काम गरियो ।

२. वाक्यमा भएका विभिन्न पक्ष वा भावका धातुमा **इ** थपेर कालअनुसारका रूप चलाउनु पर्छ । जस्तैः

रमेश खेत खन्दै छ ।

रमेशद्वारा खेत खनिदैछ ।

**विभिन्न पक्षका र भावका वाक्यको वाच्य परिवर्तनका उदाहरणः**

| **वाक्य** | **वाक्य परिवर्तन** |
|---|---|
| म कथाहरू लेख्छु । (सामान्य वर्तमान) | मबाट कथाहरू लेखिन्छन् । (कर्मवाच्य) |

| | |
|---|---|
| हामी विराटनगर गएका छौँ । (पूर्ण वर्तमान) | हामीबाट विराटनगर गइएको छ । (भाव वाच्य) |
| तँ घडी हेर्दै छस् । (अपूर्ण वर्तमान) | तँद्वारा घडी हेरिँदै छ । (कर्मवाच्य) |
| तिमी कहाँ गयौ ? (सामान्य भूत) | तिमीबाट कहाँ गइयो ? (भाववाच्य) |
| तपाईंले गीत गाउनु भएको थियो । (पूर्ण भूत) | तपाईंद्वारा गीत गाइएको थियो । (कर्मवाच्य) |
| ऊ लुगा धुँदै थियो । (अपूर्ण भूत) | ऊद्वारा लुगा धुइँदै थयो । (कर्मवाच्य) |
| उनी भुसुक्क निदाइछन् । (अज्ञात भूत) | उनीद्वारा भुसुक्क निदाइएछ । (भाववाच्य) |
| तिनीहरू सधैँ पशुपति जान्थे । (अभ्यस्त भूत) | तिनीहरूद्वारा सधैँ पशुपति गइन्थ्यो ।(भाववाच्य) |
| कृष्ण भैँसी किन्ने छ । (सामान्य भविष्यत्) | कृष्णद्वारा भैँसी किनिने छ । (कर्मवाच्य) |
| सीताले काम सकेकी हुने छिन् । (पूर्ण भविष्यत्) | सीताद्वारा काम सकिएको हुने छ । (कर्मवाच्य) |
| हरि खेत जोत्दै हुनेछ । (अपूर्ण भविष्यत्) | हरिद्वारा खेत जोतिँदै हुनेछ । (कर्मवाच्य) |
| हरि घर जाला । (सम्भावनार्थ) | हरिद्वारा घर गइएला । (भाववाच्य) |
| तिमीहरू किताबहरू पढ । (आज्ञार्थ) | तिमीहरूबाट किताबहरू पढियून् । |
| उनीले राम्रो काम पाऊन् । (इच्छार्थ) | उनीद्वारा राम्रो काम पाइयोस् । |
| भगवान् हाम्रो भलो गरून् । (इच्छार्थ) | भगवान्बाट हाम्रो भलो गरियोस् । |

४. कर्तृ वाच्यलाई कर्म वा भाव वाच्य बनाउँदा कर्तामा द्वारा वा बाट जे राखे पनि हुन्छ । जस्तैः
म किताबहरू लेख्छु । (कर्तृ वाच्य)
मबाट किताबहरू लेखिन्छन् वा मद्वारा किताबहरू लेखिन्छन् ।

५. भाव वाच्यमा कर्ता राख्नु अनिवार्य छैन । जस्तैः
हामी दिनभर घरमा नै बस्छौँ । (कर्तृ वाच्य) दिनभर घरमा नै बसिन्छ । (भाववाच्य)
ऊ मुसुमुसु हाँस्यो । (कर्तृ वाच्य) मुसुमुसु हाँसिन्छ । (भाववाच्य)

६. कर्तृ वाच्यको कर्ता **म त** भएमा वाच्य परिवर्तन गर्दा त्यसको सट्टा **आफू त** राखिन्छ । जस्तैः
(क) म त तिमीले भनेको मान्दिनँ ।
आफू त तिमीले भनेको मानिँदैन ।
(ख) म त चाँडै घर जान्छु ।
आफू त चाँडै घर गइन्छ ।

७. कर्म वाच्यमा बहुवचनिक कर्मपद भएमा क्रियापद पनि कर्मअनुसार बहुवचनिक नै प्रयोग गर्नुपर्छ । जस्तैः
उसले गाईहरू लखेट्यो । उसबाट गाईहरू लखेटिए ।